

शैक्षिक स्मारिका २०८३

वर्ष २०८३ अङ्क १४

# शैक्षिक स्मारिका

# २०८३

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

वर्ष १० पूर्णाङ्क १४

# शैक्षिक स्मारिका

# २०८३

**प्रमुख**

अणप्रसाद न्यौपाने

**सल्लाहकार**

महेन्द्र पराजुली

**सम्पादक मण्डल**

निमप्रकाश सिंह राठौर

जयप्रसाद रेग्मी

निलकण्ठ ढकाल

विनोदराज भट्ट

गिता भारती

**नेपाल सरकार**

शिक्षा तथा खेलकुद मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक :**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **प्रकाशकमा**

यस स्मारिकामा प्रकाशित लेख रचनाहरूमा अभिव्यक्त विचार लेखकका निजी हुन् ।

# प्रकाशकीय

शिक्षाले मानव विकासमा सहयोग गर्छ । शिक्षा वैयक्तिक व्यवहार सुधार, सामाजिक उन्नति र प्राज्ञिक उन्नयनको आधार हो । शिक्षाले समाजलाई दिशानिर्देश गर्दै राष्ट्रिय समृद्धिको अवसर प्रदान गर्छ । गुणस्तरीय शिक्षा आयआर्जनको मुख्य आधार हो । शिक्षाकै कारण युवा जनशक्तिले आफ्नै परिवेशमा रोजगारी र स्वरोजगारीका अवसर प्राप्त गर्न सक्छन् । यसले समाजको निष्क्रिय स्रोतलाई सक्रिय र उत्पादनमूलक बनाउन सक्छ । समावेशी र सिपमूलक शिक्षाले राष्ट्रको इच्छा तय गर्छ । यसका लागि सम्बन्धित क्षेत्रका विज्ञ र सरोकारवालाका विचारले विशेष प्रभाव पार्न सक्छन् । यही प्रयोजन समेट्दै विभिन्न शैक्षिक सरोकारको जानकारी दिने उद्देश्यअनुरूप शैक्षिक स्मारिका प्रकाशनलाई निरन्तरता दिइएको छ । विज्ञका स्रोत विचार र अनुभवलाई आधार बनाएर कुनै अवधारणा, उपलब्धि, समसया, समाधानजस्ता विविध पक्षका बारेमा लेखिएका विचारात्मक प्रस्तुति समसामयिक सन्दर्भ र भविष्यका लागि समेत मार्गदर्शक बन्न सक्छन् । यस्ता अनुभूतिले विद्यालय शिक्षाका पाठ्यक्रम, तालिम पाठ्यक्रम र शिक्षाका नीतिगत दस्तावेजमा समेत ठाउँ पाउन सक्छन् । सफल योजना र कार्यक्रममार्फत शिक्षालाई समावेशी पहुँचयुक्त, गुणस्तरीय, व्यावहारिक तथा रोजगारमूलक बनाउन प्राप्त स्रोत साधनको परिचालन, सहजीकरण तथा शैक्षिक सूचना प्रवाह गर्ने दिशामा शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रयत्नशील रहेको छ । लेखकका गहनतम विचार, शिक्षा क्षेत्रका विशेष अभ्यास र अनुभूतिलाई निरन्तरता दिने केन्द्रको प्रयासस्वरूप शैक्षिक स्मारिकाको यो अङ्क तयार पारिएको छ ।

यो स्मारिका मूलतः शिक्षा क्षेत्रसँग सम्बद्ध रहेकाले यसमा शिक्षाका नीतिगत विषय, कार्यक्रम, व्यवहार र असल अभ्याससँग सम्बन्धित विषयका लेखरचनालाई प्राथमिकता दिइन्छ । यसमा समावेश हुने विचार र विश्लेषण वैयक्तिक हुने भए पनि यिनले सरोकारवालामा विशेष महत्त्व राख्छन् । लेखरचनामा प्रस्तुत विचार कार्यक्रम तर्जुमा तथा सुधार, अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण प्राप्तिमा पनि सहयोगी बन्न सक्छन् । यही उद्देश्यले यस स्मारिकामा शिक्षकको परिवर्तित दक्षता, शिक्षा परियोजना, प्रविधिको लक्ष्यित प्रयोग, स्वजागरण, आलोचनात्मक साक्षरता, शिक्षक शिक्षा, खुला शिक्षा, सार्वजनिक वस्तुका रूपमा शिक्षा, अभिभावक शिक्षा, एकीकृत पाठ्यक्रम, सिकाइ उपलब्धि सुधार, बहुस्तर सिकाइ, युवामैत्री व्यवस्थापन, प्रधानाध्यापकको भूमिका जस्ता विषयमा मौलिक लेखरचना समावेश गरिएको छ । शिक्षा क्षेत्रको नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा संलग्न एवम् शिक्षा क्षेत्रका जिज्ञासु पाठक वर्गका लागि यी सामग्री उपयोगी हुने अपेक्षा गरिएको छ ।

अन्तमा, यस स्मारिकाका लागि आफ्ना अमूल्य लेखरचना उपलब्ध गराउनुहुने सबै विद्वान् लेखक, समीक्षक तथा अनुसन्धानकर्ताप्रति हार्दिक आभार व्यक्त गर्छौं । यसका साथै सल्लाहकार, सम्पादक मण्डल तथा यस प्रकाशनमा संलग्न सबैप्रति विशेष धन्यवाद छ । आगामी दिनमा यस प्रकाशनलाई अझ उपयोगी बनाउन शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठक वर्गबाट सदाझैँ रचनात्मक सुझावको अपेक्षा गर्छ । धन्यवाद ।

अणप्रसाद न्यौपाने
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि.सं. २०८३

# विषय सूची


| क्र.स. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | गुगल शिक्षकको उदय: शिक्षणशास्त्रको रूपान्तरण | प्रा.डा. मीनबहादुर विष्ट | १ |
| २ | ग्रामीण विकासका लागि शिक्षा परियोजना र स्रोतकेन्द्रको अवधारणा | डा. खगराज बराल | १२ |
| ३ | आलोचनात्मक साक्षरता | डा. गणेशप्रसाद भट्टराई | २३ |
| ४. | प्रविधि र सामाजिक सञ्जालको प्रयोग: फाइदा कि त्रास ? | डा. हरिप्रसाद लम्साल | ३१ |
| ५. | प्रधानाध्यापकको सक्षमता विकास | प्रेम भट्टराई | ४३ |
| ६. | विद्यालय शिक्षाको अभिन्न अङ्का रूपमा अभिभावक शिक्षा | अनन्तकुमार पौड्याल | ५६ |
| ७ | शिक्षामा स्वजागरण | कमला ज्ञवाली | ६५ |
| ८ | युवामैत्री शासनका सूचक | गेहनाथ गौतम | ७० |
| ९. | सार्वजनिक वस्तुको रूपमा शिक्षा र नेपालमा यसको अभ्यास | पुण्यप्रसाद भट्टराई | ७७ |
| १० | सिकाइ उपलब्धि हासिल गराउने व्यावहारिक उपाय | युवराज अधिकारी | ८६ |
| ११ | नेपालमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि | शालिकराम भुसाल | ९९ |
| १२ | नेपालमा खुला तथा दूर शिक्षा: रेडियोदेखि एआईसम्म | मीना रिमाल | १०६ |
| १३ | नेपालमा एकीकृत पाठ्यक्रम: अवधारणा, आर्यान्वयन र चुनौती | मीना श्रेष्ठ | ११४ |

# गुगल शिक्षकको उदय : शिक्षणशास्त्रको रूपान्तरण

✍ प्रा. डा. मीनबहादुर विष्ट

**विषय प्रवेश**

समकालीन सार्वजनिक जीवनमा डाक्टर गुगल भन्ने वाक्यांश एउटा परिचित मानवीय प्रवृत्तिको प्रतीक बनेको छ । मानिसले इन्टरनेटमा आफ्ना रोगका लक्षण खोज्ने, सोही खोज परिणामका आधारमा आफैँ रोगको निदान गर्ने र कतिपय अवस्थामा स्वास्थ्यकर्मीलाई भेट्नुअघि नै उपचारसम्बन्धी निष्कर्षमा पुग्ने सामान्य जस्तै बन्न पुगेको छ । कतिपय मानिस त गुगलबाट खोजिएको सूचनाकै आधारमा अरूलाई चिकित्सकीय सल्लाहसमेत दिन थाल्छन् । यो शब्द प्रायः व्यङ्ग्य वा हास्यका रूपमा प्रयोग गरिने भए तापनि त्यसभित्र सूचना र विशेषज्ञताबिचको बदलिँदो सम्बन्धप्रतिको गम्भीर चिन्ता पनि लुकेको हुन्छ ।

डिजिटल युगको एउटा ठुलो भ्रम के हो भने सूचनासम्म पहुँच हुनु नै ज्ञान भएको अनुभूति दिन थाल्छ । मानिसले केही मिनेटको खोजपछि आफूले विषय बुझेको ठान्न सक्छन् तर धेरै अवस्थामा यो वास्तविक विशेषज्ञता होइन; यो विशेषज्ञताको भ्रम (illusion of expertise) मात्र हो । कुनै व्यक्तिले केही मिनेटमै लेख पढ्न सक्छ, भिडियो हेर्न सक्छ र चिकित्सासम्बन्धी शब्दावली कण्ठ गर्न सक्छ तर सूचना हुनु र चिकित्सकीय निर्णय क्षमता हुनु एउटै कुरा होइन । खोज इन्जिनले सम्भावना देखाउन सक्छन् तर तिनले सन्दर्भ, अनिश्चितता, इतिहास वा जोखिमलाई पूर्ण रूपमा व्याख्या गर्न सक्दैनन् । कुनै एक बिरामी चिकित्सककहाँ जानकारीसहित पुग्न सक्छ तर त्यसले ऊ वास्तवमै जानकार छ भन्ने कुरा सुनिश्चित गर्न सक्दैन । शिक्षा अहिले यस्तै प्रकारको रूपान्तरणबाट गुज्रिरहेको छ । कक्षा कोठा, शिक्षक तालिम, नीतिगत दस्तावेज र डिजिटल सिकाइ वातावरणमा एउटा नयाँ पात्र बिस्तारै उदाइरहेको छ गुगल शिक्षक।यो शिक्षकको कुनै औपचारिक श्रेणी होइन । बरु यो डिजिटल युगले निर्माण गरेको एउटा सांस्कृतिक अवस्था हो । गुगल शिक्षक भन्नाले त्यस्तो शिक्षकलाई जनाउँछ जसको व्यावसायिक अभ्यास क्रमशः खोज इन्जिन, अनलाइन प्लेटफर्म, एआईद्वारा तयार गरिएका सामग्री र एल्गोरिदमद्वारा छनोट गरिएका शैक्षिक स्रोतमार्फत निर्देशित हुन्छ । धेरै मुलुकमा शिक्षक डिजिटल स्रोतमा निर्भर पनि बन्दै गएका छन् । सहजै पाठ योजना डाउनलोड गर्छन्, व्याख्या खोज्छन्, पूर्वनिर्मित अभ्यासपत्रका (वर्कसिट) प्रतिलिपि बनाउँछन् र शिक्षणसिकाइ रणनीति चिन्तनका आधारमा भन्दा खोज (सर्च) का आधारमा छनोट गर्छन् ।

गुगल शिक्षकको उदय केवल प्रविधि प्रयोगको प्रश्न होइन । शिक्षकले सधैँ उपकरणको प्रयोग गर्दै आएका छन् तर अहिले बदलिँदै गएको कुरा भनेको शिक्षण र व्यावसायिक निर्णय क्षमताबिचको सम्बन्ध हो । धेरै शैक्षिक परिवेशमा खोज (सर्च) इन्जिनले क्रमशः शिक्षणशास्त्रीय तर्कलाई विस्थापित

गर्दै गइरहेको छ ।

यो रूपान्तरण आधुनिकीकरणको व्यापक कथासँग पनि जोडिएको छ । संसारभरका सरकार र शैक्षिक संस्थाले डिजिटलाइजेसनलाई शैक्षिक प्रगतिको पहिचानका रूपमा प्रस्तुत गरिरहेका छन् । विद्यालय इन्टरनेट, स्मार्टबोर्ड, लर्निङ म्यानेजमेन्ट प्रणाली, ट्याबलेट र एआईसक्षम अनुप्रयोगले सुसज्जित भइरहेका छन् । शिक्षकलाई डिजिटल रूपमा सक्षम, प्रविधिसशक्त अभ्यासकर्ता र सिकाइका सहजीकरणकर्ता बन्न अपेक्षा गरिन्छ । नवप्रवर्तनको यस आकर्षक भाषाभित्र एउटा अझ गहिरो र असहज प्रश्न लुकेको छः जब सूचना क्षणभरमै उपलब्ध हुन्छ तर शिक्षकको व्यावसायिक निर्णय क्षमता त्यही अनुपातमा सुदृढ हुन सक्दैन तब शिक्षणको प्राज्ञिक स्वरूप र अस्तित्वमा के असर पर्छ ?

आधुनिक शिक्षाको मुख्य चुनौती अब सूचनाको प्राप्तिमा मात्र सीमित छैन किनकि सूचना त सर्वत्र र प्रचुर मात्रामा उपलब्ध छ । असली चुनौती त त्यस सूचनाको न्यायोचित व्याख्या, विवेकपूर्ण विश्लेषण, तार्किक क्रमबद्धता (sequencing) र सन्दर्भीकरण (contextualization) गर्नु हो । अर्को शब्दमा भन्नुपर्दा आजको वास्तविक चुनौती प्रविधि होइन,  शिक्षणशास्त्र (pedagogy) स्वयम् हो ।

यसर्थ गुगल शिक्षकको उदय केवल प्रविधिगत परिवर्तन होइन; यो ज्ञानसम्बन्धी दृष्टिकोणको पनि परिवर्तन हो । यसले शिक्षणलाई एउटा व्याख्यात्मक (interpretive) पेसाबाट क्रमशः डिजिटल खोज र पुनर्प्राप्तिको (retrieval) प्रक्रियातर्फ धकेलिरहेको सङ्केत गर्छ । व्याख्यात्मक पेसा भन्नाले शिक्षण केवल सूचना प्रवाह गर्ने यान्त्रिक कार्य होइन, बरु विद्यार्थीको सन्दर्भ, सोच र जिज्ञासालाई बुझेर प्रतिक्षण विवेकपूर्ण शैक्षणिक निर्णय लिइने गतिशील अभ्यास हो । प्रभावकारी शिक्षणका लागि केवल विषयगत र प्रविधिको ज्ञान पर्याप्त हुँदैन; यसका लागि चिन्तनशीलता, नैतिक चेत र मानवीय संवेदनशीलता अपरिहार्य हुन्छ जसले यसलाई कुनै स्वचालित प्रणाली नभएर निरन्तर अनुकूलन र अर्थपूर्ण संवादमा आधारित एक विशिष्ट बौद्धिक शिल्प बनाउँछ । यस लेखले गुगल शिक्षकको उदयलाई विश्लेषण गर्दै यसको संरचनात्मक कारण, शिक्षाशास्त्रीय प्रभाव, सम्भावना र जोखिम तथा व्यावसायिक शिक्षणको भविष्यका लागि यसको अर्थ के हुन सक्छ भन्ने विषयमा विमर्श गर्ने छ ।

## शिक्षाको डिजिटल रूपान्तरण

पछिल्ला दुई दशकमा विश्वभरका शिक्षा प्रणालीले अभूतपूर्व डिजिटल रूपान्तरण अनुभव गरेका छन् । अन्तरक्रियात्मक स्मार्टबोर्ड, अनलाइन सिकाइ प्लेटफर्म, शैक्षिक याप, युट्युबमार्फत उपलब्ध ट्युटोरियल, डिजिटल मूल्याङ्कन प्रणाली, क्लाउडमा आधारित कक्षा व्यवस्थापन र अहिले त जेनेरेटिभ कृत्रिम बुद्धिमत्ताका उपकरणसमेत दैनिक शैक्षिक अभ्यासको अभिन्न हिस्सा बनिसकेका छन् ।यस रूपान्तरणको केन्द्रमा एउटा अत्यन्त शक्तिशाली धारणा रहेको छः सूचनामा पहुँच बढ्नु  भनेको राम्रो सिकाइ हुनु हो । यसप्रकारको धारणाले विद्यालय र कक्षा कोठालाई पुनर्संरचना गरेको छ । शिक्षकलाई मल्टिमिडियामा आधारित शिक्षण समावेश गर्न, पाठ योजनाका लागि अनलाइन स्रोत प्रयोग गर्न, फ्लिप्ड क्लासररुम मोडेल अपनाउन, मूल्याङ्कनलाई डिजिटल बनाउन र विद्यार्थीलाई विश्वव्यापी

रूपमा उपलव्ध ज्ञानका स्रोतसँग जोड्न प्रोत्साहित गरिन्छ ।

शैक्षिक प्रविधि (EdTech) कम्पनीको दावी के छ भने प्रविधिको माध्यमबाट शिक्षालाई वैयक्तिकृत (personalized), लचिलो, विस्तारित र डाटामा आधारित बनाउन सकिन्छ ।यसले विद्यार्थीको आवश्यकताअनुसार सामग्री अनुकूलन गर्न, जुनसुकै समय र स्थानबाट सिक्न, एउटै प्लेटफर्ममार्फत लाखौँ विद्यार्थीसम्म पुग्न र उनीहरूको गतिविधिबाट प्राप्त डाटाका आधारमा सिकाइको विश्लेषण तथा व्यवस्थापन गर्न सम्भव तुल्याउँछ । यस्तो दृष्टिकोणले शिक्षालाई केवल दक्षता र तथ्याङ्कको भाषामा मात्र सीमित गर्ने जोखिम निम्त्याउँछ, जहाँ शिक्षणको मानवीय, भावनात्मक र व्याख्यात्मक पक्ष ओझेलमा पर्न सक्छ ।

आजको डिजिटल शैक्षिक वातावरण पूर्णतः तटस्थ सार्वजनिक संरचना होइन । यसको ठूलो हिस्सा व्यावसायिक प्लेटफर्मद्वारा सञ्चालित छ । यसको प्राथमिक उद्देश्य शिक्षाशास्त्रीय गहिराइभन्दा प्रयोगकर्ताको ध्यान, डेटा र संलग्नता नियन्त्रण गर्नु हो । यस रूपान्तरणले शिक्षामा वास्तविक अवसर सिर्जना गरेको छ । आजका शिक्षकले अघिल्ला पुस्ताले कहिल्यै नपाएका विशाल स्रोतमा पहुँच पाएका छन् । काठमाडौँका कुनै विज्ञान शिक्षकले टोकियोका प्रयोगशालाबाट भइरहेका प्रत्यक्ष प्रदर्शन हेर्न सक्छन् । अफ्रिकाको कुनै विश्वविद्यालयमा काम गर्ने एक इतिहास शिक्षकले विश्वभरका विश्वविद्यालयले डिजिटल बनाएका अभिलेखमा पहुँच पाउन सक्छन् । आजका विद्यार्थीले त्यस्ता विचार, दृष्टिकोण र सामग्रीसँग साक्षात्कार गर्न सक्छन्, जुन पहिले भौगोलिक रूपमा पहुँचबाहिर थिए ।

डिजिटल रूपान्तरणले शिक्षकको भूमिकालाई पनि निःशब्द रूपमा पुनर्परिभाषित पनि गरेको छ ।परम्परागत रूपमा, शिक्षण प्रक्रियाअन्तर्गत मूलतः पाठ्यक्रम वा पाठ्यपुस्तकको व्याख्या र शिक्षणशास्त्रीय डिजाइनमा शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्थ्यो। शिक्षकले पाठ्यपुस्तकमा भएका पाठहरू प्रस्तुत गर्थे, कुनै अवाधारणा बुझाउन उपयुक्त उदाहरण दिन्थे, व्याख्यालाई संरचना गर्थे, विद्यार्थीमा केही भ्रम भए स्पस्ट गर्ने काम गर्थे, पाठलाई सन्दर्भअनुसार अनुकूल बनाउँथे र अनुभवमार्फत क्रमशः आफ्नो व्यावसायिक अन्तर्ज्ञान विकास गर्थे। ज्ञान केवल हस्तान्तरण गरिने वस्तु मात्र नभएर यसलाई अर्थपूर्ण सिकाइ अनुभवमा रूपान्तरण गरिन्थ्यो । बढ्दो रूपमा डिजिटल प्रविधिबाट प्रभावित बन्दै गएका कक्षाकोठामा शिक्षक ज्ञानका व्याख्याकार र सिकाइ सहजकर्ता भन्दा डिजिटल सामग्रीका नेभिगेटर वा प्लेटफर्म ब्रोकर्स बन्ने जोखिममा छन् । शैक्षिक प्रक्रिया गहिरो शिक्षणशास्त्रीय मार्गचित्र निर्माण गर्नुको सट्टा क्रमशः डिजिटल स्रोत खोज्ने, छनोट गर्ने र वितरण गर्ने कार्यमा केन्द्रित हुन थालेको छ । समस्या डिजिटल स्रोतको अस्तित्वमा होइन । समस्या त्यतिबेला सुरु हुन्छ, जब खोज्न सकिने क्षमताले व्यावसायिक तर्क र शिक्षणशास्त्रीय निर्णय क्षमतालाई प्रतिस्थापन गर्न थाल्छ ।

## गुगल शिक्षक

गुगल शिक्षक भन्नाले केवल कक्षा कोठामा प्रविधि प्रयोग गर्ने शिक्षकलाई जनाइँदैन । आजका अधिकांश शिक्षकले कुनै न कुनै रूपमा डिजिटल उपकरणको प्रयोग गरिरहेका छन् । गुगल शिक्षकले

शिक्षणसम्बन्धी निर्णय लिनका लागि प्राथमिक आधारका रूपमा खोजयोग्य सामग्री (searchable content) माथिको गहिरो परनिर्भरतालाई जनाउँछ । यो विभिन्न रूपमा देखापर्न सक्छ । शिक्षकले सिकाइको क्रम र संरचना आफैँ निर्माण गर्नुको सट्टा इन्टरनेटमा पाठ योजना खोज्छन् । स्थानीय सन्दर्भअनुसार परिमार्जन नगरी अभ्यासपत्र जस्ताको त्यस्तै डाउनलोड गर्छन् । गुगल सर्चबाट प्राप्त सामग्रीलाई नै आधिकारिक सामग्रीका रूपमा स्वीकार गर्छन् । भिडियो वा एआईद्वारा तयार गरिएका सारांशलाई शिक्षाशास्त्रीय आधारको आलोचनात्मक मूल्याङ्कन नगरी कक्षाकोठामा प्रयोग गर्छन् । क्रमश: शिक्षण व्याख्या, विश्लेषण र चिन्तनको प्रक्रिया भन्दा पनि डिजिटल सामग्री छनोट र व्यवस्थापनको अभ्यासमा सीमित हुन थाल्छ । त्यसो त डिजिटल सर्चबाट कतिपय अवस्थामा दक्षता (efficiency) र सिर्जनशीलता (creativity) पनि उत्पन्न हुन सक्छ । अत्यधिक कार्यभारले थिचिएका शिक्षकले शिक्षणलाई समृद्ध बनाउने उपयोगी स्रोत पनि भेट्टाउन सक्छन् । शिक्षकको अनलाइन सहकार्य समुदायले (अनलाइन कम्युनिटी) व्यावसायिक विकासलाई सहयोग गर्न सक्छन् र उनीहरूको एक्लोपन (isolation) घटाउन सक्छन् । डिजिटल प्लेटफर्मले फरक क्षमता र आवश्यकता भएका विद्यार्थीका लागि आवश्यकताअनुसारका सामग्री उपलब्ध गराउन पनि सक्छन् । जोखिम त्यतिबेला देखा पर्न थाल्छ, जब उपलव्ध सुविधाले चिन्तनलाई (रिफ्लेक्सन) प्रतिस्थापन गर्न थाल्छ ।

गुगल शिक्षकको निर्माण आलस्यका कारण भएको होइन; यो संरचनात्मक अवस्थाहरूको परिणाम हो । संसारभरका शिक्षकले भिडभाडयुक्त कक्षा कोठा, प्रशासनिक बोझ, बिस्तारिँदो पाठ्यक्रम, उत्तरदायित्वको दबाब र अपर्याप्त व्यावसायिक सहयोगको सामना गरिरहेका छन् । यस्तो अवस्थामा अनलाइन खोज गर्नु विकल्पभन्दा बढी अस्तित्वको रणनीति" जस्तै बन्न पुगेको छ । सरकारले शिक्षक तयारीमा समान रूपमा लगानी नगरी शैक्षिक प्रविधिमा ठुलो लगानी गर्ने प्रवृत्ति पनि देखिन्छ । विद्यालयले दीर्घकालीन शिक्षाशास्त्रीय तालिम प्राप्त गर्नुभन्दा पहिले उपकरण प्राप्त गर्छन् । शिक्षकलाई विशेषत: डिजिटल आलोचनात्मक साक्षरताको विकासका लागि पर्याप्त अवसर नदिई डिजिटल रूपमा सक्षम बन्न अपेक्षा गरिन्छ । कतिपय अवस्थामा यी सामग्री त्यत्तिकै थन्किएर बसेका पनि पाइन्छन् ।

## व्यावसायिक निर्णय क्षमताबाट डिजिटल पुनर्प्राप्तितर्फ

गुगल शिक्षकसँग सम्बन्धित सबैभन्दा महत्त्वपूर्ण परिवर्तन प्रविधिगत होइन, संज्ञानात्मक हो । ऐतिहासिक रूपमै शिक्षण कार्य शिक्षकको व्यावसायिक विवेक र निर्णय क्षमतामा निर्भर रहँदै आएको छ । प्रभावकारी शिक्षकले शिक्षणका क्रममा निरन्तर रूपमा निरूपणात्मक वा व्याख्यात्मक निर्णय लिइरहेका हुन्छन् कुन प्रकारको शैक्षणिक रणनीतिले खास समूहका विद्यार्थीको सोच र अनुभूतिसँग सम्बन्ध स्थापित गर्न सक्छ ? कुनै अवधारणालाई कुन क्रम र तरिकाले प्रस्तुत गर्दा सिकाइ अर्थपूर्ण बन्छ ? विद्यार्थीको अन्योलको जरोमा कुन गलत अवधारणाले काम गरिरहेको छ ? कुन उदाहरणले सैद्धान्तिक ज्ञानलाई उनीहरूको आफ्नै जीवन अनुभवसँग जीवित रूपमा जोड्न सक्छ? यस्ता निर्णयका लागि केवल सूचना पर्याप्त हुँदैन । त्यसका लागि सिद्धान्त, चिन्तन, अवलोकन र अभ्यासमार्फत विकसित विशेषज्ञता आवश्यक पर्छ ।

अनलाइन वा गुगल सर्चद्वारा निर्देशित शिक्षणले यस प्रक्रियालाई सूक्ष्म रूपमा परिवर्तन गरिरहेको छ । शिक्षण डिजिटल युगमा शिक्षाशास्त्रीय तर्कबाट (pedagogical logic) सुरु हुनुको सट्टा क्रमशः सूचनाको पुनर्प्राप्ति (retrieval) बाट सुरु हुन थालेको छ । सूचना पुनर्प्राप्ति प्रणाली (Retrieval System) भन्नाले इन्टरनेट वा डिजिटल भण्डारमा रहेका लाखौँ डाटाको भिडबाट प्रयोगकर्ताको मागअनुसार सान्दर्भिक जानकारी सेकेन्डभरमै खोजेर निकाल्ने यान्त्रिक प्रविधिलाई बुझाउँछ । गुगल वा एआई (AI) जस्ता आधुनिक प्रणालीले शब्द मात्र नभई प्रश्नको भाव र सन्दर्भ समेत बुझेर उत्तर दन सक्छन् । यसो हेर्दा परिवर्तन मामुली देखिन सक्छ तर यसको प्रभाव गहिरो छ । शिक्षण कार्य अब व्याख्यात्मक र विवेकपूर्ण निर्णयबाट हटेर केवल प्रक्रियागत जडान (procedural assembly) तर्फ उन्मुख हुँदै छ । यसले गर्दा शिक्षक, सिकाइको वास्तविक रचनाकार वा परिकल्पनाकार (designer) बन्नुको सट्टा केवल इन्टरनेटमा उपलब्ध सामग्रीका टुक्रा बटुल्ने एउटा सङ्कलक वा क्युरेटर (curator) मात्र बन्ने जोखिम बढेको छ ।

हुन त खोज इन्जिन सूचना पुनर्प्राप्त (information retrieval) गर्न अत्यन्त सक्षम भए तापनि शिक्षा केवल सूचना प्रवाह गर्ने माध्यम मात्र होइन । शिक्षाको चुरो त विचारलाई व्यवस्थित गर्नु, बौद्धिक बानीको विकास गर्नु, एकाग्रता कायम राख्नु, अवधारणागत त्रुटिको पहिचान गर्नु र समयक्रममा वैचारिक स्पष्टता निर्माण गर्नु हो । यी गहन कार्यलाई पूर्ण रूपमा स्वचालित पुनर्प्राप्ति प्रणाली (automated retrieval system) मार्फत प्रतिस्थापन गर्न सकिँदैन किनकि यसको मूल आधार नै विशिष्ट सन्दर्भ र परिस्थितिअनुरूप प्रयोग गरिने मानवीय निर्णय क्षमता (human judgment) हो ।

गुगलले केही सेकेन्डमै प्रकाश संश्लेषणबारे (photosynthesis) लामो व्याख्या दिन सक्छ तर उसले कुनै कक्षाकोठा अनुसन्धानमा आधारित छलफलका लागि भावनात्मक रूपमा तयार छ कि छैन, विद्यार्थीसँग आवश्यक पूर्वज्ञान छ कि छैन वा सांस्कृतिक उदाहरण स्थानीय यथार्थसँग मेल खान्छन् कि खाँदैनन् भन्ने कुरा निर्धारण गर्न सक्दैन । यस अर्थमा खतरा केवल प्रविधिमाथिको निर्भरता मात्र होइन । गहिरो खतरा भनेको शिक्षाशास्त्रीय चिन्तन स्वयम् क्रमशः कमजोर हुँदै जानु हो ।

## खोजको युगमा ज्ञानको अधिकारिता

गुगल शिक्षक को उदयले समाजले अधिकारिता (authority) र विशेषज्ञतालाई बुझ्ने तरिकामा आएको व्यापक परिवर्तनलाई प्रतिबिम्बित गर्छ । परम्परागत रूपमा शिक्षकसँग ज्ञानसम्बन्धी अधिकार (भउष्कतभझष्अ बगतजयचष्तथ) को एक विशेष स्वरूप सुरक्षित थियो । उनीहरू केवल सूचना हस्तान्तरण गर्ने व्यक्ति मात्र थिएनन्; उनीहरू ज्ञानका विश्वसनीय व्याख्याकार थिए । उनीहरूको अधिकार उनीहरूले हासिल गरेको तालिम, अनुभव र व्यावसायिक निर्णय क्षमतामा आधारित थियो। इन्टरनेटले त्यो अधिकारलाई पुनर्वितरण (redistribution) गरेको छ ।आज विद्यार्थीले क्षणभरमै असङ्ख्य पाठ्यसामग्री र व्याख्यामा पहुँच पाउन सक्छन् । शैक्षिक प्रभावकर्ता (educational influencers), अनलाइन ट्युटोरियल, एआई च्याटबट र एल्गोरिदमद्वारा क्रमबद्ध गरिएका सामग्रीले कक्षा शिक्षणसँग प्रतिस्पर्धा गरिरहेका छन् । धेरै अवस्थामा खोज (सर्च) परिणाम औपचारिक शिक्षणभन्दा बढी तुरुन्त,

दृश्यात्मक रूपमा आकर्षक र आत्मविश्वासपूर्ण देखिन्छन् ।

यसले कक्षा कोठाभित्र एउटा सूक्ष्म तर महत्त्वपूर्ण तनाव सिर्जना गर्छ । यदि खोज इन्जिनले शिक्षकभन्दा फरक व्याख्या दिन्छ भने कसलाई बढी आधिकारिक मान्ने ? यदि कुनै युट्युब भिडियोले कुन खास अवधारणालाई अझ मनोरञ्जनात्मक तरिकाले व्याख्या गर्छ भने शिक्षकको भूमिका के रहन्छ ? यदि एआईले क्षणभरमै निबन्ध र उत्तर तयार गर्न सक्छ भने सिकाइको शैक्षिक उद्देश्य नै के हुन्छ ? यो केवल प्रविधिसँगको प्रतिस्पर्धाको प्रश्न होइन । यो बौद्धिक अधिकारको विखण्डन (fragmentation) को प्रश्न पनि हो ।

अनलाइनमा उपलब्ध सामग्री तटस्थ ज्ञान हुन सक्दैन। खोज इन्जिनले दृश्यता (भिजिबिलिटी), लोकप्रियता, प्रयोगकर्ताको संलग्नता र व्यावसायिक अनुकूलनलाई प्राथमिकता दिन्छन् । एल्गोरिदम शिक्षाशास्त्रीय गहिराइका लागि होइन, सूचना पुनर्प्राप्तिको दक्षता बढाउनका लागि बनाइएका हुन्छन् । फलस्वरूप अनलाइन शैक्षिक सामग्रीले प्रायः अवधारणात्मक सटीकता (conceptual rigor) भन्दा सरलीकरण, गति र व्यापक आकर्षणलाई प्राथमिकता दिन्छन् । यसबाट शिक्षणमा गहन प्रभाव पर्छ । शिक्षकले सामग्री रोज्दा अनभिज्ञतामै इन्टरनेट एल्गोरिदमको पक्षपातपूर्ण सोचलाई दोहोऱ्याइरहेका हुन सक्छन् । केही खास शैक्षिक तरिका संसारभरि फैलिनुको कारण अरू केही नभएर गुगल वा सर्च इन्जिनमा सजिलै भेटिनु मात्र हो । केही शैक्षिक दृष्टिकोण केवल धेरै खोजिने भएकैले विश्वव्यापी रूपमा प्रभुत्वशाली बन्छन् । अङ्ग्रेजी माध्यमका सामग्रीले हाम्रा स्थानीय ज्ञानका भण्डारलाई ओझेलमा पार्दै लगेका छन् । व्यापारिक फाइदाका लागि खोलिएका अनलाइन प्लेटफर्मले पढाउने शैलीलाई नै नियन्त्रण गरिरहेका छन् । अब शिक्षक विद्यार्थीलाई पढाउने सही तर्क र विवेकप्रति होइन, बरु कम्प्युटरको स्क्रिनमा कुन सामग्री पहिले देखिन्छ (algorithmic visibility) भन्ने कुराप्रति जबाफदेही हुने खतरा बढेर गएको छ ।

## सतही सिकाइको जोखिम

खोजप्रेरित शिक्षण पद्धति (search–driven pedagogy) को सबैभन्दा घातक परिणाममध्ये एक हो सतही सिकाइ (surface learning) को तीव्र विस्तार। खोज संस्कृति (search culture) ले उत्तरमाथि द्रुत पहुँचलाई प्राथमिकता दिन्छ । फलस्वरूप विद्यार्थी र शिक्षक दुवै सूचनाका टुक्रालाई सरसरती हेर्न (skimming), सङ्क्षेपीकरण गर्न, पुनर्प्राप्त गर्न र तिनीहरूबिच तीव्र गतिमा आदानप्रदान गर्न अभ्यस्त बन्छन् । यसले गर्दा चिन्तनमननको गति सुस्त हुन्छ र वैचारिक गहिराइ कमजोर बन्दै जान्छ ।यो केवल ध्यान केन्द्रित गर्ने अवधि (attention span) सँग जोडिएको समस्या मात्र होइन; यो त बौद्धिक निर्माण (intellectual formation) कै समस्या हो । यो केवल विद्यार्थीले कति समयसम्म ध्यान दिएर सुन्न वा पढ्न सक्छन् भन्ने सतही मानसिक क्षमताको समस्या मात्र होइन; बरु उनीहरूको सोच्ने, विश्लेषण गर्ने र गहिरो ज्ञान निर्माण गर्ने जग नै कमजोर भइरहेको गम्भीर सङ्कटको सङ्केत हो । प्रविधिको अत्यधिक निर्भरताले मानिसको मस्तिष्कको ध्यान खिच्ने क्षमता मात्र घटाएको छैन, उसको समग्र बौद्धिक र वैचारिक विकासको प्रक्रियालाई नै सतही बनाइदिएको छ ।

गहन सिकाइ (deep learning) का लागि चिन्तनका जटिलतासँग निरन्तर र लामो समयसम्म जोडिनु आवश्यक हुन्छ । यसका लागि अस्पष्टता, अनिश्चितता, द्विविधा र क्रमिक मानसिक विकासको आवश्यकता पर्छ । डिजिटल वातावरणले चिन्तन वा मननलाई भन्दा तात्कालिकता (immediacy) लाई बढी प्रश्रय र पुरस्कृत गर्छ । खोजप्रणालीबाट प्राप्त सामग्रीमा हुने अत्यधिक निर्भरताले शिक्षण कार्य खण्डित (fragmented) बन्न पुग्छ । विभिन्न अनलाइन स्रोतबाट सङ्कलन गरेर तयार पारिएको पाठमा सूचना त सही होलान् (कतिपय अवस्थामा नहुन पनि सक्छन्) तर त्यसमा वैचारिक क्रमिकता (conceptual progression) वा शिक्षण सुसङ्गतता (pedagogical coherence) को अभाव हुन सक्छ । विद्यार्थीले एउटा व्यवस्थित बौद्धिक यात्राको अनुभव गर्नुको सट्टा ज्ञानका असम्बन्धित टुक्रा मात्र फेला पार्छन्।

यसका परिणाम विशेष गरी हाल विकसित हुँदै गरेको अध्ययन संस्कृतिमा स्पष्ट रूपमा देख्न सकिन्छ । विद्यार्थी पूर्ण पुस्तक (whole book) वा पाठ (chapter) पढ्नुको सट्टा सारांशमा, गहिरो व्याख्याको सट्टा एआईनिर्मित स्पष्टीकरणमा र निरन्तर गहन खोजीको सट्टा तुरुन्त खोज्न मिल्ने ससाना अंश (कलष्उउभतक) मा बढी निर्भर हुँदै गइरहेका छन् । ज्ञान अब बौद्धिक रूपमा मन्थन गर्ने वा सङ्घर्ष गर्ने माध्यम हुनुको सट्टा केवल खोजेर निकाल्ने (retrieval) वस्तु मात्र बन्न पुगेको छ । कक्षाकोठा रूपान्तरणकारी बुझाइ (transformative understanding) निर्माण गर्ने थलो बन्नुको सट्टा केवल सूचनाको आदानप्रदान वा सञ्चार हुने एउटा सतही केन्द्र (space of informational circulatioल) मात्र बन्ने जोखिममा रहेको छ ।

## व्यावसायिक शिल्पको क्षय

ऐतिहासिक रूपमा शिक्षण कार्यलाई केवल एउटा प्राविधिक पेसाका रूपमा मात्र नभई एउटा विशिष्ट व्यावसायिक शिल्प (professional craft) का रूपमा हेरिदै आएको छ । यस शिल्पभित्र विवेक, अन्तर्ज्ञान (intuition), अनुकूलनशीलता, चिन्तनमनन र समयक्रममा आफ्नो अभ्यासलाई परिमार्जन गर्दै लैजाने प्रक्रिया समावेश हुन्छ ।गुगल शिक्षकको उदयले एउटा बिझाउने प्रश्न खडा गरिदिएको छ । त्यो के भने जब शिक्षक पटक पटक बाह्य रूपमा निर्मित सामग्रीमाथि निर्भर हुन थाल्छन्, तब उनीहरूको व्यावसायिक शिल्पको अवस्था के होला ?

यदि पाठ योजना बनाउनु भनेको केवल डाउनलोड गर्नु, पाठ्यसामग्री व्याख्या गर्नु भनेको अनलाइन सामग्री पुनर्प्राप्त (retrieval) गर्नु र विद्यार्थीको मूल्याङ्कन गर्नु भनेको केवल अनलाइन वा एआईबाट लिइएका प्रश्नको सङ्कलन (compilation) गर्नु र परीक्षा लिनु मात्र बन्न पुग्छ भने शिक्षण पद्धतिबारे गहिरो विज्ञता विकास गर्ने अवसर स्वतः घट्दै जाने छन् । शिक्षक प्राविधिक रूपमा बढी कार्यकुशल (efficient) त बन्लान्, तर साथसाथै उनीहरूको बौद्धिक स्वायत्तता (intellectual autonomy) भने कमजोर हुँदै जाने छ । प्रविधि आफैँमा व्यावसायिकता क्षयीकरणको कारक होइन; बरु डिजिटल उपकरणले शिक्षकको निरन्तर सिकाइ, व्यावसायिक सहकार्य र रचनात्मकतालाई अभूतपूर्व ढङ्गले बढावा दिन सक्छन् । यहाँ मुख्य सवाल प्रविधिको उपस्थिति वा अनुपस्थितिको होइन, बरु प्रविधिसँग

शिक्षक कसरी जोडिएका छन् अर्थात् उनीहरूको संलग्नताको स्वरूप (mode of engagement) कस्तो छ भन्ने हो । यदि यो संलग्नता निष्क्रिय र परनिर्भर (passive and dependent) छ भने यसले शिक्षकको मौलिक चिन्तनलाई मार्छ । यस विपरीत यदि संलग्नता आलोचनात्मक र रचनात्मक (critical and creative) छ भने प्रविधिले शिक्षकको व्यावसायिक शिल्पलाई अझ बढावा दिन्छ ।

प्रविधि केवल एउटा माध्यम हो तर शिक्षाको वास्तविक प्राण शिक्षकको चिन्तनशील विवेकमा मात्र निहित हुन्छ । चिन्तनशील प्रयोग (reflective use) र निष्क्रिय परनिर्भरता (passive dependence) बिच एउटा ठुलो र संवेदनशील भिन्नता हुन्छ । एक चिन्तनशील शिक्षकले डिजिटल सामग्रीलाई आलोचनात्मक रूपमा परिमार्जन गर्छ । ती स्रोतलाई आफ्नो परिवेश अनुकूल बनाउँछ ।स्थापित धारणामाथि प्रश्न उठाउँछ र प्रविधिलाई आफ्नो शिक्षण लक्ष्यहरूसँग सुसङ्गत ढङ्गले जोड्छ । यसको विपरीत एक निष्क्रिय प्रयोगकर्ताले एल्गोरिदमले जे उपलब्ध गराउँछ, त्यसैलाई जस्ताको तस्तै प्रयोग गर्छ । शिक्षणको भविष्य कक्षाकोठामा प्रविधिको उपस्थिति छ या छैन भन्ने कुरामा होइन, शिक्षकको व्यावसायिक निर्णय क्षमता (professional judgment) शिक्षाको केन्द्रमा रहेको छ वा छैन भन्ने कुरामा निर्भर गर्छ ।

## गुगल सिकारुका रूपमा विद्यार्थी

गुगल गर्ने प्रवृति केवल शिक्षकमा मात्र सीमित छैन । स्वयम् विद्यार्थी पनि तीव्र गतिमा गुगल सिकारु (Google learners) बनिरहेका छन् । विद्यार्थीमा समस्यामाथि तर्कवितर्क गर्नुको सट्टा सिधै उत्तर खोज्ने प्रवृति बढ्दै गएको छ । उनीहरूले पूर्ण र विस्तृत पाठ्यसामग्री पढ्नुको सट्टा सङ्क्षेप वा सारांशको सहारा लिन्छन् । मौलिक व्याख्या निर्माण गर्नुको सट्टा एआईनिर्मित (AI generated) जवाफ प्रयोग गर्छन् । फलस्वरूप सिकाइको परिभाषा बौद्धिक सङ्घर्ष वा मन्थन हुनुको सट्टा केवल सूचना पुनर्प्राप्ति गर्ने गति (retrieval speed) का रूपमा अनूदित हुन पुगेको छ । सिकाइ भनेको दिमाग खियाएर ज्ञान हासिल गर्ने कुरा नभएर कम्प्युटरमा कति चाँडो उत्तर फेला पार्न सकिन्छ भन्ने कुरा मात्र बन्न पुगेको छ । यसले एउटा निरन्तर चलिरहने चक्र (feedback loop) निर्माण गर्छ । शिक्षक खोजकै (सर्च) माध्यमबाट पढाउँछन्; विद्यार्थी खोजकै (सर्च) माध्यमबाट सिक्छन् । अन्ततः दुवै पक्ष एउटै एल्गोरिदमद्वारा सञ्चालित र निर्देशित पारिस्थितिक प्रणाली (ecosystem) भित्र क्रियाशील रहन्छन् । जब शिक्षण र सिकाइ दुवै प्रविधिको यो चक्रव्यूहमा फस्छन्, तब शिक्षाको मौलिक चरित्र नै बदलिन्छ । शिक्षक र विद्यार्थी दुवैले आफ्नै विवेक र मौलिकता प्रयोग गर्नुको सट्टा एल्गोरिदमले पस्किएका तयारी सामग्रीमै चित्त बुझाउन थाल्छन् । परिणामस्वरूप, कक्षाकोठाको त्यो जीवन्त वैचारिक मन्थन र मानवीय संवाद हराएर जान्छ र सम्पूर्ण शैक्षिक प्रक्रिया केवल एउटा यान्त्रिक र स्वचालित प्रणाली (automated system) मा रूपान्तरण हुन पुग्छ ।

सिकाइको मूल मर्म सर्चबाट तुरुन्त प्राप्त गरिने ज्ञानभन्दा धेरै ढिलो र बढी मिहिनेत तथा धैर्य चाहिने प्रक्रियामा निर्भर हुन्छ । वास्तविक सिकाइका लागि गहिरो ध्यान, चिन्तनमनन, अनिश्चितताको सामना, परिमार्जन र वैचारिक संश्लेषण (conceptual synthesis) आवश्यक पर्छ । बौद्धिक विकास तात्कालिक

र तयारी उत्तरबाट मात्र सम्भव छैन; यसका लागि जटिल र गहकिला विचारसँग निरन्तर जोडिनु अनिवार्य हुन्छ ।

खोज इन्जिनले सूचनाको पहुँचको गतिलाई तीव्र बनाउन त सक्छन्, तर तिनले मानवीय विवेक, नैतिक निर्णय क्षमता, कुतूहल वा बौद्धिक दृढता (intellectual resilience) लाई पूर्ण रूपमा प्रवर्धन गर्न भने सक्दैनन् ।

**शिक्षक शिक्षाको पुनरवलोकन**

गुगल शिक्षक समसामयिक शिक्षाको एउटा संरचनात्मक यथार्थ बन्दै गएको अवस्थामा शिक्षक तयारी कार्यक्रम पनि सोहीअनुरूप रूपान्तरण हुन आवश्यक भइसकेको छ । अब केवल डिजिटल साक्षरता मात्र पर्याप्त छैन् । शिक्षकमा डिजिटल आलोचनात्मक साक्षरता (digital critical literacy) को विकास हुनु आवश्यक छ । यसअन्तर्गत अनलाइन स्रोतको मूल्याङ्कन गर्ने, एल्गोरिदमका पूर्वाग्रह (bias) पहिचान गर्ने, एआईनिर्मित सामग्रीमाथि प्रश्न उठाउने र खोज्न मिल्ने सूचना (searchable information) र शिक्षण वैधता (pedagogical validity) बिचको भिन्नता छुट्याउन सक्ने क्षमता महत्त्वपूर्ण छन् ।

शिक्षक शिक्षाले निर्धारित पाठ्यक्रमलाई सन्दर्भअनुसार अर्थपूर्ण रूपमा रूपान्तरण गर्ने क्षमता, अवधारणालाई अर्थपूर्ण र तार्किक क्रममा क्रमशः निर्माण गर्दै लैजाने क्षमता (conceptual sequencing), शिक्षण तार्किकता (pedagogical reasoning), एआई उपकरणको नैतिक प्रयोग, डिजिटल स्रोतको आलोचनात्मक मूल्याङ्कन र चिन्तनशील व्यावसायिक निर्णय क्षमता (reflective professional judgment) मा विशेष जोड दिनुपर्छ । भविष्यका शिक्षकले केवल सूचना कहाँ छ भनेर पत्ता लगाउन मात्र होइन कि उपलब्ध सूचना को वैधता, विश्वशनीयता र शुद्धतालाई कसरी जाँच्ने (interrogate) भन्ने कुरा सिक्नुपर्छ ।

शिक्षक शिक्षाले शिक्षणको बौद्धिक आयामलाई जीवन्त राख्नुपर्छ । शिक्षण भनेको केवल कक्षाकोठा व्यवस्थापन र सामग्री प्रवाह (content delivery) को जोड मात्र होइन । यो त सैद्धान्तिक बुझाइ, नैतिक चिन्तन, सन्दर्भप्रतिको संवेदनशीलता र मानवीय अन्तर्दृष्टि आवश्यक पर्ने एउटा व्याख्यात्मक पेसा हो । यद्यपि कुनै न कुनै स्तरमा व्याख्यात्मक क्षमता सबै पेसामा आवश्यक हुन्छ, केही पेसा भने स्वभावतः अझ बढी व्याख्यात्मक हुन्छन् । शिक्षण, चिकित्सा, कानुन, मनोपरामर्श, तथा सामाजिक कार्य क्षेत्रमा सफलता केवल नियमको पालना, सूचना प्रवाह, वा प्राविधिक दक्षतामा मात्र निर्भर हुँदैन। यस्ता क्षेत्रमा कार्यरत व्यक्तिले जटिल मानवीय अवस्था बुझ्नुपर्छ, सन्दर्भअनुसार निर्णय लिनुपर्छ, अनिश्चिततासँग जुध्नुपर्छ र ज्ञानलाई जीवन्त मानवीय अनुभवसँग जोड्नुपर्छ । त्यसैले प्रभावकारी शिक्षणका लागि केवल विषयगत वा प्रविधिको जानकारी पर्याप्त हुँदैन; त्यसका लागि विवेकपूर्ण व्याख्या, नैतिक संवेदनशीलता, चिन्तनशील निर्णय क्षमता र मानवीय समझदारी आवश्यक पर्छ । यही कारणले शिक्षणलाई केवल सूचना हस्तान्तरण गर्ने कार्य होइन,  गहिरो बौद्धिक र मानवीय अभ्यासका

रूपमा बुझिनुपर्छ । शिक्षामा मानवीय संवेदनशीलताको जग बलियो नभई डिजिटल रूपान्तरणले कक्षाकोठालाई केवल यन्त्र र सञ्जालमा मात्र सीमित गरिदिने छ। फलस्वरूप शिक्षणको प्राज्ञिक ओज र यसको गुणात्मक गहिराइ सङ्कटमा पर्ने छ।

## सन्तुलित मोडेलतर्फ

यसको समाधान प्रविधिलाई पूर्ण रूपमा अस्वीकार गर्नु होइन। पूर्वडिजिटल (डिजिटल युगभन्दा अघिको) शिक्षाप्रति रोमाञ्चित भइरहनु वा अतितबारे उदेक मान्नु न त व्यावहारिक छ, न त वाञ्छनीय नै। डिजिटल उपकरणले सूचनामाथिको पहुँच बढाएका छन्, आपसी सहकार्यलाई सम्भव तुल्याएका छन् र ज्ञानका धेरै स्वरूपलाई लोकतान्त्रीकरण गरेका छन् । मुख्य चुनौती प्रविधिको विरोध होइन, बरु सन्तुलनको खोजी हो । प्रविधिले शिक्षकको व्यावसायिक विज्ञतालाई सहयोग पुऱ्याउने माध्यमका रूपमा काम गर्नुपर्छ, न कि त्यसको विकल्पका रूपमा खोज इन्जिन सिकाइको प्रस्थानविन्दु मात्र हुनुपर्छ, अन्तिम आधिकारिक निर्णयकर्ता होइन। एआईद्वारा तयार गरिएका स्रोतले मानवीय चिन्तनलाई प्रतिस्थापन गर्ने होइन, बरु थप जिज्ञासा, प्रश्न र आत्मचिन्तनलाई प्रेरित गर्नुपर्छ ।

एउटा सन्तुलित शैक्षिक मोडेलमा शिक्षक सधैँ एक बौद्धिक अभिकर्ता (intellectual agent) का रूपमा रहन्छन् । डिजिटल उपकरणले शिक्षण कार्यमा सहयोग त पुऱ्याउँछन्, तर तिनीहरूले यसको मर्म वा अर्थ निर्धारण गर्न सक्दैनन् । त्यसैले शैक्षिक प्रविधिको विकास शिक्षणशास्त्री (pedagogical scientists), शिक्षाशास्त्री (educationists), मनोवैज्ञानिक र संज्ञानात्मक वैज्ञानिक (cognitive Scientists) सँगको सहकार्यमा हुनुपर्छ भन्ने मत बलियो बन्दै गएको छ। यस्तो मोडेलका लागि शैक्षिक प्रणालीले केवल पूर्वाधारमा मात्र नभई मानवीय क्षमतामा पनि उत्तिकै लगानी गर्नु आवश्यक हुन्छ। शिक्षकलाई निरन्तर व्यावसायिक विकासको अवसर नदिई केवल डिजिटल उपकरण मात्र उपलब्ध गराउनाले व्यापारिक प्लेटफर्ममाथिको परनिर्भरतालाई मात्र तीव्र पार्छ । वास्तविक शैक्षिक आधुनिकीकरणले प्राविधिक पहुँचका साथसाथै शिक्षकको निर्णय क्षमता (teacher judgment) र शिक्षाशास्त्रीय विवेकलाई पनि सुदृढ बनाउनुपर्छ ।

## निष्कर्ष

गुगल शिक्षकको उदयले समसामयिक शिक्षाको एउटा गम्भीर अन्तर्विरोधलाई उजागर गर्छः सूचना आज अभूतपूर्व रूपमा उपलब्ध छ,तर त्यसलाई व्याख्या गर्ने, विश्लेषण गर्ने, सन्दर्भअनुसार अर्थ दिने र विवेकपूर्ण रूपमा प्रयोग गर्ने क्षमता भने अझै पनि नाजुक अवस्थामै छ ।

खोज इन्जिनले तुरुन्तै सूचनाको महासागर फेला पार्न सक्छन् । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले सेकेन्डभरमै व्याख्या, सारांश, निबन्ध र विभिन्न शैक्षिक सामग्री निर्माण गर्न सक्छ । डिजिटल प्लेटफर्मले ज्ञानलाई विश्वव्यापी रूपमा फैलाउन सक्छन् । तथापि यी मध्ये कुनै पनि प्रविधिले शिक्षणमा अन्तर्निहित गहिरो मानवीय कार्यलाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सक्दैन । सिकारुका मानवीय पक्षलाई बुझ्नु, चिन्तनशीलताको विकास गर्नु, सिकाइका अनुभवलाई क्रमिक रूपमा व्यवस्थित गर्नु, नैतिक

निर्णय क्षमताको प्रयोग गर्नु र कोरा सूचनालाई अर्थपूर्ण ज्ञानमा रूपान्तरण गर्नु  प्रविधिभन्दा यी सबै प्रविधिको सामर्थ्यभन्दा परका मानवीय कार्य हुन् ।

डाक्टर गुगल जस्तै गुगल शिक्षक पनि सशक्तीकरण र जोखिम दुवैको प्रतीक हो । यसले यस्तो संसारलाई प्रतिबिम्बित गर्छ जहाँ सूचनामाथिको पहुँच अभूतपूर्व रूपमा विस्तार भएको छ, तर सूचना प्राप्त गर्नु र वास्तविक विशेषज्ञता हासिल गर्नुबिचको भिन्नता भने क्रमशः धमिलो बन्दै गएको छ ।

त शिक्षा क्षेत्र केवल सूचना प्राप्त गर्नु (retrieval) लाई नै बुझाइ (understanding) मान्ने प्रलोभनबाट बच्नुपर्छ । डिजिटल युगको मुख्य समस्या अब सूचनाको अभाव होइन ।  खोज्न मिल्ने उत्तरले भरिएको यो संस्कृतिमा गहिराइ, चिन्तन मनन र व्यावसायिक निर्णय क्षमतामा आएको ह्रास वा क्षयीकरण हो ।

अन्ततः, शिक्षाको भविष्य शिक्षक र विद्यार्थीले डिजिटल माध्यमबाट कति छिटो र कति धेरै सूचना प्राप्त गर्न सक्छन् भन्ने प्राविधिक होडमा मात्र निर्भर रहने छैन। यो त विद्यालयले आलोचनात्मक चेत, व्याख्यात्मक कौशल, नैतिक विवेक, बौद्धिक धैर्यता र मानवीय समझदारीजस्ता ती ढिला तर गहिरा मानवीय क्षमतालाई जोगाउन र प्रवर्धन गर्न सक्छन् वा सक्दैनन् भन्ने कुरामा निर्भर रहनेछ । यी यस्ता क्षमता हुन् जुन कुनै पनि सर्च इन्जिन वा एल्गोरिदमले कहिल्यै पूर्ण रूपमा उत्पादन गर्न सक्ने छैनन् ।

सर्च इन्जिनले मिलिसेकेन्डमै विश्वभर सूचनाको बाढी त ल्याउन सक्छन्; तर त्यो कोरा सूचनालाई जीवित, सान्दर्भिक र अर्थपूर्ण सिकाइमा रूपान्तरण गर्ने सामर्थ्य अझै पनि मानवीय शिक्षकसँग नै निहित छ । यही कारणले शिक्षा प्रणालीले गुगल शिक्षक को उदयलाई केवल एउटा प्राविधिक प्रगतिका रूपमा मात्र होइन, बरु शिक्षणको बौद्धिक र मानवीय स्वरूपमाथि उठेको गम्भीर प्रश्नका रूपमा बुझ्न आवश्यक छ । यही रूपान्तरणकारी क्षमता नै शिक्षणलाई केवल सूचना प्रवाह गर्ने माध्यम मात्र नभएर एक परिपक्व व्याख्यात्मक पेसा (interpretive profession) प्रमाणित गर्ने मुख्य कडी हो । अन्ततः, शिक्षाको भविष्य खोज इन्जिनले कति छिटो उत्तर दिन सक्छन् भन्ने प्राविधिक होडबाट होइन, बरु शिक्षकले ती उत्तरहरूलाई कसरी व्याख्या, सन्दर्भीकरण (contextualize) र मानवीय अनुभवसँग जोड्छन् भन्ने कुराले निर्धारण गर्ने छ ।

# ग्रामीण विकासका लागि शिक्षा परियोजना र स्रोतकेन्द्रको अवधारणा

✍ डा. खगराज बराल

**लेखसार**

*नेपालको विद्यालय तथा उच्च शिक्षाको विकासमा दातृ सहयोगमा सञ्चालन भएका परियोजना आधारित कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यिनै परियोजनामध्ये ग्रामीण विकासका लागि शिक्षा परियोजना (Education for Rural Development Project–ERDP) ले विद्यालय शिक्षामा स्रोतकेन्द्रको अवधारणा संस्थागत गर्दै शिक्षालाई ग्रामीण विकाससँग जोड्ने ऐतिहासिक योगदान दिएको थियो । यस लेखमा परियोजनाको सैद्धान्तिक अवधारणा, नेपालमा शिक्षा परियोजनाको विकासक्रम, विशेषत: लाहाचोक परियोजनाबाट सुरु भई सेती परियोजनाका रूपमा विस्तार भएको ग्रामीण विकासका लागि शिक्षा परियोजनाको पृष्ठभूमि, उद्देश्य, कार्यक्रम, उपलब्धि तथा सीमाको विश्लेषण गरिएको छ । लेखले विद्यालयलाई समुदाय विकासको संवाहकका रूपमा प्रयोग गर्ने, शिक्षकलाई परिवर्तनका वाहक बनाउने र स्रोतकेन्द्रमार्फत विद्यालय सुपरिवेक्षण तथा पेसागत सहयोग सुदृढ गर्ने ग्रामीण विकासका लागि शिक्षा परियोजना (Education for Rural Development Project–ERDP) को मोडललाई नेपालको शैक्षिक इतिहासमा कोसेढुङ्गाका रूपमा चिनाएको छ । यस परियोजनाबाट सुरु भएको स्रोतकेन्द्र र स्रोतव्यक्ति प्रणालीले पछि प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजनालगायतका कार्यक्रममार्फत देशव्यापी रूप लिएको तथ्यलाई उजागर गरिएको छ । सूचना तथा सञ्चार प्रविधिमा आएको तीव्र परिवर्तन, शिक्षकको पेसागत क्षमता वृद्धिका नयाँ माध्यम र सङ्घीय संरचनापछिको शैक्षिक प्रशासनिक व्यवस्थाका कारण परम्परागत स्रोतकेन्द्रको उपादेयता क्रमश: घट्दै गएको निष्कर्ष लेखले निकालेको छ । अन्तत: लेखले विगतका परियोजना अनुभवबाट सिक्दै शिक्षकको पेसागत विकास र विद्यालय सुपरिवेक्षणका लागि प्रविधि आधारित, स्थानीय तह केन्द्रित र सन्दर्भानुकूल नयाँ मोडल अवलम्बन गर्नु आवश्यक रहेको निष्कर्ष प्रस्तुत गर्छ ।*

**शब्द कुञ्जी** : शिक्षा, परियोजना, स्रोतकेन्द्र

## पृष्ठभूमि

नेपालको आधुनिक विद्यालय शिक्षा तथा उच्च शिक्षाको विकासमा परियाजना नमुना (मोडल) को भूमिका अतुलनीय छ । वास्तवमा शिक्षा क्षेत्रका यस्ता परियोजनाले विद्यालय शिक्षा तथा उच्च शिक्षामा सकारात्मक प्रभाव छाडे पनि यस्ता परियोजनाको लागतका तुलनामा उपलब्धि भने सन्तोषजनक देखिएको छैन । विद्यालय शिक्षामा ग्रामीण विकासमा लागि शिक्षा परियोजना एउटा कोसेढुङ्गा थियो ।

यस परियोजनाले विद्यालय शिक्षामा स्रोतकेन्द्रको अवधारणा ल्याएको थियो । त्यसपछिका विद्यालय शिक्षामा कार्यान्वयन भएका परियोजनाले स्रोतकेन्द्रको अवधारणालाई कार्यान्वयनमा ल्याए । समयको परिवर्तनपछि स्रोतकेन्द्रको उपादेयता कम हुँदै गयो । सूचना तथा सञ्चार प्रविधिमा आएको चमत्कारी परिवर्तनले स्रोतकेन्द्रको विकल्पमा अन्य उपायहरू आएपछि स्रोतकेन्द्रको अवधारणामा परिवर्तन हुनु जरुरी देखिन्छ । यस लेखमा परियोजना, नेपालमा शिक्षा परियोजना, ग्रामीण विकासका लागि शिक्षा परियोजनाको चर्चा गर्दै अन्त्यमा निष्कर्ष निकालिएको छ ।

**परियोजना**

निश्चित लक्ष्य तथा उद्देश्य भएको विकास कार्यक्रमलाई निश्चित स्रोत साधन तथा समय सीमाभित्र सम्पन्न गर्ने कार्य परियोजना हो (बराल, २०६८: पृ.१४५) । योजनाको उद्देश्य कार्यान्वयन तथा प्राप्तिका लागि परियोजना निर्माण गरिन्छ । नियमित संरचना र जनशक्तिबाट परियोजना कार्यान्वयन प्रभावकारी हुँदैन । परियोजना छुट्टै र स्वायत्त एकाइमार्फत कार्यान्वयन गरिन्छ । परियोजना सरकारी मातहतमा रहन्छ । यो योजनाका कार्यक्रम कार्यान्वयनका लागि बनाइएको तदर्थ किसिमको संरचना हो । परियोजनामा चार विषय पूर्वनिर्धारित हुन्छन् उद्देश्य, अवयव, कार्यान्वयन समय सीमा र बजेट । यिनै चारओटा विषयका आधारमा परियोजना कार्यान्वयन हुन्छ र तोकिएको समयभित्र यसको कार्यसम्पादन भई परियोजना विघटन हुन्छ ।

**नेपालका शिक्षा परियोजना**

संवत् २०२८ नेपालको शैक्षिक इतिहासको कोसेढङ्गा हो । यसै सालदेखि नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) २०२८-२०३२ कार्यान्वयनमा आएको हो । यो योजनाको विशेष विशेषता भनेको विद्यालय तहदेखि उच्च शिक्षासम्मको शिक्षालाई प्रणालीबद्ध गराउनु थियो । शिक्षाका राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यको निर्धारण गर्ने, देश भरका विद्यालय तथा महाविद्यालयहरूलाई सरकारी संयन्त्रमा आबद्ध गर्ने, देश भरका विद्यालयमा एकै किसिमको पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा तथा मूल्याङ्कन पद्धति लागु गर्ने, शिक्षणको माध्यम भाषाको निर्धारण गर्ने, विद्यालय तह र उच्च शिक्षाको सङ्गठन निर्धारण गर्ने, शिक्षण पद्धति र शिक्षक तालिमको व्यवस्था गर्ने, शिक्षकको योग्यता तथा सेवा, सर्त र सुविधा निर्धारण, विद्यालय सुपरिवेक्षण प्रणालीको स्थापना गर्ने, उच्च शिक्षामा राष्ट्रिय सेवा दल परिचालन गर्ने, शिक्षा प्रशासनलाई व्यवस्थित गर्ने जस्ता काम यस योजनाले गरेको थियो । यस योजनालाई नेपालको शिक्षा पद्धतिमा आधुनिकताको थालनी गरेको योजना मान्ने गरिन्छ ।

समग्र शिक्षामा सुधार गर्नका लागि राशिपयो लागु हुनुपूर्व पनि विभिन्न आयोजना तथा परियोजना कार्यान्वन भएका थिए । तत्कालीन श्री ५ को सरकार र संयुक्त राज्य अमेरिकाबिच सन् १९५३ मा नेपाल प्राविधिक सहयोग (Nepal Technical Co–operation) सम्झौता सम्पन्न भएको थियो । संवत् २०१० मा अमेरिकी सहयोगमा ग्राम विकास कार्यक्रम सुरु भएको थियो । सन् १९५४ मा सहयोगी शिक्षा कार्यक्रम (Co–operation Service in Education) कार्यक्रम सुरु भयो । यसबाट प्रौढ शिक्षा

र ग्राम विकास कार्यक्रममा टेवा पुग्यो । सहयोगी शिक्षा कार्यक्रमअन्तर्गत २०११ मा राष्ट्रिय शिक्षक शिक्षण केन्द्र स्थापना भयो ।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०१० का लागि तत्कालीन शिक्षा मन्त्री डा. डिल्लीरमण रेग्मीले संयुक्त राज्य कार्यकारी मण्डल (United States Operation Mission–USOM) सँग सहयोगका लागि कुरा गर्दा ओरेगन विश्वविद्यालय युजिन, संयुक्त राज्य अमेरिकाबाट भारत आएका प्राध्यापक डा. ह्यु विटल उड नेपाल आएका थिए (शर्मा, २०६०: ८७) । वि.सं. २०१३ मा कलेज अफ एकजुकेसन स्थापना गर्नमा अमेरिकी सहयोग (युएस एड) प्राप्त भएको थियो । युएसएडले प्राथमिक शिक्षा प्रशासन, प्राथमिक तथा माध्यमिक शिक्षक तालिम, शिक्षा अनुसन्धान, पाठ्यक्रम, मूल्याङ्कन सामग्री विकास तथा कलेज अफ एकजुकेसन प्रशासनलाई सहयोग पुऱ्याउन विशेषज्ञ सेवा उपलब्ध गराएको थियो । कीर्तिपुरको कलेज अफ एजुकेसन, सानोठिमीको कलेज अफ एजुकेसन, पोखराको पृथ्वीनारायण क्याम्पसको शिक्षा संकाय, सानोठिमीको डेमोस्टेडेसन मल्टिपर्पज स्कुल (डिमपिएस) को भवनलगायत शिक्षासँग सम्बन्धित भवन पनि युएसएडले बनाइदिएको थियो ।

वि.सं. २०२३ साल (सन् १९६६) मा तत्कालीन श्री ५ को सरकार र युएसएडबिच भएको सम्झौताअनुसार विज्ञान शिक्षण प्रवर्धन कार्यक्रम (Science Teaching Enrichment Program–STEP) सञ्चालन गर्न सम्झौता सम्पन्न भएअनुसार कार्यक्रमका रूपमा परियोजना सञ्चालन भयो । वि.सं. २०२४ मा युएसएडको सहयोगमा भक्तपुरको सानोठिमीमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र (National Vocational Training Centre–NVTC) स्थापना भयो । कार्यक्रम सञ्चालन शिक्षा मन्त्रालय र शिक्षा विभागले गरेका थिए । युएसएड र युनेस्कोबाट प्राविधिक सहयोग प्राप्त भएको थियो । माध्यमिक शिक्षामा विज्ञान विषय अनिवार्य विषयको रूपमा समावेश भएपछि यो कार्यक्रमको अन्त्य भयो ।

राशिपयोको कार्यान्वयनपश्चात विद्यालय शिक्षाको सुधार गर्न विभिन्न आयोजना तथा परियोजना कार्यान्वयन भएका थिए । यसरी कार्यान्वयन भएका परियोजनामध्ये ग्रामीण विकासका लागि शिक्षा परियोजना नेपालको विद्यालय शिक्षामा कोसेढुङ्गाका रूपमा रहेको छ । यस परियोजना सञ्चालनपूर्व कास्की जिल्लाको साविक लाहाचोक गाउँ पञ्चायतमा पर्ने महेन्द्र मिडिल स्कुलमा परीक्षण गरिएको थियो ।

त्यसपछि ग्रामीण विकासका लागि शिक्षा परियोजना (Education for Rural Development Project–ERDP) १९८१-१९९१, जनसङ्ख्या शिक्षा परियोजना (Population Education Project–PEP) १९८३-१९९७, प्राथमिक शिक्षा परियोजना (Primary Education Project–PEP) २०४२-२०४९, विज्ञान शिक्षा विकास परियोजना (Science Education Development Project–SEDP) १९८४-९१९१, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (Basic and Primary Education Project–BPEP) २०४९-२०५५, माध्यमिक शिक्षा विकास परियोजना (Secondary Education Development Project–SEDP) २०५०-२०५६, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो (Basic and Primary Education Project II–BPEP II) २०५६-२०६१, प्राथमिक शिक्षा विकास परियोजना (Primary Education

Development Project–PEDP), शिक्षक शिक्षा आयोजना (Teacher Education Project–TEP) २००२-२००८, सबैका लागि शिक्षा (Education For All–EFA) २००४-२००९, उच्च शिक्षा विकास परियोजना (Higher Education Development Project–HEDP) १९९५/९६-१९९९/२०००), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (Secondary Education Support Program–SESP) २००३-२००८, सामुदायिक विद्यालय सहयोग कार्यक्रम (Community School Support Program–CSSP) २००३-२००८, रोजगारीका लागि सिप परियोजना (Skills for Employment Project–SEP) २००६-२०११, विपन्न लक्षित माध्यमिक शिक्षा छात्रवृत्ति परियोजना (Pro–poor Targeted Secondary Education Stipend Project–PPTS) २०६६-२०७०, बहुभाषिक शिक्षा परियोजना(Multilingual Education Support Project–MLE) २००७-२००९, दोस्रो उच्च शिक्षा परियोजना (Second Higher Education Project–SHEP) २००७-२०१४), विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan–SSRP) २०६६-२०७२, विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan–SSDP) २०७३/०७४-२०७९/०८० जस्ता परियोजना तथा कार्यक्रम सञ्चालनमा थिए । हाल विद्यालय शिक्षा विकास योजना School Education Development Plan–SEDP) २०७९-२०८८ सञ्चालनमा रहेको छ ।

## ग्रामीण विकासका लागि शिक्षा परियोजना

ग्रामीण विकासका लागि शिक्षा परियोजनाको चर्चा गर्दा लाहाचोक परियोजनालाई बिर्सनु हुँदैन । ग्रामीण विकासका लागि शिक्षा परियोजनाको जग नै लाहाचोक परियोजना हो । त्यसैले यहाँ लाहाचोक परियोजनाको सङ्क्षिप्त चर्चा तल गरिएको छः

## लाहाचोक परियोजना (Lahachok Project–LP)

लाहाचोक कास्की जिल्लामा पर्छ र यो पोखरा उपत्यकाको उत्तरतिर पर्छ । तत्कालीन लाहाचोक पञ्चायतमा मिडिल स्कुल थियो, त्यसको नाम महेन्द्र निम्नमाध्यमिक विद्यालय हो । त्यस विद्यालयमा काठमाडौँबाट आई शिक्षण गर्ने श्रीराम दवाडीले वि.सं. २०२०/०२२ देखि ग्रामीण मानिसलाई शिक्षातर्फ आर्कषण गर्न विभिन्न काम गर्दै आएका थिए । सहरी सुविधाबाट वञ्चित तत्कालीन समयको लाहाचोकमा शिक्षाको पहुँच, विद्यालयका पूर्वाधार र विद्यालयमा समुदायको सहभागिता निकै सीमित थियो ।

स्कुलको वातावरण सफा सुग्घर राख्ने, विद्यालयमा करेसाबारी र फूलबारी निर्माण गर्ने, करेसाबारी र फूलबारीमा काम गरेपछि औजारलाई सफा गरी तोकिएको स्थानमा राख्ने, विद्यालय हाताभित्र नै नर्सरी बनाएर तरकारीका बेर्ना तयार गर्ने, काठको काम गर्ने जस्ता कार्य विद्यालयमा हुने गर्थे । यसको अगुवाई प्रधानाध्यापक श्रीराम दवाडीले गर्दै आएका थिए । विद्यालयमा शिक्षक तथा विद्यार्थीले गरेका यस्ता कार्यकलापले लाहाचोक गाउँमा राम्रो प्रभाव पारेको थियो ।

विद्यालयमा भएका कार्यकलापलाई लाहाचोक गाउँमा पनि अनुकरण र अनुसरण गर्दै गाउँमा बोट विरुवा रोप्ने र हेरचाह गर्ने, घरको करेसाबारी र बारीमा तरकारी तथा फलफूल रोप्ने, घर वरिपरिको वातावरण सफा सुग्घर राख्ने गतिविधि हुन थाले । महेन्द्र निम्नमाध्यमिक विद्यालयमा देखिएका गतिविधि र त्यसको प्रभावलाई शिक्षासँग सम्बन्धित अधिकारी, नीति निर्मातालाई प्रभाव पार्‍यो । यस्ता गतिविधि गाउँको विकासमा काम लाग्ने देखे ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८/२०३२ कार्यान्वयन भएपश्चात् नीति निर्माता, योजनाकार, शिक्षाविद्‌हरूलाई दुर्गम र विशेष गरी ग्रामीण क्षेत्रको विकासमा शिक्षाको आवश्यकतालाई महसुस गर्दै एक परियोजनाको कल्पना गरिएको थियो । वि.सं. २०३१ (सन् १९७४) मा राष्ट्रिय शिक्षा समितिको अगुवाईमा शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले परीक्षणका रूपमा ग्रामीण विकासका लागि शिक्षा परियोजना कार्यान्वयनमा ल्याएको थियो ।

विद्यालय रहेको स्थानमा विद्यालयले परिवर्तनको बाहकका रूपमा काम गर्ने, आफ्नो गाउँको विकासका लागि स्थानीयलाई क्रियाशील बनाउने, विद्यालयमार्फत गाउँलेका लागि कार्यमूलक प्रौढ शिक्षा, एकीकृत अनौपचारिक शिक्षा, स्वास्थ्य, पौष्टिक आहार, कृषि, महिला सहभागिता जस्ता कार्यक्रम ग्रामीण क्षेत्रमा सञ्चालन गर्ने जस्ता विशेषता लाहाचोक परियोजनाका थिए । वास्तवमा लाहाचोक परियोजना विशेष गरी ग्रामीण शिक्षा र सामुदायिक विकाससँग सम्बन्धित थियो । स्थानीय विद्यालय सुधार गर्ने, शिक्षकलाई तालिम दिने, गाउँका समुदाय र विद्यालयबिचको सहकार्य बनाउने जस्ता साना साना प्रायोगिक कार्यबाट सुरु गरिएको थियो लाहाचोक परियोजना । विशेष गरी ग्रामीण शिक्षा र सामुदायिक विकाससँग सम्बन्धित एउटा शैक्षिक विकास परियोजना थियो यो । परियोजनाका यस्तै गतिविधिका कारण यसलाई लाहाचोकको समुदायहमा आधारित शिक्षा परियोजना (Community–based Education Project in Lahachok) पनि भन्ने गरिन्थ्यो ।

लाहाचोक परियोजना (Lahachok Project–LP) लाई परीक्षण (Piloting) को रूपमा हेरिएको थियो । यसै परीक्षण परियोजनाका उपलब्धिलाई संस्थागत गर्दै र लाहाचोक गाउँको अनुभवबाट प्रेरित भएर शिक्षा मन्त्रालयकै अगुवाइमा ग्रामीण विकास निमित्त शिक्षा (सेती परियोजना) सुरु भएको थियो । ग्रामीण समुदायका मानिसको विविध पक्षको विकास र सशक्तीकरणमा यस परियोजनाको सफलतालाई उदाहरण मानी वि.सं. २०३८ सालमा सेती परियोजना लागु गरियो (खड्का, २०७..: पृ. १३०) । तत्कालीन परियोजना सञ्चालन भएको महेन्द्र निम्नमाध्यमिक विद्यालय अहिले माछापुच्छे गाउँपालिकास्थित लाहाचोकमा महेन्द्र माध्यमिक विद्यालयका रूपमा रहेको छ ।

**ग्राणीण विकासका निमित्त शिक्षा परियोजना (Education for Rural Devevelopment Project– ERDP)**

कम खर्चमा गाउँको विद्यालयलाई गाउँमुखी बनाई एकीकृत शिक्षा विस्तार गर्न सकिने लाहाचोकको अनुभवको आधारमा ग्रामीण विकासका निमित्त शिक्षा परियोजना (Education for Rural Development

Project–ERDP) सञ्चालन भएको थियो (शर्मा, २०७०: पृ. १७८) । यो परियोजना लाहाचोक परियोजनाको विकसित रूप हो ।

लाहाचोक परियोजनाबाट सिकिएका पाठ, उपलब्धि र अनुभवलाई संस्थागत गर्दै शिक्षालाई गाउँमुखी बनाउन अर्को परियोजनाको विकास गरियो जसलाई ग्रामीण विकासका निमित्त शिक्षा परियोजना नामकरण गरियो । यो परियोजना सुदूरपश्चिमाञ्चलको सेती अञ्चलका दुई जिल्ला बझाङ र डोटी प्रयोगका रूपमा वि.सं. २०३८ देखि सञ्चालनमा आयो । यो परियोजना पछि सेती अञ्चलका पाँच जिल्ला बझाङ, डोटी, बाजुरा, अछाम र कैलालीमा विस्तार भई कार्यान्वयन भएकाले सेती परियोजना Seti Project का नामले पनि परिचित छ ।

तत्कालीन श्री ५ को सरकार, युनिसेफ र युएनडिपीको संयुक्त प्रयास र युनिसेफको सहयोगमा वि.सं. २०३८ मा सेती अञ्चलका पाँच जिल्लामा यो परियोजना सञ्चालन भएको थियो । यस परियोजनाले आधारभूत शिक्षा पद्धतिका माध्यमबाट ग्रामीण विकास गर्ने लक्ष्यका साथ प्रशासनिक प्रणालीमा सुधार गर्ने, परिवर्तनका वाहक शिक्षक बनाउने र विद्यालयलाई सामुदायिक संस्थाका रूपमा विकास गर्ने परिकल्पना गरेको थियो (भण्डारी: २०८२) ।

तत्कालीन श्री ५ को सरकारका माननीय शिक्षामन्त्री नारायणदत्त भट्टको पालामा उहाँकै चिन्तनात्मक पहल र अगुवाइमा वि.सं. २०३७/०३८ मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चललाई केन्द्रित गरी विदेशी सहयोग दातृसंस्था युनेस्को, युनिसेफ, युएनडिपी, युनिसेफको सहयोगमा शिक्षा मन्त्रालयअन्तर्गत क्षेत्रीय स्तरमा रहेको क्षेत्रीय शिक्षा निर्देशनालयको संयोजनमा ग्रामीण विकासका निमित्त शिक्षा परियोजना लागु भएको थियो । यस परियोजनाको प्रधान कार्यालय क्षेत्रीय शिक्षा निर्देशनालय राजपुर, डोटीमा रहेको थियो (भण्डारी: २०८२) ।

सुरुमा अर्थात् पहिलो चरण वि.सं. २०३८ देखि डोटी र बझाङ जिल्लामा यो परियोजना सञ्चालन भएको थियो । परियोजनाको दोस्रो चरण वि.सं. २०४३ देखि सेती अञ्चलका सबै जिल्ला डोटी, बझाङ, बाजुरा, अछाम र कैलालीमा सञ्चालन भएको थियो । तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री नारायणदत्त भट्टको पालामा शिक्षा प्रक्रियाद्वारा ग्रामीण विकास गर्ने अवधारणाको रूपमा सेती अञ्चलका विशेषतः ४ जिल्ला बझाङ, बाजुरा, डोटी, अछाम र जाँदाजाँदै वि.सं. २०४७/२०४८ तिर कैलाली जिल्लालाई समेत स्पर्श गर्दै बदलिँदो राजनीतिक परिस्थिति र परिवेशका कारण सेती अञ्चलबाट परियोजना समाप्ति भएको थियो (भण्डारी, २०८२) ।

अन्तर्राष्ट्रिय सहयोगी संस्था संयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रम (United Nations Development Program–UNDP), संयुक्त राष्ट्र सङ्घ बाल कोष (युनिसेफ) (United Nations International ChildrenÚs Emergency Fund–UNICEF) र संयुक्त राष्ट्र सङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) (United Nations Educational, Scientific and Cultural Organization–UNESCO) को सहयोगमा वि.सं. २०३८ देखि श्री ५ को सरकारले यो परियोजना सञ्चालन गरेको

थियो । गोपीनाथ शर्माका अनुसार, योजना श्री ५ को सरकार युनेस्को, यु.एन.डी.पी., युनिसेफ र अगफन्डको आर्थिक सहयोगबाट सञ्चालन हुन्थ्यो (शर्मा, २०७०: पृ. १७८) ।

यस परियोजनाको पहिलो अवधि २०३८ देखि २०४३ सम्म पाँच वर्ष र दोस्रो अवधि २०४३ देखि २०४८ सम्म पाँच वर्ष गरी जम्मा दश वर्ष निरन्तर सञ्चालन भएको थियो । विद्यालय शिक्षामार्फत समुदायको विकास गर्ने मुख्य लक्ष्य यस परियोजनाको थियो । विद्यालय अवस्थित रहेको समुदायको आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक पक्षको विकास गराउनका लागि विद्यालयलाई नै परिवर्तनको संवाहकका रूपमा प्रयोग गर्ने रणनीति बनाइएको थियो । यसका लागि स्थानीय जनतालाई आफ्नो गाउँको विकास गर्ने विकासात्मक कार्यकलापमा सहभागी हुन उत्सुक बनाइएको थियो । परियाजनाका विशेषतामा (क) स्रोत केन्द्र (ख) सेटलाइट स्कुल (ग) प्रौढ शिक्षा (घ) चेलीबेटी कक्षा (ङ) समूह विद्यालयअन्तर्गत ग्राम अध्ययन केन्द्र स्थापना (च) समूह विद्यालयहरूमा सूचनाका साथै शैक्षिक सामग्री विकास र तिनको आदानप्रदान (छ) सहायक पुस्तिका प्रकाशन र वितरण थिए (शर्मा, २०६०: पृ. ३५५) ।

शिक्षालाई ग्रामीण विकासका लागि सशक्त माध्यम बनाउने, शिक्षाको सेवा प्रवाहमा सुधार ल्याई शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, पाठ्यक्रमलाई सान्दर्भिक र विद्यार्थीको भावी जीवनमा उपयोगी हुनेगरी सुधार गर्दै विद्यालय र समुदायबिचको दुरी कम गर्ने, प्राथमिक तहका सबै बालबालिकालाई पर्याप्त पाठ्यसामग्री उपलब्ध गराई उनीहरूलाई व्यावहारिक र दिगो रूपमा साक्षर बनाउने, शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई अवसरको वृद्धि गर्ने, प्रौढका लागि कार्यमूलक साक्षरताको अभियान सञ्चालन गर्ने र प्राथमिक स्कुलहरूमा सिकाइ वातावरण सिर्जना गर्न समुदायको सहयोगमा शौचालय, पिउने पानी, करेसाबारी आदि कायम गर्ने जस्ता उद्देश्य परियोजनाका थिए । शिक्षकलगायत अन्य सम्बद्ध पक्षलाई तालिम दिने, शिक्षा विकासमा नयाँ नीति अवलम्बन गरी यसलाई नमुनाका रूपमा कार्यान्वयन गराउने, विद्यालय र समुदायबिचको सम्बन्ध सुमधुर बनाउने, विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउने र प्राथमिक विद्यालयको पाठ्यक्रमलाई सुधार गरी समुदाय केन्द्रित बनाउने जस्ता उद्देश्य पनि परियोजनाका थिए ।

यस परियोजनाले विद्यालय भवन, पुस्तकालय र प्रयोगशाला जस्ता भौतिक संरचनाको निर्माण तथा सुधारमार्फत शैक्षिक पूर्वाधारको विकासमा लगानी गरेको थियो । कृषि, सिपमूलक तालिम र आयआर्जनसँग सम्बन्धित शिक्षामार्फत ग्रामीण जनजीवनलाई जोडेको थियो । ग्रामीण बस्तीमा जीवनोपयोगी शिक्षा प्रदान गरेको थियो । विद्यालय व्यवस्थापनमा स्थानीय समुदाय, अभिभावक तथा शिक्षकको भूमिकालाई सुदृढ गर्दै विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता बढाउने काम गरेको थियो । शिक्षकलाई आधुनिक शिक्षण प्रविधिको ज्ञान तथा सिपको विकास गर्न तालिमको प्रबन्ध गरिएको थियो । समग्रमा परियोजना कार्यान्वयन भएका जिल्लाका विद्यालयमा गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउनका लागि अधिकतम प्रयास गरिएको थियो ।

### परियोजनाका मुख्य मुख्य कार्यक्रम

ग्रामीण विकासका लागि शिक्षा परियोजनाको महत्त्वपूर्ण कार्यक्रम स्रोतकेन्द्रको स्थापना थियो ।

स्रोतकेन्द्रमार्फत विद्यालय र शिक्षकलाई सहयोग गर्ने अवधारणा यसै परियोजनामार्फत सञ्चालन गरिएको थियो। ६ देखि १४ ओटा विद्यालय समेटेर समूह विद्यालय बनाउने, मिलेसम्म माध्यमिक तहको विद्यालय, नमिलेमा निम्नमाध्यमिक तहको विद्यालयलाई स्रोतकेन्द्र विद्यालयको रूपमा विकास गरिएको थियो । समूह विद्यालयहरूलाई स्याटलाइट विद्यालय भनिन्थ्यो । स्याटलाइट विद्यालयको अवधारणा यही परियोजनाले ल्याएको थियो । महिनाको एकपटक स्याटलाइट विद्यालयको सुपरिवेक्षण भ्रमण, प्रत्येक महिनामा एकपटक शुक्रबारे बैठक, स्रोतकेन्द्रअन्तर्गतका विद्यालय सहभागी गराएर खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन, शैक्षिक सामग्रीको वितरण, शिक्षक तालिमको प्रबन्ध, स्याटलाइट विद्यालयमा सञ्चालन हुने परियोजनाका अन्य कार्यक्रममा सहयोग र स्याटलाइट विद्यालयलाई शैक्षिक सुधारको प्रर्दशनीको केन्द्र बनाउने जस्ता काम स्रोतकेन्द्रले गर्नुपर्ने कामका रूपमा राखिएको थियो ।

शिक्षक तालिम यस परियोजनाको अर्को मुख्य कार्यक्रम थियो । प्राथमिक शिक्षक तालिमको प्याकेज (२१ दिने), पुनर्ताजगी तालिम, प्राथमिक उपचार तालिम र ग्रामीण विकासका क्रियाकलापसम्बन्धी तालिम जस्ता तालिम सञ्चालन गरिएको थियो । यसै परियाजनाले दिपायलमा शिक्षक तालिमका लागि आवाससहितको तालिम केन्द्र पनि निर्माण गरेको थियो। कार्यमूलक साक्षरता, चेलीबेटी शिक्षा, विद्यालय भवन निर्माण तथा मर्मत, औषधी तथा फलफूलका बिरुवा तथा तरकारीका बीउ वितरण पनि यस परियोजनाका कार्यक्रम थिए। ग्रामीण विकासका लागि शिक्षा परियोजना व्यवस्थापन तथा कार्यान्वयन गर्न प्रमुख प्राविधिक सल्लाहकार, सहनिर्देशक, योजना तथा मूल्याङ्कन विशेषज्ञ, पाठ्यक्रम विशेषज्ञ, प्रौढ तथा चेलीबेटी शिक्षा विशेषज्ञ, स्रोतकेन्द्र विशेषज्ञ, शिक्षक तालिम विशेषज्ञ, इन्जिनियर, कोअर्डिनेटर, सिनियर फिल्ड कोअर्डिनेटर लगायत व्यवस्थापनमा काम गर्ने कर्मचारी कार्यरत थिए । ग्राणीण विकासका लागि शिक्षा परियोजना र प्राथमिक शिक्षा परियोजना (Primary Education Project–PEP) का उपलब्धिलाई संस्थागत गर्दै तत्कालीन सरकारले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (Basic and Primary Education Project–BPEP) कार्यान्वयनमा ल्याएको थियो ।

## उपलब्धि

विद्यालय सुपरिवेक्षण र शिक्षकका लागि पेसागत सहयोग गर्नका लागि स्रोतकेन्द्रको अवधारणा सेती परियोजनाबाट सुरु भएको हो । यस परियोजनामा स्रोतव्यक्तिको रूपमा काम गर्न स्रोतकेन्द्र कायम भएको माध्यमिक विद्यालयलाई एक माध्यमिक शिक्षक बराबरको तलब रकम अनुदान दिइन्थ्यो । त्यसबाट शिक्षक भर्ना गर्ने वा नगर्ने दायित्व विद्यालयमा निर्भर हुन्थ्यो। स्रोतकेन्द्रको दायित्व संस्थागत थियो र स्रोत विद्यालयले पठनपाठनमा असर नपर्ने गरी स्रोतकेन्द्रको रूपमा जिम्मेवारी निर्वाह गर्थ्यो (काफ्ले र साथीहरू, २०५९: पृ. ४६०)।

विश्वका विभिन्न मुलुकहरूले स्रोतकेन्द्रमार्फत स्रोतहरूको परिचालन, शिक्षक विकास एवम् पाठ्यक्रम सुधार, प्रशासनिक कार्यको अनुगमन, मूल्याङ्कन र जवाफदेहीको निर्धारण तथा माथिल्लो निकायमा सूचना प्रवाह गर्ने प्रथाको विकास गरिसकेका थिए (काफ्ले र साथीहरू, २०५९: पृ. ४६०)।

सेती परियोजनाको स्रोतव्यक्तिको अवधारणालाई यथावत् ग्रहण गर्दै यस परियोजनाको असल अभ्यास स्रोतकेन्द्रलाई वि.सं. २०४२ सालमा कार्यान्वयनमा आएको प्राथमिक शिक्षा परियोजनाले ६ जिल्लामा १३३ ओटा स्रोतकेन्द्र स्थापना गरी छुट्टै एक जना स्रोतव्यक्ति उपलब्ध गरायो । स्रोतव्यक्तिमा शिक्षामा स्नातक उत्तीर्ण प्राथमिक विद्यालय निरीक्षक वा निम्नमाध्यमिक वा माध्यमिक शिक्षक वा शिक्षामा स्नातक उत्तीर्ण कुनै पनि नयाँ व्यक्तिलाई नियुक्ति गरेको थियो ।

पाँचदेखि पन्ध्रओटा प्राथमिक विद्यालयको माझमा एउटा स्रोतकेन्द्र स्थापना गरिएको थियो । प्राथमिक शिक्षा परियोजनाले विद्यालय सुपरिवेक्षण र शिक्षकलाई पेसागत सहयोग प्रणालीलाई सुदृढ गर्न स्रोतकेन्द्र कायम भएका विद्यालयमा नै स्रोतकेन्द्र भवन निर्माण गर्‍यो । नियमित सुरिवेक्षण, शिक्षक तालिम, पेसागत बैठक आदिका कारण शिक्षकको शिक्षणमा गुणस्तरीय सुधार ल्याउन स्रोतकेन्द्रले सकारात्मक भूमिका खेलेको थियो ।

प्राथमिक शिक्षा परियोजनापश्चात सञ्चालित आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो) ले विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको विशेष भूमिकालाई आत्मसात गर्दै स्रोतकेन्द्रलाई मुख्य कार्यथलो र समूह विद्यालयलाई सहयोग गर्ने जिम्मेवारी स्रोतव्यक्तिलाई दियो । यस परियोजनाले सेती परियोजनाको अवधारणा स्रोतकेन्द्र र स्याटलाइट स्कुललाई अवलम्बन गर्‍यो । स्रोतकेन्द्रलाई विद्यालय सुपरिवेक्षणको आधारभूत एकाइ मानियो । स्रोतव्यक्तिमा प्राथमिक शिक्षा परियोजनाका जस्तै प्राथमिक विद्यालय निरीक्षक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयका शिक्षक, शिक्षामा स्नातक उत्तीर्ण व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा नियुक्त गरियो भने संवत् २०५१ देखि विद्यालय निरीक्षकलाई पनि स्रोतव्यक्तिको भूमिकामा काम गर्न लगाइयो ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो) ४० जिल्लामा कार्यान्वयन भएको थियो । वि.सं. २०४९ मा पहिलो चरणमा सेती परियोजना लागु भएका पाँच, प्राथमिक शिक्षा परियोजना लागु भएका ६ र नयाँ ८ गरी १९ जिल्ला, वि.सं. २०५० मा दोस्रो चरणमा थप ६ जिल्ला र वि.सं. २०५१ मा थप १५ जिल्लामा परियोजना विस्तार गरिएको थियो । एउटै देशमा दुई किसिमको सुपरिवेक्षण र शिक्षक सहयोगको कार्यक्रम थियो बिपेप र नन्बिपेप । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (दोस्रो) यसलाई पछि कार्यक्रम भनियो, २०५६ सालबाट सुरु भयो । सुरुमा पहिलो चरणमा परियोजना लागु भएका ४० जिल्लामा ८ जिल्ला थप गरियो । संवत् २०५७ देखि बाँकी २७ जिल्लामा विस्तार भएपछि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम ७५ जिल्लामा नै कार्यान्वयन भयो । सबै जिल्लामा स्रोतकेन्द्र बने, स्रोतव्यक्ति पनि नियुक्त भए । देशभर कुल १,३३१ ओटा स्रोतकेन्द्र कायम भए । स्रोतव्यक्तिमा विगतका अभ्यासलाई निरन्तरता दिँदै विद्यालय निरीक्षकलाई पनि स्रोतव्यक्तिको भूमिकाको जिम्मेवारी दिइयो ।

स्रोतव्यक्तिले समूह विद्यालयहरूको सुपरिवेक्षण, निरीक्षण, अनुगमन गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, स्रोतकेन्द्रमा मासिक रूपमा प्रधानाध्यापक बैठक सञ्चालन गर्ने, शुक्रबारे बैठक सञ्चालन गर्ने, विषयगत बैठक सञ्चालन गर्ने, अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने, होलस्कुल एप्रोच र मोडुलर तथा मागमा

आधारित शिक्षक तालिम सञ्चालन गर्ने जस्ता काम गर्दथे । जिल्ला शिक्षा कार्यालयमा हुने मासिक बैठकमा सहभागी हुने र मासिक प्रगति प्रतिवेदन पेस गर्ने काम पनि गर्थे ।

संवत् २०५० पछि स्रोतकेन्द्रको प्रभावकारिता घट्दै गयो । स्रोतव्यक्ति पदमा विद्यालय निरीक्षक, अनुभवी शिक्षक, शिक्षाशास्त्रमा भरखरै स्नातक गरेका व्यक्तिले काम गर्दा सहज वातावरण बनेन । एक त विद्यालयमा राम्रा शिक्षक भनेर गनिएका शिक्षक स्रोतव्यक्तिको भूमिकामा आउँदा विद्यालयको पठनपाठनमा नराम्रो असर पर्यो । स्रोतव्यक्तिमा आएका शिक्षकले आफूलाई शिक्षकभन्दा माथिको दर्जाका ठाने, शिक्षकलाई पेसागत सहयोगभन्दा शासन गर्नतिर लागे । पहुँचका भरमा स्रोतव्यक्तिका रूपमा आएका शिक्षाका स्नातकमा न विषयगत दक्षता थियो, न त शिक्षण पेसाप्रति संवेदनशीलता । स्रोतकेन्द्रमा प्रधानाध्यापकको मासिक बैठक सकेपछि स्रोतव्यक्ति नै हराउँथे । लोकसेवा आयोगबाट सिफारिस भई आएका विद्यालय निरीक्षक स्रोतव्यक्तिको भूमिकामा सन्तुष्ट थिएनन् । आफूसँग लोकसेवा आयोगबाट सिफारिस भएर आएको साथी जिल्ला शिक्षा कार्यालयमा प्राविधिक शाखा अधिकृत भई आफैंलाई खटनपटन गर्थ्यो, यसले झनै असन्तुष्टि बढायो ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको अवधि समाप्तिपछि यसैको अवधारणालाई सबैका लागि शिक्षा कार्यक्रमले निरन्तरता दियो । तत्कालीन अवस्थाका १,३३१ स्रोतकेन्द्रलाई १,०९१ मा झार्‍यो । विद्यालय क्षेत्र सुधार योजनाले पनि यसैलाई निरन्तरता दिँदै कार्यक्रम अगाडि बढायो । स्रोतकेन्द्र र स्रोतव्यक्तिको प्रभावकारिता घट्दै गयो । विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनको चरणमा मुलुकमा सङ्घीय संरचना कार्यान्वयन हुँदा विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकारको सूचीमा परेपछि विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिँदै २०७५ माघदेखि सङ्घीय सरकारले स्रोतव्यक्तिको जिम्मा लिन छोड्यो । स्रोतकेन्द्र र स्रोतव्यक्तिको व्यवस्थापनको जिम्मेवारी पनि स्थानीय तहमा नै गयो ।

विद्यालय सुपरिवेक्षण र शिक्षकलाई पेसागत सहयोगका लागि स्रोतकेन्द्र आवश्यक थियो विगतमा । विगतमा अधिकांश शिक्षक तालिम प्राप्त थिएनन्, शिक्षकको पेसागत विकासका कार्यक्रम पनि थिएनन् । मन्त्रालयदेखि जिल्ला शिक्षा कार्यालयसम्मका सूचना तथा जानकारी विद्यालय तहसम्म पुर्‍याउने माध्यम सहज थिएन, शिक्षकको योग्यतामा वृद्धि भएको थिएन, पठनपाठनका विधि तथा प्रविधि परम्परागत थिए, शिक्षकबिच आपसी भेटघाट र छलफल गर्ने संस्कृति थिएन, सम्भव पनि थिएन । यस्तो अवस्थामा स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिका महत्त्वपूर्ण थियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो) कार्यान्वयनमा आएपछि स्रोतव्यक्तिको क्षमता वृद्धिका कार्यक्रम थुप्रै भए । राजनीतिक प्रभावका कारण शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण गरेका स्रोतव्यक्ति (शुद्ध स्रोतव्यक्ति) नियुक्तिका कारण शिक्षकले अपेक्षित पेसागत सहयोग प्राप्त गर्न सकेनन् । यही परम्परा निरन्तर चलिरह्यो ।

सूचना तथा सञ्चार प्रविधिमा आएको अभूतपूर्व उपलब्धिका कारण मन्त्रालय, विभागदेखि जिल्लासम्ममा सर्कुलर, सूचना, जानकारी सामाजिक सञ्जालमार्फत हुने गरेको छ । क्षमता वृद्धिका लागि स्रोतकेन्द्र

धाइरहनुपर्दैन । शिक्षकले पेसागत तथा विषयगत समितिको सञ्जाल निर्माण गरेर सामाजिक सञ्जाल तथा प्रविधिको उच्चतम प्रयोग गरी समूहगत बैठक (भर्चुअल बैठक) सञ्चालन गर्ने गरेका छन् । शिक्षणका नयाँ विधि र प्रविधिको जानकारी तुरुन्तै पाउँछन् । गुगल, युट्युब, एआई लगायतका माध्यमबाट आफूलाई परेको समस्याको समाधान पाउँछन् ।

**निष्कर्ष**

नेपालमा विद्यालय शिक्षा तथा उच्च शिक्षामा दातृ निकायहरूको सहयोगमा सञ्चालित परियोजना मोडलका कार्यक्रमले सकारात्मक परिणाम देखाए पनि लागतका तुलनामा उपलब्धि भने सन्तोषजनक देखिँदैन । जब नेपालका विद्यालय र महाविद्यालयमा परियोजना मोडलका कार्यक्रम सञ्चालनमा आए (वि.सं. २०३७/३८ देखि), नेपालका सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर विगतका तुलनामा अपेक्षित बढ्न सकेन । निजी लगानीका विद्यालय तथा महाविद्यालयमा परियोजनाका कुनै कार्यक्रम हुँदैनथे, त्यस्ता विद्यालय तथा महाविद्यालयको शैक्षिक गुणस्तर सार्वजनिक शिक्षण संस्थाको तुलनामा बढी नै रहेको देखिन्छ ।  नेपालमा शिक्षकको पेसागत विकास तथा विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्र भूमिका उल्लेखनीय छ । ग्रामीण विकासका लागि शिक्षा परियोजनाले यसको संस्थागत सुरुवात गरेको थियो । यसका उपलब्धिलाई विभिन्न आयोजना तथा परियोजनामार्फत देशव्यापी बनाइएको थियो । सरकारले दातृ निकायको सहयोगमा थुप्रै लगानी पनि गरेको थियो । प्रविधिमा आएको परिवर्तन, शिक्षामा आएको जागरण आदिका कारण विगतकै निरन्तरता अब सान्दर्भिक हुन सक्दैन । त्यसैले परिवर्तन जरुरी छ । स्रोतकेन्द्र र स्रोतव्यक्ति, विद्यालय निरीक्षक र सुपरिवेक्षणको उपादेयता विगतका झैं छैन । शिक्षकको पेसागत विकासका लागि आधुनिक प्रविधिको प्रयोग र स्थानीय तहमा आधारित विद्यालय सुपरिवेक्षण नै वर्तमानसँग सान्दर्भिक हुन्छ ।

## सन्दर्भ सामग्री


काफ्ले, वासुदेव र साथीहरू (२०५९), शैक्षिक प्रशासन र सुपरिवेक्षण, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

खड्का, रामबहादुर (....), स्रोतकेन्द्रमा स्रोतव्यक्तिको भूमिका एक विश्लेषण, लैङ्गिक समविकास शिक्षा, वर्ष १८, अङ्क      १८ ।

बराल, खगराज (२०६८), केही शैक्षिक मुद्दाहरू, काठमाडौं: सोपान मासिक ।

शर्मा, गोपीनाथ (२०७०), शिक्षामा देखे सुने र भोगेका कुरा, मकालु प्रकाशन गृह ।

शर्मा, गोपीनाथ (२०६०), नेपालको शिक्षाको इतिहास भाग-२, मकालु प्रकाशन गृह ।

भण्डारी, निर्मलकुमार (२०८२), सेती परियोजना: एक विहंगावलोकन, Retrieved from https://www.dcnepal.com/2025/07/673157/

# आलोचनात्मक साक्षरता

✍ डा. गणेशप्रसाद भट्टराई
निर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**लेखसार**

*आलोचनात्मक साक्षरता (Critical Literacy) आधुनिक शिक्षामा प्रयोग भएको एक अवधारणा हो । यो पढेका वा सुनेका कुनै पाठ, सन्देश, सूचना आदिको आलोचनात्मक विश्लेषण, मूल्याङ्कन वा पुनर्व्याख्या गर्ने क्षमतासँग सम्बन्धित छ। यसबाट लेखन वा विचारमा प्रयोग भएको भाषा,अभिव्यक्तिको शक्ति, विचारधारा, रैथाने संस्कृति र सामाजिक सम्बन्धको बोध गर्न सकिन्छ । वर्तमान विश्वमा सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास भएको छ। सामाजिक सञ्जालको व्यापक प्रयोग भएको छ र संसार यसबाट अलग रहन नसक्ने अवस्था सिर्जना भएको छ । सिकाइ र सामाजिकीकरणमा विश्वव्यापीकरणको प्रभाव परेको छ । आलोचनात्मक दृष्टिले सोच्न नसके सबै प्रकारको सिकाइ अधुरो हुने खतरा बढेको छ । यस लेखमा आलोचनात्मक साक्षरताको सैद्धान्तिक अवधारणा, विशेषता, आवश्यकता, शिक्षण रणनीति, नेपाली सन्दर्भलगायतको पाठकपरक विश्लेषण गरिएको छ । यो सामग्री अध्ययन र विश्लेषणमा आधारित छ ।*

**मुख्य शब्दावली** : आलोचनात्मक साक्षरता, आलोचनात्मक सोच, आलोचनात्मक शिक्षाशास्त्र, शक्ति सम्बन्ध, मिडिया साक्षरता

**विषय प्रवेश**

पहिले साक्षरताको अवधारणा पढाइ, लेखाइ र गणनासँग सम्बन्धित थियो तर ज्ञानमा आधारित आधुनिक समाजमा साक्षरता सूचनाको प्राप्ति, सूचनाको विश्वसनीयता परीक्षण, उद्देश्य बोध, शक्ति सम्बन्ध र वैकल्पिक दृष्टिकोणको विश्लेषणसँग सम्बन्धित छ । यसले आलोचनात्मक साक्षरतालाई जन्म दिएको छ । आलोचनात्मक साक्षरताले व्यक्तिलाई सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भमा पाठ्यसामग्री, सिकाइ र यथार्थको आलोचनात्मक अध्ययन गर्न सक्षम बनाउँछ । यसले ज्ञानलाई स्थिर र वस्तुगत सत्यका रूपमा नभई सामाजिक रूपमा निर्मित अवधारणाका रूपमा हेर्छ (Freire, 1970) । आलोचनात्मक साक्षरता सिकाइको वास्तविक रूपान्तरण र वैयक्तिक क्षमता विकाससँग सम्बन्धित छ ।

व्यक्तिमा विकास हुने आलोचनात्मक साक्षरताले सिकाइको भाषा, सिकाइ पाठ, सञ्चार सामग्री तथा सामाजिक घटनाको आलोचनात्मक विश्लेषण गरी तिनमा निहित शक्ति सम्बन्ध, विचारधारा, पूर्वाग्रह र सामाजिक संरचनाको पहिचान गर्ने तथा सकारात्मक रूपमा वैकल्पिक अर्थ निर्माण गर्ने क्षमतालाई सबलीकरण गर्छ । Freire, 1970 का अनुसार शिक्षाको उद्देश्य शब्दिक दक्षता मात्र मात्र

नभएर शब्द र संसार पढ्न (Reading the Word and the World) सिकाउनु हो । उनका अनुसार साक्षरता चेतनाको विकास (Conscientization) गर्ने प्रक्रिया हो । यसले व्यक्तिलाई अन्याय, उत्पीडन र असमानताको पहिचान गरी वैयक्तिक र सामाजिक परिवर्तनका लागि सक्रिय बनाउँछ । Luke (२०१२) ले आलोचनात्मक साक्षरतालाई  कुनै पनि पाठभित्र रहेका शक्ति, संस्कृति र विचारधाराको आलोचनात्मक अध्ययन गर्ने प्रक्रिया मानेका छन् । Autonomous model ले यसलाई तटस्थ र सार्वभौमिक सिपजस्तो देखाए पनि Ideological model ले यसलाई सामाजिक, सांस्कृतिक र शक्तिसँग सम्बन्धित अभ्यासका रूपमा बुझ्नुपर्ने बताएको छ (UNESCO Digital Library) । यो भाषिक सिप त हुँदै हो, सामाजिक रूपान्तरणको माध्यम पनि हो ।

## सैद्धान्तिक आधार

आलोचनात्मक साक्षरताको मुख्य आधार Paulo Freire ले विकास गरेको आलोचनात्मक शिक्षाशास्त्र हो । Freire (1970)) ले परम्परागत शिक्षालाई  बैङ्किङ पद्धति (Banking Model of Education) का रूपमा लिएका छन् ।  यस अवधारणामा  शिक्षकले ज्ञान जम्मा गर्ने र विद्यार्थीले ग्रहण गर्ने काम मात्र गर्छन् । यसको आलोचना गर्दै उनले संवाद, प्रश्न र आलोचनात्मक चेतनामा आधारित शिक्षाको पक्ष लिएका  छन् । उनले परम्परागत Banking model को सट्टा Problem posing education को पक्षमा तर्क गरेका छन् । Problem posing education मा शिक्षक र विद्यार्थी दुवै संवाद तथा छलफलमा सहभागी हुन्छन् र ज्ञान संयुक्त रूपमा निर्माण हुन्छ । विद्यार्थी निष्क्रिय ग्रहणकर्ता होइन, सक्रिय विचारक हुन्छन् । उनको आलोचनात्मक शिक्षाशास्त्रअनुसार शिक्षा सामाजिक परिवर्तनको माध्यम हो । व्यक्तिमा सङ्ग्रह हुने ज्ञान सामाजिक रूपमा निर्मित हुन्छ । शिक्षक ज्ञानका विस्तारकर्ता मात्र हुन् तर शिक्षार्थी सक्रिय ज्ञाननिर्माता हुन् । यसैले शिक्षाले उत्पीडन र असमानताको पहिचान गर्न सहयोग गरी लोकतान्त्रिक सहभागिता प्रवर्धन गर्नुपर्छ । नेपालमा पनि आलोचनात्मक एभमबनयनथ सम्बन्धी अध्ययनले Freire को यही दृष्टि अनुसरण गरेका छन् ।  संवादमुखी, प्रश्नमुखी र परिवर्तनमुखी दृष्टि आलोचनात्मक साक्षरताको मूल हो ।

Brian Street ले साक्षरतालाई सामाजिक अभ्यासका रूपमा व्याख्या गरे । UNESCO को सारांशअनुसार Street को Ideological model ले साक्षरतालाई सन्दर्भसापेक्ष, संस्कृतिसँग गाँसिएको र शक्ति सम्बन्धले प्रभावित अभ्यास ठान्छ । यस दृष्टिकोणले एकै किसिमको साक्षरताले सबै ठाउँमा एउटै प्रभाव पार्छ भन्ने सोचलाई चुनौती दिन्छ । त्यसैले आलोचनात्मक साक्षरताले पाठलाई मात्र होइन, पाठ पढिने सामाजिक सन्दर्भलाई पनि महत्त्व दिन्छ । (UNESCO Digital Library)

विद्यालयमा पढाइने भाषा, उदाहरण, पाठ्यसामग्री र मूल्याङ्कन प्रणाली पनि तटस्थ हुँदैनन् । तिनमा निश्चित वर्ग, भाषा, संस्कृति वा विचारधाराको प्रभाव हुन सक्छ । आलोचनात्मक साक्षरताले यही लुकेको संरचनालाई हेर्न तथा देख्न सिकाउँछ ।

Vygotsky (१९७८) को सामाजिक निर्माणवादअनुसार ज्ञान सामाजिक अन्तरक्रियाबाट निर्माण हुन्छ ।

विद्यार्थीले भाषा, संस्कृति र सामाजिक अनुभवमार्फत सिकाइको अर्थ निर्माण गर्छन् । आलोचनात्मक साक्षरताले पाठको अर्थ स्थिर नभई बहुआयामिक हुने मान्यता राख्छ । हिजो सिकेको ज्ञानको अर्थ आज भिन्न हुन सक्छ । विभिन्न सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिका व्यक्तिले एउटै पाठलाई फरक रूपमा व्याख्या गर्न सक्छन् । सिकाइको सर्वव्यापक मानक हुँदैन, सिकारुले सिकाइको मानक तय गर्छन् ।

आलोचनात्मक साक्षरता सिद्धान्तको विकासचाहिँ Frankfurt School का विद्वान्ले गरेका थिए । यस सिद्धान्तले समाजमा विद्यमान शक्ति संरचना, प्रभुत्व, असमानता तथा विचारधाराको आलोचनात्मक अध्ययन गर्छ । Habermas (१९८४) का अनुसार खुला छलफल र तर्कसङ्गत विमर्शबाट सामाजिक परिवर्तन सम्भव हुन्छ । आलोचनात्मक साक्षरताले सामाजिक मूल्यलाई शैक्षिक अभ्यासमा रूपान्तरण गर्छ । Fairclough (१९९५) ले भाषा र शक्ति सम्बन्धको अध्ययनलाई आलोचनात्मक विमर्श विश्लेषणका रूपमा विकास गरेका छन् । उनका विचारमा भाषा तटस्थ हुँदैन, समाजसापेक्ष र परिवर्रतनशील हुन्छ । भाषाले सामजिक सञ्चारमा शक्ति सम्बन्ध निर्माण र पुनरुत्पादन गर्छ र सञ्चार सामग्रीले सामाजिक विचारधारालाई प्रभाव पार्छ । समाचार, विज्ञापन वा राजनीतिक भाषणमा प्रयोग गरिने भाषाले जनमत निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ । यो एक व्यक्तिको सोचभन्दा फरक हुन्छ ।

Luke र Freebody को Four Resources Model ले पाठकका चार भूमिका देखाउँछः सङ्केत टुक्रयाने (Code breaker), पाठमा पस्ने (Text participant), पाठ प्रयोग गर्ने (Text user) र पाठ विश्लेषण गर्ने (Text analyst) । यस ढाँचाले पढाइलाई शब्द पहिचान गर्ने, पाठको अर्थ बनाउने, सन्दर्भअनुसार प्रयोग गर्ने र त्यसको आलोचनात्मक विश्लेषण गर्ने कामलाई पनि समेट्छ । यसमा पाठ विश्लेषण गर्ने (Text analyst) भूमिका आलोचनात्मक साक्षरतासँग पसम्बन्धित छ । (Palms International Volunteering) । यसले राम्रो पाठक हुनु भनेको पाठमा निहित मान्यता, दृष्टिकोण र प्रभाव पहिचान गर्न सक्नु भन्ने बुझाउँछ । त्यसैले कक्षाकोठामा विसङ्केतन (म्भअयमष्लन) मात्र होइन, विश्लेषण र मूल्याङ्कन गर्ने सिप पनि सिकाउनुपर्छ ।

Hilary Janks ले आलोचनात्मक साक्षरतालाई शक्ति (power), पहुँच (access), विविधता (diversity) र डिजाइन (design/redesign) गरी चार आयाममा व्याख्या गरेकी छन् । उनका अनुसार आलोचनात्मक साक्षरताले पाठको शक्ति सम्बन्ध बुझ्न, विभिन्न पहिचान र आवाजलाई सम्मान गर्न, ज्ञानमा पहुँच विस्तार गर्न र नयाँ अर्थ वा वैकल्पिक पाठ डिजाइन गर्न मद्दत गर्छ । अनुसन्धानले उनको मोडेलले Text analysis र Text design दुवै समेट्ने कुरा देखाएका छन् । यसले पाठको आलोचना मात्र होइन, पाठको पुनर्निर्माण (Redesign) मा पनि जोड दिन्छ । यसबाट विद्यार्थीले तर्कसङ्गत रूपमा प्रश्न गर्न र वैकल्पिक दृष्टिकोणबाट नयाँ सामग्री सिर्जना गर्न सिक्छन् ।

Lewison, Flint and Van Sluys (२००२) का अनुसार आलोचनात्मक साक्षरताका चार प्रमुख आयाम छन् । पहिलो आयाम सामान्य धारणालाई चुनौती दिनु हो । यसले दैनिक जीवनमा सामान्य ठानिएका विचार र अभ्यासमाथि प्रश्न उठाउन सिकाउँछ । दोस्रो बहुदृष्टिकोण ग्रहण गर्नु हो । यसले एउटै

विषयलाई विभिन्न दृष्टिकोणबाट हेर्न सिकाउँछ । तेस्रो सामाजिक राजनीतिक पक्षमा केन्द्रित हुनु हो । यसले पढेका र सुनेका विषयवस्तु र समाजबिचको सम्बन्ध बुझाउँछ । चौथो सामाजिक न्यायका लागि कार्य गर्नु हो । यसले सामाजिक परिवर्तनका लागि सक्रिय सहभागिता जनाउन सक्षम बनाउँछ । हामीलाई वास्तविकता बोधका लागि हरेक ठाउँमा आलोचनात्मक साक्षरता आवश्यक पर्छ ।

## आलोचनात्मक साक्षरताका विशेषता

आलोचनात्मक साक्षरता प्रश्नमुखी वा खोजमुखी दृष्टिकोणसँग सम्बन्धित हुन्छ । यसले हरेक विषयमा किन ?, कसका लागि ?, कसले ? कसरी ? जस्ता प्रश्न उठाउन सिकाउँछ । विश्लेषणात्मक सोच यसको अर्को विशेषता हो । यो पढेका र सुनेका पाठभित्रका विचार, प्रमाण, तर्क तथा पूर्वाग्रहको विश्लेषणसँग सम्बन्धित छ । आलोचनात्मक साक्षरताले बहुआयामिक अर्थ निर्माणमा जोड दिन्छ । बुझाइको अर्थ पाठभित्र स्थिर र सीमित हुँदैन । पाठक र श्रोताले आफ्ना अनुभव र सन्दर्भअनुसार कुनै पनि विषयको अर्थ निर्माण गर्छ र सामाजिक चेतना विकास गर्छ । यसबाट सामाजिक न्याय, समावेशिता तथा समानताप्रति संवेदनशीलता विकास हुन्छ । सामाजिक चेतनाकै कारण व्यक्तिले लोकतान्त्रिक सहभागिता जनाउँछ । यसबाट व्यक्तिलाई जिम्मेवार र सक्रिय नागरिक बन्न सहयोग पुग्छ । आलोचनात्मक साक्षरता सक्रिय नागरिक बन्ने आधार हो ।

## आलोचनात्मक साक्षरताको आवश्यकता

आलोचनात्मक साक्षरताले पाठमा रहेका अन्तर्निहित अर्थ, पूर्वाग्रह, लैङ्गिक/सामाजिक चित्रण र सत्ता सम्बन्धलाई पहिचान गर्न मद्दत गर्छ । NELTA मा प्रकाशित एक अध्ययनले Critical literacy ले भाषा र शक्ति सम्बन्धको विश्लेषण गर्न, प्रमुख विमर्श (Dominant discourse) लाई चुनौती दिन र विविध दृष्टिकोणलाई स्वीकार गर्न मद्दत गर्ने देखाएको छ । यसका मुख्य विशेषता प्रश्न गर्ने क्षमता, बहुदृष्टिकोण ग्रहण गर्ने बानी, पाठमा सन्दर्भसहित बुझ्ने सिप, सामाजिक न्यायप्रति संवेदनशीलता हुन् । यस्तो शिक्षणले विद्यार्थीलाई निष्क्रिय ग्रहणकर्ताबाट सक्रिय, विवेकी र जिम्मेवार पाठकमा रूपान्तरण गर्छ । (UNESCO Digital Library)

यो शताब्दी सूचना विस्फोटको युग हो । आज डिजिटल माध्यममा गलत सूचना (Misinformation) र भ्रामक सूचना (Disinformation) को प्रसार मात्रात्मक रूपमा बढ्दो छ । आलोचनात्मक साक्षरताले यसको तथ्य परीक्षण गर्न सहयोग पुऱ्याउँछ । Bloom's Taxonomy अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जना उच्चस्तरीय संज्ञानात्मक क्षमता हुन् । आलोचनात्मक साक्षरताले यिनको विकास गर्छ । उच्चस्तरीय संज्ञानात्मक क्षमता लोकतान्त्रिक नागरिक निर्माणसँग सम्बन्धित हुन्छन् । लोकतान्त्रिक समाजमा नागरिकले स्वतन्त्र निर्णय गर्न र सार्वजनिक बहसमा सहभागी भई सामाजिक न्याय प्रवर्धन गर्न सक्नुपर्छ । आलोचनात्मक साक्षरताबाट जातीय, लैङ्गिक, भाषिक तथा आर्थिक असमानताबारे सचेतना विकास हुन्छ । यसले व्यक्तिमा समस्या समाधान, निर्णय क्षमता, सञ्चार तथा नेतृत्व जस्ता जीवनोपयोगी सिप विकास गर्छ । विद्यार्थी भाषिक, सांस्कृतिक, लैङ्गिक र वर्गीय असमानताबारे सचेत

भएर अधिक समावेशी सोचतर्फ उन्मुख हुन्छन् (UNESCO Digital Library) । प्रश्नमा आधारित शिक्षण (Inquiry–based Learning), संवादात्मक शिक्षण, मिडिया विश्लेषण, वादविवाद, परियोजना कार्य, प्रतिविम्बात्मक लेखन (Reflective writing) कक्षाकोठामा आलोचनात्मक साक्षरता विकास गर्ने रणनीति हुन् । शिक्षकले समाचार लेख, विज्ञापन, सामाजिक सञ्जाल पोस्ट, चित्र, गीत, कथा, पाठ्यपुस्तकको अंश वा भिडियो सामग्रीलाई विश्लेषणको आधार बनाउन सक्छन् । यसका लागि विद्यार्थीलाई कसले बनायो ? किन बनायो ? कसको आवाज समेटियो ? कसको छुट्यो ?, यसले कसलाई प्रभावित गर्छ ? जस्ता प्रश्नमार्फत छलफल गर्न लगाउनुपर्छ । NELTA को लेखले पनि Film viewing, Advertisement analysis, Gender portrayal, Race issues र Dialogue–based activities जस्ता अभ्यास उपयोगी हुने देखाएको छ। यो शैली Freire को Problem posing शिक्षासँग मेल खान्छ ।

## नेपाली सन्दर्भमा आलोचनात्मक साक्षरता

नेपालको विद्यालय शिक्षाको पाठ्यक्रममा Critical thinking, ccreativity, Digital literacy, Collaboration जस्ता सिप समावेश गिरएको छ । परम्परागत रटन्ते शिक्षणबाट हटेर विद्यार्थीलाई विश्लेषणात्मक सोच र समस्या समाधानतर्फ उन्मुख गराउने रणनीति अपनाइएको छ (Zenodo) । Critical Pedagogy in Nepalese Perspectives अध्ययनले शिक्षा प्रणालीमा रहेका उत्पीडनकारी शक्ति सम्बन्धलाई प्रश्न गर्ने र विद्यार्थीलाई सामाजिक रूपान्तरणमा सहभागी गराउने आवश्यकता देखाएको छ । यसले लैङ्गिक असमानता, भेदभाव, गरिबी जस्ता सामाजिक मुद्दालाई पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिएको छ (Academia.edu) । नेपालमा भएको Widespreading Literacy Initiatives अध्ययनले आधारभूत पढ्ने लेख्ने सिपलाई सामाजिक आर्थिक विकाससँग जोडेको छ। आलोचनात्मक साक्षरताले यसलाई अझ अगाडि बढाउँदै सामाजिक चेतना र लोकतान्त्रिक सहभागितालाई प्रोत्साहन गर्ने सम्भावना देखाउँछ (lib.moecdc.gov.np) । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा विद्यालय शिक्षाको वर्तमान नीतिले आलोचनात्मक सोच, समस्या समाधान, सिर्जनात्मकता तथा सहकार्यात्मक सिपलाई प्राथमिकता दिएको छ । बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय नेपाली समाजमा आलोचनात्मक साक्षरताले विविधताको सम्मान गर्न, पूर्वाग्रह घटाउन, समावेशी दृष्टिकोण विकास गर्न र लोकतान्त्रिक संस्कृति सुदृढ गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। यद्यपि विद्यालयमा अझै पनि परीक्षाकेन्द्रित, घोकन्ते तथा शिक्षककेन्द्रित शिक्षण पद्धतिको प्रयोग अत्यधिक छ । त्यसैले आलोचनात्मक साक्षरताको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक क्षमता विकास, पाठ्यक्रम सुधार तथा वैकल्पिक मूल्याङ्कन प्रणाली आवश्यक छ ।

## सबल पक्ष

आलोचनात्मक साक्षरताले विद्यार्थी र कुनै पनि व्यक्तिमा आलोचनात्मक सोच विकास गर्छ । यसले तथ्य र भ्रमबिच भिन्नता छुट्याउन मद्दत गरी भ्रमका पछि नलाग्न सचेत गराउँछ । लोकतान्त्रिक

मूल्य, सामाजिक न्याय र नागरिक चेतना विकास गरी समस्या समाधान तथा निर्णय क्षमता अभिवृद्धि गर्छ । यसबाट डिजिटल तथा मिडिया साक्षरता विकास हुन्छ ।

## दुर्बल पक्ष

आलोचनात्मक साक्षरता विकास र सिकाइका लागि यसको कार्यान्वयनमा प्रशिक्षित शिक्षकको आवश्यकता पर्छ । यो परम्परागत परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रियासँग पूर्ण रूपमा मेल नखान सक्छ । कक्षाकोठामा बढी समय र स्रोतको आवश्यकता पर्छ । सबै शिक्षकले आलोचनात्मक छलफल सहज रूपमा सञ्चालन गर्न नसक्ने अवस्था पनि हुन सक्छ । आलोचनात्मक साक्षरता विद्यार्थीको भाषिक तथा विश्लेषणात्मक क्षमतामा निर्भरता रहन्छ ।

## अवसर

आलोचनात्मक साक्षरताबाट डिजिटल युगमा सूचना मूल्याङ्कन गर्ने सिप विकास गर्न सकिन्छ । नयाँ पाठ्यक्रम तथा दक्षतामा आधारित भई सिकाइलाई शिक्षासँग एकीकरण गर्न सकिन्छ । यसबाट समावेशी तथा बहुसांस्कृतिक शिक्षालाई प्रवर्धन गर्न र सामाजिक न्याय तथा मानवअधिकारलाई शिक्षासँग जोड्न सकिन्छ । आलोचनात्मक साक्षरताबाट AI, Media Literacy र Digital Citizenship लाई शिक्षासँग एकीकृत गर्न सकिन्छ ।

## चुनौती

परीक्षाकेन्द्रित पढाइ, घोकन्ते शिक्षण, शिक्षक तालिमको कमी, समय अभाव र डिजिटल स्रोतको असमान पहुँच नेपालमा आलोचनात्मक साक्षरता कार्यान्वयनका केही चुनौती हुन् । गलत सूचना (Misinformation) र भ्रामक सूचना (Disinformation) को तीव्र प्रसार हुँदा आलोचनात्मक साक्षरताको विकास कमजोर हुन्छ । परीक्षाकेन्द्रित शिक्षाले आलोचनात्मक अभ्यासलाई सीमित गर्न सक्छ । हाम्रो समाजमा राजनीतिक वा वैचारिक प्रभावको गलत व्याख्या हुने सम्भावना पनि छ । स्रोत र प्रविधिको असमान पहुँच र शिक्षकको व्यावसायिक विकासको अभाव आलोचनात्मक साक्षरता विकासको बाधक हो । प्रश्न गर्ने अभ्यासलाई कहिलेकाहीँ अनुशासनहीनता ठान्ने प्रवृत्ति पनि देखिन्छ । यी चुनौती पार गर्न पाठ्यक्रम, मूल्याङ्कन र शिक्षक विकासलाई एकसाथ सुधार्नुपर्ने हुन्छ । यो निष्कर्ष Freire, Street, Janks, / Nepal based critical pedagogy अध्ययनहरूबाट प्राप्त सैद्धान्तिक दिशासँग मेल खान्छ (Routledge) ।

आलोचनात्मक साक्षरताको सिद्धान्त र व्यवहारबिच अन्तर रहेको छ । यसलाई नजिक्याउन शिक्षक प्रशिक्षण र संस्थागत समर्थन आवश्यक छ । आलोचनात्मक साक्षरता विद्यार्थीमा उच्चस्तरीय सोच, विश्लेषणात्मक क्षमता र सामाजिक चेतना विकास गर्ने शक्तिशाली शैक्षिक दृष्टिकोण हो तर यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक क्षमता विकास, पाठ्यक्रम सुधार र मूल्याङ्कन प्रणालीमा परिवर्तन आवश्यक हुन्छ ।

## निष्कर्ष

आलोचनात्मक साक्षरता आधुनिक शिक्षाको एक रूपान्तरणकारी अवधारणा हो, जसले विद्यार्थीलाई सूचनाको निष्क्रिय उपभोक्ता नभई सक्रिय विश्लेषक र जिम्मेवार नागरिकका रूपमा विकास गर्छ। आलोचनात्मक साक्षरता आधुनिक शिक्षाको अपरिहार्य आवश्यकता हो। यसले व्यक्तिलाई सूचना ग्रहण गर्न सक्षाम बनाउँदै निष्क्रिय उपभोक्ताबाट ज्ञान निर्माण गर्ने सक्रिय नागरिकमा रूपान्तरण गर्छ। आलोचनात्मक साक्षरताले भाषा, शक्ति, संस्कृति तथा समाजबिचको सम्बन्ध बुझ्न सहयोग पुऱ्याउँदै लोकतान्त्रिक, समतामूलक र न्यायपूर्ण समाज निर्माणमा योगदान पुऱ्याउँछ। यसलाई बुझ्दै हाम्रो शिक्षामा पनि पढ्न र लेख्न, सोच्न, प्रश्न गर्न, विश्लेषण गर्न र परिवर्तनको नेतृत्व गर्न सक्ने आलोचनात्मक साक्षर नागरिक उत्पादन गर्ने विषय र सिकाइका तरिका समावेश गर्नु आवश्यक छ। शिक्षाले विद्यार्थीलाई केवल परीक्षा पास गर्ने बनाउनु हुँदैन। उनीहरूलाई सूचनाको संसारमा सचेत, विवेकी र जिम्मेवार नागरिक बनाउनुपर्छ।

## सन्दर्भ सामग्री


Bhattarai, G. P. (2020). Widespreading literacy: Initiatives and challenges in Nepal.

Fairclough, N. (1995). Critical discourse analysis: The critical study of language. Longman.

Farralelli, M. (2009). Using a critical literacy approach in the EFL class. Journal of NELTA, 14(1–2), 26–31.

Freire, P. (1970). Pedagogy of the oppressed. Continuum.

Freire, P., & Macedo, D. (1987). Literacy: Reading the word and the world. Routledge.

Habermas, J. (1984). The theory of communicative action. Beacon Press.

Janks, H. (2010). Literacy and power. Routledge.

Lewison, M., Flint, A. S., & Van Sluys, K. (2002). Taking on critical literacy: The journey of newcomers and novices. Language Arts, 79(5), 382–392.

Luke, A. (2012). Critical literacy: Foundational notes. Theory Into Practice, 51(1), 4–11. https://doi.org/10.1080/00405841.2012.636324

Luke, A., & Freebody, P. (1999). Further notes on the four resources model. Practically Primary, 4(2), 5–8.

Neupane, B. (2021). A critical analysis of English language teaching situation in Nepal. Marsyangdi Journal, 2, 14–26.

Rijal, N. (2023). Critical pedagogy in Nepalese perspectives. Academia.edu.

Singh, R. K. (2024). Curriculum modernization in Nepal: Responding to the 21st century skills. Zenodo.

Street, B. V. (1984). Literacy in theory and practice. Cambridge University Press.

UNESCO. (2006). Understanding literacy. UNESCO.

UNESCO. (n.d.). Understanding and defining literacy. UNESCO Institute for Education.

Vygotsky, L. S. (1978). Mind in society: The development of higher psychological processes. Harvard University Press

# प्रविधि र सामाजिक सञ्जालको प्रयोगः फाइदा कि त्रास ?

✍ डा. हरिप्रसाद लम्साल
पूर्वसचिव, नेपाल सरकार

**लेखसार**

*एक्काइसौँ शताब्दीको सुरुवात देखि नै प्रविधि र सामाजिक सञ्जाल मानव जीवनका अभिन्न अङ्ग बन्न पुगे । सामाजिक सञ्जालले सूचना आदानप्रदान, सामाजिक संवाद, शिक्षा, व्यापार, अभिव्यक्ति स्वतन्त्रता र सामाजिक सम्बन्ध आदिमा फेरबदल ल्याएर यिनको स्वरूप बदल्नमा महत्त्वपूर्ण भूमिका खेले । प्रविधिको भरपुर प्रयोग गर्दै सामाजिक प्लेटफर्मले व्यक्तिको आवाजलाई विश्वभर पुऱ्याउने अवसर दिए । यसरी प्रविधि र सामाजिक प्लेटफर्मले सिर्जनशीलता, उद्यमशीलता र ज्ञानको पहुँचमा सहयोग गर्नुमा साथै सेवा प्रवाहमा रूपान्तरण ल्याए । प्रविधि र सामाजिक सञ्जालका फाइदामात्र छैनन् । यिनका थुप्रै बेफाइदा पनि छन् । यिनको दुरुपयोगले मानव जीवनमा गम्भीर समस्या सृजना गर्दै छ । व्यक्तिमा मानसिक तनाव, साइबर अपराध, गोपनीयता हनन र सामाजिक विखण्डन एवम् सम्बन्धमा खलल पार्ने जस्ता समस्या निम्त्याएको छ । सामाजिक सञ्जालमा अत्यधिक निर्भरता, तथ्यहीन सामग्रीको प्रसार र व्यक्तिगत जीवनको सार्वजनिक प्रदर्शनले व्यक्ति, घरपरिवार, सामाजिक जीवन र सार्वजनिक क्षेत्रमासमेत नकारात्मक भाष्य सृजना गरी यसबाट दीर्घकालीन असर पर्ने सम्भावना बढ्दै गएको छ । प्रविधि र सामाजिक सञ्जालको समुचित र सन्तुलित प्रयोग अहिलेको प्रमुख आवश्यकता हो । यसका लागि बलियो नियमन प्रणाली, स्वनियमनको अभियान, सुरक्षित र जिम्मेवार प्रयोगका लागि डिजिटल साक्षरताको प्रवर्धन, समय व्यवस्थापन, तथ्य जाँच गर्ने बानी र गोपनीयता सुरक्षाका उपाय अवलम्बन गर्नु आवश्यक छ ।*

**मुख्य शब्दावली** : इन्टरनेट, गोपनीयता, डिजिटल साक्षरता, नियमन, प्रविधि, मानसिक स्वास्थ, सामाजिक सञ्जाल, सामाजिक सम्बन्ध

**विषय प्रवेश**

आजको युग प्रविधिको युग हो । स्मार्टफोन, इन्टरनेट, सामाजिक सञ्जालजस्ता माध्यमले मानव जीवनलाई सहज र गतिशील बनाएका छन् । सेकेन्डमै आफन्त र चाहेको व्यक्तिसँग कुराकानी गर्न सक्ने बनाएको छ । विश्वको जुनसुकै कुनामा रहेको व्यक्तिलाई खोजेको समयमा भेटन सक्ने बनाएको छ । मोबाइल र कम्प्युटरमा एक क्लिक गर्दा चाहेको सूचना प्राप्त गर्न सकिन्छ । ज्ञान प्राप्ति र अध्ययनको क्षेत्र थप फराकिलो भएको छ । संवाद र विचार आदानप्रदान थप सहज बनेको छ । नयाँ नयाँ खोज र अनुसन्धान गर्ने सम्भावनालाई प्रविधिले वरदान नै दिएको छ । तर यसका सकारात्मक पक्षमात्र छैनन् ।

एकातिर गलत व्यक्तिले गरेको दुरूपयोगका कारण आम मानिस प्रभावित भइरहेछन भने अर्कोतिर स्वयम व्यक्तिसमेत अत्यधिक प्रयोगका कारण मानसिक विचलन, एकान्तता, नैराश्य, बेचैनीको भूमरीमा पर्न थालेका छन् । सामाजिक सम्बन्धमा दरार आइरहेको छ । व्यक्तिको कन्सन्ट्रेशन अर्थात् ध्यान केन्द्रित गर्ने क्षमता घटाएको छ, अरूसँग तुलना गर्ने प्रवृत्तिले आत्ममूल्याङ्कन कमजोर हुनुका साथै आत्मविश्वासमा पनि कमी ल्याएको विवरण अध्ययनले औंल्याएका छन् । प्रविधि र सामाजिक सञ्जालको सदुपयोगले जीवन सहज र समृद्ध बनाउने सम्भावना एउटा पाटोको रूपमा रहेको छ भने अर्को पाटोको रूपमा यसको दुरुपयोगले वैयक्तिक, पारिवारिक र सामाजिक जीवनमा भयावह अवस्था पनि निम्त्याइरहेको छ । मिति २०८२ मङ्सिर ८ गतेको कान्तिपुर दैनिकमा उज्जवल आचार्यले मिथ्या सूचनाको परिवेश शीर्षकमा सामाजिक सञ्जाल र डिजीटल प्रविधिका यस्तै यस्तै नकारात्मक असरका बारेमा विस्तृतरूपमा केलाएका छन (आचार्य, २०८२) । प्रस्तुत सन्दर्भमा प्रविधि र सामाजिक सञ्जालको प्रयोगमा सन्तुलन कसरी कायम गर्ने भन्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण छ । यस लेखको उद्येश्य प्रविधि र सामाजिक सञ्जालको सकारात्मक पक्ष, नकारात्मक असर र जिम्मेवार प्रयोगका उपाय खोजी गर्नु रहेको छ । द्वितीयक सामग्रीको अध्ययन गरी लेख तयार गरिएको छ । प्राथमिक स्रोतको प्रयोग गर्न सकिएको छैन । लेख विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ । प्रविधि र सामाजिक सञ्जालको समुचित प्रयोगमा चासो राख्नेका लागि लेख उपयोगी हुन सक्ने विश्वास लिइएको छ ।

## सामाजिक सञ्जाल र प्रविधिको मानविय जीवनमा असर

कुनै व्यक्तिले मोबाइलमा के कति समय बिताउँछ होला ? अनुमान गर्नु भएको छ । मुलुक र तहाँका नागरिकको स्वभाव एवम् नियमनको स्वरूपमा भर पर्छ होला । नेपालीकै बारेमा यस्तो समय कति होला ? उनीहरूले दैनिक सरदर कति समय मोबाइलमा बिताउँछन होला ? घरपरिवारको अलि नियन्त्रणमा रहनेनरहने विद्यालय उमेर समूहका बालबालिकाको अवस्था र किशोरअवस्था एवम् सो पार गरेका युवाको के कति समय मोबाइलमा खर्च भइरहेको होला ? यी र यस्ता विषयमा नेपालको सन्दर्भमा खासै गहन अध्ययन भएका छैनन होला । भएका केही अध्ययन पनि सीमित कभरेज र विषयवस्तुका आधारमा भएका होलान्, जसबाट समाजको ट्रेन्ड विश्लेषण गर्न सम्भव छैन ।

नेपाल सामाजिक सञ्जाल प्रयोगकर्ता सर्वेक्षण २०२१ प्रतिवेदनका अनुसार हरेक पाँच जनामा दुई जना (४० प्रतिशतभन्दा) भन्दा बढीले दैनिक १ देखि २ घण्टा र ३९% ले दैनिक ३ देखि ६ घण्टा सामाजिक सञ्जालमा बिताउँछन् (आचार्य, २०२२) । यसै गरी ५.७ प्रतिशतले दैनिक एकघण्टा भन्दा कम समय यसमा बिताउँछन् भने दैनिक ६ घण्टाभन्दा बढी समय बिताउनेको हिस्सा १३.१ प्रतिशत रहेको देखिन्छ ।

सामाजिक सञ्जाल प्रयोगका सम्बन्धमा ट्रिफिरो र गेरसन (२०१९) ले ग्लोबल ट्रेन्ड पत्ता लगाउन एक अनुसन्धान गरे । यस अध्ययनका अनुसार गत एक दशकमा सामाजिक सञ्जाल प्रयोगकर्ताको सङ्ख्या अत्यधिक मात्रामा बढेको छ । उनीहरूले यस्तो वृद्धिलाई गुणात्मक ढङ्गको भनेका छन् । यसै गरी Digital २०२५ - Global Overview Report (डाटारिपोर्टल, २०२५) र स्टाटिस्टा (२०२५) ले

पनि संसारमा सामाजिक सञ्जालको प्रयोग निरन्तर रूपमा बढिरहेको विवरण देखाएको छ । २०२५ को सुरुमा सक्रिय सामाजिक सञ्जाल प्रयोगकर्ताको कुल सङ्ख्या ५.२० अर्ब पुगेको छ । यो सङ्ख्या भनेको पृथ्वीमा रहेका मानिसको ६४ प्रतिशत हो । सामाजिक सञ्जाल प्रयोगकर्तामा ४८.४% पुरुष र ५१.६% महिला प्रयोगकर्ता छन् । यसै गरी १८ देखि ३४ वर्ष उमेर समूहका सामाजिक सञ्जाल प्रयोगकर्ताको हिस्सा ५९% जति छ । विश्वभर सक्रिय सामाजिक सञ्जाल प्रयोगकर्ताको सङ्ख्या बढिरहेको छ । यही प्रतिवेदनका अनुसार विश्वव्यापी रूपमा सन् २०२५ मा औसत प्रयोग समय २ घण्टा २३ मिनेट रहेको छ ।

सीमित अध्ययनबाट यस्ता प्राप्ति आएको देखिए तापनि अनुभवका आधारमा हाम्रो सन्दर्भमा वास्तविकता यो भन्दा फरक हुन सक्छ । आफ्नै वरपरका यस्ता पक्षलाई आधार मानेर हेर्दा नेपालीको मोबाइल र सामाजिक सञ्जालमा ध्यान केन्द्रित गर्ने प्रवृत्ति डरलाग्दो ढङ्गबाट बढे जस्तो देखिन्छ । घर, परिवार, शैक्षिक संस्था एवम् यातायातको साधनमा रहदाँ पनि फोनमा झुम्मिरहने व्यक्तिको सङ्ख्या र प्रवृत्ति दुवै बढ्ने क्रममा देखिन्छ । धेरै मानिसको दैनिकीको घन्टौँ समय यही सामाजिक सञ्जालमा बितेको हुन सक्छ । हाम्रो आफ्नो स्वभावलाई एकैछिन अझ गहिरिएर अवलोकन गरौँ, यसबाट हामी के कति बदलिएका छौँ, तस्बिर बाहिर आउँछ ।

अहिले घरघरमा केटाकेटीले झगडा गरे वा कुनै कारणले रिसाए भने हामीले उनीहरूलाई फकाउन मोबाइलमा गीत वा गेम लगाइदिन्छौँ, खाना खाएन भने पनि यही गर्छौं । सबै जना खुसी भएको बेलामा त झन् मोबाइल चलाउन दिनै पर्‍यो । उनीहरूले जस्तो जस्तो लगाइदिन भन्छौँ, हामी त्यही गरिरहेका छौँ । यस्तो गर्नमा हामी अभ्यस्त भइसक्यौँ । हाम्रा सन्तानलाई हार्न सिकाएकै छैनौँ, सधैँ जित्न दिइरहेका छौँ । जिन्दगीमा सधैँ जितमात्र हासिल कहाँ हुन्छ होला र ? घरमा हारजित महसुस नगरेको हाम्रो सन्तान भोलिको दिनमा आउन सक्ने हारलाई कसरी स्वीकार गर्ला ? कतै हार्नै नजान्ने भए पछि यस्ताको जिन्दगी सहजै चल्ला र ?

के हामी अभिभावकले पनि २४ घण्टामा कति समय फोनमा बितेको छ भनेर मनन गर्ने वा सोच्ने गरेका छौँ ? शारीरिक अभ्यास हुने खालका काम गर्नेलाई यो प्रश्न सान्दर्भिक नहोला । तर बसेर काम गर्नेहरू वा फुर्सदमा रहनेहरूसँग फोन स्क्रोल गर्ने र अर्को काम पनि गर्ने सम्भावना रहने भएकाले उनीहरूले यस प्रश्नका बारेमा सोच्दा हुन्छ । हामीमा फोनको लत घटेको होइन कि बढिरहेको हुन सक्छ । यसो सोचौँ त विगतमा हाम्रा पुर्खा फोनबिना पनि जीवन चलाएकै थिए, संवाद गरेकै थिए, समाचार सम्प्रेषण गरेकै थिए । अहिले हामी त फोनबिना केही पनि चल्दैन कि जस्तो गर्दै छौँ । के यो अति होइन र ?

हाम्रा नानीबाबु समय र अवसर पाए टेलिभिजन र मोबाइलमा झुम्ने भए । यी साधन पाएमा अरूसँग कुराकानी वा संवाद नगर्ने भए । यसै गरी बिहान मर्निङवाकमा जानेहरू मोबाइलमा केही सुन्दै वा स्क्रिन स्क्रोल गर्दै हिँड्नेबाट बालबालिकाले के सिकिरहेका होलान् ? सार्वजनिक स्थानमा एकआपसमा कुराकानी गर्दा पनि कतिका हातका औँला मोबाइलको स्क्रिनमा नै रहनुलाई के भनेर मान्ने होला ?

हाम्रा यस्ता कार्यबाट के स्वाभाविक र के अस्वाभाविक भन्नेको परिभाषा नै बदलिने भइसक्यो ।

अहिले त घरमा छलफल संवाद हुन छाड्यो, फुर्सद भयो कि मोबाइलको स्क्रिनमा औंला पुग्ने भइसक्यो । बा एकातिर, आमा अर्कोतिर अनि केटाकेटी टेलिभिजन वा कोठामा बसेर मोबाइल हेर्ने वातावरण घर घरमा बन्दै छ । सामाजिक सञ्जाल, भिडियो गेम्स र एआईले यस्तो लत विकास गर्न र बढाउन काम गरिरहेका छन् भन्ने कुरा कहिले बुझ्ने र बुझाउने होला ? लत विकास गर्न प्रविधिको भूमिका छ । एकदुई पटक हेरेको सामग्रीको एसेसमेन्ट गरेपछि यस्तै सामग्री स्वचालित रूपमा यापमार्फत प्रवाह गरिरहन्छन् किनकि यसबाट उनीहरूले मानिसको स्वभाव अनुमान गरेका हुन्छन् । अहिले त मानिसले प्रविधिको प्रयोग गरेको होइन कि प्रविधिले मानिसलाई प्रयोग गरिरहेको छ । भोलिका दिन अझ कस्तो होला ?

धेरै व्यक्तिलाई सामाजिक सञ्जालमा धेरै लत बसाल्न हुन्न भन्ने राम्रोसँग थाहा छ । यसरी थाहा हुनेमा नै लत घटेको छैन, अझ बढेको हुन सक्छ । मुलुकको अधिकांश भूभागको खेतबारी बाँझो छ । यसको पछाडि धेरै कारण छन् होला । तर तिनमा काम गर्नेका हातका औंला मोबाइलका स्क्रिनमा सीमित हुन पुगे पनि हुने यस्तै हो भन्दा फरक नपर्ला । खेतीपातीमा मेसिन र प्रविधि प्रयोग गर्न सके यस्ता त्यसमा पनि अभ्यस्त हुन्थे कि भन्ने अनुमान पनि अन्यथा नहोला ।

हामीमा यस्तो आदत कसरी बस्यो होला त ? वाइफाई र सामाजिक सञ्जाल २४ सै घण्टा उपलब्ध हुन थालेपछि मानिसको दैनिकी बदलिएकै हो । यसै गरी कोभिड १९ को समयमा घरमा नै बस्नुपर्ने बाध्यताले अनलाइन बसेर केही न केही हेर्ने वा मोबाइल स्क्रोल गर्ने लतमा बढोत्तरी भयो । शास्त्री र बार्गफेल्ड (२०२५) का अनुसार पनि कोभिड १९ महामारीले मानिसको समय प्रयोगलाई विकृत बनाउनुका साथै स्क्रिन टाइम प्रयोगको दर अत्यधिक मात्रामा बढायो ।

प्रविधि र सामाजिक सञ्जालमा लत बसेपछि यसको असर मानिसको सोच्ने शैली र अरूसँग गर्ने व्यवहारमा पर्ने नै भयो । प्रविधि र सामाजिक सञ्जालका कारण मानिस बदलिएका छन् । समयअनुसार मानिसको सोच विचार र जीवनशैली बदलिनु त प्रकृतिको नियम होला तर अहिले बदलिएको स्वभाव प्रकृतिसँगत र युक्तिसँग नहुन पनि सक्छ ।

शास्त्री र बार्गफेल्ड (२०२५) ले मानिसको ध्यान वा एकाग्रता बदलिनुलाई एउटा विकासवादी विशेषता भनेका छन् । मानिसको मस्तिष्कले वातावरणबाट प्राप्त सूचनालाई द्रुत रूपमा फिल्टर गर्न र वातावरणमा के भइरहेछ भनेर सम्भावित खतरा वा परिवर्तनमा ध्यान दिन कडा परिश्रम गरिरहेको हुन्छ । विगतमा मस्तिष्कको एकाग्रता खिच्ने सूचनाका स्रोत र अहिलेका स्रोतमा धेरै परिवर्तन आएको छ । अहिले प्रविधि र सामाजिक सामाजिक सञ्जालले गर्दा ब्रेकिङ न्युजको शैलीमा आएका सूचनाले निरन्तररूपमा मानिसको एकाग्रतामा प्रहार गरिरहेका छन् ।

द इकोनोमिक टाइम्स इन्डिया टाइम्स (२०२५)को अनलाइन भर्सनमा उल्लेख भएअनुसार सामाजिक सञ्जालमा आउने धेरै अफवाहपूर्ण सूचना एवम् छोटा छोटा भिडियोले मानिसमा स्क्रिन स्क्रोल गर्ने

प्रभाव बढाउँदै लैजान्छ । वास्तवमा यस्ता साना, साना क्लिप मानिसको ध्यान केन्द्रित गर्न प्रशिक्षित गर्ने ढङ्गबाट तयार गरिएको हुन्छ, जसले व्यक्तिको प्राकृतिक एकाग्रता हुने कार्यमा बाधा पुऱ्याउँछ । यसरी कुनै विषयमा एकाग्र भएर ध्यान केन्द्रित गर्न नसक्नुका पछाडि यस्तै मोबाइल स्क्रोलको लत र तहाँ उपलब्ध हुने सामग्रीको भूमिका हुन्छ । मोबाइलले दिमाग र हातलाई एकैपटक व्यस्त राख्न सक्छ । यसले मस्तिष्कमा डोपामाइन उत्पादन गर्न थाल्छ । प्रेसर सृजना गर्छ । यस्ता कार्यबाट व्यक्तिको काममा नकारात्मक रूपमा प्रभाव पर्छ ।

सानै उमेरदेखि अधिक समय मोबाइल वा कम्प्युटरको स्क्रिनमा भुलेको व्यक्ति भविष्यमा कस्तो बन्ला ? आज १८ वर्ष उमेर भएको व्यक्तिको स्वभाव किन यस्तो भयो भनेर जान्नका लागि विगत १५ वर्षदेखिको संस्कार, शिक्षा र शैक्षिक क्रियाकलापका बारेमा ध्यान दिनुपर्छ । आखिर जस्तो रोप्यो त्यस्तै फल्ने त हो नि । प्रविधि र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले सुरुमा व्यक्तिलाई अभ्यस्त बनाउने काम गर्छ अनि व्यक्ति स्वयम् यसको पछाडि लाग्ने गर्छ । यस्ता प्रविधि र सामाजिक सञ्जालले अझ बालबालिकामा के, कस्तो र कसरी असर गरेको होला ?

**विद्यालय, शैक्षिक संस्था र सार्वजनिक क्षेत्रमा के भइरहेछ ?**

प्रविधि र सामाजिक सञ्जालको प्रयोगका दृष्टिकोणले हाम्रा बालबालिका र उनीहरूको शैक्षिक अवस्था के कस्तो छ त ? उनीहरूको पढाइ लेखाइ के कस्तो भइरहेको छ ? उनीहरूको सिकाइमा के कस्तो असर परेको होला ? सार्वजनिक क्षेत्रमा कार्यरतको के कति समय यस्ता सामाजिक सञ्जालमा बितेको होला ? अनि त्यसको असर सेवाग्राहीमा कति परेको होला ? यी र यस्तै प्रश्नको उत्तर पाउनका लागि थप अध्ययन नै चाहिन्छ ।

काठमाडौँका ४०१ विद्यालयका कक्षा ९-१० मा अध्यनरत १४-१७ वर्षका किशोरकिशोरीमा गरिएको २०२४ को एक अध्ययनले ४३.६% ले ४ देखि ८ घण्टा, ३२.९% ले १ देखि ४ घण्टा र ८.५% ले ८ घण्टाभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्छन् (अर्याल र राजभण्डारी, २०२४) । अध्ययनले सामाजिक सञ्जालले विद्यार्थीको मानसिक स्वास्थ्यमा पनि असर गरिरहेको देखायो । कक्षा १० को तुलनामा कक्षा ९ का छात्रामा एन्जाइटीको लेभल माथि देखियो । कतिपय विद्यार्थीले आफ्नो एकाउन्ट अरूलाई सेयर गरेको पनि पाइयो जसको असर पछि कुनै दिनमा भयावह बन्न पनि सक्छ ।

यसै गरी सार्वजनिक क्षेत्रमा कार्यरतमध्ये कतिको समय सेयर कारोबार वा यस्तै वैयक्तिक लाभका कार्यमा बितेको हुनसक्छ । अफिसका कम्प्युटरमा यस्तो सुविधा रोक्ने कुरा पनि भयो । हातमा मोबाइल भयापछि त्यसबाट सबै काम हुनसक्ने भएकाले कम्प्युटर नहुँदा पनि फरक नपर्ने भयो । भन्ने र गर्ने कुरा फरक हुन्छन् भने जस्तै सार्वजनिक क्षेत्रका व्यक्ति कार्यालय समयमा व्यक्तिगत लाभका काममा समय बिताएको कुरा छर्लङ्ग छ । जति भने पनि व्यवहारमा सुधार आएको छैन । यस सन्दर्भमा दुईओटा प्रश्न एकसाथ आउँछन् । पहिलो प्रविधि र सामाजिक सञ्जाल प्रयोग गरी सार्वजनिक क्षेत्रमा कार्यरत एउटा व्यक्तिको कार्यालय समयमध्ये के कति समय वैयक्तिक लाभका काममा बितेको होला ?

सार्वजनिक पदमा रहि निजी काममा लागेकै कारण सेवाग्राहीलाई के कति असर परेको होला ?

माथिका उदाहरण त केवल प्रतिनिधिमूलक अवस्था मात्र हुन् । मूल प्रश्न त एउटा सार्वजनिक पद धारण गरेको व्यक्तिले के कति समय सामाजिक सञ्जालमा बिताएको होला ? के कति समय प्रविधि र सामाजिक सञ्जालकै कारण व्यक्तिगत लाभका काममा लगाएका होलान् ? बैठकमै कति समय बितेको होला ? छ घण्टा कार्यालय समयमध्ये सेवाग्राहीकै काममा कति समय प्रयोग भएको होला ?

एक त हामीकहाँ बैठक धेरै नै हुन्छन् । बैठक आवश्यक पर्छ कि पर्दैन भन्नेमा पनि स्पष्टता छैन । गर्नुपर्ने तयारी पूरा नगरिकन हामी बैठक बस्छौँ । त्यसैले बैठकको समय लामो हुन्छ । फेरि हामीमध्ये धेरै छोटो बोल्न जान्दैनौँ वा चाहँदैनौँ । तयारी नगरिकन बोलिरहेका हुन्छौँ । बैठकका सहभागीमध्ये धेरैले आफूले बोलेपछि हातका औँला मोबाइलमा लगाइरहेका हुन्छन् । मोबाइलमा कुनै न कुनै विषयलाई स्क्रोल गरिरहेका हुन्छन् । अनि कसैले हेरेको छ कि भनेर बेलाबेलामा अध्यक्ष वा सभापति वा अरु व्यक्तिप्रति आँखा डुलाउँछौँ । यस्ता बैठक वा कार्यक्रमबाट के कस्तो लाभ लिन सकिएको होला ? कतै समय र स्रोत साधनमात्र व्यय पो भइरहेको छ कि ?

कार्यालय समयमै मोबाइलमा आफ्ना काम गर्ने वा सामाजिक सञ्जालमा व्यस्त रहने कार्यबाट व्यक्तिको ध्यान कुनै एक कुरामा केन्द्रित हुन सकेको छैन । बैठक र कार्यक्रममा मोबाइलमा झुम्मिनु त सामान्य जस्तै भइसक्यो । एक जना बोल्दा अरुले सुनेर त्यसमाथि विचार मन्थन हुने अवस्था अब रहेन । श्रोताले भाषणमा ध्यान दिए पनि नदिए पनी बोल्ने चाहिँ बोलिराख्छ । सहभागीमध्ये के कति जनाले सुनेका छन्, सोबारेमा उसले मतलब गर्दैन् । फेरि श्रोतासँग पनि त मोबाइल साथमै हुन्छ नि त । यसले उनीहरूको ध्यान पनि त्यसैमा हुन सक्छ ।

मोबाइल अधिक प्रयोगले व्यक्तिको स्पान अफ एटेन्सन अर्थात् एकाग्रता घटाइरहेको छ । चौबिसै घण्टा अन रहने वाइफाई र प्याकेजमा डाटा उपलब्ध हुने अवस्थाले मोबाइल फोन प्रयोगको लत बढाइरहेको छ । जब मोबाइलमा नोटिफिकेसन देखिन्छ अथवा केही सूचना आइहाल्यो कि भनेर व्यक्ति स्वयम्ले पनि मोबाइल अन गर्न थाल्छ,अनि गरिरहेको कामबाट ध्यान अन्यत्र मोडिन सुरु हुन्छ । यसरी मोबाइल र काममा गरेर दुवैतिर ध्यान लगाउने बानीले गर्दा कामको गुणस्तर पनि नहुने देखिएको छ । मोबाइल फोनको असर भनेको व्यक्तिलाई काममा एकाग्रता हुनबाट रोक्नु मात्र छैन । मेसेज, फोन वा सामाजिक सञ्जालमा प्रवाह हुने सूचना एवम् अफवाहले व्यक्तिलाई गलत कार्यमा तान्ने सम्भावना पनि उत्तिकै छ ।

शास्त्री र बार्गफेल्ड (२०२५) ले गरेको उल्लेख गरेअनुसार एकल स्क्रिनका लागि औसत व्यक्तिको ध्यान अवधि ४७ सेकेन्ड छ, जुन २००४ मा २.५ मिनेट थियो । अहिले २४/७ समाचार चक्र, संसारको अवस्थाको बारेमा अनिश्चितता देखाउने सामग्रीको बाढी र अनगिन्ती घण्टा स्क्रिन समयले ध्यान एकाग्रता होइन कि बारम्बार भङ्ग गर्दै छ ।

अहिले मोबाइल र सामाजिक सञ्जालले हामीबिचको जीवन्त अन्तरक्रियालाई कमजोर बनाइरहेको छ ।

सुत्ती (२०१५) ले सेरी टर्कले (जो लामो समयदेखि प्रविधि र सामाजिक सञ्जालले सामाजिक अन्तरक्रियामा पारेको असरका बारेमा अध्ययन गरिरहेकी छन्) को पछिल्लो पुस्तक रिक्लेमिङ कनभर्सेसनको सन्दर्भमा उनीसँग कुराकानी गर्दा यसका नकारात्मक असरका बारेमा चर्चा गरेकी छन् । सेरी टर्कलेका अनुसार प्रविधिले मानिसलाई एकाँकी बनाइरहेछ । सामाजिक अन्तरक्रिया घटाइरहेछ । अहिले त मोबाइल र सामाजिक सञ्जाललाई छोड्नै नमिल्ने जस्तो गरी हामीले समाइरहेका छौँ । सार्वजनिक खपतका लागि यसको अधिक प्रयोगले हानी नोक्सानी गर्छ भनेर पनि हामी नै भनिरहेका छौँ । अरूले पनि यही भनिरहेका छन् । तर यही भन्नेहरूले पनि यस आदतलाई छोड्न सकेका छैनन् । कारण जेसुकै दिए पनि हामीमध्ये धेरैमा मोबाइल चलाउने कार्य लतको रूप बढीसकेको छ । अब के गर्ने त ?

**प्रविधि र सामाजिक सञ्जालको समुचित र सन्तुलित प्रयोग कसरी गर्ने त ?**

माथि नै भनिसकियो कि मोबाइल र सामाजिक सञ्जालका बेफाइदा मात्र छैनन् । थुप्रै फाइदा पनि छन् । यसलाई समुचित ढङ्गबाट प्रयोग गर्न जाने यसबाट धेरै लाभ लिन सकिन्छ । वैयक्तिक रूपमा विद्यालयमा वा शैक्षिक संस्थामा यसलाई समुचित ढङ्गबाट प्रयोग गरेमा धेरै लाभहरू हासिल गर्न सकिन्छ । कामलाई सजिलो बनाउन सकिन्छ । अवस्था विश्लेषण गरी उपयुक्त कार्य सुरु गर्न सकिन्छ । समयमै नतिजा प्राप्त गर्न सकिन्छ ।  यसको प्रयोग कसरी गरिएको छ भन्ने कुराले ठुलो अर्थ राख्छ ।

नेपालीमा एउटा उखान छ, अति भएपछि खति हुन्छ । यो उखान अहिले आएर मोबाइल र सामाजिक सञ्जाल प्रयोगका सन्दर्भमा ठ्याक्कै मिल्दछ । हाम्रा युवा वा कुनै पनि पुस्तामा कति खति पुग्यो त यो त अनुसन्धान गरेपछि मात्र पत्ता लाग्ला । यसको प्रयोगबाट हामीमा क्षति भइरहेकै हुनुपर्छ किनकि हामीले यसको प्रयोग धेरै गरिरहेका छौँ । माथिकै भनाइअनुसार पनि अति मात्रामा प्रयोग गरेका छौं । अब यसबाट छुटकारा पाउन केही न केही गर्नुपर्ने भइसक्यो । विश्व स्वास्थ्य सङ्गठन (WHO) ले पनि २५ सेप्टेम्बर २०२४ मा प्रकाशित रिपोर्टमा किशोरमा अत्यधिक स्क्रिन टाइम र मानसिक स्वास्थ्यबिचको सम्बन्धबारे चेतावनी दिएको छ । प्रतिवेदनका अनुसार लामो समयसम्म सामाजिक सञ्जाल र डिजिटल उपकरण प्रयोगले चिन्ता, डिप्रेसन, निद्रा समस्या बढाउने मात्र नभई किशोरमा आत्मसम्मान घट्ने र साइबर बुलिङको जोखिम बढ्ने समेत बताएको छ ।

फोनमा नझुम्मिने वा लगातार यसैमा स्क्रोल नगर्ने त भनिन्छ । तर यो काम त्यति सजिलो पनि छैन । सर्बप्रथम यसका लागि व्यक्ति स्वयम तयार हुनुपर्छ । यसका लागि आफैँले आफैलाई नियमन गर्नुपर्छ, जसलाई पहिलो कार्यअन्तर्गत राख्नुपर्छ । यसमा आफूले सन्तुलित ढङ्गबाट प्रयोग गर्ने नियम बनाई कार्यान्वयनमा ल्याउनुपर्छ । प्रयोगकर्ताले आफ्नै विवेक, नैतिकता, पारदर्शिता र जवाफदेहीका आधारमा जिम्मेवार व्यवहार अपनाउनुपर्छ । हरेकलाई यसमा सचेत बनाउन सकेमा प्रविधि र सामाजिक सञ्जालबाट धेरै लाभ लिन सकिन्छ । वर्ल्ड हेल्थ अर्गनाइजेसनले पनि डिजिटल हेल्थ र मेन्टल वेयलविइङसम्बन्धमा निर्देशिका र गाइडलाइन जारी गरेको छ, जसबाट पनि धेरै लाभ लिन सकिन्छ ।

ट्रिफिरो र गेरसन (२०१९) का अनुसार सञ्चार र मनोविज्ञान क्षेत्रमा सामाजिक सञ्जालको प्रभावबारे

धेरै अध्ययन भएका छन् तापनि यसको सक्रिय र निष्क्रिय प्रयोगलाई छुट्याउन प्रयोग हुने मापन विधिमा उल्लेखनीय कमी छ । सक्रिय प्रयोगले प्रयोगकर्ताबिच प्रत्यक्ष अन्तरक्रिया (जस्तैः लाइक, कमेन्ट, मेसेज पठाउने) समावेश गर्छ भने निष्क्रिय प्रयोगले अरूसँग बिना अन्तरक्रिया अवलोकन मात्र गरिरहन्छ । हामीमध्ये धेरैले निष्कृय प्रयोग गरिरहेको हुन सक्छ । सक्रिय प्रयोगमा व्यक्तिले कुनै न कुनै अन्तरक्रिया गरिरहने हुनाले तुलनात्मक रूपमा यसबाट केही लाभ हासिल हुन सक्छ । सकेसम्म निष्क्रिय प्रयोगको मात्रा कम गर्नै पर्छ ।

मङ्गलबार अगस्ट १२ २०२५ को द न्युयोर्क टाइम्स इन्टरनेसनल एडिशन प्रिन्ट भर्सनमा क्रिस्टिना कारोनको "there are ways to break the grip of your phone" को लेख छ । यस लेखमा फोनको लतबाट छुटकारा पाउने उपाय समेटिएको छ । क्रिस्टिनाका अनुसार लगभग ८४% अमेरिकीहरू लगभग दिनभर नै अनलाइनमा रहन्छन् । अमेरिकामा त फोन टाढा राख भन्ने नारा लाग्ने बेला भएको छ भन्ने तर्क उनको छ । क्रिस्टिनाले यस लेखमा फोनको लतबाट छुटकारा पाउन केही उपयोगी सुझाव दिएकी छन् । यस्ता सुझाव १४ जना लेखकको पुस्तक वा लेखबाट सापटी लिएर तयार गरेकी छन् । उनका अनुसार फोनमा खर्च भएको समय घटाउन व्यक्ति स्वयमले समयसीमा तोक्नुपर्छ, लक्ष्य तय गर्नुपर्छ, घरमा आयापछि फोनलाई बस्ने स्थानबाट अलि पर राख्नुपर्छ, अझ सकिन्छ भने त बस्ने कुर्सी वा डाइनिङ टेबलभन्दा अलि पर चार्जमा राख्नुपर्छ । यसले आफूलाई फोनबाट केही समय भए पनि जोगाउन सहयोग गर्छ ।

यसै गरी सोमबार अगस्ट २५, २०२५ को द न्यूयोर्क टाइम्स इन्टरनेसनल एडिसन प्रिन्ट भर्सनमा इजेकेइल जे इम्मान्युअल अर्थात् Ezekiel J. Emanuel, Professor, University of Pennsylvania को एउटा लेख प्रकाशित छ । लेखको शीर्षक नै "I banned phones in my classrooms= To my surprise, students loved it" रहेको छ । यसमा लेखकले ४० वर्षको शिक्षण अनुभवमा उनी कक्षा कोठामा मोबाइल बन्द गर्ने निर्णयमा कसरी पुगिन् भन्ने कार्यलाई बडो सुन्दर ढङ्गबाट प्रस्तुत गरेकी छन् । विगतका केही वर्षमा समाज, विद्यालय, शिक्षण संस्था र कक्षाकोठा सबै ठाउँमा मोबाइलले ध्यान एकाग्र गर्न अवरोध पुऱ्याइरहेको अनुभव उनलाई पनि भएकै देखिन्छ । उनले यही आधारलाई समाएर एक दिन कक्षा कोठामा मोबाइल नलैजाने, अनि लगे पनि बन्द गर्ने वा झोलाभित्र राख्ने जस्ता निर्णय लिइन् । सुरु सुरुमा उनको यस कार्यमा केही अवरोध आयो । केही समयपछि सबैले सहयोग गरे । कक्षाकोठामा मोबाइल फोन प्रयोग गर्न हुँदैन भन्नेमा अब उनी स्पष्ट देखिन्छिन् । उनका अनुसार त मोबाइललाई सम्भव भएसम्म कक्षाकोठाभन्दा बाहिरै राख्दा राम्रो हुन्छ, सो गर्न नसके कक्षाकोठामा विद्यार्थीभन्दा पर नै राख्दा हुन्छ, सो पनि गर्न नसके साइलेन्ट मोड वा भाइब्रेसन मोडमा मात्र राख्ने होइन कि बन्द गरेर झोलामा राख्नुपर्छ । नजिक भएमा यसले विद्यार्थीको एकाग्रता भङ्ग गर्ने सम्भावना रहिरहिरहन्छ, जसले विद्यार्थीको पढाइमा ध्यान केन्द्रित गर्न दिँदैन ।

माथि दिइएका र यस्तै अन्य विचार अनुसार मोबाइलको अत्यधिक प्रयोगबाट टाढा रहनका लागि केही न केही लेख्ने गर्नुपर्छ, पुस्तक पढ्ने गर्नुपर्छ, सङ्गीत सुन्नुपर्छ, उपन्यास पढ्नुपर्छ, भान्सामा काम गर्दा

पनि हुन्छ । यी र यस्तै कार्य उपयोगी हुन सक्छन् । यसै गरी सामाजिक सञ्जाल, मेसेज वा इमेल चेक गर्ने जस्ता कार्यका लागि पनि एउटा निश्चित समय सीमा तय गर्न सकिन्छ, निश्चित इन्टरभलमा हेर्ने भनेर आफूलाई नै आचारसंहितामा बाँध्न सकिन्छ । अफलाइनमा काम गर्ने केही याप पनि सहयोगी हुन सक्छन् भनिएको छ । शरीरलाई निश्चित समयमा गरिने फास्टिङ उपयोगी भएजस्तै कुनैकुनै दिन फोन नचलाउने भनेर मोबाइल फास्टिङ गर्न सके राम्रै हुने देखिन्छ ।

भियाल्ली, मचिन र अबेल (२०२४) को अध्ययन "Better than ScrollingM Digital Detox in the Search for the Ideal Self" ले डिजिटल डिटोक्स गर्ने व्यक्तिको अनुभव बुझ्न अध्ययन गरेको छ । डिजिटल डिटोक्सले आत्मसम्मान र स्वअनुशासन प्राप्त गर्न मद्दत गर्न सक्छ । आधुनिक जीवनमा पूर्ण रूपमा डिजिटल उपकरणबाट टाढा रहन कठिन भएकाले सन्तुलित दृष्टिकोण आवश्यक छ । फोनमा अनलाइन भई स्क्रोल गरिरहनुभन्दा अरू कुनै काम गर्न सके जीवनमा फरक अनुभव गर्न सकिन्छ । बेलुका फोनलाई सुत्ने कोठा वा बेडभन्दा पर राखेर पनि आदत निर्माण गर्न सकिन्छ । सामाजिक सञ्जाल र भिडियो गेम्सका याप व्यक्तिमा लत सिर्जना गर्ने उद्देश्यले बनाइएको हुँदा यस्ता याप मोबाइल नराख्ने र राख्नै पर्ने भएमा सीमित याप मात्र राख्नु उपयुक्त हुन्छ । थोरै सुविधा भएका मोबाइल लिँदा दिनचर्या नियन्त्रणमा सहयोग पुग्छ । पुराना खालका फोन लिन सक्ने हो भने पनि मनलाई नियन्त्रण गर्न सकिन्छ किनकि मन लागे पनि हेर्न पाउने सुविधा उक्त फोनमा नहुन सक्छ । व्यक्तिसँग कुराकानी गर्ने, संवाद सुन्ने, यता उता हिँड्ने कार्यले पनि फोन स्क्रोलबाट बच्न सकिन्छ ।

फोनको अत्यधिक प्रयोग रोक्न स्वनियमले मात्र नपुग्न सक्छ, किनकि सबलै यसरी भनेकै भरमा लामो समयदेखि लागेको आदत छोडिहाल्छन भन्ने नहुन सक्छ । यसमा सरकारी नियमन अलि प्रभावकारी बनाउनका लागि सरकारको तर्फबाट पनि केही गर्नुपर्ने बेला भयो । सरकारले नीति तर्जुमा गरी निश्चित मापदण्ड बनाएर कार्यान्वयनमा ल्याउन सक्छ । कतिपय मुलुकमा त विद्यालय तहमा मोबाइल फोनको प्रयोग बन्द गर्न थालियो । लिभिङस्टोन हेलेन (२०२५) को २४ नोभेम्बर २०२५ को बिबिसी अनलाईमा "अस्ट्रेलिया इज ब्यानिङ सोसियल मिडिया अन्डर सिक्स्टिनः विल इट वर्क" भन्ने शीर्षकमा १६ वर्षभन्दा कम उमेरका लागि सामाजिक सञ्जालको प्रयोगमा सन् २०२५ को डिसेम्बर १० देखि बन्देज लगाउन अस्ट्रलिया सरकारले लिएको निर्णय र औचित्यका बारेमा चर्चा गरिएको छ । हेलेनको यस लेखमा अन्य मुलुकका नियमनका प्रयास पनि उल्लेख गरिएको छ । यसै गरी जोनाथान हैड्ट (२०२४) ले The Anxious Generation मा बालबालिकालाई फोनको लतबाट टाढा राख्न  चारओटा सुझाव दिइएका छन् :

- हाइस्कुल पूरा नगर्दासम्म स्मार्ट फोन नदिने (नो स्मार्ट फोन बिफोर हाइस्कुल)
- १६ वर्ष अगाडि सामाजिक सञ्जाल प्रयोगमा रोक (नो सोसियल मिडिया बिफोर सिक्सटिन)
- फोनरहित विद्यालय (फोन फ्रि विद्यालय)
- प्रत्यक्ष निगरानी भन्दा पर राख्ने (बालबालिकालाई खेल र अन्य क्रियाकलापमा सहभागी गराउने, स्वतन्त्ररूपमा काम गर्न दिने)

प्रविधि र सामाजिक सञ्जालको समुचित र सन्तुलित प्रयोग सुनिश्चित गर्न गराउन सरकारको तर्फबाट प्रभावकारी नियमन आवश्यक छ। यसमा स्पष्ट नीति निर्माण, डिजिटल साक्षरताको प्रवर्धन र गोपनीयता तथा डाटा सुरक्षासम्बन्धी कानुनी संरचना विकास गर्न आवश्यक देखिन्छ। सरकारले सामाजिक सञ्जालमा गलत सूचना, घृणात्मक अभिव्यक्ति र साइबर अपराध नियन्त्रण गर्न निगरानी संयन्त्र स्थापना गर्नुपर्छ। प्रयोगकर्ताको अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारको संरक्षण पनि सुनिश्चित गर्नुपर्छ।

प्रविधिको प्रयोगमा पारदर्शिता, जवाफदेही र नैतिकता कायम राख्न स्वनियम र सहनियमनको संयोजनमा आधारित बहुपक्षिय संवाद आवश्यक छ। यसले नै दीर्घकालीन रूपमा सुरक्षित, समावेशी र उत्तरदायी डिजिटल वातावरण निर्माणमा सहयोग पुऱ्याउँछ। यस्ता कार्यमा विद्यालय तहदेखि नै संवाद र बहस चलाउनुपर्छ। समुदायस्तरमा अन्तरक्रिया गराउनुपर्छ। घरपरिवार, समुदाय, सामाजिक जिवन र शैक्षिक संस्थामा संवाद गर्ने, बहस गर्ने, कुराकानी गर्ने जस्ता कार्यलाई प्रोत्साहन दिनुपर्छ। पुस्तकालयहरूको विकास र विस्तारमा जोड दिनुपर्छ।

**निष्कर्ष**

अहिले आएर सामाजिक सञ्जाल मानव जीवनको अभिन्न अङ्ग बनेको छ। दैनिक रूपमा धेरै मानिसले सामाजिक सञ्जाल प्रयोग गर्छन्। तसर्थ दैनिक जीवनमा यसको प्रयोग के कसरी भइरहेको छ एवम् आपसी सम्बन्धमा के कस्तो असर परेको छ भन्ने बारेमा सरकारको तर्फबाट नियमित रूपमा बुझ्न अध्ययन आवश्यक हुन्छ। यसैका आधारमा थप नियमनका विधि र प्रक्रिया अवलम्बन गर्न उपयुक्त हुन्छ। व्यक्तिको स्वनियम एवम् आफ्नै आदत निर्माणका साथै सरकारको प्रभावकारी नियमनले सन्तुलित र समुचित प्रयोग गर्ने अवस्था सृजना गर्न सहयोग गर्नसक्छ। तसर्थ प्रभावकारी नियमनका लागि सरकारको प्रयास अति आवश्यक भइसक्यो।

अहिले धेरै व्यक्तिको स्क्रिन टाइम बढेको छ। यसले व्यक्तिको अधिक समय अनावश्यक काममा प्रयोग भइरहेको हुन सक्छ। यो भन्दा बढी असर त व्यक्तिको सोच र मनस्थितिमा पारेको हुन सक्छ। प्रविधिलाई व्यक्तिले प्रयोग गर्ने साधनको रूपमा लिइनुपर्छ नकि प्रविधिले व्यक्तिलाई नियन्त्रण लिओस। प्रविधि र सामाजिक सञ्जालको अत्यधिक प्रयोगबाट मानसिक स्वास्थमा गम्भीर असर परेको हुन सक्छ। मानसिक स्वास्थ जोगाउन पनि यसमा समुचित प्रयोग गर्नुपर्ने आवश्यकता छ।

बिहानदेखि बेलुकासम्म मोबाइलको स्क्रिनमा आँखा लगाइरहने बानीले राम्रो गर्दैन। यसको अधिक प्रयोगले हामी सबैलाई डरलाग्दो अवस्थातिर लगिरहेको हुन सक्छ। अहिले यसका असर नदेखिएका होलान। बेला आएपछि एकैपटक सबै असर नआउला भन्न सकिन्न। तसर्थ व्यक्ति स्वयम पनि सचेत हुनुपर्ने देखिएको छ।

आचार्य, उज्वल , (२०८२) , मिथ्या सूचनाको परिवेशमा पत्रकारिता, कान्तिपुर दैनिक २०८२ मङ्सिर ०८ गते सोमबार । https://ekantipur.com/opinion/2025/11/24/journalism-in-an-environment-of-misinformation-41-17.html

Acharya, U (2022). Nepal Social Media Users Survey 2021: Summary of the Findings. Center for Media Research Nepal: Kathmandu.

Aryal, N. and Rajbhandari, A. (2024). Social media use and anxiety levels among school adolescents: a cross- sectional study in Kathmandu, Nepal. BMJ Public Health 2024;2:e000615. doi:10.1136/ bmjph-2023-000615

Caron, C. (2025, August 12). There are ways to break the grip of your phone. The New York Times International Edition, Print Version. https://www.nytimes.com

DataReportal. (2025). Digital 2025: Global Overview Report. https://datareportal.com/reports/digital-2025-global-overview-report

economictimes.indiatimes.com (2025). What is scrolling short video content actually doing to your brain? New study warns of three silent risks you never saw coming. https://economictimes.indiatimes.com/magazines/panache/what-is-scrolling-instagram-reels-and-youtube-shorts-videos-actually-doing-to-your-brain-new-study-warns-of-three-silent-risks-you-never-saw-coming/articleshow/125520236.cms. Last Updated: Nov 23, 2025.

Emanuel, E.J. (2025). I banned phones in my classrooms. To my surprise, students loved it". Monday 25 August 2025. The New York Times International Edition, Print Version. https://www.nytimes.com

Haidt, J. (2024). The anxious generation: How the great rewiring of childhood is causing an epidemic of mental illness. Penguin Press.

Livingstone, H. (2025). Australia is banning social media for kids under 16. How will it work? bttps://www.bbc.com/news/articles/cwyp9d3ddqyo.

Shastri, D., & Bargfeld, L. (2025, May 17). Easily distracted? How to improve your attention span. The Manila Times. https://www.manilatimes.net/2025/05/18/world/easily-distracted-how-to-improve-your-attention-span/2115964

Statista. (2025). Global Social Media Usage Statistics 2025. https://www.statista.com/statistics/global-social-media-usage/

Suttie, J. (2015). How Smartphones Are Killing Conversation. https://greatergood.berkeley.edu/article/item/how_smartphones_are_killing_conversation

Trifiro, B. M., & Gerson, J. (2019). Social Media Usage Patterns: Research Note Regarding

the Lack of Universal Validated Measures for Active and Passive Use. Social Media Society, 5(2). https://doi.org/10.1177/2056305119848743 (Original work published 2019)

Vialle, S. J., Machin, T., & Abel, S. (2024). Better than scrolling: Digital detox in the search for the ideal self. Psychology of Popular Media, 13(4), 687–695. https://doi.org/10.1037/ppm0000496

World Health Organization. (2024, September 25). Teens, screens and mental health. Retrieved from https://www.who.int/europe/news/item/25-09-2024-teens--screens-and-mental-health

# प्रधानाध्यापकको सक्षमता विकास

✍ प्रेम भट्टराई,
पूर्वसहसचिव,
नेपाल सरकार

**लेखसार**

*यस लेखमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि र सुशासन सुदृढीकरणमा प्रधानाध्यापकको भूमिकालाई ऐतिहासिक शैक्षिक दस्तावेजदेखि वर्तमान संविधान, ऐन, नीति तथा योजनासम्मका सन्दर्भमा विश्लेषण गरिएको छ । विभिन्न अध्ययनले प्रधानाध्यापकलाई केवल प्रशासक नभई शैक्षिक नेता, परिवर्तनका संवाहक र रणनीतिक व्यवस्थापकका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । प्रअको नेतृत्व क्षमतासँग विद्यालयको प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धि प्रत्यक्ष रूपमा सम्बन्धित रहेको देखिन्छ । विभिन्न दस्तावेजको अध्ययनबाट नियुक्ति प्रक्रियामा पारदर्शिताको कमी, तालिमको अपर्याप्तता, स्रोत साधनको अभाव र कमजोर मूल्याङ्कन प्रणालीजस्ता चुनौती पहिचान भएका छन् । प्रधानाध्यापक सक्षमता प्रारूप २०८१ ले निर्दिष्ट गरेका दक्षताहरूलाई नेतृत्व विकासका आधारका रूपमा प्रस्तुत गर्दै लेखले योग्यतामा आधारित छनोट, निरन्तर पेसागत विकास, शैक्षणिक नेतृत्वमा केन्द्रित भूमिका, डिजिटल सक्षमता र उत्तरदायित्व प्रणालीको सुदृढीकरणमार्फत प्रधानाध्यापकलाई सशक्त बनाउनुपर्ने निष्कर्ष निकालेको छ । यसबाट विद्यालय शिक्षालाई नतिजामुखी, समावेशी र दिगो बनाउन सकिने अपेक्षा गर्न सकिन्छ ।*

**मुख्य शबदावली :** प्रधानाध्यापक नेतृत्व, शैक्षिक नेतृत्व, विद्यालय प्रभावकारिता, शैक्षिक गुणस्तर सुधार, विद्यालय सुशासन र रणनीतिक व्यवस्थापन

## परिचय

नेपालको विद्यालयको प्रभावकारी व्यवस्थापन र शिक्षाको गुणस्तर वृद्धि पेचिलो सवाल बनेको छ। बेथितिको अन्त्य हुनुपर्ने, सुशासन कायम हुनुपर्ने, मुलुकभित्रै रोजगारीका अवसरको सिर्जना हुनुपर्नेलगायतका आवाज सर्वत्र उठ्ने गरेका छन् । विद्यालयमा पारदर्शिता, जवाफदेही र सहभागितामूलक निर्णय प्रक्रिया स्थापित गरी विद्यालय शिक्षा क्षेत्रमा सुशासन कायम गर्न सकेमा समग्र राष्ट्रको सुशासनमा महत्त्वपूर्ण योगदान पुग्छ । प्रधानाध्यापक केवल एक प्रशासक मात्र नभई विद्यालयको परिवर्तनको संवाहक पनि हुन् । प्रधानाध्यापक दक्ष, इमानदार र दूरदर्शी छन् भने विद्यालयमा सुशासन कायम हुन्छ, विद्यालय प्रभावकारी बन्छ र शिक्षाको गुणस्तरमा वृद्धि हुन सक्छ ।

विद्यालयमा गुणस्तरीय शिक्षाका लागि उचित वातावरण सिर्जना गर्ने, विद्यालयका शिक्षक र कर्मचारीको पेसागत क्षमता विकासमा सहजीकरण गर्ने, विद्यालयको दूरदृष्टि स्थापित गरी विद्यालयको विकासका लागि रणनीतिक योजना तयार गर्ने कार्य प्रधानाध्यापका हुन् । प्रधानाध्यापक विद्यालय सञ्चालनको पूर्ण

जिम्मेवारी भएका व्यक्ति हुन् । प्रधानाध्यापक विद्यालयको प्रशासनिक र प्राज्ञिक प्रमुख हुन् । गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि प्रधानाध्यापकले बहुआयामिक र निर्णायक भूमिका निर्वाह गर्नुपर्छ । उनले विद्यालयको नीति निर्माण गर्छन्, योजना बनाउँछन्, बजेटको व्यवस्था मिलाउँछन्, शिक्षक, कर्मचारी र विद्यार्थीको कार्यको अनुगमन, सुपरिवेक्षण र नियन्त्रण गर्छन् । प्रधानाध्यापकले अभिभावक, समुदाय, प्रशासनिक निकाय र अन्य सरोकारवाला व्यक्ति र संस्थासँग सम्बन्ध स्थापना गर्नुपर्छ । प्रधानाध्यापकले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने, सूचना प्रविधिलगायतका नवीन प्रविधि र बालमैत्री शिक्षण विधि प्रयोग गर्न शिक्षकलाई प्रोत्साहित गर्ने, शिक्षकका लागि तालिम र क्षमता अभिवृद्धि कार्यक्रमको आयोजना गर्ने, त्यस्ता कार्यक्रमको खोजी गरेर उनीहरूलाई सहभागी गराउने, शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन गर्ने र उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गर्ने, शिक्षकबिच सहकार्य र सामुहिक भावना विकास गर्ने, उपलब्ध भौतिक र वित्तीय स्रोतको कुशल परिचालन गरी सिकाइ वातावरणलाई प्रभावकारी बनाउने, विद्यालयको दीर्घकालीन लक्ष्य निर्धारण गरी सुधारका योजना तर्जुमा र कार्यान्वयन गर्ने, विद्यालयमा विद्यार्थी र कर्मचारीमा उच्चस्तरको अनुशासन कायम गर्ने, विद्यार्थीको भौतिक र मानसिक सुरक्षा सुनिश्चित गर्ने, विद्यार्थीको सिकाइ उपलब्धिको नियमित विश्लेषण गर्ने र कमजोर विद्यार्थीका लागि विशेष सहयोगको व्यवस्था गर्ने, विद्यालयको गतिविधिमा अभिभावकलाई संलग्न गराउने र विद्यार्थीको प्रगतिबारे जानकारी गराउने, विद्यालयको सर्वाङ्गीण विकासका लागि व्यवस्थापन समिति, अभिभावक, समुदाय, स्थानीय सरकारी र अन्य सरोकारवाला निकायसँग समन्वय गर्नेलगायतका काम गर्नुपर्छ । यस बाहेक विद्यालयको स्पष्ट दृष्टिकोण (Vision) र योजना तय गरी सरोकारवालालाई सोही दिशामा डोहोऱ्याउने लगायतका काम गर्नुपर्छ । यी कार्यको सम्पादनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यालय कर्मचारी, अभिभावक र समुदायको आआफ्नो योगदान रहने भए पनि मुख्य भूमिका प्रधानाध्यापककै रहन्छ ।

विद्यालयको प्रभावकारी रूपमा सञ्चालन र विकासका लागि प्रधानाध्यापकमा विशिष्ट वैयक्तिक र सामाजिक गुण तथा पेसागत दक्षता हुनु जरुरी हुन्छ । प्रधानाध्यापक आकर्षक व्यक्तित्व र राम्रो बानी बेहोरा भएको हुनुपर्छ । उनमा आशावादिता र काम गर्ने उत्प्रेरणा हुनु पनि उत्तिकै जरुरी हुन्छ । प्रधानाध्यापक नीतिवान्, इमानदार, पक्षपातरहित र खुला सोच भएको हुनुपर्छ । उनमा आत्मविश्वास, साहस, सक्रियता, रचनात्मक क्षमता, निर्णय गर्ने क्षमता र समस्याको समाधान गर्ने सिपको विकास भएको हुनुपर्छ । प्रधानाध्यापक सहयोगी, विश्वासिलो, पारदर्शी, परोपकारी र शान्तिप्रिय, कुनै नयाँ कुराको सुरुवात गर्न सधैँ तत्पर रहने, चिन्ता र तनावरहित हुनुपनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । प्रधानाध्यापकमा सबै सरोकारवाला र सहकर्मीहरूसँग राम्रो सम्बन्ध राख्ने, अरूको समस्या बुझ्न सक्ने क्षमता हुनुपर्छ । उनी सधैँ सामाजिक सचेतना र विकासका लागि समर्पित र सक्रिय रहनुपर्छ । प्रधानाध्यापक एउटा शिक्षक पनि भएको हुँदा शिक्षण पद्धतिका बारेमा पनि जानकार हुनुपर्छ । एक सक्षम प्रधानाध्यापकसँग स्पष्ट दृष्टिकोण र योजना हुन्छ, जसले विद्यालयलाई लक्ष्यतर्फ डोऱ्याउँछ । प्रधानाध्यापकमा नेतृत्व गर्ने क्षमता भएमा शिक्षक र कर्मचारी उत्प्रेरित हुन्छन् र यसले विद्यालयको कार्य सम्पादन सुधार्छ । उपलब्ध भौतिक र मानवीय स्रोतको उच्चतम प्रयोग गरी विद्यालयलाई नतिजामुखी

बनाउन र विद्यालय प्रभावकारिता अभिवृद्धि गर्न प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुन्छ । यस आलेखमा नेपालको शैक्षिक इतिहासको विभिन्न कालखण्डमा शिक्षाको विकास तथा नीतिगत सुधारका लागि गठित आयोग तथा समितिका प्रतिवेदनमा दिइएका सुझाव तथा सिफारिस र शैक्षिक नीतिगत दस्तावेजमा प्रधानाध्यापकको नियुक्ति, कार्यक्षेत्र, विद्यालय शिक्षामा सुशासन, शिक्षाको गुणस्तर विकास लगायतमा प्रधानाध्यापकको भूमिकाको पुनरावलोकन गर्दै हाल स्वीकृत प्रधानाध्यापकको सक्षमता प्रारूपको कार्यान्वयनको प्रसङ्ग एवम् प्रधानाध्यापकको नेतृत्व क्षमता विकासका लागि आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा प्रकाश पार्न खोजिएको छ ।

## शिक्षाका ऐतिहासिक दस्तावेजमा प्रधानाध्यापक

वि.सं. २००७ मा प्रजातन्त्रको उदय भएपछि गठित राष्ट्रिय शिक्षा योजना आयोगले वि.स.२०११ मा नेपालमा शिक्षा नाम गरेको प्रतिवेदन पेस गरेको थियो । उक्त प्रतिवेदनमा हेडमास्टर नै स्कुलको उत्साह वा हतोत्साह, सफलता वा विफलताको मूल कारण हुने, शिक्षकको नियुक्ति र खारेजीको सिफारिस गर्ने हुनाले उनी असल निरीक्षक हुनुपर्ने, शिक्षकलाई आआफ्ना समस्या हल गर्न मद्दत दिने, पाठ्यक्रम सपार्न उनलाई बाटो देखाउने विधि प्रदर्शन गर्ने र अरू धेरै तरिकामा अविछिन्न व्यवसायी नेतृत्व दिने काम गर्नुपर्ने उल्लेख गरिएको छ। उक्त प्रतिवेदनमा शिक्षकको निमित्त काम सुगम पारिदिने र त्यसरी बढ्ता प्रभावकारी परिणाम प्राप्त गर्ने भूमिका प्रधानाध्यापकले खेल्नुपर्ने समेत उल्लेख छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट २०१८ मा कक्षा १-५ का विद्यालयलाई पाठशाला र कक्षा ६-१० का विद्यालयलाई विद्यालय भनिएको छ । पाठशालामा प्रधानाध्यापकको भूमिकामा रहने शिक्षकलाई मुख्य अध्यापक र विद्यालयका मुख्य अध्यापकलाई प्रधानाध्यापक भनिएको छ । सञ्चालक समितिको सदस्य सचिव प्रधानाध्यापक नै रहने सिफारिस यस प्रतिवेदनमा गरिएको छैन । सञ्चालक समितिको सेक्रेटरीलाई समितिको बैठक बोलाउने, शिक्षालयको बेलाबेलामा निरीक्षण गर्ने, समितिले पास गरेका निर्णय कार्यान्वयन गराउने, आम्दानी खर्चको विवरण राख्ने, तलव भुक्तानी गर्ने, प्रधानाध्यापकको सिफारिसमा शिक्षक र विद्यालय कर्मचारीको नियुक्ति, खारेजी, बिदा स्वीकृत गर्ने जस्ता कार्य गर्न सञ्चालक समितिका सेक्रेटरीलाई जिम्मेवारी दिने सिफारिस गरिएको छ ।

यस प्रतिवेदनमा प्रधानाध्यापकका अधिकार र कर्तव्य पनि स्पष्ट रूपमा तोकिएको छ। प्रधानाध्यापकले आफ्नो व्यक्तित्त्वद्वारा छात्र, बाबुआमा र संरक्षकमा प्रभाव पार्नु, पारस्परिक सहयोग र सहकारिताको माध्यमद्वारा कार्यमा रुचि पैदा गरी तिनीहरूमा देशोत्थान, राजभक्ति र देशभक्तिको भावना जागृत गर्नु, काम काज गर्दा शुद्धी, सहायता र सद्भावनाको लक्ष्य राखी व्यक्तिगत ईर्ष्या र कलुषित विचारलाई स्थान नदिई काम गर्नु तिनको कर्तव्य हो भनी उल्लेख गरिएको छ। त्यसैगरी विद्यार्थीलाई नियमबमोजिम कक्षा चढाउने, शिक्षकसँग विचारविमर्श गरी दैनिक कार्य तालिका बनाउने, कक्षाको पढाइको निरीक्षण गर्ने, खेलकुदको प्रबन्ध गर्ने, विद्यालयको भवन, छात्रावास, फर्निचर र अन्य भौतिक संरचना र सामग्रीको व्यवस्था मिलाउने, विद्यालयको सरसफाइ गर्ने, विद्यालयका अभिलेख दुरुस्त

राख्ने, परीक्षासम्बन्धी कार्य गर्ने, तोकिएको खर्च गर्ने र त्यसको अभिलेख राख्ने, विद्यालयको आम्दानी खर्चको व्यवस्थापन गर्ने, विद्यालयका शिक्षक, विद्यार्थी र कर्मचारीको बिदा दिने कामको रेखदेख र कारबाही गर्ने, ढिलो आउने, गयल हुने र काममा लापरबाही गर्नेलाई कारवाही गर्ने, परीक्षा सञ्चालन गर्ने र परीक्षामा चोरी र अरू अनुचित कार्य हुन नदिने र त्यस्तो गर्नेलाई कारवाही गर्ने, स्काउटिङ, सफाइ क्लब स्थापना र सञ्चालन, साहित्य गोष्ठी, विज्ञान गोष्ठी, नाटक आदि अतिरिक्त कार्यकर्म सञ्चालन गर्ने, विद्यालय बिदा गर्नेसम्बन्धी कार्य गर्ने जिम्मेवारी प्रधानाध्यापकलाई दिनुपर्ने सिफारिस गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा प्रधानाध्यापकको तत्कालीन व्यवस्था उपयुक्त नभएको र उपयुक्त नहुनुका कारण निम्नानुसार उल्लेख गरिएको छ :

प्रधानाध्यापक पदमा शिक्षकबाट बढुवा गरी पूर्ति गरिन्छ । असल शिक्षक असल प्रधानाध्यापक हुन्छ भन्ने कुनै निश्चित छैन । कुनै विद्यालयको दुर्भाग्यले गर्दा असक्षम प्रधानाध्यापकको नियुक्ति भएमा विद्यालयको विकास गर्न गाह्रो पर्छ । प्राथमिक विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदको व्यवस्था छैन । मासिक न्यून भत्ता दिएर एकजना शिक्षकलाई प्रधानाध्यापक बनाइन्छ । प्रधानाध्यापक भएपछि धेरै जिम्मेवारी थपिने हुँदा शिक्षकले प्रधानाध्यापक हुन रुचि देखाउँदैनन् । विद्यालयको शैक्षिक तथा अन्य क्षेत्रको विकास धेरै हदमा प्रधानाध्यापककै क्षमतामा भर पर्छ । यस्तो महत्त्वपूर्ण पदमा काम गर्ने व्यक्तिका लागि खास कुनै तालिमको व्यवस्था गरेको पाइन्न । यस आयोगले प्रधानाध्यापकमा कुनै शिक्षकलाई खास अवधिका लागि नियुक्त गर्ने, प्रधानाध्यापकबाट फर्केपछि शिक्षकका रूपमा काम गर्ने, प्रधानाध्यापकका लागि विशेष पाठ्यक्रम तयार गरी सेवाकालीन र पूर्व सेवाकालीन तालिम दिने व्यवस्था गर्नेलगायतका सिफारिस गरेको थियो ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा प्राथमिक विद्यालयमा छुट्टै प्रधानाध्यापक पद सिर्जना गरी नीजलाई विद्यालय सञ्चालनको सम्पूर्ण जिम्मेवारी सुम्पनुपर्ने, प्रधानाध्यापकको नियुक्ति प्रतिस्पर्धाबाट हुनुपर्ने, माध्यमिक तहको प्रधानाध्यापकको पद आवधिक हुनुपर्ने, योग्यता, जेष्ठता र क्षमताका आधारमा स्थायी शिक्षकलाई प्रधानाध्यापकमा नियुक्त गर्नुपर्ने र कार्य क्षमताकै आधारमा प्रधानाध्यापकको पुनर्नियुक्ति गर्ने र हटाउने सुस्पष्ट व्यवस्था हुनुपर्ने, प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापनसम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने, विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिकालाई सक्षम र प्रभावकारी बनाइनुपर्ने पर्ने उल्लेख छ ।

उच्च माध्यमिक तहमा पढाउने सबै शिक्षक स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने हुँदा उक्त तहसमेत सञ्चालन भएको माध्यमिक विद्यालयको प्रअ पनि सोहीअनुसार योग्यताको हुनुपर्ने, दैनिक प्रशासन र आवश्यक शैक्षिक नेतृत्वका लागि प्रअलाई सक्षम बनाउनुपर्ने, प्रधानाध्यापकलाई प्रशासनिक र शैक्षणिक सुपरिवेक्षणका लागि नेतृत्व प्रदान गर्न सक्षम तुल्याउनुपर्ने, यसका लागि अनुभवी शैक्षिक दृष्टले सक्षम व्यक्तिको छनोट गर्न प्रतिश्पर्धात्मक तरिका अपनाउनुपर्ने, प्राथमिक तहमा निम्न माध्यमिक योग्यता भएको, निम्न माध्यमिक तहमा माध्यमिक तहको योग्यता भएको र माध्यमिक तहमा उच्च माध्यमिक

तहको योग्यता भएको शिक्षकलाई प्रधानाध्यापक बनाउनुपर्ने, प्रधानाध्यापकका निमित्त सम्बन्धित तहका शिक्षकको तलवको २५ प्रतिशत रकम प्रअ भत्ता हुनुपर्ने, प्रअको काम कर्तव्य र अधिकारलाई ऐनमा नै व्यवस्थित गरिनुपर्ने उल्लेख छ ।

विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्य योजनाको अवधारणा पत्र २०५८ मा प्रधानाध्यापकलाई अधिकार सम्पन्न गरी थप सुविधा प्रदान गर्न कानुनी व्यवस्था गरिने छ भनी उल्लेख गरिएको छ । विद्यालयका शिक्षकमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले प्रअको नियुक्ति गरी जिशिकामा जानकारी दिने, प्रअ सिफारिसका लागि निश्चित आधार तोकिने र उक्त आधारमा दिइने अङ्कको ७० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने शिक्षकलाई मात्र प्रअमा सिफारिस गर्ने प्रअको शैक्षिक नेतृत्व प्रदान गर्न शिक्षा नियमावलीमा नै व्यवस्था गरी अधिकार सम्पन्न बनाइने, शिक्षकलाई नियमित रूपमा पठनपाठनमा संलग्न गराउन शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने, दण्ड तथा पुरस्कारका लागि विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने जिम्मेवारी प्रअको हुनेलगायतका रणनीति तथा कार्यनीति उल्लेख गरिएका छन् ।

सन् २००६ को एसएलसीमा विद्यार्थीको प्राप्ति सम्बन्धमा गरिएको अध्ययनको प्रतिवेदनमा विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिकालाई सबल बनाउनुपर्ने सिफारिस गरिएको छ। यस प्रतिवेदनमा प्रधानाध्यापकले आफ्ना सहकर्मीहरूलाई सहयोग गर्ने, अनुगमन र सुपरीवेक्षण गर्न सक्षम हुनुपर्ने र यसका लागि विद्यालय व्यवस्थापनमा प्रअको भूमिकालाई अझै सबल बनाउनुपर्ने, विद्यालय व्यवस्थापन र नेतृत्वमा क्षमता प्रदर्शन गर्ने व्यक्तिलाई प्रतिस्पर्धात्मक र पारदर्शी पद्धतिबाट निश्चित अवधि (चार वर्ष) का लागि नियुक्ति गरी सबै दायित्त्व प्रदान गर्नुपर्ने, विव्यस, शिक्षक अभिभावक सङ्घ सबैले वर्षैपिच्छे क्षमता मूल्याङ्कन गरी विद्यालयको सुधार गर्न नसकेमा निजलाई प्रअबाट हटाउने व्यवस्था गर्नुपर्ने, प्रअका लागि व्यवस्थापन तालिमको पाठ्यक्रम र समयावधिमा सुधार गर्नेलगायतका सुझाव दिएको थियो ।

माथिका शिक्षासम्बन्धी ऐतिहासिक दस्तावेजमा विद्यालय शिक्षाको सुधारका लागि प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुने विषयलाई आत्मसात गरिएको छ । प्रधानाध्यापकको छनोट प्रक्रिया, नियुक्ति, काम, कर्तव्य र अधिकार तोक्ने उसलाई सक्षम र अधिकार सम्पन्न बनाउन सिफारिस गरिएको छ । सक्षम व्यक्तिको प्रधानाध्यापकमा नियुक्ति गर्ने र यसरी नियुक्त भएका प्रधानाध्यापकको क्षमता वृद्धि गर्ने आवश्यकतामा जोड दिइएको छ ।

**विभिन्न अध्ययनले देखाएको नतिजा**

सन् २००६ मा एसएलसीमा विद्यार्थीको प्राप्ति सम्बन्धमा गरिएको अध्ययनअनुसार राम्रो नतिजा देखाउने प्रभावकारी विद्यालय र कमजोर विद्यालयको तुलनात्मक अध्ययन गर्दा प्रभावकारी विद्यालयको नेतृत्व दिगो, स्थिर र प्रभावकारी भएको तर कमजोर विद्यालयको नेतृत्व पनि कमजोर नै देखिएको पाइएको छ । उक्त अध्ययनको प्रतिवेदनअनुसार प्रभावकारी विद्यालयको प्रधानाध्यापक साहसी, सही

निर्णयकर्ता, लक्ष्योन्मुख, प्रतिबद्ध र विद्यालयको सुधार गर्न सधैँ तत्पर रहेका तर कमजोर विद्यालयका प्रधानाध्यापकमा त्यस्ता गुणको अभाव रहेको देखिएको छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा दक्ष शिक्षकको अभाव, न्यून स्रोतसाधन र विद्यार्थीको अनुशासन जस्ता चुनौती भए पनि प्रधानाध्यापकले प्रदर्शन गर्ने प्रभावकारी शिक्षण नेतृत्व, रणनीतिक योजना, र सरोकारवालासँगको सहकार्यले नतिजामा सकारात्मक सुधार ल्याउन सक्ने र स्पष्ट लक्ष्य निर्धारण, संवेगात्मक बौद्धिकता र नयाँ शैक्षिक चुनौतीलाई सामना गर्ने क्षमता भएका प्रधानाध्यापकले नै विद्यालयको गुणस्तर सुनिश्चित गर्न सक्छन् भन्ने अध्ययनले देखाएको छ (श्रेष्ठ र बस्नेत, सन् २०२४)। विशेष गरी सहरी क्षेत्रका विद्यालयमा दिगो शैक्षिक प्रगति कठिन मिहिनेत गर्ने बानी र सिकाइ संस्कृतिको विकास प्रधानाध्यापकको क्षमतामा भर पर्छ (Gautam et al., 2015 ) । प्रभावकारी रूपमा व्यवस्थित विद्यालयको विशेषता भनेको दैनिक कार्यमा कर्मचारीलाई संलग्न गराउने प्रधानाध्यापक हुन्, जबकि असफल विद्यालयमा प्रायः कमजोर प्रशासक हुन्छन् जसले सुपरिवेक्षणलाई बेवास्ता गर्छन् (Amina, J.A. 2015) ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका विभिन्न अनुसन्धान र विभिन्न देशका शैक्षिक दस्तावेजमा विद्यालयको प्रभावकारिताका लागि प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुने निष्कर्ष निकालिएको छ । सन् २००९ मा युनेस्कोद्वारा प्रकाशित माध्यमिक विद्यालयका प्रधानाध्यापकको नयाँ भूमिकासम्बन्धी प्रतिवेदनले विश्वव्यापी शैक्षिक सुधार, लोकतान्त्रिकीकरण र विकेन्द्रीकरणको सन्दर्भमा माध्यमिक विद्यालयका प्रधानाध्यापकको भूमिका निरन्तर विकसित र दिनानुदिन जटिल बन्दै गएको विश्लेषण गरेको छ । यसले विद्यालयको नेतृत्वको गुणस्तर विद्यार्थीको उपलब्धि र विद्यालयको प्रभावकारिताका लागि एक निर्णायक कारक रहेको कुरा स्थापित गरेको छ। यसले प्रधानाध्यापकको कार्यलाई परम्परागत प्रशासनिक भूमिकाबाट परिवर्तन गरी मानव संसाधन व्यवस्थापन, रणनीतिक योजना र सामुदायिक साझेदारी प्रवर्द्धनका लागि जिम्मेवार बहुआयामिक शिक्षणको नेता (leader of teaching) तर्फ केन्द्रित गरेको छ। यस प्रतिवेदनले प्रधानाध्यापकलाई नवप्रवर्तनको नेतृत्व गर्न र द्रुत रूपमा परिवर्तन भइरहेको समाजमा उच्च गुणस्तरको सिकाइ उपलब्धि सुनिश्चित गर्नका लागि विशेषज्ञतापूर्ण व्यावसायिक तालिम र स्पष्ट दक्षता ढाँचा (competency framework) को आवश्यकतामा जोड दिएको छ ।

**प्रधानाध्यापकको भूमिकाको सम्बन्धमा युनेस्कोले नेतृत्वको समावेशीकरण र दिगोपनमा जोड दिएको छ। प्रधानाध्यापकको सम्बन्धमा युनेस्कोका सुझावलाई निम्नानुसार उल्लेख गरिएको छ :**

१. प्रधानाध्यापकले शिक्षणको गुणस्तर र विद्यार्थीको सिकाइ उपलब्धिमा केन्द्रित रही शैक्षणिक नेतृत्व प्रदान गर्ने, विद्यालयको नेतृत्वकर्ताले शैक्षिक रूपान्तरणमा जोड दिनुका साथै सिकारुलाई समालोचनात्मक चिन्तन र सिर्जनशीलताको विकास गरेर भविष्यका लागि तयार गर्ने गरी सिकाइ र रूपान्तरणको नेतृत्व गर्ने

२. शिक्षकका लागि काम गर्ने उचित वातावरण र पेसागत सम्मानको सुनिश्चितता गर्ने, निर्णय

प्रक्रियामा शिक्षकको आवाजलाई समावेश गर्ने, शिक्षकको निरन्तर पेसागत विकास र शिक्षण प्रक्रियामा नवप्रवर्तनका लागि सहजीकरण गर्ने, शिक्षकको क्षमताको सहयोगीको रूपमा प्रविधिको प्रयोग गर्न सक्षम बनाउनेलगायतका तरिकाको प्रयोग गरी शिक्षकको सबलीकरण र सहयोग गर्ने (UN High Level Panel on the Teaching Profession)

३. प्रधानाध्यापकले विद्यालयमा विविधताको सम्मान गर्नुका साथै सबै सिकारुका लागि सुरक्षित र सम्मानजनकको सिर्जना गर्नुपर्ने र यसबाट दिगो विकास र वैश्विक नागरिक गुण र दिगो विकासका लागि शिक्षालाई बढावा दिँदै लैङ्गिक समानता र समावेशीकरणको सुनिश्चितता गर्नुपर्ने

४. प्रधानाध्यापकले विद्यार्थीको आचरण, नागरिक गुण, सञ्चार, सहकार्य, समालोचनात्मक सोच, सिर्जनशीलता, उद्यमशीलता जस्ता सिपको विकासलाई शिक्षण सिकाइ र विद्यालयको संस्कृतिको अभिन्न अङ्गका रूपमा विकास गर्नुपर्ने

५. प्रधानाध्यापकलाई आफ्ना सहकर्मीलाई विश्वासमा लिने र उनीहरूको क्षमता विकास र सशक्तीकरण गरी नवप्रवर्तनमा प्रोत्साहन गर्दै सहकार्यात्मक र सहभागितामूलक नेतृत्व क्षमता प्रदर्शन गर्न सक्षम बनाउनुपर्ने

UNESCO का पछिल्ला नीतिगत दस्तावेज तथा प्रतिवेदनले प्रधानाध्यापकको प्रमुख दक्षता (competencies) लाई स्पष्ट रूपमा परिभाषित गरेका छन्। यिनका अनुसार प्रभावकारी प्रधानाध्यापक शैक्षिक (ष्nstructional) नेतृत्वमा सक्षम हुनुपर्छ जसले शिक्षणसिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्छ। उनीहरूले स्पष्ट दृष्टि (खष्कष्यल) निर्माण गर्ने, सिकाइ उपलब्धिमा केन्द्रित हुने, शिक्षकलाई मार्गदर्शन, अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने र सहकार्यमा आधारित विद्यालय संस्कृति विकास गर्ने क्षमता विकास गर्नुपर्छ। साथै समावेशी र न्यायोचित शिक्षा प्रवर्धन, विविधता व्यवस्थापन र सबै विद्यार्थीका लागि समान अवसर सुनिश्चित गर्ने दक्षता पनि अत्यावश्यक मानिन्छ (UNESCO, 2020; UNESCO, 2024/25)।

आधुनिक सन्दर्भमा प्रधानाध्यापकलाई डिजिटल नेतृत्व, तथ्यमा आधारित निर्णय, स्रोत व्यवस्थापन, र उत्तरदायित्वपूर्ण शासनका क्षेत्रमा पनि दक्ष हुनुपर्नेमा युनेस्कोले जोड दिएको छ। Global Education Monitoring Report 2023 अनुसार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइ सुधारमा योगदान दिन सक्छ, त्यसैले प्रधानाध्यापकले ICT को समुचित उपयोग र डिजिटल समानता सुनिश्चित गर्नुपर्छ। उनीहरू परिवर्तन व्यवस्थापन (change management), संकट व्यवस्थापन र समुदायसँग सहकार्य गर्ने रणनीतिक नेतृत्वकर्ता हुनुपर्छ, जसले विद्यालयलाई दिगो र उत्तरदायी संस्थाका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ (UNESCO, 2020; UNESCO, 2024/25)।

**वर्तमान ऐन नियममा भएको व्यवस्था**

नेपालको संविधानमा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूचीभित्र राखिएको छ । संविधानको अनुसूची-९ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा शिक्षा पनि समेटिएको छ । शिक्षाको अधिकार सङ्घ, प्रदेश र स्थानीय तह तिनओटै तहका सरकारको अधिकार क्षेत्रभित्र रहेको छ भने आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकारभित्र राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाका लागि प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन, नियमन, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन, नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नक्शाङ्कन, शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, शैक्षिक कार्यक्रमको समन्वय र नियमन, बजेट व्यवस्थापन लगायतका २३ ओटा शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार तोकिएका छन् ।

शिक्षा नियमावली २०५९ को परिच्छेद १७ दफा ९३ मा प्रधानाध्यापकसम्बन्धी व्यवस्था र दफा ९४ मा प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यस नियमावलीमा प्रधानाध्यापकले विद्यालयको प्राज्ञिक र प्रशासकीय प्रमुखको रूपमा काम गर्ने व्यवस्था गरिएको छ । प्रधानाध्यापकको रूपमा नियुक्ति पाउन उम्मेदवारले विद्यालय व्यवस्थापन समिति समक्ष विद्यालय विकास प्रस्तावसहित दरखास्त दिनुपर्ने, विव्यसले दरखास्त शिक्षक छनोट समिति समक्ष पठाउने र छनोट समितिले शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिम, अध्यापन गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको नतिजा, विद्यालय विकास प्रस्ताव र नेतृत्व लिने क्षमता लगायतका शीर्षकमा तोकिएको अङ्कका आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्त गर्न विव्यसमा सिफारिस गरी पठाउने र विव्यसले आवश्यक कागजातसहित नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने, एकाइले विद्यालय विकास प्रस्तावमा लेखिएका सूचक समयबद्ध रूपमा पूरा गर्ने कार्य दक्षता करार गरी पाँच वर्षका लागि नियुक्त गर्ने व्यवस्था गरिएको छ । यसरी नियुक्त भएको प्रधानाध्यापक पाँच वर्षपछि पनि पुनः नियुक्त हुन सक्ने व्यवस्था छ ।

विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिकालाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न शिक्षा नियमावली २०५९ मा प्रधानाध्यापकका काम, कर्तव्य र अधिकार तोकिएका छन् । विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने, स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयन गर्ने शिक्षकलाई तोकिएबमाजिम कक्षा सञ्चालन गर्न लगाउने र अतिरिक्त क्रियाकलापको सञ्चालन र यसको निरीक्षण सुपरिवेक्षण गर्ने, विद्यालयमा अध्ययन अध्यापनसम्बन्धी मासिक, अर्धवार्षिक र वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने लगायतका विद्यालयको शैक्षिक तथा प्राज्ञिक व्यवस्थापनका कार्य गर्न प्रअलाई जिम्मेवार बनाइएको छ । उक्त नियमावलीअनुसार

विद्यालयको सरसफाइ, विद्यालयमा अनुशासन, सच्चरित्रता र शिष्टता कायम गर्ने, विद्यार्थी भर्ना, नियमित रूपमा आवधिक र अन्य परीक्षा सञ्चालन, विद्यार्थीलाई स्थानान्तरण र अन्य प्रमाणपत्रहरू दिने लगायत विद्यालयको दैनिक प्रशासनिक कार्य प्रधानाध्यापकले गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रधानाध्यापकका लागि तोकिएको अर्को कार्य शिक्षक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी रहेको छ । प्रधानाध्यापकलाई आफ्नो मातहतका शिक्षक कर्मचारीको काम कर्तव्य तोक्ने, कुनै शिक्षकले जानी जानी वा लापरबाहीका साथ कुनै काम गर्नाले विद्यालयलाई हानिनोक्सानी भएमा त्यस्तो हानी नोक्सानीको रकम नीजको तलबबाट कट्टा गरी क्षतिपूर्ति गर्ने, विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा अवकाशलगायतका विभागीय कारवाही गर्ने, शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा विद्यालय व्यवस्थापन समिति र माथिल्लो निकायमा सिफारिस गरी पठाउने, शिक्षकलाई तालिममा पठाउन सिफारिस गरी पठाउने लगायतका कार्य तोकिएका छन् । प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको निर्देशन र आफ्नो अधिकारबमोजिम विद्यालयको प्रयोजनका लागि खर्च गर्ने र त्यसको स्रेस्ता राख्नेलगायतका आर्थिक व्यवस्थापनसम्बन्धी कार्य अभिभावक, समुदाय र स्थानीय प्रशासनसँग सहकार्य गर्ने र विद्यालयको अनुगमन सुपरीवेक्षण गर्ने कार्य गर्ने गरी अधिकार र जिम्मेवारी तोकिएको छ ।

**वर्तमान शिक्षा नीति तथा योजनामा प्रधानाध्यापक**

हाल कार्यान्वयनमा रहेका नीति, ऐन तथा नियमावलीमा प्रधानाध्यापकको छनोट, नियुक्ति, काम, कर्तव्य र अधिकार सम्बन्धमा विभिन्न नीतिगत र कानुनी प्रावधान छन् । प्रअको क्षमता विकासका लागि विभिन्न योजना तथा कार्यक्रम सञ्चालन भइरहेका छन् । राष्ट्रिय शिक्षा नीति २०७६ मा विद्यालय नेतृत्वको भूमिकाको सवलीकरणका लागि प्रधानाध्यापकको योग्यता, सक्षमता र कार्य सम्पादनका आधारमा सुविधा वृद्धि गर्नुका साथै छनोट प्रक्रियालाई योग्यता प्रणालीमा आधारित एवम् पारदर्शी बनाउने नीति उल्लेख छ। उक्त नीतिअनुसार सार्वजनिक विद्यालयको शैक्षिक नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार एवम् अधिकार सम्पन्न बनाउने गरी कानुनी प्रबन्ध गरिने, प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको मुख्य जिम्मेवारी दिई नतिजाका आधारमा मूल्याङ्कन गर्ने, कार्यबोझ तथा कार्य सम्पादनका आधारमा तोकिएबमोजिमको सेवा सुविधाको व्यवस्थापन गरिने र सम्बन्धित तहमा पाँच वर्षको शिक्षण अनुभव प्राप्त योग्य, सक्षम र क्षमतावान शिक्षकलाई नेतृत्व परीक्षणका आधारमा प्रधानाध्यापक बनाइने कार्यनीति समावेश गरिएका छन् ।

विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ मा विद्यालय व्यवस्थापनलाई सक्षम बनाउने र विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणाली, तालिम र वृत्ति विकासमा सुधार गर्ने रणनीति लिइएको छ । यसको कार्यान्वयनका सन्दर्भमा विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने, वित्तीय व्यवस्थापन,

खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठा समय र कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेलगायतका कार्यक्रम समावेश गरिएका छन् ।

**प्रधानाध्यापकको सक्षमता प्रारूप २०८१**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय(तत्कालीन), माननीय मन्त्रीस्तरबाट मिति २०८१/१०/२४ मा प्रधानाध्यापक सक्षमता प्रारूप २०८१ स्वीकृत गरेको छ। यस प्रारूपमा विद्यालयको रणनीतिक दिशा निर्माण, शिक्षण तथा सिकाइको नेतृत्व, विद्यालयको व्यवस्थापकीय नेतृत्व, आफ्नो तथा सहकर्मी शिक्षकको पेसागत विकास, सरोकारवालासँगको सहकार्य, परिवर्तन र नवप्रवर्तनको नेतृत्व र व्यक्तिगत गुण तथा सामाजिक र अन्तरवैयक्तिक सिपको विकास गरी सातओटा सक्षमताका क्षेत्र र सोअन्तर्गत जम्मा ४५ ओटा सक्षमता समावेश गरिएका छन् । प्रारूपमा उल्लेख भएअनुसार प्रधानाध्यापकमा विद्यालय शिक्षासम्बन्धी विद्यमान योजना र नीतिको ज्ञान हुनुपर्छ र विद्यालयको सञ्चालनसँग सम्बन्धित नीतिको कार्यान्वयन गर्न सक्षम हुनुपर्छ । विद्यालयको प्रभावबारिताको अभिवृद्धिका लागि सरोकारवालासँग सहकार्य गरी यथार्थपरक विद्यालय सुधार योजना तयार गर्न र त्यसको कार्यान्वयनको नेतृत्व लिनुपर्छ । विद्यालय सुधार योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त नतिजाको उपयोग गर्ने क्षमताको प्रदर्शन गर्नुपर्छ ।

यस प्रारूपमा समावेश गरिएको दोस्रो क्षेत्र शिक्षण तथा सिकाइको नेतृत्वसँग सम्बन्धित छ। यसअनुसार प्रधानाध्यापकमा विद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन प्रक्रियाका बारेमा अद्यावधिक ज्ञान हुनुपर्छ । उनले पाठ्यक्रमको कार्यान्वयनमा शिक्षक, समुदाय र अभिभावकसँग सहकार्य गर्नुपर्छ। विद्यार्थीहरुको विविधताअनुरुप सिकाइमा सहायता गर्ने वातावरण निर्माण गर्नुपर्छ । यस क्षेत्रअन्तर्गत विद्यालयको आवश्यकता र शिक्षकको सक्षमताका आधारमा कार्यजिम्मेवारीको बाँडफाँड गर्ने, स्रोत सामग्रीमा सबैको पहुँच र कुशल तथा प्रभावकारी प्रयोगको सुनिश्चितता गर्ने, शिक्षकको कार्यसम्पादनमा सुधार गर्न कक्षा एवम् पाठ अवलोकनको उपयोग गर्ने, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग, सहजीकरण र मूल्याङ्कन गर्ने, विद्यार्थीको सिकाइसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषणमार्फत सिकाइ खाडल परिपूरणका लागि योजना निर्माण र कार्यान्वयन गर्ने, प्रभावकारी शिक्षण सिकाइ गतिविधिको प्रबर्धनका लागि सहकार्यात्मक अभ्यासको वातावरण निर्माण गर्ने र शिक्षक र विद्यार्थीसँग सुमधुर सम्बन्ध स्थापना र अनुकरणीय व्यवहार प्रदर्शन गर्नेलगायतका सक्षमता उल्लेख गरिएका छन् ।

विद्यालयको व्यवस्थापकीय नेतृत्व यस प्रारूपमा उल्लेख गरिएको तेस्रो सक्षमताको क्षेत्र हो । विद्यालय शिक्षासम्बन्धी कानुनको ज्ञान तथा समझ प्रदर्शन एवम् कार्य सम्पादन गर्ने, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका बैठक सञ्चालन सहजीकरण र निर्णयको कार्यान्वयन गर्ने, सुरक्षित र सफा विद्यालय वातावरण निर्माण गर्ने, निर्धारित लक्ष्य तथा उद्देयसँग मिल्दोजुल्दो हुने गरी विद्यालयको सर्वोपरी हितमा स्रोतको व्यवस्थापन र परिचालन गर्ने, बालमैत्री, लैङ्गिकतामैत्री र अपाङ्गतामैत्री भौतिक पूर्वाधारको सुनिश्चितता गर्ने, वस्तुगत आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

विद्यालयमा सम्पादन गर्नुपर्ने कार्यको अभिलेख व्यवस्थापन तथा निर्धारित समयभित्र प्रतिवेदन सम्प्रेषण, विद्यालयको सूचना व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग गर्ने र तथ्य/प्रमाणमा आधारित निर्णय निर्माण र निर्णयको प्रभावकारी सञ्चार गर्ने यस क्षेत्रअन्तर्गत उल्लेख गरिएका सक्षमता हुन् ।

यस सक्षमता प्रारूपमा प्रधानाध्यापकले आफ्नो तथा सहकर्मी शिक्षकको पेसागत विकासमा प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुने कुरालाई दृष्टिगत गरी विद्यालयका लागि सहयोगी हुने उपलब्ध पेसागत विकासका क्रियाकलापमा सहभागि हुने, शिक्षकलाई पेसागत विकासका कार्यमा सहभागी हुन र सहकर्मीबिच सिकाइको साझेदारी गर्न प्रोत्साहन गर्ने, शिक्षकले पेसागत विकासका कायक्रमबाट सिकेका सिप कार्यान्वयन गरेको सुनिश्चितता गर्ने, पेसागत विकासका लागि सिकाइ सञ्जाल निर्माण गरी त्यसमा सहभागी हुने, सम्भावित नेतृत्वको पहिचान तथा विकासका लागि सहजीकरण गर्ने लगायतका सक्षमताहरू समावेश गरिएका छन् । प्रधानाध्यापकले शिक्षक, विद्यार्थी र अभिभावकबिच आपसी सहयोगको वातावरणको सिर्जना गर्नुपर्छ । विद्यालयसँग सम्बन्धित व्यक्ति एवम् संस्थासँग नियमित सम्पर्क र सहकार्य गर्ने, स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा रहेका प्रधानाध्यापक र शिक्षकका सञ्जालमा अर्थपूर्ण  सहभागिता जनाउने र शिक्षा क्षेत्रमा संलग्न सरकारी र गैरसरकारी संस्थासँग सुमधुर सम्बन्ध राख्ने विषयलाई उक्त प्रारूपमा महत्त्व दिइएको छ । परिवर्तन र नवप्रवर्तनको नेतृत्व प्रधानाध्यापकको सक्षमताको अर्को महत्त्वपूर्ण पक्ष हो । परिवर्तन र नवप्रवर्तनका लागि प्रमाणमा आधारित कार्यक्रम तय गर्न र परिवर्तनको मूल्याङ्कन गर्न शिक्षकलाई सहायता गर्न, परिवर्तन र नवप्रवर्तनलाई मान्यता दिन र प्रोत्साहन गर्न, परिवर्तन र नवप्रवर्तनका सहयोगी र बाधक तत्त्वको मूल्याङ्कन गरी उपयुक्त रणनीति निर्माण र कार्यान्वयन गर्न, प्रभावकारी परिवर्तन र नवप्रवर्तनका अभ्यासलाई संस्थागत गर्न सहजीकरण गर्न र अनिश्चित र अस्पष्ट एवम् विपदको अवस्थामा तत्काल र प्रभावकारी प्रतिकार्यको नेतृत्व सक्षम प्रधानाध्यापकले समाजको निरन्तर परिवर्तनशील अवस्थामा विद्यालयको गतिशील रूपमा नेत्तृत्त्व गर्न सक्ने तथ्यलाई आत्मसात् गरिएको छ ।

यस प्रारूपमा प्रधानाध्यापकले उच्च नैतिक चरित्र र समाजमा अनुकरणयोग्य आचरणको प्रदर्शन गर्नुपर्ने, अरूका विचार प्रति खुला रही सामूहिक विचार निर्माण गर्नुपर्ने, स्थानीय भाषा संस्कृति प्रति सम्मानजन्य व्यवहार तथा सञ्चार सिप प्रदर्शन गर्नुपर्ने, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान तथा सिपयुक्त हुनुपर्ने जस्ता व्यक्तिगत गुण तथा सामाजिक र अन्तरवैयक्तिक सिपको विकास हुनुपर्ने विषयलाई महत्त्व दिइएको छ ।

## निष्कर्ष

नेपालको विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि र सुशासन कायम गर्ने कार्यमा प्रधानाध्यापकको भूमिका केन्द्रीय र निर्णायक रहेको छ । ऐतिहासिक दस्तावेजदेखि वर्तमान ऐन, नियम, नीति तथा योजनासम्म सबैले विद्यालयको प्रभावकारिता प्रधानाध्यापकको नेतृत्व क्षमतामा निर्भर रहने कुरालाई स्वीकार गरेका छन् । विगतमा प्रधानाध्यापकलाई मुख्यतः प्रशासकीय भूमिकामा सीमित गरिए पनि वर्तमान सन्दर्भमा

उनीहरूलाई शैक्षिक नेता, परिवर्तनका संवाहक र रणनीतिक व्यवस्थापकका रूपमा विकसित गर्नुपर्ने आवश्यकता देखिएको छ । नेपालको सङ्घीय संरचनासँगै विद्यालय व्यवस्थापनमा स्थानीय तहको भूमिका विस्तार भएको छ । यसले प्रधानाध्यापकलाई थप जिम्मेवार र उत्तरदायी बनाएको छ । यस सन्दर्भमा २०८१ को सक्षमता प्रारूपले प्रधानाध्यापकका लागि आवश्यक बहुआयामिक दक्षताहरू स्पष्ट रूपमा निर्धारण गरेको छ । यसले नेतृत्व विकासका लागि मार्गदर्शन प्रदान गरेको छ । यद्यपि, नियुक्ति प्रक्रियामा पारदर्शिताको कमी, तालिमको अपर्याप्तता, स्रोतसाधनको अभाव र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको कमजोरी जस्ता चुनौती अझै विद्यमान छन् । नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी र नतिजामुखी बनाउन प्रधानाध्यापकको सक्षमता विकासलाई प्राथमिकतामा राख्नुपर्छ । योग्यता-आधारित छनोट प्रणाली, निरन्तर पेसागत विकास, शिक्षण नेतृत्वमा जोड, डिजिटल दक्षताको विकास, र प्रभावकारी उत्तरदायित्व प्रणालीमार्फत प्रधानाध्यापकलाई सशक्त बनाउन सकेमा विद्यालय शिक्षा क्षेत्रमा दीगो सुधार सम्भव हुन्छ । यसले मात्र शिक्षाको गुणस्तर सुधार नगरी समग्र सामाजिक रूपान्तरण, मानव पुँजी विकास र राष्ट्रिय समृद्धिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

## सन्दर्भ सामग्री


कानुनि किताब व्यवस्था समिति (२०७२), नेपालको संविधान, नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९), विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८, लेखक ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०८१), प्रधानाध्यापकको सक्षमता प्रारूप २०८१, लेखक ।

नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुनी किताव व्यवस्था समिति (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४: नेपाल ऐन सङ्ग्रह खण्ड १७, लेखक ।

राष्ट्रिय शिक्षा योजना आयोग (२०११), नेपालमा शिक्षा २०११, लेखक ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८), सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट २०१८, लेखक ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, लेखक ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, (२०५५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, लेखक ।

शिक्षासम्बन्धी उच्च स्तरीय कार्य समिति (२०५८), विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्य योजनाको अवधारणा पत्र २०५८: शिक्षासम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८, लेखक ।

Amina, J. A. (2015). An evaluation of head teacher's performance in supervision of instruction and involvement of staff in decision-making in the school. International Journal of Research in Humanities and Social Studies, 2(7), 129–142.

Gautam, C., Alford, S. F., & Khanal, M. (2015). Sustaining school improvement through an external and internal focus: A case study of a high-need secondary school in Nepal. International Journal of Teacher Leadership, 6(1).

Mathema, K. B., & Bista, M. B. (2006). Study on student performance in SLC: Main report. Ministry of Education and Sports, Education Sector Advisory Team.

Shrestha, C. B., & Basnyat, S. (2024). School leadership and management: The head teacher's role in enhancing learner academic performance. Journal of Business and Social Sciences, 6(1), 151–164. https://doi.org/10.3126/jbss.v6i1.78765

UNESCO. (2009). The new roles of secondary school leaders. Paris: UNESCO. Retrieved from https://unesdoc.unesco.org/ark:/48223/pf0000149057_eng

# विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा अभिभावक शिक्षा

✍ अनन्तकुमार पौड्याल
उपसचिव, शिक्षा प्रशासन

**लेखसार**

*अभिभावक भनेका बालबालिकालाई जन्माउने, हुर्काउने, बढाउने, स्याहारसुसार गर्ने, संरक्षण गर्ने, शिक्षादीक्षा दिने, बालबालिकालाई सामाजिकीकरण गराउने, विद्यालय पठाउने र सक्षम सन्तान तयार गर्ने व्यक्ति हुन् । उक्त काम गरेर बाबालिकालाई सक्षम नागरिक बनाउन सबै अभिभावकमा पर्याप्त ज्ञान, सिप र अभिवृत्ति हुन्छ नै भन्न सकिँदैन । त्यसैले यसका लागि अभिभावकलाई केही ज्ञान दिनुपर्छ, यस्तो ज्ञान र सिपलाई अभिभावक शिक्षा भनिन्छ । अभिभावक शिक्षाले विद्यालय शिक्षालाई सुदृढीकरण गर्न महत्त्वपूर्ण सहयोग गर्छ । त्यसैले अभिभावक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा लिन थालिएको छ । अभिभावक शिक्षाको अर्थ र परिभाषा, असल अभिभावकमा हुनुपर्ने गुण, अभिभावक शिक्षाको विकास, अभिभावक शिक्षाको आवश्यकता, अभिभावक शिक्षाको महत्त्व, अभिभावक शिक्षाको उद्देश्य, बालबालिकाको शिक्षा, स्वास्थ्य, शारीरिक, बौद्धिक र मानसिक विकास आदि क्षेत्रमा अभिभावकका भूमिका अभिभावक शिक्षाका मुख्य विषयवस्तु हुन् ।अभिभावक शिक्षा कार्यक्रममा विद्यालय जाने बालबालिकाका बाबु, आमा, हजुरबा, हजुर आमा, काका, काकी, विवाह गर्ने उमेर पुगेका युवा, बालबालिकाको संरक्षण र हेरचाह गरिरहेका व्यक्ति, र सम्बन्धित विषय क्षेत्र हेर्ने कर्मचारी र जनप्रतिनिधि अभिभावक शिक्षाका लागि लक्षित समुदाय हुन् । यस लेखमा अभिभावक र अभिभावक शिक्षाको अर्थ, उद्देश्य, महत्त्व, विकासक्रम, अभिभावक शिक्षाको अभिप्राय र उद्देश्य, अभिभावक शिक्षाको प्रकृति र विषयवस्तु, अभिभावक शिक्षाको विधि, स्थान र समय, अभिभावक शिक्षाको लक्षित समुदाय, शिक्षक, विद्यार्थी र अभिभावकको सम्बन्ध, अभिभावक शिक्षा र क्षमता विकासमा सरोकारवालाको भूमिका, विद्यालयको शैक्षिक संयन्त्रमा अभिभावक, बालमैत्री विद्यालय र अभिभावकको भूमिका, अपाङ्गता भएका व्यक्तिहरूप्रति अभिभावकले गर्नुपर्ने व्यवहार, अभिभावक शिक्षाको अनुगमन गर्नुपर्ने आवश्यकता, अभिभावक शिक्षाको प्रभावकारिता अनुगमन गर्ने तरिका, अभिभावक शिक्षाको अनुगमन गर्दा ध्यान दिनुपर्ने कुरा समेटिएका छन् ।*

## अभिभावक

अभिभावक भनेको बाबु र आमालाई संयुक्त रूपमा जनाउने शब्द हो । नेपाली भाषाको शब्दकोषमा अभिभावकको अर्थ पालन पोषण गर्ने, हेरविचार गर्ने, संरक्षक, छात्रछात्राको जिम्मा लिने वा जिम्मेवारी वहन गर्ने, बाबुआमा वा संरक्षक व्यक्ति भनेर लेखिएको छ । पालनपोषण गर्ने काम, हेरविचार गर्ने वा

संरक्षण गर्ने काम वा अभिभावकले गर्न कामलाई अभिभावक भनिन्छ। बालबालिकालाई जन्मदिने, सँगै राखेर हुर्काउने, बढाउने, स्याहर गर्ने र संरक्षण गर्ने व्यक्तिलाई अभिभावक भनिन्छ।

अभिभावक भन्नाले बालबालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ भनी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख छ। यस्तै अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १२ (विव्यस गठन) को प्रयोजनका लागि विद्यार्थीको बाबु आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रादन गर्ने व्यक्तिलाई समेत जनाउँछ।

## अभिभावक शिक्षा

बालबालिकाको उमेर अनुसारको विकास र सिकाइका लागि अभिभावकको ज्ञान, सिप र सकारात्मक धारणा अभिवृद्धि गर्न सञ्चालन गरिने कार्यक्रम अभिभावक शिक्षा हो। अभिभावकलाई आवश्यक ज्ञान तथा शिक्षा दिई बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन दिइने शिक्षालाई अभिभावक शिक्षा भन्न सकिन्छ। बालबालिकाको उमेर अनुसारको विकास र सिकाइका लागि अभिभावकको ज्ञान, सिप र  सकारात्मक धारणा अभिवृद्धि गर्न सञ्चालन गरिने कार्यक्रम अभिभावक शिक्षा हो। अभिभावक शिक्षाको अवधारणालाई शिक्षाक्षेत्रमा आएको नवीनतम चिन्तनका रूपमा पनि लिइन्छ । शिक्षाको विस्तारमा विद्यालय, शिक्षक र विद्यार्थीको मात्र भूमिका पर्याप्त नभएकाले शिक्षामा अभिभावकको संलग्नता बढाउन अभिभावक शिक्षाको आवश्यकता महशुश गरिएको हो। अभिभावक शिक्षाको स्वरूप अनौपचारिक प्रकारको हुन्छ

## अभिभावक शिक्षाको विकासक्रम

अभिभावक शिक्षा दिने प्रचलन प्राचीन कालदेखि नै हुँदै आएको देखिन्छ । प्राचीनकालमा ज्येष्ठ व्यक्तिहरूले नवविवाहित र नव अभिभावकलाई घरपरिवार र सामुदायिक  भेटघाटमा अभिभावक शिक्षा दिन्थे भन्ने अनुमान गर्न सकिन्छ। किनभने विद्यालय शिक्षा उपलब्ध नहुने त्यस समयमा बालबालिका र परिवारका सदस्यको भलाइका लागि गर्नुपर्ने र गर्न नहुने कुराको ज्ञानको स्रोत नै ज्येष्ठ व्यक्ति हुन्थे । योभन्दा अर्को कुनै ज्ञानको स्रोत नै थिएन । यसैगरी धार्मिक शिक्षाले पनि मानिसलाई कथा, उपदेशको माध्यबाट अभिभावक शिक्षा दिन्थे। जब छापाको विकास भयो तब छापाखानामा तयार गरी बनाइएका पुस्तक नै अभिभावक शिक्षाको स्रोत भए। हाम्रो देशमा पनि हिन्दु, बौद्ध, मुस्लिम, क्रिस्चियन धर्मग्रन्थका उपदेश र कथाले पनि अप्रत्यक्ष रूपमा अभिभावक शिक्षा दिएका हुन्थे  र अहिले पनि पूजाआजामा सुनाइने पौराणिक कथा, पुराणले पनि अभिभावकलाई आफ्ना सन्तानको भलाइका लागि गर्नपर्ने कार्यका बारेमा अभिभावक शिक्षा दिएको पाइन्छ।

आधनिक रूपमा पाठ्यक्रम तयार गरी कार्यक्रमको रूपमा अभिभावक शिक्षा प्रदान गर्ने चलन २० औं शताब्दीदेखि सुरु भएको हो। नेपालको सन्दर्भमा परिवार नियोजन, जनसङ्ख्या शिक्षा, पत्रपत्रिका

आदिको ठुलो योगदान छ । हिजोआज डिजिटल सामाजिक सञ्जाल र अनलाइन शिक्षाको विकासले अभिभावक शिक्षाको विकासमा नयाँ आयाम थपेको छ । शिक्षाको नवप्रवर्तनात्मक सोचको रूपमा विकास भएको छ। अभिभावक शिक्षालाई केही सरकारी र गैरसरकारी सङ्घ संस्थाले अभिभावक शिक्षा कार्यक्रम ल्याएका छन्। केही पालिकाहरूले कार्यविधि कानन समेत बनाई स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमका रूपमा अपनत्व लिएको पाइन्छ ।

## अभिभावक शिक्षाको महत्त्व

अभिभावकलाइ बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइका लागि आवश्यक वातावरण तयार गर्न, बालबालिकाको विकास र सिकाइमा अभिभावकको सहभागिता वृद्धि गर्न अभिभावक शिक्षाको आवश्यकता पर्छ। अभिभावक शिक्षाले कुनै व्यक्तिमा अभिभावकत्व निर्वाह गर्नेसम्बन्धी सिपको विकास गर्छ ।

अभिभावकलाई बालबालिकाको  सर्वाङ्गीण विकास र सिकाइका लागि आवश्यक वातावरण तयार गर्न, बालबालिकाको विकास र सिकाइमा अभिभावकको सहभागिता वृद्धि गर्न अभिभावक शिक्षाको आवश्यकता पर्छ । बालबालिकाको सिकाइ र विकासका लागि उपयुक्त वातावरण तयार गर्न अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । सामान्य अवस्थामा नै पनि बालबालिकाले माया, प्रशंसा र हौसला चाहन्छन् भने आपत्‌विपत्‌को समयमा झन बढी अतिरिक्त माया र साथ आवश्यक पर्छ । यस्तो समयमा घरमा अभिभावकले उनीहरूको कुरा सुनिदिने तथा उनीहरूलाई रमाइलो बनाउने कुरा तथा कार्य गर्नुपर्छ । घरमा रहेको समयमा अभिभावकले छोराछोरीसँग गुणस्तरीय समय बिताउने गर्नुपर्छ । बालबालिकाले राखेका जिज्ञासा ध्यानपूर्वक सुन्ने, आवश्यकता पूरा गर्ने, उनीहरूसँग खेल्ने वा उनीहरूको कुरा सुनिदिने, सोधेका प्रश्नको चित्त बुझ्दो उत्तर दिने, असल बानीको विकास गर्न व्यक्तिगत तथा वातावरणीय सरसफाइमा सहभागी गराउने, रोग, महामारी र सुरक्षा सावधानीका सम्बन्धमा बताउने, सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने वातावरण मिलाउने आदि कार्य गर्नुपर्छ। यसका लागि अभिभावकको ज्ञान, सिप र  क्षमता बढाउनुपर्ने  भएकाले अभिभावक शिक्षा कार्यक्रमको महत्त्व दिनप्रतिदिन बढदै गइरहेको छ ।

## अभिभावक शिक्षाको अभिप्राय र उद्देश्य

अभिभावक शिक्षाको मुख्य अभिप्राय अभिभावकलाई अभिभावकत्व भूमिका निर्वाह गर्न आवश्यक पर्ने शिक्षा र बालअधिकारसम्बन्धी आवश्यक पर्ने ज्ञान, सिप र जीवन सिप प्रदान गर्नु अभिभावक शिक्षाको मुख्य अभिप्राय हो । अभिभावक शिक्षा दिनुको उद्देश्य अभिभावकलाई बालबालिका र आश्रित सदस्यप्रतिको उत्तरदायित्व बोध गराउनु, अभिभावक र बालबालिका बिचमा हुने सञ्चारलाई सुधार गर्नु, बालबालिकालाई तालिम र बालकार्य गराउन, परिवारका सदस्यमा जीवनोपयोगी सिप (life skill) स्थानान्तरण गर्नु, घरपरिवारमा सकारात्मक मानसिकता र आत्मविश्वासको भावना विकास गर्नुगराउनु, विद्यालय र अन्य सेवा प्रदायक संस्थाले प्रदान गर्ने सेवाको प्रवाहमा अभिभावकको भूमिका जानकारी गराउनु, विद्यालय, विद्यार्थी र समुदायबिचको सम्बन्धलाई घरपरिवारसम्म पुर्‍याउनु,

विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न सहयोग गर्नु, घरपरिवारमा उपयुक्त शैक्षिक वातावरणको सिर्जना गर्नु, ज्ञानमा आधारित समुदायको विकास गर्नु, अभिभावकलाई सक्षम र सशक्त बनाउनु हो ।

## अभिभावक शिक्षाको प्रकृति र विषयवस्तु

अभिभावक शिक्षाका विषयवस्तु भनेको अभिभावकलाई सचेतीकरण गर्ने र क्षमता विकास गर्ने विषयक्षेत्रको सूची हो । अभिभावक शिक्षा विस्तृत अध्ययन क्षेत्रको विषय भएकाले यसको प्रकृति एकीकृत र बहुविषयक हुन्छ । तर अभिभावक शिक्षा प्रदान गरिने समुदायका अभिभावकको रुचि, सचेतनाको स्तर र सक्षमताअनुसार विषयवस्तु छनोट गरेर प्याकेज तयार गर्नुपर्छ । अभिभावक शिक्षाको प्याकेजमा तालिम, अभिमुखीकरण, प्रचारप्रसार, सडकनाटक, अन्तरक्रिया, छपाइका सामग्री, रेडियो टेलिभिजन कार्यक्रम, सामाजिक सञ्जालका अडियो भिज्युअल आदिजस्ता समकालीन माध्यम पर्छन् । अभिभावक शिक्षाको अर्थ र परिभाषा, असल अभिभावकमा हुनुपर्ने गुण, अभिभावक शिक्षाको विकास, अभिभावक शिक्षाको आवश्यकता, अभिभावक शिक्षाको महत्त्व, अभिभावक शिक्षाको उद्देश्य, बालबालिकाको शिक्षा, स्वास्थ्य, शारीरिक, बौद्धिक र मानसिक विकास आदि क्षेत्रमा अभिभावकका भूमिका अभिभावक शिक्षाका मुख्य विषयवस्तु हुन् । एकपटक तयार गरिएको अभिभावक शिक्षाको स्रोत सामग्री सधैँभरि सान्दर्भिक नहुन सक्छ, त्यसैले समय परिस्थितिअनुसार अभिभावक शिक्षाको पाठ्यक्रम र विषयवस्तुलाई अद्यावधिक गरिरहनुपर्छ ।

## अभिभावक शिक्षाको विधि, स्थान र समय

अभिभावक शिक्षा भनेको अभिभावकलाई बालबालिकाको हेरचाह, सुस्वास्थ्य, शिक्षादीक्षा, संरक्षणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सञ्चालन गरिने सचेतीकरण कार्यक्रम हो । अभिभावक शिक्षा प्रदान गर्ने धेरै तरिका छन्, कुन विधि प्रयोग गर्ने भन्ने कुरा कार्यक्रमको उद्देश्य, समय, स्रोतसाधनमा भर पर्छ । टोल बैठक, दिवा केन्द्रमा छलफल, भेटघाट कार्यक्रम, घरदैलो भ्रमण, माइकिङ, प्यानेल छलफल, आदि भौतिक उपस्थितिमा गरिने अभिभावक शिक्षाका विधि हुन् । त्यस्तै अवलोकन भ्रमण, भूमिका निर्वाह, नमुना प्रदर्शन, पनि अभिभावक शिक्षामा प्रयोग गर्न सकिन्छ । पर्चा, ब्रोसर, पोस्टर, चित्र पुस्तक, न्यूजलेटर, पुस्तक, फिल्म, सामाजिक सञ्जालका स्टाटस र भिडियो अभिभावक शिक्षाका लागि प्रयोग गर्न सकिने शैक्षिक सामग्री हुन् । प्रौढ सिकाइ सिद्धान्त अभिभावक शिक्षा विधिको मूल आधार हो ।

अभिभावक शिक्षाका लागि समूहमा आधारित र घरमा आधारित अभिभावक शिक्षा कार्यक्रम दुईओटा प्रमुख विधि हुन् । समूहमा आधारित र घरमा आधारित दुवै प्रकारका अभिभावक शिक्षा कार्यक्रमले अभिभावक र बालबालिकाको जीवनमा सुधार ल्याउन मद्दत गर्छन् । अभिभावक शिक्षा आवश्यकताअनुसार विभिन्न स्थानमा सञ्चालन गर्न सकिन्छ । विद्यालय, स्वास्थ्य केन्द्र, सामुदायिक केन्द्र, तालिम केन्द्र, ज्येष्ठ नागरिक केन्द्र, मिलन केन्द्रमा सञ्चालन गरिन्छ । यस्ता केन्द्रमा शिक्षा, स्वास्थ्य, मानव अधिकार, समाज सेवा, कानुन, आदि क्षेत्रका विज्ञ र अनुभवी सहजकर्ताबाट अभिभावक शिक्षा प्रदान गर्न सकिन्छ ।

स्वास्थ्य संस्था तथा सम्बन्धित स्थानीय तहको वडाबाट, स्वास्थ्य स्वयंसेविका तथा पोषण कार्यकर्ताबाट, समुदायमा रहेका आमा समूह, सामुदायिक वन उपभोक्ता  समूह तथा अन्य कृषि, बचत सहकारी समूह आदिबाट टोलस्तरको अभिभावक शिक्षा सञ्चालन गर्न सकिन्छ। विद्यालयका कक्षाशिक्षकमार्फत बालबालिकाको सिकाइ र विकासका बारेमा अभिभावकलाई अभिमुखीकरण गरेर विद्यालय स्तरमा अभिभावक शिक्षा सञ्चालन गर्न सकिन्छ। बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाका सहजकर्ता र शिक्षकबाट बालबालिकाको सिकाइ र विकासका सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेर शैक्षिक सचेतना जगाउने अभिभावक शिक्षा दिन सकिन्छ। बालक्लब तथा किशोरकिशोरी क्लबमार्फत् पनि घरदैलो भ्रमणमा आधारित अभिभावक शिक्षा दिन सकिन्छ । स्थानीय एफएम रेडियो तथा टेलिभिजनबाट अभिभावक सचेतनाका कार्यक्रमम प्रसारण गरेर पनि समुदायमा अभिभावक शिक्षा प्रदान गर्न सकिन्छ।

अभिभावक शिक्षा दिने समय निर्धारण गर्दा अभिभावकको सहमति लिनुपर्छ । अभिभावक शिक्षा प्रदान गर्ने स्थान र समय निर्धारण गर्दा पनि अभिभावकसँग सल्लाह गर्नुपर्छ। अभिभावक शिक्षा दिने कार्यक्रम चलाउँदा समुदायका अभिभावकको पेसा व्यवसाय, मौसम, स्थान, कार्यव्यस्तता र समयको विचार गर्नुपर्छ। अभिभावक शिक्षा कार्यक्रमलाई एक पटकको कार्यक्रमका रूपमा सञ्चालन नगरी आवश्यकतानुसार विषयगत क्षेत्रअनुसार निरन्तर रूपमा सञ्चालन गर्नुपर्छ।

## अभिभावक शिक्षाको लक्षित समुदाय

अभिभावक शिक्षाका लक्षित समुदाय यही हो भन्ने हुँदैन। तर विषयगत क्षेत्रअनुसार अभिभावक शिक्षाका सहभागी छनोट गर्नुपर्छ। अभिभावक शिक्षा कार्यक्रम अभिभावकलाई नै लक्षित गरेर सञ्चालन गरिने भएकाले सबै वर्ग र क्षेत्रका अभिभावकलाई अभिभावक शिक्षाको कार्यक्रममा समेटनुपर्छ। विद्यालय शिक्षा क्षेत्र विषयमा सञ्चालन गरिने अभिभावक शिक्षा कार्यक्रममा विद्यालय जाने बालबालिकाका अभिभावक, अभिभावक सङ्घका पदाधिकारी र शैक्षिक सरोकारवाला सहभागी हुन सक्छन्। स्वास्थ्य, कृषि, वित्तीय, मानव अधिकार क्षेत्रका निकायले आफ्नो विषयगत क्षेत्रसँग सम्बन्धित अभिभावकलाई अभिभावक शिक्षा दिन्छन्। बालबालिकाका बाबु, आमा, हजुरबा, हजुर आमा, काका, काकी, विवाह गर्ने उमेर पुगेका युवा, बालबालिकाको संरक्षण र हेरचाह गरिरहेका व्यक्ति, र सम्बन्धित विषय क्षेत्र हेर्ने कर्मचारी र जनप्रतिनिधि अभिभावक शिक्षाका लागि लक्षित समुदायका रूपमा लिन सकिन्छ।

## शिक्षक, विद्यार्थी र अभिभावकको सम्बन्ध

अभिभावक शिक्षामा शिक्षक, विद्यार्थी र अभिभावकबिचमा परिपूरक सम्बन्ध हुन्छ। विद्यालयमा शिक्षकले विद्यार्थीलाई पठनपाठन गराउँछन् भने घरमा पनि अभिभावकले बालबालिकालाई पठनपाठनमा सघाउने, पढने वातावरण तयार गरिदिने गर्छन्। विद्यालयमा अध्ययन गर्ने बालबालिका शिक्षक र अभिभावक दुवैको केन्द्रविन्दु हुन्। दुवैको साझा प्रायसले मात्र बालबालिकाको पठनपाठन उपलब्धिमूलक हुन्छ। अभिभावक शिक्षामा बालबालिकाको शिक्षादीक्षा र सर्वाङ्गीण विकासमा अभिभावकको संलग्नता कसरी बढाउन सकिन्छ र अभिभावकको भूमिकालाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराको

छलफल गरिन्छ । बालबालिकालाई दैनिक रूपमा विद्यालय पठाउने, बालबालिकालाई चाहिने शैक्षिक सामग्री जुटाउने, विद्यालय पोसाकको व्यवस्था गर्ने, घरमा स्वाध्याय गर्ने समयको व्यवस्था गर्ने, बिरामी भएको अवस्थामा समयमै स्वास्थ्य उपचार गर्ने, पोषणयुक्त र स्वच्छसफा खानेकुरा दिनुपर्ने विषय अभिभावक शिक्षामा आउँछन् । अभिभावक भेटघाट, आवधिक परीक्षाको नतिजा र विद्यार्थी प्रगति प्रतिवेदनको बारेमा छलफल आदिजस्ता कार्यहरू शिक्षक विद्यार्थी र अभिभावकसँग सम्बन्धित पक्ष हुन् ।

## अभिभावक शिक्षा र क्षमता विकासमा सरोकारवालाको भूमिका

अभिभावक भनेका ती व्यक्ति हुन्, जसले घर परिवारमा रहेका बालबालिका, किशोर, किशोरी, युवा, महिला, ज्येष्ठ नागरिकलगायत आश्रित सदस्यको संरक्षण र हेरचाह गर्छन् । यिनले सामाजिक र कानुनी रूपमा अभिभावकत्व ग्रहण गर्छन् । घरमुलीको जिम्मेवारी सम्हालेका हुन्छन् । त्यसैले सरकारी तथा गैरसरकारी निकायबाट समुदायलाई प्रदान गरिने सेवालाई घरदैलोमा प्रभावकारी रूपमा पुर्‍याउन अभिभावकको साथ र सहयोग आवश्यक हुन्छ । अभिभावक सरकारी, गैरसरकारी तथा निजीक्षेत्रबाट प्रदान गरिने सेवाका प्रभावग्राही हुन् । त्यस्तो सेवाको गुणस्तर, प्रभावकारिता र कार्यान्वयन विधिका बारेमा गुणदोष केलाउने र सुधारका लागि सुझाव दिने सरोकारवाला पनि हुन् । अभिभावकका उक्त भूमिकालाई थप प्रभावकारी बनाउन अभिभावक शिक्षा प्रदान गर्ने व्यवस्था हुनुपर्छ ।

अभिभावक शिक्षाका सरोकारवाला सरकारी, गैरसरकारी र निजीक्षेत्रका निकाय हुन् । त्यस्ता निकायले प्रदान गर्ने सेवाको प्रकार, लक्ष्य, उद्देश्य र वार्षिक कार्यक्रम तथा बजेटको प्रकृति अनुसार अभिभावक शिक्षाको पाठ्यक्रम तयार गर्छन् ।

अभिभावकको क्षमता विकासमा विभिन्न निकायले निर्वाह गर्नुपर्ने भूमिकालाई यस प्रकार पहिचान गर्न सकिन्छ । सरकारी, गैरसरकारी र निजीक्षेत्रका निकायले अभिभावक शिक्षा कार्यक्रमलाई आफ्नो वार्षिक बजेट र कार्यक्रममा समावेश गर्नुपर्छ । अभिभावकलाई आफ्नो निकायले प्रदान गर्ने सेवाको प्रभावग्राहीका रूपमा महत्त्व दिनुपर्छ । त्यस्ता निकायमा गठन हुने समितिमा अभिभावकको प्रतिनिधित्व हुने व्यवस्था मिलाउनुपर्छ । सेवाको गुणस्तर अनुगमनमा अभिभावकलाई सहभागी गराउने व्यवस्था गर्नुपर्छ । अभिभावक शिक्षालाई विभिन्न माध्यम र विधिबाट सञ्चालन गर्नुपर्छ । त्यस्ता निकायको वार्षिक उत्सव तथा सामाजिक परीक्षणका कार्यमा अभिभावकलाई समावेश गर्नुपर्छ । कुनै नयाँनौलो कार्यक्रम सुरु हुनुअघि अभिभावकलाई जानकारी दिने प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । अभिभावकबाट प्राप्त भएका रचनात्मक सल्लाह र सुझावलाई आवश्यकतानुसार अनुकूलन गरी अपनाउनुपर्छ ।

## बालमैत्री विद्यालय र अभिभावकको भूमिका

बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार

गरिन्छ, बालबालिकालाई पठनपाठन गरिन्छ। बालमैत्री विद्यालयमा बालबालिकाले शारीरिक, मानसिक एवं सम्वेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँछन् । बालबालिकाको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोहीअनुसार उनीहरूको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ । बालमैत्री विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाइएको हुन्छ । यस्तो विद्यालयमा बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । बालबालिकालाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिकस्तर, शारीरिक एवं मानसिक कारण देखाई कुनै भेदभाव गरिँदैन । पढाइलेखाइका अतिरिक्त बालबालिकाको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ । यस्तो विद्यालयमा कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजायलाई निषेध गरिएको हुन्छ र बालबालिकालाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ । बालमैत्री विद्यालयले बालबालिकाको सर्वोच्चतालाई आत्मसात् गरेका हुन्छन् ।

बालमैत्री विद्यालयमा अभिभावकको सक्रिय र भूमिका महत्त्वपूर्ण हुन्छ। विद्यालयको बैठकमा नियमित रूपमा भाग लिने गर्नुपर्छ। विद्यालयको नीति, योजना, कार्यक्रम र पठनपाठन विधिबारे राम्रो जानकारी राख्नुपर्छ । आफ्नो क्षमता र सामर्थ्यअनुसार विद्यालयको विकाससँग सम्बन्धित कार्यमा सहभागी भै सहयोग गर्नुपर्छ । आफ्ना बालबालिकाको सिकाइ प्रगति, कमजोरी र सुधारका उपायबारे शिक्षक र प्रधानाध्यापकसँग सरसल्लाह गर्नुपर्छ । विद्यार्थीको सिकाइमा आफ्नो पनि जिम्मेवारी रहन्छ भन्ने भावनाका साथ अभिभावकले काम गर्नुपर्छ। अभिभावकले विद्यालयप्रति सकारात्मक भावना राख्नुपर्छ।

**अपाङता भएका व्यक्तिप्रति अभिभावकले गर्नुपर्ने व्यवहार**

अभिभावकले घरपरिवार तथा समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिलाई पहिचान गरी उनीहरूलाई गर्नुपर्ने व्यवहारप्रति सचेत हुन जरुरी हुन्छ। अपाङ्गता भएका व्यक्तिसँग अन्तरक्रिया गर्दा अपमानजनक शब्दको प्रयोग गर्नुहुँदैन, उनीको आत्मसम्मानमा चोट नपुग्ने गरी मर्यादित शैलिमा सम्मानजनक शब्द प्रयोग गर्नुपर्छ ।

**अभिभावक शिक्षाको अनुगमन गर्नुपर्ने आवश्यकता**

अभिभावक शिक्षा आवश्यकतानुसार प्रदान गरिने अनौपचारिक शिक्षा हो । अभिभावक शिक्षा अभिभावकको सहकार्य हासिल गर्न सञ्चालन गरिन्छ। अभिभावक शिक्षा प्राप्त अभिभावकले आफ्ना घरपरिवारमा कार्यक्रमको उपलब्धिको अनुभव गर्न सक्छन् । सम्बन्धित निकायलाई कार्यक्रमको प्रभावकारिता, सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहको पहिचान हुन्छ।

अभिभावक शिक्षाको अनुगमनबाट बालबालिकाको शैक्षिक प्रगतिको अवस्था यकिन गर्न सकिन्छ । घरमा आधारित पठनपाठनमा देखिएका ससम्याको पहिचान गरी समस्या समाधान गर्न सकिन्छ । यसबाट विद्यालय, प्रधानाध्यापक, शिक्षकबिचको सम्बन्ध मजबुत बनाउँछ। विद्यालयप्रति सकारात्मक

वातावरणको सिर्जना हुन्छ । बालविकास,  बाल संरक्षण, विद्यालय शिक्षा, जनस्वास्थ्य, सरसफाइ र स्वच्छता,  परिवार योजना, टोल सुधार, कृषि उत्पादन, बजार विकास, विपत व्यवस्थान, अपाङ्गता भएका व्यक्तिको हेरचाह आदि क्षेत्रमा अभिभावकको संलग्नता बढछ । विकास निर्माणका साना तिना काममा पनि सरकारी मुख ताक्ने बानीमा सुधार हुन्छ । त्यसैले अभिभावक शिक्षा दिएर मात्र पुग्दैन समय समयमा अभिभावक शिक्षाको अनुगमन पनि गर्न सकिन्छ ।

## अभिभावक शिक्षाको प्रभावकारिता अनुगमन गर्ने तरिका

कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु र अभाभावक शिक्षा कार्यक्रममा सुधार गर्नु अभिभावक शिक्षा अनुगमनको मूल अभिप्राय हो । घरदैलो भ्रमण गरेर, अभिभावकसँग अन्तरक्रिया गरेर, सोधपुछ गरेर, बैठक र भेला गरेर, विद्यार्थीको शैक्षिक प्रगतिको प्रतिवेदनमा अभवभावकको प्रतिक्रिया प्राप्त गरेर, शैक्षिक कार्यशाला गोष्ठिमा अभिभावकलाई आफ्ना कुरा राख्न दिएर, सर्वेक्षण फाराम प्रयोग गरेर, रुजू सूची फाराम वितरण गरेर र सर्वेक्षक टिम खटाई मोबाइल फेनको याप्स वा अनलाइन फाराम प्रयोग गरी डाटा सङ्कलन गरेर  अभिभावक शिक्षाको अनुगमन गर्न सकिन्छ ।

## अभिभावक शिक्षाको अनुगमन गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्भव भएसम्म सम्बन्धित विद्यालयका शिक्षक वा विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक सङ्घका पदाधिकारीमध्ये एक जनालाई साथै लिएर अभिभावकको घरमा जानुपर्छ । अभिभावक शिक्षाको प्राभवकारिता अनुगमन गर्ने क्रममा सुरुमा भेट गर्दा अभिभावकलाई आदर सम्मानपूर्वक अभिभावदन गर्नुपर्छ । अभिभावकको मनोभावनामा आँच पुग्ने तरिकाले प्रश्न गर्नु हुँदैन । अभिभावकका घरपरिवारका सदस्यको आन्तरिक मामिलामा दखल पुग्ने कुरा गर्नुहुँदैन । प्रभावकारी सञ्चार सिप र सहजीकरण विधिको प्रयोग गरी अभिभावक शिक्षाको अनुगमन गर्नुपर्छ । अभिभावकलाई हौसला प्रदान गर्दै नम्र भावले बिदा माग्नुपर्छ ।

## निष्कर्ष

विद्यालय र शिक्षकको एक्लो प्रयासले मात्र विद्यालय शिक्षा भरपर्दो र गुणस्तरीय हुन सक्दैन । यसका लागि बालबालिकालाई तयारीका साथ विद्यालय पठाउनेदेखि दैनिक रूपमा घरमा पठनपठन पाठन गर्नगराउन अभिभावककै भूमिका महत्त्वपूर्ण हुन्छ । अभिभावक विद्यालय शिक्षाका प्रत्यक्ष सरोकारवाला र प्रभावग्राही हुन् । कुनै विद्यालय शिक्षाको गुणस्तर र प्रभावकारिता कस्तो छ भन्ने कुरा अभिभावकको सन्तुष्टिले जनाउँछ । विद्यालय शिक्षालाई विश्वसनीय र गुणस्तरीय बनाउने आधार पनि अभिभावकसँग नै सम्बन्धित हुन्छ । विद्यालय शिक्षालाई सुदृढ गर्न अभिभावक शिक्षाको आवश्यकता महसुस गर्न थालिएको छ । यसका लागि हरेक समुदायका अभिभावकलाई शिक्षा विधि र बालबालिका प्रतिगर्नुपर्ने समुचित व्यवहार प्रदर्शन गर्न गराउन अभिभावक शिक्षा दिने गर्नुपर्छ । यसका लागि दिनुपर्ने समय र विषयवस्तुका बारेमा पर्याप्त समय अगावै अभिभावक शिक्षा प्रदान गर्नुपर्छ । अभिभावक शिक्षामा शिक्षक, विद्यार्थी र अभिभावकबिचमा परिपूरक सम्बन्ध रहेको हुन्छ । उक्त कुरालाई दृष्टिगत गरी

वर्तमान शिक्षा ऐन नियमावलीमा समेत विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ जस्ता विद्यालयको शैक्षिक संयन्त्रमार्फत् अभिभावकलाई समेटने र नेतृत्वदायी भूमिका प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

## सन्दर्भ सामग्री


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति

शिक्षा ऐन, २०२८ (संशोधनसहित), कानुन किताब व्यवस्था समिति

शिक्षा नियमावली, २०५९ (संशोधनसहित), कानुन किताब व्यवस्था समिति

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, कानुन किताब व्यवस्था समिति

अभिभावक शिक्षा, सहजकर्ताका लागि सन्दर्भ सामग्री, २०७९, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

प्रशासनिक नेतृत्व विकास तथा क्षमता अभिवृद्धि, तालिम स्रोत पुस्तिका २०७३ निर्वाचन आयोग, काठमाडौँ

प्राथमिक शिक्षक सहयोग स्वाध्ययन सामग्री, पेसागत सिप भाग १, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

ब्रोसर पीडीएफ अभिभावक शिक्षा सिकाइ निरन्तरता अभियान, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

लैङ्गिक जीवनोपयोगी सिप र वित्तीय शिक्षा सम्बन्धी पाँचदिने कस्टमाइज्ड शिक्षक तालिम (माध्यमिक तह) प्रशिक्षक निर्देशिका, २०८०

गुणस्तरीय शिक्षाका लागि बालमत्री विद्यालय राष्टिय पारूप, २०६७, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

महिला लक्षित शिक्षक सेवा आयोग तयारी अध्ययन सामग्री, २०७५ प्रथम संस्करण, शैक्षिक जनशक्ति विकास केन्द्र

असल अभिभावकका १५ पहिचान -आचार्य लक्ष्मण भण्डारी चितवन पोष्ट क्भउतझदभच १०, २०१९

अभिभावक र सन्तानको द्वन्द्व, २७ श्रावण २०७०

https://beta.gorkhapatraonline.com/opinion/2022-03-12-59684

https://nagariknews.nagariknetwork.com/opinion/47628-1376261161.html

नेपालमा सूचना प्रविधिको आवश्यकता, समस्या र सुझाव, गम्भीरबहादुर हाडा २०७९, कात्तिक २५ ११:१६ https://www.aarthikdainik.com/view/&$(&^/

# शिक्षामा स्वजागरण

✍ कमला ज्ञवाली
उपसचिव, नेपाल सरकार

**लेखसार**

*यस लेखले शिक्षाको मूल उद्देश्य विषयगत ज्ञानभन्दा पनि आत्मज्ञान र स्वजागरण हुनुपर्छ भन्ने मान्यता प्रस्तुत गर्छ । वास्तविक शिक्षा भनेको आफूलाई चिन्नु हो किनकि हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द, आरोग्य र अन्तरनिहित प्रतिभा रहेको हुन्छ । यसलाई शिक्षाले जागृत गराउनुपर्छ । बाह्य धनसम्पत्ति, पदप्रतिष्ठाले यी मूल्य दिन सक्दैनन् । आत्मज्ञानबिनाको विषयगत ज्ञान प्रभावकारी हुन नसक्ने भएकाले वर्तमान शिक्षा प्रणालीले खुसी, शान्ति र आनन्द दिन नसकेको लेखमा उल्लेख छ । राष्ट्रको समृद्धि व्यक्तिको स्वजागरणसँग जोडिएको हुन्छ । समस्या बाहिर होइन, मानिसको सोच र चेतनामा छ र समाधान पनि आफैँभित्रै छ । परिवर्तन सानो कामबाट, आफूबाट सुरु गर्नुपर्छ । स्वजागरण भएको व्यक्तिमा इमानदारी, नैतिकता, अनुशासन, आत्मविश्वास र सत्यनिष्ठा विकसित हुन्छन्, जुन देश विकासका आधारस्तम्भ हुन् । त्यसैले शिक्षाको मूल्याङ्कन न्एब मात्र होइन, खुसी, शान्ति, आनन्द र आरोग्यका आधारमा हुनुपर्छ । लेखले शिक्षा क्षेत्रमा सरोकारवालाको भूमिकालाई स्पष्ट गरेको छ । अभिभावकले गर्भ अवस्थादेखि नै संस्कारयुक्त वातावरण दिनुपर्छ । विद्यालयमा शिक्षक स्वयम् स्वजागृत, खुसी र प्रेरित हुनुपर्छ । प्रारम्भिक बालविकासमा पाठ्यपुस्तकभन्दा जीवन सिप, संस्कार र समग्र विकासमा जोड दिनुपर्छ । स्थानीय सरकारले नीतिगत र संस्थागत सुधार गर्दै शिक्षक उत्प्रेरणामा भूमिका खेल्नुपर्छ । शिक्षा तथा खेलकुद मन्त्रालयले आत्मज्ञान र सिपमुखी शिक्षामा केन्द्रित नीति, पाठ्यक्रम र तालिम विकास गरी विद्यालयलाई रोजगारी र समृद्धिको केन्द्र बनाउनुपर्छ । लेखले शिक्षा खुसी, आत्मदीप्ति, शान्ति र सकारात्मक ऊर्जाका लागि हुनुपर्छ भन्ने निष्कर्ष निकाल्दै 'संस्कार र सिपयुक्त शिक्षा' मार्फत स्वजागरणलाई अबको शिक्षाको गन्तव्य बनाउनु अपरिहार्य रहेको निष्कर्ष प्रस्तुत गरेको छ ।*

**मेरो सोच**

भगवान् गौतम बुद्धको भनाइमा स्वयम्लाई चिन्नु वास्तविक शिक्षा हो । भगवान् गौतम बुद्ध स्वयम्लाई चिनेको र स्वजागृत भएको व्यक्ति हो कुनै औपचारिक शिक्षा र र GPA प्राप्त व्यक्ति होइन । हरेक व्यक्तिभित्र अन्तरनिहित प्रतिभा/जीवन ऊर्जा रहेको हुन्छ । त्यो जीवन ऊर्जालाई जगाउने काम मात्र शिक्षाको हो । हरेक व्यक्ति स्वयम् आफैँबाट जाग्यो भने मात्र राष्ट्र जाग्छ, समृद्धि हुन्छ । हरेक व्यक्तिमा खुसी, शान्ति, आनन्द, आरोग्य छ तर प्रस्फुटन हुन सकेको छैन । त्यसैले व्यक्तिले ती चिज पैसा, धन, सामग्री, पद, प्रतिष्ठा, इज्जत र बाहिरी संसारमा खोजिरहेको छ तर प्रकृतिमा त्यस्तो छैन ।

धनले स्वास्थ्य, खुसी, शान्ति र आन्नद खरिद गर्न सक्दैन । हरेक व्यक्ति आफूभित्रबाटै जागृत हुनुपर्छ । त्यो जागृति शिक्षाबाट मात्र सम्भव छ । हामीकहाँ विषयगत ज्ञानको कमी होइन आत्मज्ञानको कमी छ । म को हुँ, मेरो जिम्वेवारी के हो, मेरो कर्तव्य के हो, मेरो क्षमता के हो र सत्य के हो भन्ने प्रश्नको जवाफ स्वयम्ले दिन सक्नु नै आत्मज्ञान हो । आत्मज्ञानबिनाको विषयगत ज्ञान कामयावी हुन सक्दैन । वर्तमान परिस्थितिलाई हेर्ने हो भने शिक्षाले खुसी, शान्ति,आनन्द र आरोग्य दिन नसकेको प्रस्ट देखिन्छ । कुनै पनि देशको विकास हुन शिक्षा राम्रो हुनुपर्छ । विकसित देशमा शिक्षाले व्यक्तिलाई स्वजागरण गराउन सकेको देखिन्छ । विकसित राष्ट्रमा व्यक्तिको सकारात्मक सोच, उच्च मनोबल/आत्मबल, साहस, लगनशीलता, अनुशासनबाट यो कुरा प्रस्ट हुन्छ । जीवनलाई सुगन्धित बनाउन तीन कुरा भन्न सक्नुपर्छः धन्यवाद, क्षमा, मलाई थाहा छैन । यी तीन चिजले मानिसलाई अन्तरात्मादेखि खुसी, शान्ति, आनन्द र आरोग्य प्रदान गर्छन् । जीवनमा सत्य, निष्ठा, नैतिकता र इमानदारीलाई बढाउँछन् । अहिले हाम्रो मुलुकमा हुनुपर्ने काम भइरहेको छैन भने नहुनुपर्ने काम नै धेरै हुनुमा शिक्षाले स्वजागरण गराउन नसक्नु हो भन्ने मेरो २२ वर्षको शिक्षा क्षेत्रको अनुभवले भनिरहेको छ । त्यसैले मेरो अभियान शिक्षामा स्वजागरण हो ।

## वास्तविकता

हामीकहाँ हेराइ (Hardware) भन्दा सोचाइ (Software) मा समस्या छ । आफूमा समस्या छ र समाधान पनि आफूभित्र नै छ । बाहिरै समस्या देख्ने र बाहिरबाटै समाधान खोजेको कारण सुधार नभएको हो । ठुलो काम गर्न खोजियो भने गर्न सकिँदैन । ससानो कामबाट सुधार गरियो भने देश विकसित र समृद्ध हुन कतिबेर लाग्दैन । प रिवर्तन आफूबाट सुरु गर्नुपर्छ तब मात्र वास्तविक परिवर्तन हुन्छ । परिवर्तनको सुधार आफैँबाट सुरु गर्नुपर्छ । आफू बदलिएर देखाउनेले संसार बदलेका छन् । अरुलाई बदल्न खोज्ने डिप्रेसनको सिकार बनेका छन् । आफू जागृत भएको व्यक्तिमा रिस, लोभ, ईर्ष्या, घृणा हुँदैन, हुन्छ त केवल इमानदारी, नैतिकता, अनुशासन, आत्मविश्वास, लगनशीलता, सत्य, निष्ठा जुन देश विकासका लागि आवश्यक स्तम्भ हुन् । त्यसैले शिक्षामा स्वजागरणको पहिलो आवश्यकता खुसी, शान्ति,आनन्द र आरोग्य हो, सिकाइ उपलब्धिको औसत प्राप्ति (न्एब) मात्र हैन । स्वजागरणले मात्र सिकाइ उपलब्धि राम्रो हुन्छ । सर्वप्रथम शिक्षक खुसी हुनुपर्छ, जसले जे बाढ्यौं त्यही पाइन्छ । शिक्षक खुसी नभई विद्यार्थीलाई खुसी बनाउन सकिँदैन । त्यसैले धन आर्जन हैन, ध्यान आर्जन गर्न सिकाउनुपर्छ । सम्पत्ति जोड्न हैन, असल संस्कार र सम्बन्ध जोड्न सिकाउनुपर्छ । अहिले शरिरका भन्दा मनमा, मनमा भन्दा भावनामा र भावनामा भन्दा गहिरो समस्या चेतना/आत्मामा देखिन्छ । शरीरले स्वास्थ्य, मनले खुसी, भावनाले शान्ति र चेतनाले आनन्द खोज्छ । शरीरका लागि व्यायाम, मनका लागि प्राणायाम, भावनाका लागि सत्सङ, भक्ति, भजन/सङ्कीर्तन,समर्पण र चेतनाका लागि ध्यान आवश्यक पर्छ । यसले स्वयम्लाई चिन्न मद्दत गर्छ । आजको आवश्यकता स्वयम्को शिक्षामा स्वजागरण हो । मानिस खुसीका लागि औषधी प्रयोग गरिरहेका हुन्छन् । औषधी भनेको दवाई हो जसले स्वास्थ्यलाई दबाउँछ र नयाँ स्वास्थ्य समस्या जन्माउँछ । प्रकृतिमा अद्भुत नियम छ । चौरासी व्यजन बनाउन सकिन्छ तर भोक किन्न सकिँदैन । महँगो बिस्तरा बनाउन सकिन्छ तर निद्रा किन्न

सकिँदैन । त्यसैले भौतिक चिजवस्तुभन्दा अभौतिक, देख्न नसकिने, छुन नसकिने चिज अमूल्य छन् । यी कुरा प्राप्त गर्नु नै असली जीवन हो ।

## जिम्मेवारी

शिक्षा खुसी, आत्मदीप्ति र सकारात्मक ऊर्जाका लागि हो । त्यसका लागि शिक्षा क्षेत्रका सरोकारवालाले निम्नलिखित भूमिका निर्वाह गर्न सक्नुपर्छः

### अभिभावकले के गर्ने ?

बालबालिकाको पहिलो शिक्षा आमाको गर्भबाट सुरु हुन्छ । त्यसैले गर्भ अवस्थाबाट नै बालबालिकालाई कस्तो बनाउने हो त्यसै खालको आहार, विहार, विचार पद्धति अपनाउनुपर्छ । आमा नै असल संस्कार सिकाउन सक्ने पहिलो गुरु हुन् । आमाबुबा सन्तानका लागि ऐना हुन् । आमाबुबा संस्कारी भएमात्र सन्तान संस्कारी हुन्छन् । रोगमुक्त शरीर तनावमुक्त मन र हिंसामुक्त समाज निर्माणका लागि घरपरिवारको वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । असल सन्तानका लागि असल आमाबुबा हुनुपर्छ । जस्तो भोगाइ त्यस्तै सिकाइ हुन्छ । प्रशंसाले आत्मबलको विकास हुन्छ भने अभावमा हुर्केको बालकले हरेक कुराको मूल्य थाहा पाउन सिक्छ । त्यसैले बालबालिकालाई कस्तो बनाउने पहिलो भूमिका अभिभावकमा निर्भर रहन्छ । घरको वातावरणले सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ । हामीले सच्चा अभिभावक बन्न सक्नुपर्छ । भनिन्छ ८ वर्ष पूरा हुदाँसम्म बालबालिकाको ८० प्रतिशत मात्र मानसिक विकास  भएको हुन्छ । प्रारिम्भक बाल विकासमा लेखाउनु हुँदैन हाम्रा अविभावक ज्फभ धयचप धेरै खोजिरहनुभएको छ । त्यसैले पहिलो जागरण अविभावकमा ल्याउनुपर्छ । हस्तरेखाको पूर्ण रूपमा विकास नभई लेखाउँदा बालबालिकामा आत्मबल कमजोर, बेखुसी, अशान्ति र आरोग्य घट्दै जान्छ ।

### विद्यालयले के गर्ने ?

बालबालिकाको दोस्रो घर विद्यालय हो । विद्यालयमा बालबालिकालाई आत्मदीप्ति  गराउने दायित्व शिक्षकको हुन्छ । यसका लागि  शिक्षकमा  स्वजागृति हुनुपर्छ । स्वजागरण भएको शिक्षकले मात्र आफ्ना बालबालिकालाई स्वजागरण गराउन सक्छ । त्यसैले शिक्षक खुसी,शान्त,आनन्दित र आरोग्य बन्नुपर्छ । खुसी शिक्षकले मात्र खुसी बाँड्न सक्छ । अहिले शिक्षाले यी कुरा दिन सकेको देखिँदैन । शिक्षक स्वउत्प्रेरित भएको पाइँदैन । शिक्षक जस्तो हुन्छ, विद्यार्थी त्यस्तै हुन्छ । शिक्षक बालबालिकाको ऐना हुन् । संस्कारी शिक्षक भएमात्र विद्यार्थी संस्कारी बन्छ । विद्यार्थीले सबैभन्दा बढी शिक्षकले भनेका कुरामा विश्वास गर्छन् । त्यसैले सर्वप्रथम शिक्षक आफैँमा स्वजागरण हुनु जरुरी छ । शिक्षकमा सुधार नभएसम्म शिक्षामा  सुधार गर्न सकिँदैन । प्रारम्भिक  बालविकासमा बालबालिकालाई गृहकार्य दिनुभन्दा संस्कार सिकाउनु आवश्यक छ । उनीहरूलाई खुसी हुन, शान्त हुन, आनन्दित हुन र  आरोग्य हुन सिकाउनु आवश्यक छ ।  यस तहमा शारीरिक, मानसिक, भावनात्मक,आध्यात्मिक विकास पूर्णरूपमा गराउने क्रियाकलाप मात्र गराउनुपर्छ । पाठ्यपुस्तक पढाउने लेखाउने होइन जीवन पढाउनुपर्छ ।

प्रारम्भिक बालविकासका बालबालिकालाई जीवन ऊर्जा जगाउन सकियो भने जीवन खुसी, शान्त, आनन्द र स्वस्थ भएर सत्य निष्ठा र इमानदारीको विकास हुन्छ। हरेक मानिस शान्त नभई देशमा क्रान्ति आउँदैन। त्यसैले सर्वप्रथम प्रारम्भिक बालविकास तथा शिक्षालाई सुधार गरौँ। समस्याको मूल केन्द्र मन हो। समस्या र समाधान त्यसमै हुन्छ। प्रत्येक व्यक्तिमा आफ्नो जीवन/भविष्य निर्माण गर्ने सामर्थ्य हुन्छ। आफूले म को हुँ भनेर नचिनेसम्म समस्या समाधान हुँदैनन्। यसर्थ विद्यालयलाई सिकाइ केन्द्र बनाऔँ। शिक्षामा सिपलाई जोडौँ। त्यसका लागि एक विद्यालय एक उद्यम कार्यक्रमको अभियान चलाउनुपर्छ। विद्यालयलाइ परिवर्तनको केन्द्र/रोजगार केन्द्र बनाउनुपर्छ।भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ८ मा अवस्थित श्री महेन्द्रग्राम माविमा प्रत्येक शुक्रवार कपाल काट्ने अभियान सुरु भइसकेको छ। यो मोडेललाई सबै विद्यालयले कार्यान्वयनमा ल्याउन कोसिस गर्नुपर्छ।

**स्थानीय सरकारले के गर्ने ?**

सङ्घीय शासन व्यवस्थाले शिक्षाका २३ ओटा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ। त्यसैले आफ्नो कार्यक्षेत्रमा शिक्षा कस्तो बनाउने र नीतिगत, कानुनी, संस्थागत, संरचनागत पक्षको विकास कसरी गर्ने भन्ने जिम्मेवारी स्थानीय सरकारको हो। स्थानीय सरकार राम्रो, समृद्ध हुन शिक्षा राम्रो हुनुपर्छ। जुन देशको शिक्षाले व्यक्तिलाई आत्मदीप्ति गर्न सक्यो त्यो देश आज विश्वको प्रथम स्थानमा रहेको छ। निष्ठा, सत्य, नैतिकता, सहचरित्रता, इमानदारीको जग स्थानीय सरकारबाट सुरु हुनुपर्छ। आआफ्नो क्षेत्रमा शिक्षकलाई उत्प्रेरित/प्रोत्साहन हुने गरी काम गर्न सकेमा मात्र सुधार सम्भव छ

**शिक्षा तथा खेलकुद मन्त्रालयले के गर्ने ?**

शिक्षा तथा खेलकुद मन्त्रालय राम्रो नभएसम्म अरू मन्त्रालयका काम राम्रो हुन सक्दैनन् किनभने हरेक व्यक्तिलाई जगाउने काम यही मन्त्रालयको हो। प्रत्येक व्यक्तिमा रहेको अन्तर्निहित प्रतिभा (जीवन ऊर्जा) प्रस्फुटन नभएसम्म देशमा समृद्धि आउन सक्दैन। कुनै पनि देशको समृद्धि भनेको शिक्षाको राष्ट्रिय नीति, नियम,कानुन कार्यक्रममा भर पर्छ। सबैभन्दा उत्कृष्ट पेसा शिक्षण पेसालाई बनाउने गरी नीतिगत, कानुनी, संस्थागत, संरचनागत सुधार गर्नुपर्छ। स्रोतभन्दा सोचमा समस्या छ। अब हामीले स्वजागरणमा केन्द्रित गरेर शिक्षा परियोजना ल्याउनुपर्छ। तालिमका प्याकेजमा स्वजागरणका विषयवस्तु समेट्नुपर्छ। शिक्षा तथा खेलकुद मन्त्रालय मुख्य मन्त्रालय भएकाले यस मन्त्रालयले अनुकरणीय काम गर्नुपर्छ। विषयगत ज्ञानभन्दा आत्मज्ञानका विषयवस्तुमा केन्द्रित गरेर पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम प्याकेज बनाई त्यसैअनुरूप शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्छ। शिक्षालाई सिप, सिपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार, बजारलाई रोजगारी र रोजगारीलाई समृद्धिसँग जोड्नका लागि विद्यालयलाई परिवर्तनको केन्द्र बनाउनुपर्छ। सिपबिनाको शिक्षाले शैक्षिक बेरोजगारीलाई मात्र बढाउँछ त्यसैले 'एक विद्यालयमा एक उद्यम कार्यक्रम' को अभियानमार्फत शिक्षामा सिपलाई जोड्दै जानुपर्छ। कम्तीमा १० कक्षा पास भएर निस्कँदा एउटा सिपको क्षमता प्रत्येक बालबालिकाले पाउने गरी मन्त्रालयले काम गर्नुपर्छ। सिपबिनाको प्रमाणपत्र

संसारमा बिक्दैन। विद्यालयलाई शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना बनाउने होइन कि रोजगारी उत्पादन गर्ने रोजगार केन्द्र बनाउनुपर्छ। संस्कार र सिपयुक्त शिक्षा हामी सबैको इच्छा भन्ने नारा तय गरी कार्यक्रम अगाडि बढाउनुपर्छ। विषयगतभन्दा आत्मज्ञानमा केन्द्रित भएर मन्त्रालयले बजेट, नीति, कार्यक्रम ल्याउन ढिला भइसकेको छ। संस्कार र सिपयुक्त शिक्षा हामी सबैको इच्छा' भने नारा तय गरी शिक्षाले अबका कार्यक्रम सञ्चालन गर्नुपर्छ। ४०% बालबालिकामा १४ वर्षभित्रै मानसिक समस्या सुरु हुन्छ। १६-४० वर्षका १९ जना युवाले दैनिक आत्महत्या गरेको मुख्य कारण बेखुसी र तनाव नै हो। रोगमुक्त शरीर, तनावमुक्त र हिंसामुक्त समाज निर्माणका लागि अहम् भूमिका शिक्षाको हो। शिक्षाले मात्र आत्मदीप्ति गराउन सक्छ। स्वजागरण जागेको प्रत्येक व्यक्तिले मात्र सत्य बुझ्न सक्छ। अबको शिक्षाको गन्तव्य शिक्षामा स्वजागरण नै हो। आफूलाई बदल्नेले मात्र संसार बदल्न सक्छ।

### मेरो निष्कर्ष

शिक्षा विषयगत ज्ञानको सञ्चय मात्र नभई स्वयम्लाई चिन्ने, आत्मज्ञान प्राप्त गर्ने र अन्तरनिहित जीवन ऊर्जालाई जागृत गराउने प्रक्रिया हो। हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द र आरोग्य विद्यमान भए पनि स्वजागरणको अभावका कारण मानिसले ती मूल्य बाहिरी धन, पद र प्रतिष्ठामा खोजिरहेको छ। आत्मज्ञानबिनाको शिक्षा प्रभावहीन हुन्छ र यही कमजोरीका कारण वर्तमान शिक्षा प्रणालीले व्यक्ति र समाजलाई सन्तुलित, खुसी र नैतिक बनाउन सकेको छैन। राष्ट्रको समृद्धि व्यक्तिगत स्वजागरणबाट सुरु हुन्छ। सोचाइ र चेतनामा परिवर्तन नगरी संरचना र स्रोत मात्र सुधारेर समस्या समाधान हुँदैन। परिवर्तन सानो कामबाट, आफूबाट सुरु हुनुपर्छ। स्वजागृत व्यक्ति मात्र इमानदार, अनुशासित, नैतिक र आत्मविश्वासी हुन्छ, जसले समाज र राष्ट्र निर्माणमा सकारात्मक योगदान दिन सक्छ। त्यसैले शिक्षाको मूल्याङ्कन खुसी, शान्ति, आनन्द र आरोग्यका आधारमा हुनुपर्छ। अभिभावक, शिक्षक, विद्यालय, स्थानीय सरकार र मन्त्रालय सबैले स्वजागरण केन्द्रित दृष्टिकोण अपनाउनुपर्छ। विशेषत: शिक्षक स्वयम् खुसी र स्वजागृत नभएसम्म विद्यार्थीमा स्वजागरण सम्भव हुँदैन। प्रारम्भिक बालविकासदेखि नै जीवन सिप, संस्कार, आत्मज्ञान र सिपयुक्त शिक्षा दिनु अनिवार्य छ। शिक्षा खुसी, आत्मदीप्ति, शान्ति र सकारात्मक ऊर्जाका लागि हुनुपर्छ। 'संस्कार र सिपयुक्त शिक्षा' मार्फत आत्मज्ञान र स्वजागरणलाई शिक्षाको केन्द्र बनाइएन भने नत व्यक्तिगत जीवन सुधार हुन्छ, न समाज र राष्ट्र नै समृद्ध बन्छ। आफूलाई बदल्ने व्यक्तिले मात्र संसार बदल्न सक्छ भन्ने मान्यतासहित अबको शिक्षाको अन्तिम गन्तव्य शिक्षामा स्वजागरण नै हो।

# युवामैत्री शासनका सूचक

✍ गेहनाथ गौतम
प्रशासकीय प्रमुख,
राष्ट्रिय युवा परिषद्, सानोठिमी

**लेखसार**

*राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने भनी नेपालको संविधानको युवासम्बन्धी नीतिमा उल्लेख छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार १६ देखि ४० वर्षका बिचको उमेर समूहलाई युवा मानेको छ ।राष्ट्रिय जनगणना, २०७८ अनुसार यस उमेर समूहभित्र ४२.५६ प्रतिशत जनसङ्ख्या रहेको देखिन्छ । युवालक्षित योजना र कार्यक्रमलाई समस्त नेपाली युवाको विकास र परिचालनका लागि केन्द्रीय सरकारी निकायको रूपमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ बमोजिम नेपाल सरकारले राष्ट्रिय युवा परिषद् स्थापना भएको छ ।नेपालमा स्थापित सबै सरकारी निकायको कार्यप्रक्रिया र उपलब्धिलाई युवाका दृष्टिकोणबाट मापन गरी युवामैत्री शासनको स्तरीकरण आवश्यक देखिन्छ ।*

**पृष्ठभूमि**

नेपालको संविधानको भाग ३ मा मौलिक हकको विभिन्न व्यवस्था र भाग ४ मा राज्यका निर्देशक सिदान्त, दायित्व तथा नीतिमा समेत युवा विकास एवम् युवा परिचालनका बारेमा विशेष व्यवस्था गरिएको छ । धारा ४८ मा नागरिक कर्तव्यको बारेमा उल्लेख गरिएको छ भने संविधानको धारा ५१ (ञ) ७ को युवासम्बन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ ।

नेपालमा युवा विकासका लागि वि.सं. २०६६ सालमा पहिलो पटक र वि.सं. २०७२ मा परिमार्जित राष्ट्रिय युवा नीति २०७२ जारी गरियो । त्यसलाई प्रभावकारी रूपमा लागु गर्ने उद्देश्यले वि.सं. २०७२ साल असोज १९ गतेको नेपाल सरकार मन्त्रीपरिषदबाट युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना जारी भएको र हाल यसको अवधि समाप्त भइसकेको छ ।

**युवा उमेर समूह र नेपालको जनसङ्ख्या अनुपात**

राष्ट्रिय युवा परिषद ऐन २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहका जनसङ्ख्यालाई युवा समूहमा वर्गीकृत गरेको छ । युवा उमेर कायम गर्ने अभ्यास हेर्दा संयुक्त राष्ट्रसङ्घले युवा भनेर १५-२५ वर्षबिचको उमेर समूहका व्यक्तिलाई परिभाषित गरेको छ (युएनडीपी युवा रणनीति २०१८-२२)। विश्व बैङ्कले पनि १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । भारत, पाकिस्तान र श्रीलङ्कामा १५ देखि २९ वर्ष उमेर समूहलाई युवा मानिन्छ । बङ्गलादेशमा १८ देखि ३५ वर्ष र मालद्विभ्समा १८ देखि ३४ वर्ष उमेर समूहलाई युवा मानिन्छ । युरोपियन युनियनमा १५ देखि २९ वर्ष र संयुक्त राज्य अमेरिकामा १४ देखि २४ वर्ष उमेर समूहलाई युवा उमेर कायम गरिएको छ । यस आधारमा अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको बिचमा कायम गरिएको पाइन्छ । नेपालमा पनि राष्ट्रिय युवा नीति, २०८२ मार्फत युवा उमेर समूहलाई १८ देखि ३५ वर्ष कायम गरिएको छ ।

**१६ देखि ४० वर्ष उमेर समूहका हेर्दा नेपालको प्रदेशगत रूपमा रहेको युवा उमेर समूहका जनसङ्ख्याको अनुपात देहायअनुसार रहेको छ :**




प्रस्तुत तालिकाअनुसार सबै प्रदेशमा महिलाको अनुपात नै बढी रहेको देखिन्छ भने सुदूरपश्चिममा सबैभन्दा बढी महिलाको प्रतिशत ५५.६९ रहेको छ । बागमती प्रदेशमा भने करिब सन्तुलनको नजिक रहेको देखिन्छ । यसै गरी १८ देखि ३५ वर्ष समूहलाई आधार मानेर हेर्दा नेपालको प्रदेशगत रूपमा रहेको युवा उमेर समूहका जनसङ्ख्याको अनुपात देहायअनुसार रहेको छ :

## नयाँ नीतिअनुसार युवा जनसङ्ख्या

| Province | Sex | Total Population | Youth Population (18-35 years age) | % of Youth Population |
|---|---|---|---|---|
| Koshi | Male | 23,87,208 | 6,43,850 | 26.97 |
| Koshi | Female | 26,17,095 | 8,08,189 | 30.88 |
| Madhesh | Male | 32,41,404 | 8,53,490 | 26.33 |
| Madhesh | Female | 32,74,059 | 10,08,635 | 30.81 |
| Bagmati | Male | 31,15,333 | 9,88,037 | 31.72 |
| Bagmati | Female | 32,01,840 | 10,54,846 | 32.94 |
| Gandaki | Male | 11,18,421 | 2,91,293 | 26.05 |
| Gandaki | Female | 13,09,562 | 4,02,184 | 30.71 |
| Lumbini | Male | 24,61,449 | 6,89,486 | 28.01 |
| Lumbini | Female | 27,89,859 | 9,29,383 | 33.31 |
| Karnali | Male | 8,23,653 | 2,38,588 | 28.97 |
| Karnali | Female | 8,98,932 | 2,98,406 | 33.20 |
| Sudurpaschim | Male | 12,36,143 | 3,28,050 | 26.54 |
| Sudurpaschim | Female | 14,36,883 | 4,68,131 | 32.58 |
| Total | | 2,99,11,841 | 90,02,568 | 30.10 |

30

युवा उमेर समूह मुलुकको समृद्धि, विकास तथा प्रगतिका अधिक योगदान गर्न सक्ने जिम्मेवार अवधि मानिन्छ । नीति तर्जुमा रक यान्वियनमा दुई पाँच वर्षको कमवेशीले लगानी र प्राथमिकतामा पर्ने प्रभावबाहेक उल्लेख्य असर हुँदैन । युथ भिजन २०२५ ले १६-२४ वर्ष उमेर समूहलाई शिक्षा, व्यक्तित्व विकास, सिप सिक्ने चरणका रूपमा वर्गीकरण गरेको छ । यसैगरी २५-४० वर्ष उमेर समूहलाई व्यवसाय, स्वरोजगार, आयआर्जन गर्ने चरणका रूपमा बढी जोड दिएको छ ।

**युवामैत्री शासनको अवधारणा**

युवाको अर्थपूर्ण सहभागिता र सहकार्यमा सञ्चालन गरिने शासन प्रणालीलाई युवामैत्री शासन भनिन्छ । युवाको अधिकारलाई सुनिश्चित गर्नका लागि ल्याइएको शासकीय अवधारणा नै युवामैत्री स्थानीय शासन हो । (युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७५ रायुप) युवामैत्री स्थानीय शासनका लागि युवा स्वयम्मा आफ्नो अधिकार र कर्तव्यको जानकारी हुन आवश्यक छ ।वास्तवमा युवा उमेर आफ्नो नेतृत्व विकास र क्षमता विकास गर्दै सामाजिक सद्भाव अभिवृद्धिमा योगदान गर्ने भूमिकामा रहेको हुन्छ । यसका साथै समूह सहकार्य र साझेदारी विकास विश्व बन्धुत्वको भावनाका अभिवृद्धि तथा सहिष्णुता र समझदारी विकासमा जीवन्तता प्रदान गर्न सिक्ने र सिकाउने समय पनि हो । यस अर्थमा युवाको सहभागिता र योगदानलाई संस्थागत गरी जनसाङ्ख्यिक लाभ लिन पनि स्थानीय तहदेखि नै शासन प्रणालीमा युवा र युवाको भावना समेट्न सक्नु पर्छ ।

नेपालको संबैधानिक व्यवस्थाले युवा सशक्तिकरणमा जोड दिएको छ । युवाको क्षमता विकास र सशक्तीकरणलाई व्यवाहारिक रूपमा कार्यान्वयन गर्ने तीनै तहका सरकार तथा विकास साझेदार निकायहरू अग्रसर हुनु पर्छ । युवाका नाममा उमेर समुहगत सहभागिता मात्र होइन उनीहरूको क्षमता

विकाससहित सुशासन प्रवर्धन गर्न आवश्यक छ । यसबाट मात्र युवामैत्री शासनको अपेक्षाअनुसार उपलब्धि हासिल गर्न सहज हुन्छ ।

स्थानीय तह शासनको आधारभूमि हो । युवामैत्री स्थानीय शासनका लागि सरोकारवालाबिच प्रभावकारी सहकार्य हुन सक्नुपर्छ । स्थानीय सरकारले आफ्नो समुदायका युवाहरूको आवश्यकताअनुसार नीति निर्माण गर्नुपर्छ । निर्णयका सबै चरणहरूमा हरेक सीमान्तकृत समुदायका युवाहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ ।

**युवामैत्री स्थानीय तह स्वमूल्याङ्कन सूचक**

सबै सरकारी निकायको कार्यप्रक्रिया र उपलब्धिलाई युवाका दृष्टिकोणबाट मापन गरी युवामैत्री शासनको स्तरीकरण गर्न सहज बनाउन आवश्यक छ । यसका लागि राष्ट्रिय युवा परिषद्बाट युवामैत्री शासन अभिवृद्धिका लागि युवामैत्री स्थानीय तह स्वमूल्याङ्कन सूचक विकास गरी परीक्षण भइरहेको छ । यस मूल्याङ्कन पद्धतिबाट समावेशी र सहभागितामूलक सेवा प्रवाह र उपभोग गर्ने सन्दर्भमा कानुनले तोकेको उमेर समूहका युवाको सहभागिता र विकासका क्षेत्रमा भएका संस्थागत नीति, कानुन, कार्ययपद्धति र उपलब्धिको पहिचान तथा मूल्याङ्न गरी मूलतः युवामैत्री स्थानीय शासन अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा रहेको छ (स्वमूल्याङ्कन फारम, २०८२) । 'युवामैत्री शासन मूल्याङ्कन सूचक, २०८२' मा कुल १०० अङ्क कायम भएको छ । यस मूल्याङ्कन फारममा युवा लक्षित नौओटा क्षेत्र समेटिएका छन् । यी क्षेत्र र मूल्याङ्न भार देहाय अनुसार रहेको छ :

१. नीतिगत संरचना (युवा नीति, कार्ययोजना, बजेट छुट्याइएको) २० अङ्क

२. सहभागिता र नेतृत्व (निर्णय प्रक्रियामा युवाको प्रतिनिधित्व) १८ अङ्क

३. सेवा पहुँच (शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीका सेवाहरूको पहुँच) १० अङ्क

४. खेलकुद, मनोरञ्जन, कला र संस्कृति १० अङ्क

५. पारदर्शिता र निगरानी प्रणाली ६ अङ्क

६. युवा सन्तुष्टि (युवाको सेवा अनुभव र सन्तुष्टि स्तर) ६ अङ्क

७. कार्यक्रमको प्रभाव (युवा लक्षित कार्यक्रमको परिणाममूलक प्रभाव) १० अङ्क

८. डिजिटल पहुँच र जानकारी ( युवालाई प्राविधिक वा डिजिटल सेवा पहुँच) १० अङ्क

९. उद्यमशीलता १० अङ्क

माथि लेखिएका नौओटा युवा सरकोकारका क्षेत्रअन्तर्गत ४५ ओटा सूचक समेटिएका छन् । यी सूचकमध्ये नीतिगत संरचना क्षेत्रअन्तर्गत युवा नीति तर्जुमा भएको, युवा नीति कार्यान्वयनको कार्ययोजना बनेको,

कार्ययोजनाअनुसार वार्षिक बजेट विनियोजन, युवासम्बन्धी कानुन तर्जुमा, स्थानीय युवा परिषद्को गठन भएको र वडा स्तरमा युवासम्बन्धी संरचना बने नबनेको जस्ता विषयमा मापन गर्न खोजिएको छ । यसै गरी सहभागिता र नेतृत्व क्षेत्रअन्तर्गत स्थानीय तहमा निर्वाचित युवाको प्रतिनिधित्व, बस्ती स्तरको योजना निर्माण प्रक्रियामा युवाको सहभागिता, योजना कार्यान्वयनमा युवाको सहभागिता, विपत् व्यवस्थापन र जलवायु शासनमा युवाको सहभागिता, स्वयंसेवकीय कार्यमा युवाको संलग्नता, युवा दिवसलगायतका दिवस तथा उत्सवमा युवाको संलग्नता र युवा नेतृत्व क्षमता विकाससम्बन्धी कार्यक्रम हुने गरे नगरेको मापन गरिन्छ । यसका साथै सेवा पहुँच क्षेत्र अन्तर्गत युवासम्बन्धी वस्तुगत विवरण/ प्रोफाइल तयार गरिएको, महिला, दलित, आदिवासी,अपाङ्गगता भएका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक युवाको पहुँच, रोजगार सूचना केन्द्रको स्थापना भएको, विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवाको उपलब्धतादेखि शिक्षाको स्तरमा सुधार जस्ता विय समेटिएका छन् ।

खेलकुद, मनोरञ्जन, कला र संस्कृति क्षेत्रअन्तर्गत स्थानीय तहभा सार्वजनिक पार्क तथा उद्यानको उपलब्धता, सार्वजनिक खेल मैदानको उपलव्धता, खेलकुद प्रतियोगिताको आयोजना, सांस्कृतिक संरक्षण र कला प्रवर्धनका लागि कार्यक्रम तर्जुमा समुदाय स्तरमा साहित्य, कला,सङ्गीत, नृत्य जस्ता विषयको तालिमको प्रबन्धजस्ता विषय समेटिएका छन् । पारदर्शिता र निगरानी प्रणाली क्षेत्रअन्तर्गत सार्वजनिक सुनुवाइमा युवाको सहभागिता, योजना अनुगमन तथा मूल्याङ्कन प्रकृयामा युवाको संलग्नता र सूचना प्रवाह र प्राप्तिमा युवाको पहुँच रहेका छन् ।

युवा सन्तुष्टि क्षेत्रअन्तर्गत युवा सन्तुष्टि सर्वेक्षण र नतिजा, भविष्यप्रति सकारात्मक दृष्टिकोण भएका युवाको सङ्ख्या र विभेद, बाल विवाह, दुर्व्यवहार वा हिंसाको अवस्था रसुरक्षा, संरक्षण रहेका छन् । युवा लक्षित कार्यक्रमको परिणाममूलक प्रभाव क्षेत्रअन्तर्गत न्यून आयको रेखामुनि बस्ने युवाको प्रतिशतमा कमी, कार्यक्रमपछि स्थायी वा आंशिक रोजगारी पाउने युवाको सङ्ख्या, स्वदेश मै रोजगारी रोज्ने युवाको दरमा वृद्धि र सरकारी वा निजी डिजिटल सेवामा पहुँचसम्बन्धी तालिमजस्ता सूचक रहेका छन् । डिजिटल पहुँच र जानकारी क्षेत्रअन्तर्गत डिजिटल क्राइम र सेक्युरिटीसम्बन्धी तालिम, इन्टरनेट पहुँचसम्बन्धी तालिम, डिजिटल उपकरण प्रयोग गर्ने क्षमतासम्बन्धी तालिम, सूचना प्रविधिको ज्ञानसम्बन्धी तालिम  र सरकारी वा निजी डिजिटल सेवामा पहुँचसम्बन्धी तालिम रहेका छन् । यसै गरी उद्यमशीलता आधार क्षेत्रअन्तर्गत स्वरोजगार सुरु गर्ने युवाको प्रतिशत, नयाँ व्यवसाय सुरू गर्ने युवाको सङ्ख्या, व्यवसाय छ महिनाभन्दा बढी सञ्चालनमा रहेको दर, व्यवसायद्वारा सिर्जना गरिएको रोजगारीको सङ्ख्या र नवप्रवर्तन क्षमता भएका युवा सङ्ख्या रहेका छन् ।

उल्लिखित नौओटा आधारअन्तर्गत समेटिएका सूचकमा युवाको क्षमता विकास देखि नीति निर्माण कार्यान्वयसम्म सहभागितालाई स्मेटिएको छ । यसका साथै खेलकुद, मनोरञ्जन, डिजिटल पहुँच र जानकारी तथा गरिवी घटेको अवस्थादेखि उद्मशीलता प्रवर्धनको अवस्थाका साथै युवा सन्तुष्टि सर्वेक्षण, नतिजा र शिक्षाको स्तरमा सुधारको अवस्था पनि समेटिएको छ ।

यो युवामैत्री शासन (स्थानीय तह) मूल्याङ्कन फारम, २०८२ भर्ने क्रममा फारममा उल्लेख भएका

सबै सूचक अध्ययन गरी विषयवस्तुमा स्पष्ट हुनुपर्छ । मूल्याङ्कन फाराम भर्नुपूर्व स्थानीय तहका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र युवा हेर्ने शाखासँग समन्वय गर्नुपर्छ। यसको उद्देश्य, प्रक्रिया र आधारबारेमा स्पष्ट जानकारी गराएर सकेसम्म एकै स्थानमा बसी फाराम भर्ने वातावरणको अपेक्षा गरिएको छ । यो सहभागितामूलक पद्धतिबाट स्थानीय सरकारको सिङ्गो अङ्गलाई नै मूल्याङ्कनमा अपनत्व बोध हुने विश्वास लिएको छ ।यसमा पुस्ट्याइँका आधार र सम्बद्ध सूचना तथा प्रमाण सङ्कलन गर्नका साथै अपाङ्गतामैत्री र लैङ्गिकमैत्री संरचना एवम् नीति तथा कार्यक्रममा महिला, दलित, आदिवासी, अपाङ्गंता भएका, यौनिक एवम् लैङ्गिक अल्पसङ्ख्यक समूहको सहभागिताको अवस्था पहिचान गर्नुपर्ने छ । यो मूल्याङ्कन फारामलाई स्वमूल्याङ्न गर्ने पद्धतिका रूपमा संस्थागत गर्ने सोच रहेको छ। यसर्थ क्रमशः स्थानीय तहले स्थानीय युवा समिति/परिषदबाट स्वमूल्याङ्कन गराई कार्यपालिकाबाट प्रमाणित गरी विवरण सार्वजनिक गर्नुपर्ने हुन्छ । यसका लागि सबै स्थानीय तहमा स्थानीय युवा परिषद् र सबै प्रदेशमा प्रदेश युवा परिषद् गठन गरी थप महत्त्व दिन सक्नुपर्छ ।

**आगामी दायित्व**

आम युवामा राष्ट्रिय युवा परिषदले मुलुकभित्रै व्यावसायिक र लगानीमैत्री वातावरण सिर्जना गरी प्रतिभावान् युबाको ज्ञान, श्रम, सिप, क्षमताको उपयोग गर्ने वातावरण बनाउन सहयोगी भूमिका खेल्ने अपेक्षा रहेको देखिन्छ । युवा उद्यमशीलता, सिप विकास, इन्क्युबेसन, नवप्रवर्तन, सूचना प्रविधि, स्टार्टअप तथा फेलोसिप कार्यक्रमका माध्यमबाट ब्रेनड्रेनलाई न्यूनीकरण गर्दै ब्रेनगेन र ब्रेन सर्कुलेसनमा समेत जोड दिँदै जान आवश्यक छ । युवामैत्री शासनको प्रवर्धनबाट नै यी अपेक्षा पूरा गर्न थप सहजता मिल्ने छ ।

**उससंहार**

राष्ट्रिय युवा नीतिका अपेक्षा, युवाका चाहना र मुलुकको आवश्यकताअनुसार सेवा प्रवाह गर्न कुनै एक निकायबाट मात्र एक्लै सम्भव हुँदैन । स्वमूल्याङ्कन पद्धतिबाट समावेशी र सहभागितामूलक सेवा प्रवाह र उपभोग गर्ने सन्दर्भमा युवाको सहभागिता र विकासमा प्राथमिकता बढाउन आवश्यक छ। युवाका सन्दर्भमा क्षेत्रमा भएका संस्थागत नीति, कानुन, कार्यपद्धति र उपलब्धिको पहिचान तथा मूल्याङ्नबाट नै युवामैत्री स्थानीय शासन अभिवृद्धिमा योगदान पुग्न सक्छ । राष्ट्रिय युवा परिषदले साझेदार निकाय र सरोकारवालाको व्यापक सहभागिताबाट आफ्नो स्थापनाको करिब १० वर्षमा युवामैत्री स्थानीय तहको पहिचान गर्ने  नौ क्षेत्रका ४५ सूचकसहितका आधार सार्वजनिक गरेको छ। यस उपलब्धिलाई अधिकतम अभ्यासमा ल्याउँदै नेपालको शासन पद्धतिलाई समावेशी बनाउने दिशामा सबैको योगदान अपेक्षित देखिन्छ ।

## सन्दर्भ सामग्री

- नेपालको संविधान  कानुन किताव व्यवस्था समिति ।
- राष्ट्रिय युवा परिषद ऐन २०७२ र राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ ।
- युथ भिजन -२०२५ तथा दशवर्षे रणनीतिक योजना, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार ।
- युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७५ राष्ट्रिय युवा परिषद् ।
- युवामैत्री शासन (स्थानीय तह) मूल्याङ्कन फारम, २०८२ राष्ट्रिय युवा परिषद् ।
- राष्ट्रिय युवा नीति, २०८२ ।
- अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ अगष्ट १२ (श्रावण २७, २०८२) सप्ताहव्यापी कार्यक्रम ब्रोसियर, राष्ट्रिय युवा परिषद् ।
- राष्ट्रिय युवा परिषदका दश वर्ष (२०७२ - २०८२) राष्ट्रिय युवा परिषद् ।

# सार्वजनिक वस्तुका रूपमा शिक्षा र नेपालमा यसको अभ्यास

✍ पुण्यप्रसाद भट्टराई
निर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विषय प्रवेश

शिक्षा मानव सभ्यताको विकास, सामाजिक, सांस्कृतिक रूपान्तरण र राष्ट्र निर्माणको सबैभन्दा शक्तिशाली माध्यम हो । यसले नागरिक/व्यक्तिलाई सचेत, सक्षम, नैतिक र उत्पादनशील बनाउने मात्र नभई समाजमा न्याय, नैतिकता, समानता र लोकतान्त्रिक मूल्य मान्यताको संस्थागत विकास गर्न अपरिहार्य जगको काम गर्छ। आधुनिक कल्याणकारी राज्य (Welfare state) को अवधारणामा शिक्षालाई नागरिकको नैसर्गिक हक र राज्यको प्राथमिक/अनिवार्य दायित्वका रूपमा स्वीकार गरिएको छ।

अर्थशास्त्र र राजनीतिशास्त्रको दृष्टिकोणबाट शिक्षालाई एक सार्वजनिक वस्तु (Public Good) वा मेरिट वस्तु (Merit Good) को रूपमा व्याख्या गरिन्छ। सार्वजनिक वस्तुको उपभोगबाट कसैलाई पनि बञ्चित गर्न मिल्दैन । यसका साथै शिक्षाले समाजमा व्यापक सकारात्मक बाह्य प्रभाव (Positive Externalities) सिर्जना गर्छ । कुनै पनि देशको समतामूलक र सर्वाङ्गीण विकास तथा सामाजिक न्यायको उच्च सुनिश्चितताका लागि शिक्षामा आम नागरिकको समतामूलक र गुणस्तरीय पहुँच हुनु अनिवार्य मानिन्छ ।

नेपालको शैक्षिक इतिहासलाई हेर्दा वि.सं. २००७ अघिको सङ्कुचित अवस्थाबाट गुज्रँदै हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म आइपुग्दा शिक्षा क्षेत्रको विकासमा उल्लेख्य गुणात्मक परिवर्तन आएको देखिन्छ। नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क पाउने मार्गदर्शन गरेको छ। नेपालले संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य (Sustainable Development Goals–SDG) बमोजिम सन् २०३० सम्ममा सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। यी नीतिगत र कानुनी व्यवस्थाले नेपालमा शिक्षालाई एक सार्वजनिक वस्तुका रूपमा स्थापित गर्न खोजेको स्पष्ट हुन्छ।

नीतिगत सङ्कल्प र व्यावहारिक धरातलबिच ठुलो विरोधाभास र खाडल विद्यमान देखिन्छ। राजनीतिक परिवर्तनले उदारवादी आर्थिक नीतिको अवलम्बन गरेसँगै शिक्षा क्षेत्रमा निजी लगानीको तीव्र विस्तार भएको छ । शिक्षा बिस्तारै सार्वजनिक वस्तु (Public Goods) बाट रूपान्तरित भई व्यापारिक वस्तु (Private/Commercial Good) का रूपमा विकसित हुन पुगेको छ। वर्तमान समयमा नेपालको शिक्षा प्रणाली स्पष्ट रूपमा दुई धारमा विभाजित छः एकातिर कमजोर भौतिक पूर्वाधार, न्यून गुणस्तर र व्यवस्थापकीय कमजोरी झेलिरहेका सरकारी (सामुदायिक) विद्यालय छन् भने अर्कोतिर सम्पन्न वर्गका

लागि मात्र पहुँचयोग्य, महँगो र पश्चिमा बजारमुखी शिक्षा प्रदान गर्ने निजी (संस्थागत) विद्यालय छन् । यही द्वैध शिक्षा प्रणालीका कारण शिक्षाले समाजमा विद्यमान आर्थिक र सामाजिक असमानतालाई न्यूनीकरण गर्नुको सट्टा उल्टै वर्गीय खाडललाई अझ गहिरो बनाउँदै लगेको देखिन्छ । संविधानले निःशुल्क भनेको शिक्षा प्राप्त गर्नका लागि समेत आम नागरिकले चर्को आर्थिक भार बेहोर्नुपर्ने अवस्था छ । नेपालमा शिक्षालाई कानुनी र सैद्धान्तिक रूपमा सार्वजनिक वस्तु मानिए तापनि व्यवहारमा यो किन व्यापारीकरणको चपेटामा परिरहेको छ? भन्ने प्रश्न आजको प्रमुख प्राज्ञिक तथा नीतिगत बहसको विषय बनेको छ ।

## अवधारणागत तथा सैद्धान्तिक पक्ष

शिक्षाको भूमिका र यसको वितरण प्रणालीलाई सही ढङ्गले बुझ्नका लागि अर्थशास्त्र र राजनीतिक दर्शनमा विकास भएका सार्वजनिक वस्तुका सिद्धान्त (Public Goods Theory) लाई केलाउनु आवश्यक हुन्छ । अर्थशास्त्रमा वस्तु र सेवालाई तिनीहरूको प्रकृतिका आधारमा निजी वस्तु (Private Goods) र सार्वजनिक वस्तु (एगदष्जि न्ययमक) मा वर्गीकरण गरिन्छ । अमेरिकी अर्थशास्त्री पल स्यामुएल्सन (Paul A. Samuelson) ले सन् १९५४ मा प्रतिपादन गरेको सार्वजनिक वस्तुको सिद्धान्तअनुसार कुनै पनि वस्तु पूर्ण रूपमा सार्वजनिक हुनका लागि मुख्य दुईओटा विशेषता हुनु अनिवार्य मानिन्छ :

(क) अवर्जितता (Non–excludability): कुनै पनि नागरिकलाई उक्त वस्तुको उपभोग गर्नबाट वञ्चित वा अलग गर्न हुँदैन, चाहे उसले त्यसका लागि भुक्तानी गरोस् वा नगरोस् । जस्तैः सडक ।

(ख) अप्रतिद्वन्द्विता (Non–rivalry): एक नागरिकले सो वस्तुको उपभोग गर्दा अर्को नागरिकका लागि उपलब्ध हुने मात्रा वा गुणस्तरमा कुनै कमी आउनु हुँदैन । जस्तैः हावा र पानी




Info–graphics by AI tool

नेपालको द्वैध शिक्षा प्रणालीका कारण यी सिद्धान्त हुबहु लागु गर्न व्यावहारिक रूपमा कठिन देखिएको छ। गुणस्तर र पहुँचको दृष्टिकोणले यी पक्षमा प्रशस्त प्रश्न रहेका छन्। शिक्षाले समाजमा सिर्जना गर्ने व्यापक सकारात्मक बाह्य प्रभाव (Positive Externalities) का कारण यसलाई सार्वजनिक वस्तुको अग्रपङ्क्तिमा राखिन्छ। जब एक व्यक्ति शिक्षित हुन्छ, त्यसको लाभ उसलाई मात्र हुँदैन, त्यसको लाभ सिङ्गो समाज र राष्ट्रले पाउँछ। शिक्षित नागरिकले अपराध कम गर्छन्, आर्थिक उत्पादकत्व बढाउँछन्, नैतिक व्यवहार प्रदर्शन गर्छन्, स्वास्थ्य सचेतना फैलाउँछन्, सकारात्मक राजनीतिक संस्कार निर्माण गर्दै लोकतन्त्रलाई सुदृढ बनाउन सचेत मतदान गर्छन्।

अर्थशास्त्री रिचर्ड मस्ग्रेभ (Richard Musgravभ) का अनुसार शिक्षा एक मेरिट वस्तु (Merit Good) पनि हो। मेरिट वस्तु त्यस्तो वस्तु हो, जसको सामाजिक मूल्य उच्च हुन्छ। यसलाई बजारको भरमा मात्र छोडिदिने हो भने गरिबी र चेतनाको अभावका कारण मानिसहरूले यसको न्यूनउपभोग (Under–consumption) गर्छन्। जसको अर्थ वास्तवमा यसको मूल्यको आर्थिक तथा विभिन्न कारणबाट अवमूल्यन हुन पुग्छ।

समाजको हितका लागि राज्यले नै यसको व्यवस्थापन र निःशुल्क वितरण गर्नुपर्ने हुन्छ। सकारात्मक बाह्य प्रभाव र यसको सामाजिक महत्त्वलाई तलको रेखाचित्रमार्फत बुझ्न सकिन्छ, जहाँ शिक्षामा गरिने लगानीले कसरी व्यक्तिगत लाभभन्दा बढी सामाजिक लाभ (Social Benefit) सिर्जना गर्छ र बजारको असफलता (Market Failure) लाई रोक्न राज्यको हस्तक्षेप आवश्यक हुन्छ भन्ने देखाइएको छ :

सामाजिक लाभ (Social Benefit)= निजी लाभ (Private Benefit) + सकारात्मक बाह्य प्रभाव (Positive Externalitie)

निजी बजारले केवल निजी लाभ (Private Benefit) र मूल्य चुकाउन सक्ने क्षमता (Ability to Pay) लाई मात्र हेर्छ। यदि शिक्षालाई पूर्ण रूपमा बजारको जिम्मा लगाइयो भने यसले केवल नाफा कमाउने साधनको रूपमा काम गर्छ, जसलाई शिक्षाको वस्तुकरण (Commodification of Education) भनिन्छ। जब शिक्षा वस्तुकरणको प्रक्रियामा जान्छ, तब यो पैसा हुनेका लागि मात्र उपलब्ध हुने निजी वस्तु बन्न पुग्छ र सर्वसाधारण यसबाट वञ्चित हुन्छन्। अमर्त्य सेन (Amartya Sen) को क्षमता दृष्टिकोण (Capability Approach) ले शिक्षालाई मानव अधिकार र स्वतन्त्रता विस्तारको मुख्य औजार मान्दछ। सेनका अनुसार शिक्षाले मानिसको छनोट गर्ने र अर्थपूर्ण जीवन जिउने क्षमताको विकास गर्छ। सामाजिक न्याय, अवसरको समानता र मानव अधिकारको रक्षाका लागि पनि शिक्षालाई नाफानोक्सानको व्यावसायिक गणितभन्दा माथि राखेर सार्वजनिक वस्तुकै रूपमा व्यवहार गरिनुपर्छ। यही सैद्धान्तिक धरातलमा उभिएर लोककल्याणकारी राज्यहरूले शिक्षाको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिने गर्छन्। छनोटको अधिकारले मानिसले जुनसुकै शिक्षा प्रदायक छान्न सक्ने आधार निर्माण गर्नुपर्ने हो। एउटा ग्रामीण गरिबले सहरी राम्रा भनिएका विद्यालय स्तरको शिक्षा छनोट गर्न असम्भव देखिन्छ।

## संवैधानिक र नीतिगत व्यवस्था

नेपालको आधुनिक राजनीतिक इतिहास लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक न्याय र नागरिक अधिकार स्थापनाका लागि भएका अनेकन् आन्दोलनले भरिएको छ । यी राजनीतिक रूपान्तरणले देशको शैक्षिक नीति र कानुनी संरचनामा पनि दूरगामी प्रभाव पार्नु स्वाभाविकै हो । विशेष गरी नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै राज्यको चरित्रलाई समाजवादउन्मुख र लोककल्याणकारी बनाउने सङ्कल्प गरेको छ। यस संवैधानिक ग्यारेन्टीले नेपालमा शिक्षालाई प्रस्टसँग एक सार्वजनिक वस्तु (Public Good) का रूपमा कानुनी र नीतिगत वैधता प्रदान गरेको छ।

नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी हकलाई स्पष्ट रूपमा व्याख्या गरेको छ। आधारभूत शिक्षाको प्रत्याभूति गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ र राज्यले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क उपलब्ध गराउने छ भनिएको छ। माध्यमिक शिक्षाको हकअन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने उल्लेख छ। विशेष आवश्यकता भएका नागरिकको हकमा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक तथा दृष्टिविहीन नागरिकलाई, अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने हकको व्यवस्था छ । आफ्नो राष्ट्रिय भाषामा समेत शिक्षाको प्रत्याभूति गरिएको छ । संविधानको धारा ५१ को 'ज' मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई राज्यको लगानी बढाउँदै निजी लगानीलाई नियमन गर्ने र उच्च शिक्षा समेत निशुल्क गर्दै लैजाने उल्लेख छ। संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षाको पूर्ण व्यवस्थापनको अधिकार स्थानीय तहलाई सुम्पेको छ । यसले शिक्षालाई जनताको सबैभन्दा नजिकको सरकारमार्फत सार्वजनिक वस्तुका रूपमा वितरण गर्ने मार्गप्रशस्त गरेको छ। संविधानको यस व्यवस्थालाई व्यावहारिक रूप दिन सरकारले 'अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५' जारी गरेको छ । यस ऐनले राज्यका तीनै तह (सङ्घ, प्रदेश र स्थानीय सरकार) लाई विद्यालय उमेरका बालबालिकालाई विद्यालय भर्ना गराउने, टिकाउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने कानुनी जिम्मेवारी सुम्पेको छ । स्थानीय सरकारले समेत आवश्यक कानुनी व्यवस्था गर्दै गएका छन् ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा पनि शिक्षालाई निःशुल्क र पहुँचयोग्य बनाउने थुप्रै प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्य ले सन् २०३० सम्ममा संसारका सबै बालबालिकाका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने लक्ष्य राखेको छ । यसै लक्ष्यलाई पछ्याउँदै नेपाल सरकारले आफ्ना आवधिक योजना निर्माण गरेको छ। विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan – SESP) जस्ता दीर्घकालीन नीति लागु गरेर शैक्षिक सुधारका प्रयास गरिरहेको छ।

तसर्थ, सैद्धान्तिक र कानुनी दृष्टिकोणबाट हेर्दा नेपालको शिक्षाको नीतिगत जग अत्यन्तै सुदृढ,

आशावादी, प्रगतिशील र समाजवाद उन्मुख देखिन्छ । नेपालको कानुनले शिक्षालाई बजारको वस्तु (Market Commodity) नभई प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार र राज्यको अनिवार्य दायित्वका रूपमा आत्मसाथ गरेको छ । यी कानुनी व्यवस्थाको व्यावहारिक कार्यान्वयनको पाटो भने निकै चुनौतीपूर्ण र विरोधाभासपूर्ण छ ।

## वर्तमान अवस्था र चुनौती

नेपालको शैक्षिक नीति र कानुनी संरचना जति लोककल्याणकारी र समाजवादउन्मुख देखिन्छन्, यसको व्यावहारिक धरातल र कार्यान्वयनको पाटो त्यति नै विरोधाभासपूर्ण देखिन्छ । विगत केही दशकमा नेपालले प्राथमिक तहको खुद भर्ना दर (Net Enrollment Rate), लैङ्गिक समता सूचकमा सुधार र विद्यालयको भौतिक पहुँच विस्तार हुँदै लैजाने जस्ता सकारात्मक उपलब्धि हासिल नगरेको होइन । सार्वजनिक वस्तुका रूपमा शिक्षाको पहुँच, समता र गुणस्तरको कसीमा हेर्दा नेपालको शिक्षा क्षेत्रले सैद्धान्तिक र राष्ट्रिय मार्गदर्शनलाई पूर्ण रूपमा अँगाल्न सकेको देखिन्न । शिक्षा क्षेत्रका मुख्य चुनौतीलाई निम्नानुसार विश्लेषण गरिएको छः

## द्वैध शिक्षा प्रणाली

नेपालको विद्यालय शिक्षा स्पष्ट रूपमा दुईओटा समानान्तर धारमा विभाजित छः सामुदायिक (सरकारी) र संस्थागत (निजी) । राज्यको उदारवादी नीतिका कारण वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि निजी विद्यालयको विस्तार भयो । यसले गर्दा नेपालको शिक्षा प्रणालीले वर्गीय विभाजनलाई संस्थागत गर्ने काम गरेको छ । पैसा हुनेका लागि महँगो, सुविधायुक्त र अङ्ग्रेजी माध्यममा पढाइने निजी विद्यालय छन् भने आर्थिक रूपमा विपन्न, दलित, जनजाति र सीमान्तकृत समुदायका बालबालिकाका लागि पूर्वाधार र शिक्षकको अभाव झेलिरहेका सरकारी विद्यालय मात्र विकल्पका रूपमा बाँकी छन् । शिक्षा जस्तो पवित्र सार्वजनिक वस्तुमा भएको यो वर्गीय विभाजनले समाजमा हुने खाने र हुँदा खानेबिचको खाडललाई जन्मजात रूपमै निर्धारण गरिदिएको जस्तो देखिन्छ ।

## शिक्षाको व्यापारीकरण र वस्तुकरण

संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ग्यारेन्टी गरे पनि व्यावहारिक रूपमा शिक्षा नेपालमा सबैभन्दा महँगो वस्तु बन्न पुगेको छ । निजी विद्यालयले भर्ना, मासिक शुल्क, परीक्षा र अन्य विविध शीर्षकमा असुल गर्ने चर्को रकममाथि राज्यले पुनरवलोकन गर्न नसकेको जस्तो देखिन्छ । सार्वजनिक वस्तुको चरित्र सबैका लागि बराबर हुनुपर्ने भए पनि जसले बढी पैसा तिर्छ, उसले राम्रो शिक्षा पाउँछ भन्ने बजारे नियम (Market Principle) बाट निर्देशित देखिन्छ । सरकारी विद्यालयमा पनि राज्यले पर्याप्त बजेट नदिँदा उनीहरूले अङ्ग्रेजी माध्यम वा निजी स्रोतको शिक्षकका नाममा अभिभावकबाट अदृश्य रूपमा शुल्क उठाइरहेको गुनासो आएका छन्, जसले संविधानको निःशुल्क शिक्षाको सिद्धान्तमा विचलन ल्याएको छ ।

## सरकारी विद्यालयहरूको खस्कादो गुणस्तर

नेपालमा कुल विद्यार्थीको ठुलो हिस्सा अझै पनि सामुदायिक विद्यालयमै आश्रित छ। यी विद्यालयको नतिजा र गुणस्तर भने अत्यन्तै चिन्ताजनक देखिन्छ। कक्षा १० (SEE) र कक्षा १२ को नतिजालाई हेर्दा सरकारी विद्यालयका अधिकतम विद्यार्थी ननग्रेडेड (Non graded) हुने अवस्था देखिन्छ। सरकारी विद्यालयमा योग्य र तालिमप्राप्त शिक्षकको अभाव देखिन्छ र भए तापनि चरम राजनीतिकरण, व्यवस्थापकीय कमजोरी, जवाफदेहीको अभाव र न्यून कार्यसम्पादनका कारण यस्ता विद्यालय अभिभावक र विद्यार्थीको रोजाइबाट बाहिरिँदै गएका छन्। भौतिक पूर्वाधारको समेत अभाव देखिन्छ। यसले सार्वजनिक वस्तुको वितरणमा राज्य कमजोर भएको स्पष्ट आभास गराउँछ।

## शिक्षामा राज्यको न्यून लगानी

शिक्षालाई वास्तविक अर्थमा सार्वजनिक वस्तु बनाउन राज्यले यस क्षेत्रमा ठुलो र रणनीतिक लगानी गर्नुपर्छ। संविधानको नीतिमा नै स्पष्ट उल्लेख गरी अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाल सरकारले कुल राष्ट्रिय बजेटको कम्तीमा १५ देखि २० प्रतिशत वा कुल गार्हस्थ उत्पादन (GDP) को करिब ४ देखि ६ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाउँदै आएको देखिन्छ। वास्तविक बजेट विनियोजन भने विगत केही वर्षदेखि निरन्तर खुम्चिँदै गएको छ। विनियोजित बजेटको पनि अधिक हिस्सा शिक्षक र कर्मचारीको तलबभत्तामै खर्च हुन्छ। विद्यालयको भौतिक सुधार, प्रविधिमैत्री कक्षाकोठा, प्रयोगशाला र अनुसन्धानका लागि न्यून बजेट मात्र बाँकी रहन्छ। लगानीको यो सङ्कुचनले गर्दा सार्वजनिक शिक्षाको स्तर माथि उठ्न चुनौतीका चाङ लगाएको छ।

## सङ्घीयता कार्यान्वयनमा कानुनी र व्यावहारिक अन्योल

संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पे पनि सङ्घीय सरकारले लामो समयसम्म नयाँ 'सङ्घीय शिक्षा ऐन' जारी गर्न नसक्दा कानुनी अन्योलता कायमै छ। स्थानीय सरकारहरूमा जनशक्ति, बजेट र प्राविधिक क्षमताको कमी हुँदा उनीहरूले विद्यालयको प्रभावकारी अनुगमन, पाठ्यक्रम परिमार्जन र गुणस्तर सुधारमा ठोस काम गर्न कठिनाइ भएको छ। केही स्थानीय तहले राम्रो प्रयास गरे तापनि समग्र देशको सार्वजनिक शिक्षालाई मार्गनिर्देश गर्ने एकीकृत राष्ट्रिय दृष्टिकोणको भने अभाव खड्किएको छ।

## विश्लेषण तथा छलफल

माथि उठाइएका सैद्धान्तिक अवधारणा र नेपालको शैक्षिक यथार्थलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा नेपालमा शिक्षाको स्वरूप सार्वजनिक वस्तुको आदर्शभन्दा केही टाढा र व्यापारिक वस्तुको चरित्रसँग बढी नजिक देखिन्छ। पल स्यामुएल्सनको सार्वजनिक वस्तुको सिद्धान्त (Non–rivalry and non–excludabilitथ) को कसीमा नेपाली शिक्षालाई राखेर हेर्ने हो भने यहाँको शिक्षा प्रणालीले नागरिकलाई उनीहरूको आर्थिक हैसियतका आधारमा कमजोरलाई स्पष्ट रूपमा Exclude गरेको जस्तो देखिन्छ।

महँगो र गुणस्तरीय भनिएको निजी शिक्षा केवल उच्च र उच्च मध्यम वर्गीय परिवारका बालबालिकाको पहुँचमा मात्र सीमित रहनु र गरिब एवम् विपन्न वर्गका लागि न्यून गुणस्तरको सरकारी विद्यालय मात्र विकल्प हुनुले नेपालमा गुणस्तरीय शिक्षालाई एउटा मिश्रित वा व्यापारिक वस्तुमा परिणत गरिदिएको प्रस्ट पार्छ ।

शिक्षाको सकारात्मक बाह्य प्रभाव (Positive Externalities) को सिद्धान्त पनि नेपालमा विकृत बनेको छ । सिद्धान्ततः शिक्षाले समाजमा आर्थिक उत्पादकत्व बढाउनुका साथै सामाजिक न्याय र अवसरको समानता सिर्जना गर्नुपर्ने हो । नेपालको वर्तमान शिक्षा प्रणालीले समानता ल्याउनुको सट्टा समाजमा वर्गीय पुनरुत्पादन (Class Reproduction) गरिरहेको जस्तो देखिन्छ । निजी विद्यालयबाट उतीर्ण भएका विद्यार्थी तुलनात्मक रूपमा उच्च शिक्षा, वैदेशिक रोजगारी र आधुनिक श्रम बजारका आकर्षक अवसरहरूमा हाबी भइरहेका छन् । उनीहरू निजामती सेवातर्फ पनि कम आकर्षित भएको र विदेश नै पहिलो गन्तव्य बनाएका कारण शिक्षाको बाह्य प्रभाव सकारात्मक देखिन्न । रेमिटान्सको एउटा फाइदालाई विर्सिदिने हो भने विकसित अर्थतन्त्रको उत्पादकत्व बढाउनका लागि हाम्रो लगानी केन्द्रित भएको जस्तो देखिन्छ । सरकारी विद्यालयबाट निस्कने बहुसङ्ख्यक विद्यार्थी बजारमा प्रतिस्पर्धा गर्न नसकेर अदक्ष श्रम बजार वा न्यून ज्यालाको रोजगारीमा सीमित हुन बाध्य छन् । दैनिक तीन हजार भन्दा बढीको लर्को विदेशी श्रम बजारमा जाने समूह यसैअन्तर्गत पर्दछन् । यसले के देखाउँछ भने शिक्षा जुन आफैँमा वर्गीय विभेद अन्त्य गर्ने अस्त्र हुनुपर्ने थियो, त्यही नै समाजमा नयाँ र अझ बलियो वर्गीय खाडल खन्ने औजार बनेको देखिन्छ ।

रिचर्ड मस्ग्रेभको मेरिट वस्तु (Merit Good) को अवधारणाअनुसार यदि शिक्षाको पूर्ण जिम्मेवारी राज्यले नलिने हो भने समाजमा यसको न्यून उपभोग र असमान वितरण हुन्छ । यसले अर्थशास्त्रमा बजारको असफलता (Market Failure) सिर्जना गर्न सक्छ भनिन्छ । राज्यले शिक्षा क्षेत्रमा पर्याप्त लगानी नगर्दा र नियमन खुकुलो छाडिदिँदा निजी क्षेत्रले यसलाई नाफा कमाउने उद्योगको रूपमा विकास गऱ्यो । यस्ता संस्था कम्पनीका रूपमा दर्ता र सञ्चालन गरिनुले स्पष्ट रूपमा शिक्षाको वस्तुकरण (Commodification) र कल्याणकारी राज्यको विचलनका पक्षमा हाम्रो शिक्षा नीति दौडिरहेको जस्तो देखिन्छ । संविधानमा शिक्षालाई मौलिक हक भनिए पनि व्यावहारिक रूपमा यो नागरिकको क्रयशक्ति (Purchasing Power) वा पैसा तिर्न सक्ने क्षमतामा निर्भर हुनुले नेपालमा अर्थशाष्त्रीय भाषामा भन्दा कानुनी समाजवाद र व्यावहारिकताको पुँजीवादबिच तीव्र अन्तर्विरोध भएको छर्लङ्ग देखिन्छ । अमर्त्य सेनको क्षमता दृष्टिकोण (Capability Approach) का आधारमा विश्लेषण गर्दा नेपालको सार्वजनिक शिक्षा प्रणालीले आम नागरिकको वास्तविक क्षमता र स्वतन्त्रता विस्तार गर्न सकेको देखिँदैन । सरकारी विद्यालयको कमजोर नतिजा र सिकाइ उपलब्धिले बहुसङ्ख्यक नागरिकलाई आधुनिक युगका अवसरबाट बञ्चित गराएको छ । शिक्षाको यो दयनीय अवस्था र चरम व्यापारीकरणले गर्दा नेपाल दिगो विकास लक्ष्य को सबैका लागि समतामूलक र गुणस्तरीय शिक्षाको राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्कल्पबाट पछाडि धकेलिने निश्चित छ । नेपालमा शिक्षालाई वास्तविक अर्थमा सार्वजनिक वस्तु बनाउनका लागि बजारमुखी नवउदारवादी शैक्षिक नीति र राज्यको भूमिकामाथि व्यापक पुनरवलोकन

र संरचनात्मक सुधार (Structural reform) को टड्कारो आवश्यकता देखिन्छ ।

**सुझाव**

(क) शिक्षामा राज्यको लगानी वृद्धि (बजेट ग्यारेन्टी): सरकारले अन्तर्राष्ट्रिय मञ्चमा जनाएको प्रतिबद्धताअनुरूप कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत वा कुल गार्हस्थ उत्पादन (GDP) को करिब ६ प्रतिशत बजेट शिक्षा क्षेत्रमा अनिवार्य रूपमा विनियोजन गर्नुपर्छ । यो बजेट केवल साधारण खर्चमा मात्र नभई विद्यालयको भौतिक पूर्वाधार, डिजिटल प्रविधि, प्रयोगशाला र अनुसन्धानमा केन्द्रित हुनुपर्छ ।

(ख) निजी शिक्षाको न्यायोचित नियमन: संविधानको मर्मबमोजिम निजी विद्यालयलाई पूर्ण रूपमा नाफामुखी कम्पनीका रूपमा सञ्चालन गर्न रोक लगाउनै पर्छ । तिनीहरूको सेवा शुल्क, शिक्षकको पारिश्रमिक र भर्ना प्रक्रियामा राज्यको कडा र पारदर्शी नियमन हुनुपर्छ । दीर्घकालमा निजी विद्यालयलाई गुठी (Trust) मा रूपान्तरण गर्ने वा उनीको लगानी वैकल्पिक ढङ्गबाट फिर्ता गर्ने नीति लिई  एकै खाले राष्ट्रिय शिक्षा प्रणाली तर्फ अघि बढ्नुपर्छ ।

(ग) सार्वजनिक विद्यालयको गुणस्तर सुधार र जवाफदेही: सरकारी विद्यालयमा योग्य शिक्षक हुँदाहुँदै पनि नतिजा कमजोर हुनुको मुख्य कारण जवाफदेहीको कमी, तालिमको अभाव र अति राजनीतीकरण हो । शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडिनुपर्छ । Positive externalities सँग जोड्नुपर्छ । विद्यालयमा हुने चरम राजनीतीकरणलाई कानुनी रूपमै पूर्ण प्रतिबन्ध लगाइनुपर्छ ।

(घ) स्थानीय सरकारको सबलीकरण र सङ्घीय शिक्षा ऐन: सङ्घीय सरकारले तत्काल समयसापेक्ष र संविधानको मर्म अनुकूलको सङ्घीय शिक्षा ऐन जारी गरी कानुनी अन्योल चिर्नुपर्छ । सङ्घीयतामा केन्द्रिय कानुनको सर्वोच्चता हुने भएकाले तत्काल सङ्घीय कानुन आवश्यक छ । संविधानको अनुसूचीबमोजिम माध्यमिक तहसम्मको शिक्षाको अधिकार पाएका स्थानीय सरकारलाई बजेट, प्राविधिक जनशक्ति र योजना निर्माणमा सक्षम बनाइनुपर्छ ताकि उनीहरूले आफ्ना क्षेत्रका विद्यालयहरूको प्रभावकारी अनुगमन र व्यवस्थापन गर्न सकुन् ।

(ङ) सान्दर्भिक र प्राविधिक शिक्षामा जोड: शिक्षालाई केवल सैद्धान्तिक र प्रमाणपत्रमुखी बनाउनुको सट्टा विद्यालय तहदेखि नै समय सापेक्ष प्राविधिक, व्यावसायिक र सिपमूलक पाठ्यक्रम लागु गरिनुपर्छ । यसले शिक्षाको सामाजिक लाभ (Social Benefit) र उत्पादकत्व बढाई देशको आर्थिक विकासमा सोझो योगदान पुऱ्याउने छ र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने छ ।

(च) श्रम बजारलाई मध्यनजर गरी शैक्षिक प्रणाली निर्माण: सार्वजनिक सेवामा आवश्यक जनशक्ति निर्माण तथा सरकारको आर्थिक नीतिबमोजिमका निजी क्षेत्रमा आवश्यक जनशक्ति निर्माणका

लागि भाषा, प्रविधि र पाठ्यक्रममा व्यापक परिमार्जनका साथै शैक्षिक क्यालेन्डर नै परिवर्तन गर्न आवश्यक छ ।

## निष्कर्ष

सैद्धान्तिक, संवैधानिक र कानुनी रूपमा नेपालले शिक्षालाई एक उत्कृष्ट सार्वजनिक वस्तु (Public Good) र नागरिकको मौलिक हकका रूपमा स्वीकार गरे पनि व्यावहारिक धरातलमा यो गम्भीर विरोधाभासको चपेटामा परेको छ । उदारवादी नीतिको अनियन्त्रित अवलम्बन र सार्वजनिक शिक्षामा राज्यको सङ्कुचित लगानीका कारण नेपालमा शिक्षाको तीव्र वस्तुकरण र व्यापारीकरण भएको छ । परिणामस्वरूप नेपालको शिक्षा प्रणालीले समाजमा विद्यमान आर्थिक सामाजिक असमानतालाई न्यूनीकरण गर्नुको सट्टा उल्टै दुई भिन्न वर्गीय नागरिक उत्पादन गर्ने कारखानाको रूपमा काम गरिरहेको देखिन्छ ।

सरकारी विद्यालयको खस्कँदो गुणस्तर र निजी विद्यालयको महँगो चरित्रले गर्दा शिक्षामा आम नागरिकको समतामूलक पहुँचको ग्यारेन्टी भएको देखिँदैन । संविधानमा लेखिएका अधिकार र दिगो विकास लक्ष्यका प्रतिबद्धता केवल कागजमा सीमित हुने खतरा रहनु हुँदैन । शिक्षालाई बजारको नाफा नोक्सानको गणितबाट मुक्त नगरेसम्म र यसलाई राज्यको अक्षुण्ण दायित्वभित्र नसमेटेसम्म समतामूलक, न्यायपूर्ण र समाजवादउन्मुख नेपालको परिकल्पना सम्भव देखिँदैन । शिक्षालाई वास्तविक अर्थमा सार्वजनिक वस्तु बनाउनका लागि अब केवल नीतिगत सुधार मात्र नभएर दृढ राजनीतिक इच्छाशक्ति र संरचनात्मक रूपान्तरणको आवश्यकता छ ।

## सन्दर्भ सामग्री


नेपालसरकार, (२०१५), नेपालको संविधान, काठमाडौँः कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयय ।

नेपालसरकार, (२०१९), अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, काठमाडौँः शिक्षा तथा खेलकुद मन्त्रालय ।

Musgrave, R. A. (1959). The theory of Public Finance. New York: MCGraw-Hill.

Samuelson, P. (1954). The Pure Theory of Public Expenditure. Review of Economics and Statistics, 387-389.

Sen, A. (1999). Development as Freedom. New York: Oxford University Press.

UNESCO. (2015). Rethinking Education: Towards a global c

# सिकाइ उपलब्धि हासिल गराउने व्यावहारिक उपाय

✍ युवराज अधिकारी
निर्देशक
शैक्षिक गुणस्तर परीक्षण केन्द्र.

**लेखसार**

*पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि (Learning Outcomes) सबै विद्यार्थीलाई हासिल गराउन सक्ने अवस्थामा पुऱ्याउनु चुनौतीपूर्ण कार्य हो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको तथ्याङ्कअनुसार नेपालमा विद्यार्थीले विभिन्न विषयमा हासिल गरेको उपलब्धिस्तर औसतमा करिब ५० प्रतिशतको हाराहारीमा मात्र देखिन्छ । यसको मुख्य कारणमा परम्परागत शिक्षण विधि, कमजोर भौतिक पूर्वाधार, सिकाइ सामग्रीको न्यून प्रयोग, घर तथा विद्यालयमा उपयुक्त सिकाइ तथा पठन संस्कृतिको अभाव, अनुभवजन्य सिकाइ (Hands on activities) को अभाव, शिक्षकको सीमित पेसागत विकास आदि रहेका छन् । यस लेखले सिकाइ उपलब्धिस्तर अधिकतम रूपमा हासिल गराउनका लागि विश्वका सफल शैक्षिक अभ्यास (Best Practices) को अवगत गराउँदै नेपालको वर्तमान शैक्षिक अभ्यास, समस्या र चुनौतीको पहिचान गर्छ । यसले विद्यार्थीलाई केन्द्रमा राखेर समालोचनात्मक सोच, सिर्जनशीलता, प्रभावकारी सञ्चार, सहकार्यात्मक र समस्या समाधान गर्ने सिप विकास गरी नेपालको परिवेशमा सिकाइ उपलब्धिस्तर अधिकतम रूपमा हासिल गराउने सरल र व्यावहारिक उपाय प्रस्तुत गरेको छ ।*

**मुख्य शब्दावली** : पाठ्यक्रम, सक्षमता, सिकाइ सहजीकरण, सिकाइ उपलब्धि, मूल्याङ्कन

**विषय प्रवेश**

विद्यार्थीमा रहेको ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य गर्न सक्ने क्षमताको समग्रतालाई सक्षमता भनिन्छ । नेपालको वर्तमान विद्यालय तहको पाठ्यक्रम सक्षमतामा आधारित भई विकास गरिएको छ । सक्षमताले विद्यार्थीले के कुरा जान्छ भन्नेभन्दा पनि के गर्न सक्छ (What a student can do) भन्नेमा जोड दिन्छ । उदाहरणका लागि सञ्चार सक्षमता भन्नाले केवल लेख्न वा बोल्न जान्नु मात्र होइन, बरु विभिन्न माध्यम (मौखिक, लिखित, डिजिटल) बाट प्रभावकारी रूपमा आफ्नो विचार व्यक्त गर्ने, अरूको कुरा सुन्ने र बुझ्ने तथा सहकार्य गर्ने क्षमताको विकास गर्नु हो । सक्षमता तहगत र विषयगत रूपमा विकास गर्ने प्रचलन छ । नेपालको विद्यालय तहको पाठ्यक्रममा प्रारम्भिक बाल शिक्षा तथा विकास, आधारभूत तह र माध्यमिक तहका सक्षमता उल्लेख गरिएको छ भने आधारभूत तहअन्तर्गत कक्षा १-३ का सक्षमता, कक्षा ४-५ का सक्षमता र कक्षा ६-८ का सक्षमता रहेका छन् । त्यसै गरी माध्यमिक तहअन्तर्गत कक्षा ९-१० का सक्षमता र कक्षा ११-१२ सक्षमता रहेका छन् । यी दुवै आधारभूत र माध्यमिक तहका सक्षमतालाई विषयगत सक्षमताको रूपमा समेत निर्धारण गरिएको छ ।

सक्षमताका आधारमा विषयगत रूपमा विद्यार्थीबाट अपेक्षा गरिएका विशिष्ट र मापनीय उपलब्धिलाई सिकाइ उपलब्धि भनिन्छ । यी सिकाइ उपलब्धि विषयगत र कक्षागत रूपमा तयार गरिएका छन् । सिकाइ उपलब्धि भन्नाले कुनै खास अवधि (जस्तै : एक एकाइ, एक पाठ, एक कक्षा) को अन्त्यमा विद्यार्थीले हासिल गरेको वा प्रदर्शन गर्न सक्ने विशिष्ट र नाप्न सकिने ज्ञान, सिप र अभिवृत्ति हो । यो सक्षमताभन्दा विशिष्ट (Specific) हुन्छ र यसले सक्षमताको एउटा सानो अंशलाई मात्र समेट्छ । यो केवल परीक्षाको अङ्कमा मात्र सीमित नभई विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारगत परिवर्तनको समग्रता हो । १ देखि कक्षा १२ सम्म हरेक विषयको कक्षागत सिकाइ उपलब्धि तयार गरिएको छ । यिनै सिकाइ उपलब्धि प्राप्त भए नभएको लेखाजोखा गरी हासिल नभएसम्म निरन्तर रूपमा सहयोग गरी सिकाउनुपर्ने प्रावधान वर्तमान पाठ्यक्रमले उल्लेख गरेको छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउनु शिक्षाको गुणस्तर मापन गर्ने प्रमुख सूचक हो । विद्यालय तहमा सिकाइ उपलब्धि भनेको विद्यार्थीले पाएको ज्ञान, सिप, व्यवहार र सोचाइको मूर्त परिणाम हो, जसले पाठ्यक्रमका सक्षमता व्यवहारमा लागु भएको जनाउँछ (OECD, 2018)। शिक्षाको लक्ष्य केवल ज्ञान प्रदान गर्नु होइन, तर विद्यार्थीलाई जीवनोपयोगी सिप, समालोचनात्मक सोच र समस्या समाधान क्षमताले सुसज्जित बनाउनु हो (UNESCO, 2015)।

नेपालको विद्यालय शिक्षा सुधारका नीति विशेष गरी राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप, (:OEST, 2019) ले सिकाइ उपलब्धि सुधारलाई केन्द्रीय लक्ष्यका रूपमा व्याख्या गरेका छन् । तथापि शिक्षण विधिमा परम्परागत रटानमुखी शिक्षा पद्धति हावी हुनु, सिकाइका लागि र सिकाइका रूपमा मूल्याङ्कनको सीमित प्रयोग र व्यावहारिक शिक्षक तालिमको कमीले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न कठिनाइ देखिएको छ (ADB, 2020 CERID, 2019)।

फिनल्यान्ड, सिङ्गापुर, जापान र दक्षिण कोरियामा पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्राप्तिका लागि विद्यालयमा विद्यार्थीकेन्द्रित शिक्षण, निरन्तर मूल्याङ्कन र सहकार्यात्मक पेसागत सिकाइ (collaborative professional learning) लाई प्राथमिकता दिइन्छ (Darling–Hammond et al., 2017 OECD, 2020) । यी अभ्यासले शिक्षण प्रक्रिया र मूल्याङ्कनलाई सिकाइ नतिजासँग जोड्दा विद्यार्थीको सिकाइ र प्रदर्शनमा उल्लेखनीय सुधार आउँछ भन्ने कुरामा अपेक्षा गर्छन् ।

**नेपालको अभ्यास**

नेपालमा विद्यार्थीको सिकाइ उपलब्धि हासिल गराउन विभिन्न प्रयास भएका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शैक्षिक नीति तथा योजनागत जोडः राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, चालु आवधिक योजना, विद्यायल शिक्षा क्षेत्र योजना (SESP, 2022–32), शिक्षा आयोगका प्रतिवेदनले विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण विधि, परियोजना तथा समस्या समाधानमा आधारित सिकाइ, खोज तथा अनुसन्धानमा आधारित सिकाइ, सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगात्मक कार्य (Practical

work/hands on activities) लाई जोड दिएका छन् ।

**सक्षमतामा आधारित पाठ्यक्रम र सिकाइ सहजीकरण** : राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्मको सबै विषयको पाठ्यक्रम सक्षमतामा आधारित हुने गरी विकास गरिएको छ, जसले विद्यार्थीमा ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य गर्न सक्ने क्षमतालाई जोड दिएको छ । कुनै पनि विषयवस्तुको सहजीकरण गर्दा उल्लिखित सक्षमताका पक्षको विकास गर्ने गरी सिकाइ क्रियाकलाप गराउने र मूल्याङ्कन गर्नुपर्नेमा पाठ्यक्रमले जोड दिएको छ ।

**विद्यार्थी केन्द्रित विधि र तरिकामा जोड** : विद्यालय शिक्षाको सबै तहका विषयगत पाठ्यक्रममा पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा सिकाइ सहजीकरण विधि र प्रक्रिया समावेश गरिएको छ । विषय, सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसारको उपयुक्त सिकाइ सहजीकरणका विधि र तरिकाको प्रयोग गर्ने तरिका विषयगत पाठ्यक्रममा उल्लेख गरिएको छ ।

प्रविधिमा आधारित शिक्षणः विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तुको अवधारणा प्रस्ट पार्न भिडियो, अडियो, श्रव्य सामग्री, सिमुलेसन, एनिमेसन आदि सामग्री निर्माण तथा डाउनलोड गरी सिकाइ सहजीकरण गर्न सकिने व्यवस्था गरिएको छ । यसका लागि पाठ्यक्रम विकास केन्द्रले केही सामग्री विकास गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सिकाइ चौतारी (Learning portal) मा आवश्यक डिजिटल सामग्रीसमेत विकास गरी राखेको छ । यसको साथै शिक्षा तालिम केन्द्र, स्थानीय तहहरूबाट समेत प्रविधिमा आधारित शिक्षण गर्ने तरिका सम्बन्धमा तालिम सञ्चालन भइरहेको छ ।

सिकाइका लागि/सिकाइका रूपमा/सिकाइको मूल्याङ्कन (Assessment for/as/of learning) मा जोडः पाठ्यक्रमले निर्धारण गरेका विषयगत सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न केवल त्रैमासिक तथा वार्षिक परीक्षामा निर्भर नरही, कक्षाकोठामा विद्यार्थीको कार्यसम्पादन प्रदर्शन, परियोजना कार्य र प्रस्तुतीकरण, प्रतिबिम्बात्मक सिकाइ, कक्षा तथा समूह कार्य, पाठ तथा एकाइ परीक्षा र पृष्ठपोषण प्रदान, नतिजा विश्लेषण आदिबाट विद्यार्थीको मूल्याङ्कन गरी सिकाइमा सुधार गर्ने प्रणाली लागु गरिएको छ जसले हरेक दिनमा विद्यार्थीको सिकाइको वास्तविक अवस्था पहिचान गरी विद्यार्थीले सिक्न नसकेसम्म निरन्तर रूपमा सहयोग गर्नुपर्नेमा जोड दिइएको छ ।

## विश्वको अभ्यास

फिनल्यान्ड (Finland): फिनल्यान्डले कम जान्नु, धेरै सिक्नुको सिद्धान्तलाई अङ्गीकार गरेको छ । तिनीहरूको पाठ्यक्रम गहन र विषयवस्तुमा एकात्मक छ । शिक्षकलाई उच्चस्तरीय प्रशिक्षण दिइएको छ र शिक्षकलाई पाठ्यक्रमलाई विद्यार्थीको आवश्यकताअनुसार ढाल्न पूर्ण स्वायत्तता दिइएको छ । सिकाइ प्रक्रियामा खेल (Play), सहकार्य (Collaboration) र समस्या समाधान (Problem–solving) लाई प्राथमिकता दिइन्छ (क्बजदिभचन, २०१५) । फिनल्यान्डमा मूल्याङ्कनलाई अङ्क दिने नभई सिकाइलाई अगाडि बढाउने साधनको रूपमा प्रयोग गरिन्छ । पाठ्यक्रमले २१औँ शताब्दीका सिप

(communication, collaboration, critical thinking, creativity) समावेश गरेको छ । सोही सिप विकासका लागि विद्यार्थीलाई उपयुक्त सिकाइ अवसर दिइने गरिएको छ । फिनल्यान्डको प्रणाली समतायुक्त सिकाइ (Equity based learning) र बालकेन्द्रित सिकाइ (Child Centered learning) मा आधारित छ । यहाँ विद्यार्थीको मानसिक स्वास्थ्य र कल्याण (Well being) लाई उच्च प्राथमिकता दिइन्छ । शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा उच्च पेसागत स्वायत्तता (Professional Autonomy) दिइन्छ (क्बजदिभचन, २०११) । आर्थिक वा सामाजिक पृष्ठभूमिको वास्ता नगरी सबै विद्यार्थीलाई विशेष सहायता (Special Education Support), परामर्श र स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुन्छ । Sahlberg (२०११) ले फिनल्यान्डको सफलताको पछाडि शिक्षकको उच्च व्यावसायिकता र सिकाइलाई परीक्षणको दबाबबाट मुक्त राख्ने नीतिलाई मुख्य कारण मानेका छन् ।

सिङ्गापुर (Singapore): सिङ्गापुरको शिक्षा प्रणाली शिक्षण कम सिकाइ बढी (Teach Less, Learn More) नीतिमा आधारित छ । यो सिद्धान्तले विषयवस्तुको व्यापकता घटाएर गहिराइमा बुझाइ (Deeper Understanding) समालोचनात्मक प्रयोगमा जोड दिन्छ । तिनीहरूले शिक्षकको पेशागत विकासमा ठुलो लगानी गर्छन् । पाठ्यक्रमले २१औं शताब्दीका सिप (Critical Thinking, Creativity, Communication, Collaboration) मा जोड दिन्छ । मूल्याङ्कन प्रणाली विविधतापूर्ण छ, जसले विद्यार्थीको समग्र विकासको आकलन गर्छ (त्बल भत बिं., २०१७) । सिङ्गापुरको शिक्षा प्रणाली उच्च लक्ष्य (High Aspiration) र शिक्षकको व्यवस्थित पेसागत विकासमा केन्द्रित छ । शिक्षकलाई अनुसन्धानमा आधारित शिक्षण सिप विकास गर्न निरन्तर कोचिङ र प्रशिक्षणको व्यवस्था गरिन्छ । हरेक शिक्षकले वर्षमा कम्तीमा १०० घण्टा पेसागत विकास (एम) मा बिताउनुपर्ने प्रावधान छ (Friedrich Naumann–Stiftung, २०१७)

क्यानडा (Ontario, Canada): ओन्टारियो, क्यानडाले सिकाइ उपलब्धि सुधार्न सामूहिक उत्तरदायित्व (Collective Responsibility) को संस्कृतिलाई बढावा दिएको छ । शिक्षक, प्रिन्सिपल र जिल्ला स्तरका अधिकारीहरूले डाटा-निर्देशित निर्णय (Data Driven Decision Making) गर्छन् । तिनले निरन्तर मूल्याङ्कन (Formative Assessment) र विद्यार्थीको प्रगतिमा आधारित शिक्षण (Differentiated Instruction) लाई प्राथमिकता दिन्छन् (Levin, २००८) ।

जापान : जापानमा विद्यालय-समुदाय (कअजयर्या-अफ्कगलष्तथ) साझेदारी र समग्र शिक्षा (जयष्कितष्अ भमगअबतष्यल) को अवधारणा बलियो छ । पाठ अध्ययन Lesson Study जस्ता अभ्यासले शिक्षक पेसागत विकासलाई जोड दिन्छ । (OECD, २०१८) ।

अमेरिका (The United States) : अमेरिकाले शिक्षणमा व्यक्तिगत सिकाइ (Personalized Learning) र सक्षमतामा आधारित शिक्षा (Competency Based Education) लाई जोड दिन्छ । यसले प्रत्येक विद्यार्थीको आवश्यकता, रुचि र क्षमता अनुसारको शैक्षिक अनुभव प्रदान गर्छ । परियोजनामा आधारित सिकाइ (Project Based Learning - PBL) र विद्यार्थीलाई आफ्नो सिकाइको गति नियन्त्रण गर्न दिने (Student Agency) जस्ता विधि प्रयोग गरिन्छ । यसको उद्देश्य समालोचनात्मक सोच

(Critical Thinking) र समस्या समाधान गर्ने सिप (Problem Solving Skills) को विकास गर्नु हो । Lattibeaudiere (२०१८) का अनुसार अमेरिकामा शिक्षाको गुणस्तरका लागि अनुकूलित शिक्षण विधि र आधुनिक प्रविधिको प्रयोगमा जोड दिने गरिन्छ ।

**नेपालमा अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसक्नुका समस्या तथा चुनौती**

नेपालमा सिकाइ उपलब्धि हासिल गर्न निम्नलिखित समस्या र चुनौती विद्यमान छन् :

**घोकाइमा आधारित शिक्षण प्रणाली** : अधिकांश विद्यालयमा शिक्षककेन्द्रित व्याख्यान विधि (Lecture Method) को अत्यधिक प्रयोग हुन्छ र मूल्याङ्कन प्रणाली (Evaluation system) अझै पनि घोकाइमा आधारित छ, जसले समालोचनात्मक सोच विकासमा अवरोध पुऱ्याउँछ (Simkhada, २०२३) ।

**शिक्षकको कमी र क्षमता** : विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रमा तालिमप्राप्त र विषयगत योग्य शिक्षकको अभाव छ । कार्यरत शिक्षकका लागि आधुनिक शिक्षण विधिमा पर्याप्त पेसागत विकासको अवसर कम छ । भौतिक पूर्वाधार र स्रोतको अभाव : धेरै सामुदायिक विद्यालयमा पर्याप्त कक्षाकोठा, विज्ञान प्रयोगशाला, पुस्तकालय र आईसीटी उपकरणहरूको अभाव छ, जसले व्यावहारिक शिक्षणमा बाधा पुऱ्याएको छ (Simkhada, 2023) ।

**बहुभाषिक चुनौती** : नेपालमा बोलिने १२४ भन्दा बढी भाषामध्ये सीमित भाषामा मात्र पाठ्यपुस्तक र सिकाइ सामग्री उपलब्ध हुँदा बहुभाषिक विद्यार्थीलाई सिकाइमा समस्या परेको देखिन्छ ।

**स्रोत सामग्रीको अभाव** : विद्यालयमा प्रयोगशाला, पुस्तकालय, कम्प्युटर, इन्टरनेट जस्ता आधारभूत सुविधाहरूको कमी छ ।

**विद्यार्थी शिक्षक अनुपात** : एक जना शिक्षकले ५०-६० जना विद्यार्थी भएको कक्षामा व्यक्तिगत ध्यान दिएर Differentiated Instruction दिनु अत्यन्त कठिन छ ।

**परीक्षाकेन्द्रित संस्कृति** : अभिभावक, विद्यालय र समाजको ध्यान अझै पनि वार्षिक परीक्षाको नतिजामा केन्द्रित छ, जसले वास्तविक सिकाइ उपलब्धिलाई पृष्ठभूमिमा धकेलेको छ ।

**सिकाइका लागि मूल्याङ्कन र आन्तरिक मूल्याङ्नको सही कार्यान्वयन हुन नसक्नु** : पाठ्यक्रमले स्पष्ट रूपमा कक्षा १ देखि कक्षा ३ सम्म सिकाइका लागि मूल्याङ्कन तथा कक्षा ४ देखि १२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था गरे तापनि अझै पनि सैद्धान्तिक पक्षको मूल्याङ्कनमा मात्र जोड दिएको देखिन्छ ।

**सिकाइ उपलब्धि हासिल गराउने व्यावहारिक उपाय**

पाठ्यक्रम र पाठ्यसामग्रीको अध्ययन र योजना निर्माण: शिक्षक आफू पेसागत रूपले सक्षम, दक्ष, योग्य र क्षमतावान बन्नका लागि शिक्षकले चारओटा सामग्रीको गहन अध्ययन गरी सिकाइ योजना

बनाउनुपर्छ । ती सामग्रीअन्तर्गत क्रमशः पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक र स्रोत तथा सन्दर्भ सामग्रीको अध्ययन पर्दछन् । आफूले अध्यापन गर्ने विषयमा वर्षभरिमा कतिओटा क्षेत्र वा एकाइ वा विधा छन् र ती क्षेत्र एकाइ र विधाअन्तर्गत जम्मा कतिओटा सिकाइ उपलब्धि छन् ? जम्मा सिकाइ उपलब्धिमध्ये आजको दिनको पिरियडमा कुन सिकाइ उपलब्धि हासिल गराउने हो भन्ने कुरा शिक्षकलाई अनिवार्य जानकारी हुनुपर्छ र विद्यार्थीलाई समेत ती सिकाइ उपलब्धिको बारेमा थाहा हुनुपर्छ र शिक्षकले थाहा दिनुपर्छ । विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिको बारेमा उनीहरूलाई जानकारी गराउनले ती उपलब्धि पूरा गर्न विद्यार्थीको ध्यान केन्द्रित हुन्छ जसले विद्यार्थीलाई सिकाइमा उत्प्रेरणा गराउँछ ।

उपयुक्त सिकाइ वातावरण निर्माणः सिक्नका लागि उपयुक्त सिकाइ वातावरण निर्माण गर्नु महत्त्वपूर्ण कार्य हो । विद्यालय केवल ज्ञान दिने ठाउँ मात्र नभई विद्यार्थीका लागि सुरक्षित, आनन्ददायक र उत्प्रेरक स्थल हुनुपर्छ । कक्षाकोठाको भौतिक संरचना, सरसफाइ, बसाइ, प्रकाश र हावाको व्यवस्थापनले विद्यार्थीको मनस्थितिमा सिधा प्रभाव पार्छ । साथै, शिक्षक र विद्यार्थीबिचको सम्बन्ध सौहार्द्रपूर्ण हुनुपर्छ । जब विद्यार्थीले शिक्षकलाई आफ्नो मित्र र मार्गदर्शकको रूपमा लिन्छ, तब सिकाइ प्रक्रिया सहज र प्रभावकारी हुन्छ । यसका लागि शिक्षकले विद्यार्थीलाई सम्मान गर्ने, उनीहरूको जिज्ञासालाई कदर गर्ने र उनीहरूको रचनात्मकतालाई प्रोत्साहन गर्ने बानीको विकास गर्नुपर्छ । भयमुक्त वातावरणमा मात्र विद्यार्थीले स्वतन्त्र रूपमा प्रश्न सोध्न र आफ्नो विचार व्यक्त गर्न सक्छन्, जुन सिकाइको आधारभूत तत्त्व हो ।

सिकाइ सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोगः विद्यार्थीलाई विषयवस्तुको अवधारणा प्रस्ट पार्न सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्छ । नेपालका अधिकांश विद्यालयमा अझसम्म पनि पर्याप्त शैक्षिक सामग्री उपलब्ध छैनन् । यसले गर्दा विद्यार्थीले किताबी ज्ञानमा मात्र सीमित रहनुपर्छ । यसको समाधानका लागि सरकार र विभिन्न संस्थाले शैक्षिक सामग्रीको उत्पादन र वितरणमा लगानी बढाउनुपर्छ । डिजिटल पुस्तकालय, शैक्षिक एप्स र भर्चुअल ल्याबको प्रयोग गरी विद्यार्थीलाई आधुनिक ज्ञानसँग जोड्न सकिन्छ । विद्यालय र समुदायको साझेदारीमा स्थानीय स्रोतसाधनको प्रयोग गरी सिकाइलाई थप जीवन्त बनाउन सकिन्छ । यसका लागि प्रत्येक शिक्षकले विषयगत रूपमा उल्लेख गरेका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसारको सामग्रीको वर्गीकरण (मूल्य नपर्ने, कम मूल्य पर्ने र मूल्य धेरै पर्ने) गरी सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोग तथा भण्डारण गर्नुपर्छ । सामग्रीको पहिचान, निर्माण र प्रयोगमा विद्यार्थीको सहभागिता हुनुपर्छ जसले सिकाइलाई दिगो बनाउन मदत गर्छ ।

सिकाइमा नवप्रवर्तनात्मक विधि र उत्प्रेणाको प्रयोगः सिकाइ सहजीकरणमा नवप्रवर्तन (Innovation in learning facilitation) र उत्प्रेरणा महत्त्वपूर्ण पक्ष हुन् । घोकाएर र घोकाउन लगाएर गरिने शिक्षणले विद्यार्थीको स्मरणशक्ति त बढाउला, तर उनीहरूको प्रयोग गर्ने, विश्लेषण क्षमता, समीक्षा गर्ने, समस्या समाधान गर्ने र सृजनशीलतालाई सीमित गर्छ । विद्यार्थीको उपलब्धि बढाउने विभिन्न उपायहरू मध्ये

शिक्षण पद्धतिलाई शिक्षककेन्द्रितबाट विद्यार्थीकेन्द्रिततर्फ रूपान्तरण गर्नु हो । नेपालमा अझै पनि परम्परागत शैलीमा शिक्षकले व्याख्या गर्ने र विद्यार्थीले नोट लेख्ने चलन छ । यसो गर्दा विद्यार्थी केवल श्रोता मात्र बन्न पुग्छन् । सिकाइ उपलब्धि बढाउन विद्यार्थीलाई सक्रिय सहभागी बनाउनु जरुरी छ । शिक्षकले कक्षामा प्रश्न सोध्ने, समूहगत कार्य दिने, परियोजना (project work) गर्न लगाइ प्रस्तुति गर्न लगाउने, छलफल र बहस गराउने अभ्यास गर्नुपर्छ । सिकाइ सहजीकरण गर्दा विषयवस्तुको प्रकृतिअनुसार परियोजना तथा समस्या समाधानमा आधारित सिकाइ (Project and Problem Based Learning) लाई प्राथमिकता दिनुपर्छ । यस विधिमा विद्यार्थीलाई व्यक्तिगत वा समूहमा कुनै सामाजिक वा वैज्ञानिक समस्यामा आधारित परियोजना दिइन्छ । विद्यार्थीले त्यस परियोजनाको समाधान खोज्न अनुसन्धान गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने काम गर्छन् । यसले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूपमा प्रयोग गर्न सिकाउँछ ।

उपयुक्त सिकाइ शैली तथा सहकार्यात्मक सिकाइको प्रयोगः कक्षाकोठामा सामान्यतया तीन क्षमताका बालबालिका हुने गर्छन् । पहिलो क्षमतामा शिक्षकले एकपटक विषयवस्तुसम्बन्धी कुरा गर्दा बुझ्ने अर्थात् तीव्र क्षमताका बालबालिका, दोस्रो क्षमतामा शिक्षकले कक्षामा छलफल र अन्तर्क्रिया, अभ्यास तथा क्रियाकलाप गराउँदा बुझ्ने खालका विद्यार्थीको सङ्ख्या धेरै हुन्छ जसलाई औसत सिकाइका बालबालिका पनि भनिन्छ भने तेस्रो क्षमतामा दुई चार पटक छलफल र अन्तरक्रिया, अभ्यास तथा क्रियाकलाप गराउँदा समेत नबुझ्ने बालबालिका जो थोरै सङ्ख्यामा हुन्छन् । एउटा शिक्षकले एउटा पिरियडमा कक्षामा भएका सबै बालबालिकालाई पिरियडमा समावेश भएको सिकाइ उपलब्धि शतप्रतिशत हासिल गराउने सम्भावना कम हुन्छ । यसका लागि विश्वव्यापी रूपमा अवलम्बन गरिएको सहकार्यात्मक सिकाइ (Collaborative learning) को तरिका अबलम्बन गर्नुपर्छ । यस प्रकारको सिकाइमा आफूले जानेको अनुभव र सिकाइ साथीलाई अनिवार्य रूपमा सिकाउने गरिन्छ अर्थात् साथीले साथीलाई सिकाउने कार्य गरिन्छ । मैले मात्र सिक्ने नभइ कक्षामा भएका हामी सबैले सिक्नै पर्छ भन्ने कुरा यस प्रकारको सिकाइले जोड दिन्छ । समूहमा काम गर्दा विद्यार्थीले एकअर्काबाट सिक्ने अवसर पाउँछन् । उनीहरूमा सहयोगको भावना, नेतृत्व गर्ने क्षमता र सामाजिक सिपको विकास हुन्छ । शिक्षकले समूहमा रहेका हरेक विद्यार्थीलाई आफ्नो विचार व्यक्त गर्ने अवसर दिनुपर्छ र उनीहरूको योगदानलाई मूल्याङ्कन गर्नुपर्छ । यसले कक्षाकोठालाई केवल ज्ञान ग्रहण गर्ने ठाउँबाट ज्ञान निर्माण गर्ने ठाउँमा रूपान्तरण गर्छ । तसर्थ विद्यार्थीको सिकाइ उपलब्धि बढाउन सहकार्यात्मक र सहयोगात्मक सिकाइ तरिका अपाउनुपर्छ ।

प्रविधिमा आधारित सिकाइः विद्यार्थीको सिकाइ उपलब्धि सहज तरिकाले हासिल गराउने अर्को उपाय प्रविधिमा आधारित सिकाइ (Technology Based Learning) हो । अहिलेको डिजिटल युगमा प्रविधिको सही सदुपयोगले विषयवस्तुको अवधारणा प्रस्ट पार्न तथा सिकाइलाई रोचक र प्रभावकारी बनाउन मदत गर्छ । कक्षाकोठामा स्मार्ट बोर्ड, प्रोजेक्टर र शैक्षिक एप्सको प्रयोगले जटिल विषयवस्तुलाई सरल र दृश्यमय (Visual) बनाउँछ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउन कम्प्युटर, इन्टरनेट, मोबाइल याप, शैक्षिक भिडियो, अनलाइन पुस्तक र डिजिटल टुल्स प्रयोग गर्नु अत्यन्तै प्रभावकारी हुन्छ ।

प्रविधिको प्रयोगले सिकाइलाई रोचक, सजिलो र व्यावहारिक बनाउँछ । नेपालमा पनि ग्रामीण क्षेत्रसम्म स्मार्टफोन र इन्टरनेट विस्तार भइसकेकाले शिक्षकले डिजिटल सामग्रीको प्रयोग गर्न सक्ने सम्भावना बढेको छ । उदाहरणका लागि, अङ्ग्रेजी पढाउँदा केवल अनुवाद गर्ने नभई भाषा सिकाउने याप प्रयोग गरेर सुनाइ, बोलाइ र लेखाइ अभ्यास गर्न लगाउँदा विद्यार्थीको दक्षता उल्लेखनीय रूपमा बढ्छ । यसको साथै विद्यार्थीलाई विभिन्न अनलाइन प्लेटफर्म (जस्तैः Khan Academy, Coursera) मार्फत अन्तर्राष्ट्रिय स्तरको ज्ञान प्राप्त गर्नसमेत प्रेरित गर्न सकिन्छ । यसले विद्यार्थीलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सजिलै हासिल गराउन मदत गर्छ ।

## सिकाइका लागि, सिकाइका रूपमा र सिकाइको मूल्याङ्कनको प्रयोग

सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनको प्रयोग गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो । प्रत्येक दिन पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल गराउनका लागि गरिने क्रियाकलापको क्रममा तथा क्रियाकलाप पश्चात विद्यार्थीले के कति बुझे बुझेनन्, क्रियाकलाप के कति गर्न सके सकेनन्, सिकाइको कार्यसम्पादन स्तर  (learning performance level) कस्तो छ, जस्ता पक्षमा लेखाजोखा गर्ने र सिक्न नसकेका विषयवस्तुलाई निरन्तर रूपमा सहयोग गर्दै जाने कार्यले सबै विद्यार्थीलाई सिकाइ उपलब्धि हासिल गराउन सकिन्छ । पाठ्यक्रममा आधारित, सक्षमतामा आधारित र विद्यालयमा आधारित मूल्याङ्कनमार्फत विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिको सही तरिकाले लेखाजोखा गर्दा पक्कै पनि विद्यार्थीको उपलब्धि बढाउन सकिन्छ । हरेक पाठ वा एकाइको अन्तमा उल्लिखित विभिन्न तहका प्रश्न सोध्ने र छलफल तथा प्रस्तुतीकरण गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने, एकाइ वा पाठको सिकाइ सहजीकरणपश्चात् विभिन्न तहगत प्रश्न बनाई पाठगत वा एकाइ परीक्षा लिई प्रत्येक प्रश्नमा दिइने सुझाव तथा पृष्ठपोषणले सिकाइमा निरन्तर सुधार गर्न मदत पुग्छ जसको कारणले त्रैमासिक तथा वार्षिक परीक्षामा विद्यार्थीले कम भन्दा कम त्रुटि गर्ने सम्भावना हुन्छ । नेपालमा अझै पनि एकैचोटी त्रैमासिक वा वार्षिक परीक्षामा तहगत प्रश्न सोध्ने तर पृष्ठपोषण दिने कार्य नगर्नाले उपलब्धि कमजोर देखिएको छ । त्रैमासिक वा वार्षिक रूपमा परीक्षा लिने प्रणालीले विद्यार्थीलाई परीक्षाकेन्द्रित बनाउँछ र उनीहरूलाई घोक्न मात्र प्रेरित गर्छ । यसको विकल्पमा सिकाइका लागि मूल्याङ्कन (Assessment for learning) प्रणाली लागु गर्नुपर्छ ।  सिकाइका लागि मूल्याङ्कन प्रणालीमा, विद्यार्थीको प्रगतिलाई वर्षभरि नै मूल्याङ्कन गरिन्छ । यसमा गृहकार्य, कक्षा कार्य, पाठ तथा एकाइ परीक्षा, मासिक परीक्षा, परियोजना कार्य, प्रयोगात्मक कार्य, मौखिक प्रस्तुतीकरण र समूहगत कार्यलाई मूल्याङ्कनको आधार बनाइन्छ । यसले शिक्षकलाई विद्यार्थीको कमजोरी पहिचान गर्न र समयमै सुधारका उपाय अपनाउन मद्दत गर्छ । यस प्रकारको मूल्याङ्कनले शिक्षकलाई आफूले अवलम्बन गरेका सिकाइ सहजीकरणका तरिका (Technique), विधि (Methods) र उपागम (Approaches) कति प्रभावकारी छन् भनेर मूल्याङ्कन गर्न सहयोग गर्छ । उदाहरणका लागि, कक्षाको सुरुमा सोधिएको प्रश्नले विद्यार्थीको विषयवस्तुमा पूर्व सिकाइ अनुभव कति छ भन्ने कुराको जानकारी दिन्छ भने क्रियाकलापको बिच वा अन्त्यमा सोधिने प्रश्नले विद्यार्थीले विषयवस्तु कति बुझे भनेर तत्काल थाहा पाउन सकिन्छ । त्रैमासिक र वार्षिक परीक्षा मात्र नभई कक्षाकोठामा निरन्तर अवलोकन, पोर्टफोलियो

र प्रस्तुतीकरणमा आधारित रचनात्मक मूल्याङ्कन (Formative/constructive Assessment) लाई प्राथमिकता दिने र विद्यार्थीलाई तत्काल पृष्ठपोषण प्रदान गर्नुपर्छ । सिकाइका लागि मूल्याङ्कनको अलावा आवश्यकताअनुसार स्वमूल्याङ्कन (Self–Assessment) र सहपाठी मूल्याङ्कन (Peer–Assessment) लाई पनि समावेश गर्नुपर्छ । विद्यार्थीले आफ्नै र साथीको सिकाइ र कार्यसम्पादनको मूल्याङ्कन गर्दा उनीहरूमा जिम्मेवारीबोध र समालोचनात्मक र सिर्जनात्मक तथा समस्या समाधान गर्ने क्षमताको विकास हुन्छ । शिक्षकको मुख्य भूमिका मूल्याङ्कन गर्ने मात्र नभई विद्यार्थीलाई उनीहरूको प्रदर्शन र सिकाइको विस्तृत पृष्ठपोषण (Feedback) दिने पनि हुनुपर्छ । यो प्रतिक्रिया रचनात्मक र सुधारउन्मुख हुनुपर्छ । विद्यार्थीलाई केवल अङ्क मात्र नदिई उनीहरूको प्रदर्शनमा कहाँ सुधार आवश्यक छ भनेर स्पष्ट जानकारी दिनुपर्छ । मूल्याङ्कनका विभिन्न स्वरूपअन्तर्गत सिकाइको मूल्याङ्कन (assessment of learning) पनि उत्तिकै महत्त्वपूर्ण छ । जसअन्तर्गत विशिष्टीकरण तालिका अनुसार सबै तहका प्रश्न तयार गरी विद्यार्थीले सिकेका सैद्धान्तिक क्षेत्रका सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।यसका लागि मूल्याङ्कन प्रणालीलाई विश्वसनीय बनाउनका लागि प्रश्नपत्र निर्माणमा पनि सुधार आवश्यक छ । प्रश्नपत्रले केवल विद्यार्थीको स्मरणशक्ति मात्र नभई उनीहरूको विश्लेषण गर्ने, संश्लेषण गर्ने, मूल्याङ्कन गर्ने, समीक्षा गर्ने, विवेचना गर्ने, तर्क दिने, समस्या समाधानको खाका तयार गर्ने, समस्या समाधान गर्ने र सृजनशीलताको पनि परीक्षण गर्नुपर्छ । यसका लागि शिक्षकलाई प्रश्नपत्र निर्माणसम्बन्धी तालिम दिनु जरुरी छ । मूल्याङ्कनलाई निष्पक्ष बनाउनका लागि उत्तरपुस्तिका परीक्षणमा निश्चित मापदण्ड अर्थात् उत्तरकुञ्जिका र रुब्रिक्स (Marking Scheme and Rubrics) को प्रयोग गर्नुपर्छ।विद्यार्थीले पाठ्यक्रमले निर्धारण गरेका संज्ञानात्मक, सिपगत र व्यवहारगत जस्ता समग्र पक्षको लेखाजोखा गरेर शैक्षिक कार्यक्रमको प्रभावकारिता, प्रमाणीकता र स्तरीकण गरी अन्तमा यी निर्णय गरी ग्रेडसिट प्रदान गर्न सिकाइको मूल्याङ्कन गर्नुपर्छ ।

शिक्षकको निरन्तर क्षमता विकास र मागमा आधारित तालिम सञ्चालनः शिक्षक पेसागत रूपमा दक्ष र क्षमतावान भएमा त्यसको प्रभाव विद्यार्थीको सिकाइमा पर्दछ । सबैभन्दा महत्त्वपूर्ण पाटो शिक्षकको निरन्तर क्षमता विकास (Continuous Professional Development) हो । विद्यार्थीको सिकाइको गुणस्तर प्रत्यक्ष रूपमा शिक्षकको क्षमतामा निर्भर गर्छ । फिनल्यान्ड र क्यानडाले शिक्षकलाई शिक्षण सिप (Pedagogy) र विषयवस्तुको ज्ञान (Content Knowledge) मा निरन्तर तालिम र विद्यालयभित्रै सहकार्यका लागि अवसर प्रदान गर्छन्, जसले कक्षाकोठाको अभ्यासलाई सुधार गर्छ (म्बचष्लिन-ज्कयलम, २०१०)। नेपालको सन्दर्भमा शिक्षकको क्षमता विकास गर्नका लागि शिक्षक पेसागत विकास प्रारूप २०८० ले १० तरिकाले शिक्षकको पेसागत विकास गर्ने विधि उल्लेख गरेको छ । प्रारूपले १० ओटा विधिको माध्यमबाट शिक्षकको क्षमता विकास गर्ने प्रावधान राखे पनि प्रत्येक शिक्षकले ती तालिम सघन रूपमा पाएको अवस्था भने छैन । शिक्षकले केवल पेसागत विकासका विधिहहरूको जानकारी मात्र पाएर हुँदैन, त्यसलाई कक्षाकोठामा कसरी लागु गर्ने भन्ने व्यावहारिक ज्ञान पनि प्राप्त गर्नुपर्छ । यसका लागि तालिम प्रदायक निकायले प्रभावकारी संयन्त्रको विकास गरी प्राविधिक सहायता (Technical backstopping) प्रदान गर्नुपर्छ । तालिम प्रदायक

निकायले शिक्षकको क्षमता विकासका लागि सेवाकालीन तालिम (In–service training), कार्यशाला (Workshop) र सेमिनारलाई नियमित रूपमा आयोजना गर्नुपर्छ । यी तालिम सैद्धान्तिक मात्र नभई व्यावहारिक हुनुपर्छ । शिक्षकलाई नवीनतम प्रविधिको प्रयोग, विद्यार्थी मनोविज्ञान, रचनात्मक शिक्षण विधि र मूल्याङ्कनका नयाँ तरिकाहरूका बारेमा प्रशिक्षण दिनुपर्छ । यसका साथै, शिक्षकलाई शैक्षिक अनुसन्धानमा संलग्न हुन प्रोत्साहन दिनुपर्छ । जब शिक्षक आफैँ अनुसन्धानमा लाग्छन्, तब उनीहरूले आफ्नै शिक्षण विधि र विद्यार्थीको सिकाइमा सुधार गर्न सक्छन् । शिक्षकलाई केवल पेसागत रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि सहयोग र प्रेरणा दिनु आवश्यक छ । उनीहरूलाई आफ्नो कामप्रति गर्व गर्ने वातावरण सिर्जना गर्नुपर्छ । शिक्षकको पारिश्रमिक र सेवा सुविधामा सुधार ल्याउनुपर्छ ताकि उनीहरू पेसाप्रति समर्पित हुन सकून्। शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाउनुपर्छ । राम्रो प्रदर्शन गर्ने शिक्षकलाई सम्मान र पुरस्कृत गर्ने परिपाटीको विकास गर्नुपर्छ । गाउँ/नगरका शिक्षकको विषयगत क्लस्टर (Cluster) गठन गरी आपसमा शिक्षण सामग्री, विधि र समस्याको आदानप्रदान गर्ने र अनुभवी शिक्षकले नयाँ शिक्षकलाई मार्गदर्शन गर्ने कार्यक्रम स्थापना गर्नुपर्छ ।

पठन संस्कृतिको विकास र अभिभावकको सहयोगः विद्यार्थीको सिकाइ केवल विद्यालयमा मात्र निर्भर हुँदैन। अभिभावक र समुदायको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । घरमा अभिभावकले गृहकार्य तथा परियोजना कार्य गर्न सघाउ पुर्‍याउने, पठन संस्कृतिका लागि उपयुक्त वातावरण बनाइदिने, अध्ययनका लागि समय मिलाउने, समय समयमा विद्यालयमा पुगेर आफ्नो बालबालिकाको सिकाइको प्रगतिको अवस्था बुझ्ने र प्रभावकारी सिकाइका लागि सुझाव तथा पृष्ठपोषण दिने, सिकाइ सामग्री उपलब्ध गराउने र प्रेरणा दिने हो भने विद्यार्थीको उपलब्धि स्वाभाविक रूपमा बढ्छ । समुदायले विद्यालयमा सहयोग पुर्‍याउने, पुस्तकालय वा सिकाइ सामग्री निर्माण गर्ने, शिक्षक र विद्यार्थीलाई प्रोत्साहित गर्ने कार्य गर्नुपर्छ । विद्यालय, घर र समुदायबिचको सहकार्य भएमा विद्यार्थीलाई सिकाइका लागि समग्र वातावरण तयार हुन्छ जसले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन मदत पुग्दछ ।

प्रश्न तथा नतिजा विश्लेषण सिकाइ सुधारमा प्रयोगः विद्यार्थीको सिकाइ उपलब्धि बढाउने महत्त्वपूर्ण पक्ष भनेको विद्यार्थीको नतिजा विश्लेषण हो । नतिजा विश्लेषण सामान्यतया त्रैमासिक र वार्षिक परीक्षाको गर्नुपर्छ । कक्षा १ देखि कक्षा ३ सम्मको नतिजा विश्लेषण गर्दा कार्यसञ्चयिका (Portfolio) लाई मुख्य आधार लिनुपर्ने हुन्छ । यस कार्यसञ्चयिकामा विशेषतः प्रत्येक विषयमा रहेका थिमगत सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर (१,२,३,४) तथा प्रत्येक थिममा नियमित सिकाइ पछिको मूल्याङ्कन र थप सहायतापछिको मूल्याङ्कन र उपलब्धि प्रतिशतको आधारमा नतिजा विश्लेषण गर्नुपर्छ भने त्रैमासिक रूपमा विश्लेषण गर्दा तीन महिनाको अन्तमा विद्यार्थीको उपलब्धि प्रतिशत, विषयगत ग्रेड र समग्र जिपिएको आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ । वार्षिक रूपमा नतिजा विश्लेषण गर्दा विषयगत रूपमा वर्ष भरिमा विद्यार्थीले हासिल गरेको उपलब्धि प्रतिशत, ग्रेड र समग्र जिपियको विश्लेषण, विद्यार्थीले गरेका कक्षा कार्य, परियोजना कार्य, थिमगत अभ्यास, सिर्जनात्मक कार्य तथा सह-क्रियाकलापको विश्लेषण गर्नुपर्छ र प्रत्येक विद्यार्थी र अभिभावकलाई त्यसको बारेमा जानकारी

दिई सुधारका लागि सुझाव तथा पृष्ठपोषण दिनुपर्छ । जसले गर्दा विद्यार्थीको सिकाइको वास्तविक अवस्थाको जानकारी भई उपलब्धिमा सुधारमा मदत पुग्छ ।

**निष्कर्ष**

विद्यार्थीलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सहज तरिकाले हासिल गराउनु एक एकीकृत र बहुपक्षीय प्रयास हो । यो केवल सरकार, शिक्षक वा अभिभावकको एकल जिम्मेवारी होइन, बरु सबै सरोकारवालाको सामूहिक प्रयत्नबाट मात्र सम्भव हुन्छ । यसका लागि शिक्षाप्रतिको आफ्नो सोच र दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ । शिक्षालाई केवल जागिर खाने साधनका रूपमा मात्र नभई व्यक्तिगत र सामाजिक रूपान्तरणको माध्यमका रूपमा हेर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु केवल पाठ्यक्रमको कार्यान्वयन मात्र नभई सम्पूर्ण शैक्षिक प्रणालीको सफलताको सूचक हो । नेपालले विद्यालयमा पहुँचको लक्ष्य हासिल गरिसकेपछि अबको ध्यान शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिमा केन्द्रित हुनुपर्छ । विश्वका असल अभ्यासलाई नेपालको सन्दर्भमा ढाल्दै, शिक्षण विधिलाई घोकाइबाट सक्रिय, खोजमूलक र सिकाइ तहमा आधारित बनाउनु अपरिहार्य छ । उल्लिखित उपायलाई कार्यान्वयन गर्नका लागि तीनओटै सरकारले दीर्घकालीन, मध्यकालीन र तत्कालिक शैक्षिक योजना बनाउनुपर्छ । ती योजनामा पाठ्यक्रम परिमार्जन, शिक्षकको निरन्तर क्षमता विकास, आधुनिक शिक्षण विधिहरूको प्रयोग, वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास र शैक्षिक पूर्वाधारमा लगानीलाई प्राथमिकता दिनुपर्छ । शिक्षा क्षेत्रमा हुने लगानीलाई अनुत्पादक नभई भविष्यको सबैभन्दा ठुलो लगानीका रूपमा लिनुपर्छ । नेपालमा विद्यार्थीको सिकाइ उपलब्धि बढाउने सम्भावना प्रशस्त छन् । हाम्रा विद्यार्थीमा प्रतिभाको कमी छैन, केवल उनीहरूको प्रतिभालाई प्रस्फुटन गराउन सक्ने सही वातावरण र मार्गदर्शनको आवश्यकता छ । जब प्रत्येक विद्यार्थीले आफूलाई महत्त्वपूर्ण र सक्षम ठान्छन्, तब उनीहरू आफ्नो सिकाइमा पूर्ण रूपमा संलग्न हुन्छन् । यसले उनीहरूको व्यक्तिगत विकास मात्र नभई राष्ट्रको समग्र विकासमा पनि योगदान पुऱ्याउँछ । सिकाइ उपलब्धि बढाउने कार्य चुनौतीपूर्ण हुन सक्छ, तर असम्भव छैन ।

सिकाइ उपलब्धि भनेको केवल अङ्कमा मात्र सीमित नभई ज्ञान, सिप, मूल्य र व्यवहारमा देखिने परिवर्तन हो । विद्यार्थीको सिकाइ उपलब्धि बढाउने कार्य कुनै एक पक्षको जिम्मेवारी मात्र होइन, सबैको साझा जिम्मेवारी हो । शिक्षकले विद्यार्थीकेन्द्रित शिक्षण पद्धति अपनाउनुपर्छ, विद्यालयले आवश्यक सुविधा र अनुकूल वातावरण सिर्जना गर्नुपर्छ । अभिभावकले घरमा बालबालिकाको सिकाइमा सहयोग पुऱ्याउनुपर्छ र समुदायले विद्यालयलाई गुणस्तरीय सिकाइका लागि सहयोग गर्नुपर्छ । प्रविधि, विद्यार्थी केन्द्रित शिक्षण, निरन्तर मूल्याङ्कन र सकारात्मक प्रेरणालाई प्रभावकारी रूपमा प्रयोग गर्न सकियो भने विद्यार्थीको उपलब्धि उल्लेखनीय रूपमा बढाउन सकिन्छ ।

## सन्दर्भ सामग्री

पाठ्यक्रम विकास केन्द्र, (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

पाठ्यक्रम विकास केन्द्र, (२०७७), विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र, (२०७८), माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।

https://giwmscdnone.gov.np/media/pdf_upload/Secondary%20education%20curriculum%209-10_gvlnpgv.pdf

नेपाल कानुन आयोग, (२०७२), नेपालको संविधान, नेपाल सरकार।

https://lawcommission.gov.np/content/13437/nepal-s-constitution/

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (२०७६), राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६, नेपाल सरकार । https://www.moest.gov.np/content/10154/10154

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५, नेपाल सरकार। https://www.moest.gov.np/content/11989/pratibedan2/

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७६), राष्ट्रिय शिक्षा नीति, नेपाल सरकार।

https://www.moest.gov.np/content/10155/10155

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७७), विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, नेपाल सरकार ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,(२०७९), विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८), नेपाल सरकार ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०८१), विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८२, नेपाल सरकार ।

https://www.moest.gov.np/content/13506/the-world-depository-program-programs--2082-issue/

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, (२०८०), शिक्षक पेसागत विकास प्रारूप, २०८०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार।

Asian Development Bank (ADB). (2020). How teachers teach: Comparing classroom pedagogical practices in the Asia and Pacific region (ADB Brief No. 154). https://www.adb.org/sites/default/files/institutional-document/31385/hsu-2024.pdf

Cox, J. (n.d.). Teaching strategy for improving quality development in education (As cited in Shrestha, 2023).

Darling-Hammond, L. (2010). The flat world and education: How America's commitment to equity will determine our future. Teachers College Press.

Development Asia. (2021, April 12). Strategic ways to boost learning outcomes of basic education.DevelopmentAsia.https://www.merriam-webster.com/dictionary/placeholder

Friedrich-Naumann-Stiftung. (2017, April 29). Best practices from Asia's best school systems. https://www.merriam-webster.com/dictionary/placeholder

Khaniya, T. R. (2007). New horizons in education in Nepal. Sunlight Publication.

Lattibeaudiere, T. J. (2018). Comparing and contrasting educational systems: PISA results between the United States and Finland. https://www.reddit.com/r/AskAcademia/comments/rd71dr/whats_the_deal_with_putting_stuff_on_researchgate/

Levin, B. (2008). How to change 5000 schools: A practical and positive approach for leading change at every level. Harvard Education Press.

Lund University Publications. (n.d.). A comparative review of Finland and Singapore's basic education systems. https://www.lunduniversity.lu.se/admissions/bachelors-and-masters-studies/faqs-application-and-admission

OECD. (2018). Education policy in Japan: Building bridges towards 2030. OECD Publishing. https://doi.org/10.1787/9789264302402-en

Ruel, S., Lim, G. C., & Wong, K. K. (2024). Comparative analysis of education system between Singapore and Finland. International Journal of Educational Research and Reviews, 2(1), 1–10. https://www.merriam-webster.com/dictionary/placeholder

Sahlberg, P. (2011). Finnish lessons: What can the world learn from educational change in Finland? Teachers College Press.

Sahlberg, P. (2015). Finnish lessons 2.0: What can the world learn from educational change in Finland? Teachers College Press.

Simkhada, R. K. (2023). The education system in Nepal faces various challenges and issues. International Journal of Educational Planning and Administration, 3(1), 1–10.

Tan, O. S., Liu, W. C., & Low, E. L. (2017). Teacher education in the 21st century: Singapore's evolution and innovation. Springer.

World Bank Group. (2016). How to improve education outcomes most efficiently? A comparison of 150 interventions using the new learning-adjusted years of schooling metric. World Bank. https://documents.worldbank.org/en/publication/documents-reports/api

# नेपालमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि

✍ शालिकराम भुसाल
निर्देशक

**लेखसार**

*शिक्षा शिक्षण सिकाइ विधिमध्ये बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि (Multi Grade Multi Level Teaching Learning Method) पनि एक विधि हो । दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीलाई एउटै कक्षाकोठामा राखी विद्यार्थीको फरक फरक सिकाइ स्तरलाई समटेर एकै साथ सिकाइ गर्ने एक प्रभावकारी शिक्षण सिकाइ विधि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि हो । यो विधि परम्परागत रूपमा चलिआएको गुरुकुल शिक्षा पद्धतिको परिमार्जन गरिएको वैज्ञानिक विधि हो । नेपालमा यस विधिको सुरुवात सर्व प्रथम २०६६ सालबाट भएको हो । यस विधिको आवश्यकता हिमाली र पहाडी क्षेत्रका साथै तराई र सहरका कम विद्यार्थी भएका विद्यालयमा बढ्दो मागका रूपमा रही आएको छ । कम शिक्षक र कम विद्यार्थी भएका विद्यालयमा यो विधि बढी प्रभावकारी हुने गर्छ । नेपालमा यो बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिका मुख्य समस्या आर्थिक, सामग्री नियमित तालिम नहुनु आदि रहेका छन् । केन्द्र, प्रदेश र स्थानीय सरकारको संयुक्त बजेट र कार्यक्रम भई स्थानीय समुदाय र शिक्षासँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबिच सहकार्य र सञ्जालसहित कार्यक्रम सञ्चालन गर्न सकेमा बढी प्रभावकारी हुन जाने देखिन्छ ।*

**परिचय**

नेपालको संविधान र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताले पनि शिक्षा प्राप्त गर्नु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो भन्ने कुरा औँलाएका छन् । त्यसै गरी गुणस्तरयुक्त शिक्षा दिनु राज्यको दायित्व हो । गुणस्तरीय शिक्षाका लागि पर्याप्त मात्रमा स्रोत र साधनको लगानी आवश्यकता पर्छ । बदलिँदो परिस्थितिमा शिक्षण सिकाइलाई बढीभन्दा बढी प्रभावकारी बनाउनका लागि विश्वमा विभिन्न प्रकारका शिक्षण सिकाइका विधि र प्रविधि प्रयोगमा ल्याइएका छन् । कक्षाकोठाभित्र शिक्षण सिकाइमा वास्तविक रूपमा नै नवीनता ल्याउने खालका विद्यार्थीकेन्द्रित, सिपमूलक, क्रियाकलापमुखी तथा गरेर सिक्ने (Learning by doing) अवधारणाको प्रयोग गर्नु समयको आवश्यकता हो । यसैबिच विद्यालयको शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि (Multi Grade Multi Level Teaching Learning Methodology– MGML) प्रचलनमा आएको छ । यस्ता नवीनतम विधि र प्रविधिले विद्यार्थीको सिकाइ स्तर, क्षमता र आधुनिक सिकाइ सिद्धान्तअनुसार सहज एवम् सरल सिकाइको वातावरण सिर्जना गरी प्रभावकारी तथा बालमैत्री सिकाइका वातावरण तयार पार्न मदत गर्छ ।

## बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको अवधारणा

सिकाइमा व्यक्तिगत भिन्नता हुन्छ। कक्षामा फरक फरक सिकाइ क्षमता र स्तर भएका विद्यार्थी हुन्छन्। साथै फरक फरक कक्षाका विद्यार्थीको सिकाइ स्तर र क्षमतालाई समेटेर सबै प्रकारका विद्यार्थी एकै ठाउँमा बसेर आफ्नो सिकाइ गति र एकअर्काको सहकार्यबाट सिक्न सक्छन् भन्ने मान्यता राखिएको हुन्छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि भन्नाले दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीलाई एउटै कक्षाकोठामा राखी विद्यार्थीको फरक फरक सिकाइ स्तरलाई समटेर एकै साथ सिकाइ गर्ने एक प्रभावकारी शिक्षण सिकाइ विधि हो। यो विधि परम्परागत रूपमा चलिआएको गुरुकुल शिक्षा पद्धतिको वैज्ञानिक तरिकाले परिष्कृत गरिएको हो भन्न सकिन्छ। यो पद्धतिको सुरुआत विद्यालयको भौतिक समस्या, विद्यालयको प्रतिकूल वातावरण, शिक्षकको अभाव, थोरै विद्यार्थी सङ्ख्या जस्ता विद्यालयका सङ्कट व्यवस्थापन गर्नका लागि नभएर यो एक प्रभावकारी शैक्षणिक विधिको छनोट (pedagogical choice) पनि हो। यो विधि क्रियाकलापमा आधारित छ। यस विधिले प्राथमिक तहका शिक्षक तथा विद्यार्थीलाई व्यक्तिगत तथा सामूहिक सिकाइमा प्रोत्साहन र मदत गर्छ । यो शिक्षण सिकाइ विधि विद्यार्थीले गरेर सिक्ने सिद्धान्तमा आधारित छ। यस विधिको वैज्ञानिक रूपमा प्रतिपादन भारतको आन्ध्र प्रदेशस्थित कृष्णमूर्ति फाउन्डेसन तथा ऋषि भ्याली इन्स्टिच्युट फर एजुकेसनल रिसोर्सेज (RIVER–Rishi Valley Institute for Educational Resources) ले गरेको हो। यस विधिलाई विश्वका विभिन्न विकसित तथा विकासशील मुलुकले पनि अवलम्बन गर्दै आएको पाइन्छ। भारतलगायत इथियोपिया, जर्मनी, नेपालआदि देशमा पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि प्रभावकारी रूपमा प्रयोग हुँदै आइरहेको छ।

## नेपालमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि

कृष्णमूर्ति फाउन्डेसन तथा ऋषि भ्याली इन्स्टिच्युट फर एजुकेसनल रिसोर्सेज संस्थाकै प्राविधिक सहयोगमा नेपालमा २०६६ सालबाट सिन्धुपाल्चोक जिल्लाको श्री विष्णु आध्यात्मिक संस्कृत प्राथमिक आधारभूत विद्यालयबाट बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको सुरुआत भएको हो। बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि पूर्ण रूपमा क्रियाकलापमा आधारित विधि हो। यसले हरेक विद्यार्थीलाई निरन्तर सक्रिय बनाई सिकाइ गर्ने अवसर प्रदान गर्दछ।

**नीतिगत व्यवस्था** नेपालको भौगोलिक विकटताले गर्दा हिमाली र पहाडी भूभागमा पातलो बस्तीका कारण विद्यालयमा विद्यार्थी धेरै कम सङ्ख्यामा रहने अवस्था छ। विद्यार्थीलाई शिक्षाको मूलधारमा ल्याउनका लागि विद्यालय खोल्नुपर्ने आवश्यकताअनुरूप विद्यालय त खुले तर विद्यार्थी सङ्ख्या थोरै भएका कारण राष्ट्रले कक्षाअनुसार शिक्षक दरबन्दी दिन सकिरहेको छैन। यस्ता विद्यालयबाट शिक्षक दरबन्दी कटौती गर्नुपर्ने टड्कारो आवश्यकता छ। नेपालका अधिकांश विद्यालयमा धेरै कक्षा र थोरै शिक्षक भएका कारण पठनपाठनमा देखापरेका समस्यालाई मध्यनजर गर्दै बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि अत्यन्तै प्रभावकारी शिक्षण प्रणालीका रूपमा स्थापित भएको छ।

एकभन्दा बढी कक्षाका विभिन्न सिकाइ स्तरका बालबालिकालाई एकै ठाउँमा एकै पटक समावेश गरी शिक्षण सिकाइ गर्न सकिन्छ । थोरै शिक्षक, बढी कक्षा र थोरै विद्यार्थी भएको अवस्थामा र दुई वा दुईभन्दा बढी कक्षाका बढीमा ३५ जनासम्म विद्यार्थी भएको अवस्थामा प्रभावकारी रूपमा प्रयोग गर्न यो पद्धति सान्दर्भिक हुन्छ । विश्व परिवेशमा देखा परेका नयाँ, आधुनिक र प्रभावकारी शिक्षण सिकाइ पद्धतिलाई अपनाई देशको शैक्षिक गुणस्तर वृद्धि गर्न सरकारी तथा गैरसरकारी स्तरमा विभिन्न अभ्यासलाई प्रयोगमा ल्याइएको छ । त्यसमध्ये बहुकक्षा बहुस्तर सिकाइ पद्धति पनि एक हो । यस पद्धतिलाई विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan– SSDP) ले पनि अङ्गीकार गरेको छ । यसमा स्वीकृत निर्देशिका, अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूवार्धारको आवश्यकता तथा कक्षा १-३ र कक्षा १-५ मा बहुकक्षा बहुस्तर शिक्षणको आवश्यकतासमेतलाई दृष्टिगत गरी कम जनसङ्ख्या भएका ग्रामीण क्षेत्रका आवश्यकता सम्बोधन गर्न वैकल्पिक विद्यालय भवनका नमुना स्थापित गर्ने (SSDP Document) भनी उल्लेख गरिएको छ । त्यसै गरी बहुकक्षा सञ्चालनका निम्ति खर्चको समेत व्यवस्था र विद्यालयलाई व्यवस्थापकीय सहयोग गर्ने भनी (SSDP Document) सो दस्तावेजमा उल्लेख गरिएको छ ।

नयाँ पहिचान गरिएका बहुकक्षा भनी सो दस्तावेजमा उल्लेख भएको र ३५ जनासम्म विद्यार्थी भएका अन्य क्षेत्रका विद्यालय सरह १ शिक्षक तथा साना विद्यालय (कक्षा १-३) मा ३० जनासम्म विद्यार्थी भएका कक्षा १-३ मात्र पढाइ हुने हिमाली क्षेत्रका विद्यालयमा बहुकक्षा बहुस्तर पद्धतिबाट शिक्षण सिकाइ विधि पुऱ्याउने योजना रहेको छ भनी उल्लेख गरिएको छ । साथै विद्यालय क्षेत्र विकास योजनाको वधिभर यस्ता विद्यालयको सङ्ख्या १,१०० पुग्ने अनुमान गरिएको छ । (SSDP Document)

यसै गरी तत्कालीन शिक्षा विभागको Summary of Research Reports (२०७०/०७१ -२०७३/०७४) को निरन्तर मूल्याङ्कनसम्बन्धी अध्ययन प्रतिवेदन “Linking the use of the CAS and the Letter Grade system मा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिका बारेमा यसरी उल्लेख गरिएको छ : बहुकक्षा बहुस्तर कार्यक्रमका निरन्तर विद्यार्थी मूल्याङ्कनका अभ्यासहरूको अनुकरण : गरी बहुकक्षा बहुस्तर पद्धति सुरु गरिसकेकाले बहुकक्षा बहुस्तर पद्धति अपनाएका विद्यालयले अवलम्बन गरेका निरन्तर विद्यार्थी मूल्याङ्कनका कतिपय असल अभ्यास अन्य विद्यालयमा पनि लागु गर्न सकिन्छ । समूह मूल्याङ्कन, स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कनको प्रावधानलाई अन्य विद्यालयमा पनि लागु गर्न सकिन्छ, जसले माथिल्ला कक्षाहरू (कक्षा ४-७) मा विषय शिक्षकको भार सहज रूपमा कम गर्ने छ । (Summary of Research Reports 2070/071 - 2073/074) यसै गरी शिक्षक सेवा आयोगका प्राथमिकदेखि माध्यमिक तहसम्मका पाठ्यक्रममा पनि बहुकक्षा बहुस्तरसम्बन्धी विषयवस्तु समावेश गरिनुले यो शिक्षण पद्धतिको प्रयोग कम भए पनि यसको महत्त्व र आवश्यकतालाई भने उजागर गरेको देखिन्छ ।

### बहुकक्षा बहु स्तरशिक्षण सिकाइ विधिका सैद्धान्तिक आधार

बहुकक्षा बहुस्तर सिकाइ पद्धतिका विभिन्न सैद्धान्तिक आधार रहेका छन्, जसलाई निम्नानुसार प्रस्तुत

गरिएको छ :

(क) बालकेन्द्रित शिक्षण सिकाइ सिद्धान्तमा आधारित (Child Centered Learning)

(ख) योजनायुक्त शिक्षण सिकाइमा आधारित (Plan Based Learning)

(ग) गरेर सिक्ने सिद्धान्तमा आधारित (Based on Learning by Doing)

(घ) सक्रिय सिकाइमा आधारित (Based on Active Learning)

(ङ) समस्या समाधान उपागमको बाहुल्य (Problem Solving Approach)

(च) सहयोगात्मक सिकाइको बाहुल्य (Place of Co–operative Learning)

(छ) प्रतिविम्ब शिक्षण सिकाइ (Reflective Learning)

(ज) क्रमिक विकासमा आधारित (Based on Gradual Development)

(झ) निर्माणात्मक सिकाइ (Constructive Learning)

(ञ) समावेशी सिकाइ (Inclusive learning)

(ट) संस्कृति केन्द्रित सिकाइमा आधारित (Culture Focused Learning)

(ठ) भयरहित एवम् रोचक सिकाइ (Fearless and Joyful Learning)

(ड) निदानात्मक सिकाइ (Diagnostic Learning)

(ढ) बहुबौद्धिकताको सिद्धान्तको प्रयोग (Use of Multiple Intelligence Theory)

**बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिका विशेषता**

यस विधिका मुख्य विशेषतालाई तल उल्लेख गरिएको छ :

(क) पाठ्यपुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा मात्र प्रयोग गरिन्छ । यसले शिक्षक-विद्यार्थी, विद्यार्थी विद्यार्थी र कक्षाकोठाभित्रको विद्यार्थी अभिभावकसम्मको सिकाइलाई समेटेको हुन्छ ।

(ख) सिकाइ, कक्षाकोठा बाहिरको सिकाइ, क्षेत्र भ्रमण, समुदाय सर्वे, नाटकीकरण जस्ता विभिन्न सिकाइका क्रियाकलाप यस विधिले सुनिश्चित गरेको छ ।

(ग) विभिन्न परियोजना कार्य, प्रयोगात्मक कार्य, अवलोकन कार्य, वातावरण सर्वेक्षण, अनुसन्धान गर्ने, खोजी गर्ने, प्रदर्शन गर्ने, अनुभव बताउने, घटना बताउने आदि शिक्षण सिकाइ क्रियाकलापलाई यस पद्धतिमा समावेश गरिएको छ ।

(घ) यो विधि परम्परागत शिक्षण सिकाइ पद्धतिभन्दा केही फरक प्रकृतिको छ । यस विधिबाट कक्षा सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापन, फरक खालका सिकाइ सामग्री र सिकाइ प्रणाली आवश्यक पर्छन् ।

(ङ) यस विधिमा पाठ्यपुस्तकको विकल्पमा सिकाइ कार्ड तयार गरिएका छन् ।

(च) यस पद्धतिअनुसार एकभन्दा बढी कक्षा तथा सिकाइमा फरक स्तर भएका विद्यार्थीलाई सँगै राखी सिकाइ गरिन्छ ।

(छ) विद्यार्थीको कक्षा र स्तरअनुसारको सिकाइ सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । एउटै कक्षामा पनि फरक फरक क्षमता भएका विद्यार्थीलाई आआफ्नो क्षमताअनुसारको सिकाइ अवसर यस विधिमा प्राप्त हुन्छ ।

(ज) यस विधिअनुसार सिकाइ गर्न र विद्यार्थीको सिकाइ उपलब्धि हासिल गराउन विभिन्न किसिमका बालमैत्री र बालउपयोगी सामग्रीहरू विकास गरिएका छन् ।

(झ) रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड र कार्यपुस्तक मुख्य हुन् ।

(ञ) पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता र उपलब्धि हासिल गराउनका लागि विषयवस्तु नछुट्ने गरी कक्षागत तथा विषयगत पाठ्यक्रममा भएका सिकाइ उपलब्धिका आधारमा माइलस्टोन तयार गरिएको हुन्छ । ती माइलस्टोनलाई आधार मानेर सिकाइ सिँढी ⊥भबचलष्लन ⊥बममभच) निर्माण गरिएको हुन्छ । हरेक माइलस्टोनभित्र विभिन्न प्रकारका सिकाइका क्रियाकलापहरू राखिएका छन्, जसलाई विभिन्न सङ्केतद्वारा देखाइएको छ । सिकाइ सिँढीमा रहेका हरेक माइलस्टोनभित्र सिकाइका पाँच चरणहरू (परिचयात्मक चरण, अभ्यासात्मक चरण, मूल्याङ्कनात्मक चरण, सुधारात्मक चरण र सबलीकरणात्मक चरण) का क्रियाकलाप व्यवस्थित गरिएको हुन्छ । सिकाइका यिनै पाँच चरणलाई ध्यानमा राखेर सिकाइ सामग्री विकास गरिएको छ ।

(ट) यस विधिमा कक्षाका विद्यार्थीले आफ्नो सिकाइ गतिविधि वा आफ्नो सिकाइ स्तरअनुसार माइलस्टोनमा रहेका प्रत्येक सिकाइ सिँढीका क्रियाकलाप व्यक्तिगत रूपमा पूरा गर्ने मौका पाउँछन् ।

(ठ) विद्यालयमा यदि विद्यार्थी अनुपस्थित भएको अवस्थामा पनि उनीहरूको सिकाइ क्रियाकलाप छुट्ने डर हुँदैन किनकि ती विद्यार्थी उपस्थित हुँदा सिकाइ क्रियाकलाप जुन सिँढीमा थियो, त्यहीँबाट सो विद्यार्थीको क्रियाकलाप सुरु हुन्छ । यसले गर्दा विद्यार्थीको सिकाइ गतिअनुसार व्यक्तिगत रूपमा सिकाइ हुँदै जान्छ र सबै विद्यार्थीको सिकाइले पूर्णता प्राप्त गर्दछ ।

(ण) यस सिकाइ पद्धतिमा शिक्षकले विद्यार्थीको व्यक्तिगत कार्यसञ्चयिका तथा दैनिक सिकाइ अभिलेखका आधारमा विषयगत माइलस्टोनसँग सम्बन्धित क्रियाकलाप गराउँछन् । विषयगत

रूपमा तयार भएका माइलस्टोनका सम्पूर्ण सिकाइ क्रियाकलापहरू पूरा गरेपछि मात्र विद्यार्थीलाई माथिल्लो कक्षामा स्तर वृद्धि गरिन्छ । कुनै विद्यार्थीले कुनै विषयको माइलस्टोन वर्षभरिमा पूरा गर्न सकेन भने उसलाई माइलस्टोन पूरा भएको विषयमा माथिल्लो कक्षाको माइलस्टोनगत सिकाइ क्रियाकलाप गराउने र माइलस्टोन पूरा गर्न बाँकी विषयको भने माइलस्टोन पूरा भएपछि मात्र माथिल्लो कक्षाको विषयमा सिकाइ सुरु गराउनुपर्छ । त्यसैले यो विधिमा विद्यार्थीले कक्षा दोहोऱ्याउनुपर्ने र सिकाइ कमजोर भएका कारण कक्षा छाड्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्छ ।

(त) यस विधिबाट कक्षा सञ्चालन हुँदा विभिन्न पक्षहरूको सक्रिय सहभागिता रहन्छ । विद्यार्थीलाई आफ्नो परिवार, समुदाय, भाषा, संस्कृति, परम्परा आदिको पनि ज्ञान प्रदान गरिने भएकाले यी ज्ञानका स्रोत समुदायबाट खोजी गरी प्रयोग गरिन्छ । यसका लागि समुदायको सहभागिता आवश्यक पर्छ ।

## समस्या र चुनौती

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि प्रभावकारी विधि भए तापनि आर्थिक समस्या, कार्यक्रमको निरन्तरताको अभाव, सिकाइ सामग्रीको पहुँच नभएको, प्रदेश र स्थानीय सरकारबाट आवश्यकताअनुसार लगानी नहुनु, अविभावक र समुदाय परिचालनमा कमी, कार्यक्रमको निरन्तरताको अभाव जस्ता समस्या तथा चुनौती रहेका छन् ।

## समाधानका उपाय

नेपालमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिका समस्या समाधानका उपायलाई तल उल्लेख गरिएको छ :

(क) केन्द्र, प्रदेश र स्थानीय गरी तिनै तहका सरकारबाट बजेट छुट्याएर आर्थिक व्यवस्थापन गर्ने

(ख) आवश्यक सामग्रीको पहुँचका लागि केन्द्रीय स्तरबाट नै विकास र वितरणको व्यवस्था गर्ने

(ग) कम्तिमा १० देखि १५ दिनको शिक्षक तालिम र ३ देखि ५ दिनको शिक्षा अधिकृत, विद्यालय व्यवस्थापक, प्रधानाध्यापक र अन्य सहयोगी सङ्घसंस्था प्रतिनिधिका लागि अभिमुखीकरणको व्यवस्थापन गर्ने

(घ) बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि लागु भएका विद्यालय, सङ्घसंस्था, सङ्घीय निकाय, प्रदेश निकाय स्थानीय सरकार, तालिम केन्द्र र केन्द्रीय निकायबिच सञ्जाल विकास गरेर नियमित अन्तक्रिया गर्ने व्यवस्था गर्ने

**निष्कर्ष**

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि एक प्रभावकारी शिक्षण विधि हो । नेपालमा अहिले धेरै विद्यालयले यो विधिको माग गरिरहेका छन् । बालबालिकाले व्यक्तिगत सिकाइ सिँढी र सिकाइ कार्डका आधारमा आफ्नो सिकाइ गतिअनुसार सिक्न पाउँछन् । सङ्घ, प्रदेश, स्थानीय सरकार र सङ्घसंस्थाहरूको संयुक्त सहकार्यबाट नेपालमा यसलाई प्रभावकारी बनाउन सकिन्छ ।

## सन्दर्भ सामग्री


बहुकक्षा बहुस्तर (MGML) शिक्षण सिकाई शिक्षक स्रोत सामग्री (२०८१), नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

प्रविधिमैत्री बहुकक्षा बहुस्तर (MGML) पद्धतिमा आधारित सिकाइका लागि अभिमुखीकरण सहजीकरण सामग्री (२०८२), नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

नेपालको संविधान, कानुन किताव व्यवस्था समिति, काठमाडौँ, नेपाल ।

# नेपालमा खुला तथा दूर शिक्षा: रेडियोदेखि एआईसम्म

✍ मीना रिमाल

**लेखसार**

*१९औँ शताब्दीमा औपचारिक शिक्षामा सङ्कट देखा परेपछि युरोपमा विशेष गरेर ब्रिटेनमा खुला शिक्षको सुरुवात भए तापनि नेपालको सन्दर्भमा भने खुला शिक्षाको अभ्यास सन् १९६३ (वि.सं २०२०) देखि वि.सं १९७३ (२०३०) को दशकमा पत्राचार र रेडियोको माध्यमद्वारा सुरु गरिएको थियो । यसरी सुरु भएको खुला शिक्षा अहिले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगसम्म आइपुगेको छ । यस लेखमा नेपालमा सञ्चालित खुला तथा दूर शिक्षाको ऐतिहासिक पृष्ठभूमि, यसको प्रभावकारी कार्यन्यनमा देखिएका समस्या, चुनौती र आगामी दिनमा पार्न सक्ने सकारात्मक वा नकारात्मक प्रभाव अदिको बारेमा अध्ययन गरिएको छ ।. यस अध्ययनको मूल उद्देश्य नेपालमा विगतदेखि वर्तमानसम्म खुला तथा दूर शिक्षा कसरी सञ्चालन भइरहेको छ र सञ्चालन गर्न प्रयोग गरिएका माध्यमले यसलाई प्रभावकारी बनाउन खेलेको भूमिका र ती माध्यमले ल्याउन सक्ने चुनौती आदिको बारेमा विश्लेषण गर्नु रहेको छ.। यो अध्ययनलाई पूरा गर्न गुणात्मक अध्ययन विधिअन्तर्गतको व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । विभिन्न सरकारी तथा अन्य क्षेत्रबाट प्रकाशित सामग्रीलाई स्रोतको रूपमा लिएर विश्लेषण गरिएको छ । विशेषत: द्वितीय स्रोतमा आधारित यस लेखमा खुला तथा दूर शिक्षाको अवस्था, यसका सबल पक्ष, दुर्बल पक्ष, अवसर, चुनौती तथा अगामी दिनमा अवलम्बन गर्नुपर्ने नीति था कार्यक्रमको बारेमा समेत प्रकाश पारिएको छ । यसले परम्परागत शिक्षक विद्यार्थी एकै स्थानमा बसेर हुने शिक्षण सिकाई क्रियाकलापलाई भन्दा प्रभावकारी रूपले अगाडि बढाएको देखिन्छ शिक्षक बिना नै एआईले पाठ्यवस्तुका समग्र विषय वस्तुलाई विद्यार्थीमाझ प्रभावकारी ढङ्गले अगाडि बढाएको कारण खुला सिकाइले बिस्तारै परम्परागत शिक्षालाई प्रविधि मैत्री बनाउँदै अगाडी बढ्न प्रेरित गरेको देखिन्छ ।*

**मुख्य शब्दावली** : खुला शिक्षा, आर्टिफिसियल इन्टेलिजेन्स र शिक्षण सिकाइ

## विषय प्रवेश

औपचारिक शिक्षाको सुरुवात हुनुभन्दा अगाडि मानव समुदायले आफ्ना पूर्वजबाट खुला रूपमा सिक्ने गरेको भए तापनि औपचारिक शिक्षाको सुरुवात भइसकेपछि भने खुला शिक्षालाई लगभग प्रतिबन्ध लगाइएको थियो तर निश्चित कक्षा कोठाभित्र खुला औपचारिक रूपमा दिइने शिक्षामा सङ्कट देखा परेपछि खुला शिक्षाको अवधारणा अगाडि आएको देखिन्छ । विश्वमा सर्वप्रथम सन् १८४० मा

एक निजी संस्थाले पत्राचारको प्रयोग गरी खुला शिक्षाको सुरुवात गरेको देखिन्छ । सन् १९७३ मा अमेरिकामा घरघरमा अध्ययन गर्ने समाजको स्थापना, सन् १९१४ मा अस्ट्रेलियाको जङ्गलमा काम गर्ने कामदारका छोराछोरीलाई पढाउने व्यवस्थालाई यसको प्रथम कालखण्डको रूपमा लिन सकिन्छ । (किगान, १९९६)। नेपालमा भने यसको सुरुवात निकै पछि मात्र भएको देखिन्छ । सरकारी तथ्याङ्कलाई आधार मान्दा २०२० सालमा रेडियोमार्फत केही शिक्षकलाई शैक्षिक सामग्री प्रसारण गरेर सुनाइएको भए तापनि २०३४ सालबाट मात्र खुला तथा दूर शिक्षा सुरु भएको देखिन्छ ।( शर्मा, २००६)

खुला तथा दूर शिक्षा आधुनिक शिक्षाको एक रूप हो । यसले शिक्षार्थीलाई स्थान र समयको बन्धनविना अध्ययनको अवसर प्रदान गर्छ । यसले शिक्षमा सबैको पहुँच विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । युनेस्को (२००२) ले खुला तथा दूर शिक्षालाई एउटा शिक्षा प्रणालीको रूपमा परिभाषित गर्दै यसले विद्यार्थीलाई समय, स्थान र गतिअनुसार शिक्षण सामाग्री अध्ययन गर्न स्वतन्त्रता प्रदान गर्छ भनेर व्याख्या गरेको छ । किगन किगेन ( ९१९९६) ले यसलाई शिक्षक र विद्यार्थी भौगोलिक रूपमा अलग भएका अवस्थामा भएर पनि सञ्चालन गर्न सकिने शिक्षण प्रणाली भनेर व्याख्या गरेका छन् । पिटर (२००३) ले खुला शिक्षालाई औद्योगिक समाजको व्यस्ततासँग जोडेर त्यसैको उत्पादक विधि हो जसले शिक्षण प्रक्रियालाई संस्थागत र प्रणालीगत बनाउँछ भनेर विष्लेषण गरेका छन् । होल्मबर्ग (२००५) ले यसलाई शिक्षार्थीकेन्द्रित आत्मअध्ययन प्रणाली भनेर परिभाषित गरेका छन् । नेपालमा खुला तथा दूर शिक्षाको प्रारम्भ २०२० सालतिर पत्राचार र रेडियो शिक्षणको माध्यमबाट भएको मानिन्छ (खुला तथा दुर शिक्षा केन्द्र, वि सं २०२०)। प्रारम्भमा विद्यालयसम्म पुग्न नसक्ने शिक्षार्थीलाई रेडियो र पत्राचारका माध्यमद्वारा अध्ययन सामग्री पठाएर यसको सुरुवात गरिएको भए तापनि वि सं २०५० पछि त्रिभुवन विश्वविद्यालय र शिक्षाशास्त्र महाविद्यालयले विश्वविद्यालय तहमा खुला तथा दूर शिक्षा कार्यक्रम सञ्चालन गर्न थाले (पोखरेल, वि सं २०१९) । हाल इन्टरनेट र मोबाइल प्रविधिको विस्तारसँगै खुला तथा दूर शिक्षा डिजिटल प्लेटफर्ममा रूपान्तरित भएको छ । विशेष गरी कोभिड १९ महामारीपछि अनलाइन कक्षा, मुभिङ लर्निङ र कृत्रिम बुद्धिमत्ता आधारित शिक्षण प्रविधिले यसको नयाँ युगको सुरुवात गरेको देखिन्छ (युनेस्को, २०२३)।

अन्तर्राष्ट्रिय रूपमा खुला तथा दूर शिक्षाको विकास ब्रिटेनको खुला विश्व विद्यालय(१९६९) देखि सुरु भई विश्वभर फैलिएको देखिन्छ । युनेस्को र विश्व बैङ्क जस्ता संस्थाले यसलाई शिक्षा पहुँच विस्तार र आजीवन शिक्षाको माध्यमका रूपमा प्रोत्साहन गर्दै आएका छन् । वर्तमान विश्वमा एआई, बिग डाटा र भर्चुअल रियलिटीको प्रयोगले खुला तथा दूर शिक्षालाई अझ व्यक्तिगत, संवादात्मक र प्रभावकारी बनाउँदै लगेको छ ।

## सैद्धान्तिक पृष्ठभूमि

यस अध्ययनको सैद्धान्तिक आधार सचेतीकरणको सिद्धान्त, उत्प्रेरणाको सिद्धान्त र सामाजिक आर्थिक आवश्यकताको सिद्धान्तसँग सम्बन्धित रहेको छ । यसलाई अब्राहम मस्लोको उत्प्रेरणाको सिद्धान्त, पाउलो फेरोको उत्पीडितका लागि शिक्षा, हविन्सनको मानव संसाधन विकास सम्बन्धी दार्शनिक

आधारलाई लिएर अगाडि बढाइएको छ । शिक्षाको उद्देश्य मानिसलाई सचेत गराउनु हो । सचेत भएपछि मानिसले संसाधनको आफैँले खोजी गर्छ र आफ्नो अवस्थामा परिवर्तन ल्याउन क्रियाशील हुन्छ । पाउलो फ्रेरे (१९७०) ले वर्गीय समाजको अवधारणाअनुसार उत्प्रेरित वर्गलाई शिक्षामा समाहित गराउनुपर्छ, त्यसका लागि विभिन्न उपायअवलम्बन गर्नुपर्छ र खुला शिक्षा पनि एउटा माध्यम हो भनेर व्याख्या गरेका छन् । अब्राहम मस्लोले शिक्षाले मानिसलाई उत्प्रेरणा दिन्छ, उत्प्रेरणाले उसको जीवनमा परिवर्तन ल्याउन भूमिका खेल्छ भनेर व्याख्या गरेका छन् । पाउलो फ्रेरे (सन् १९७०) को सचेतीकरणको सिद्धान्त, धार्मिक उदारवाद र मार्क्सवादी समाज विश्लेषणको संयुक्त रूप हो । यसलाई नै उनले समालोचनात्मक सचेतीकरण मानेका छन् । १९७० को दशकतिर आएर इभान इलिचले विद्यालय बाहिर भन्ने अवधारणा ल्याए । यसै दशकमा शिक्षाविद् पाउलो फ्रेरेले उत्पीडितका लागि शिक्षाको अवधारणा विकास गरी रिफलेक्ट थिङ्किङको विकास गराए । यसअघि मौन बसेका अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पको रूपमा उभिने अवसर पायो" (शर्मा एण्ड शर्मा वि सं (२०६३) ।

## खुला तथा दूर शिक्षाको विगत र वर्तमान

आधुनिक रूपमा यसको सुरुवात १८औँ शताब्दीको औद्योगिक क्रान्तिपछि भएको देखिन्छ । औद्योगिक क्रान्तिपछि समाजमा देखिएको औपचारिक शिक्षाप्रतिको वितृष्णा, सबै मानिसमा औपचारिक शिक्षा प्राप्त गर्ने अवस्था नहुनु र शिक्षा आम जनताको भन्दा पनि मुठीभर सामन्तको हातमा पुग्नुले औपचारिक शिक्षामाथि गम्भीर समस्या देखा पर्‍यो । यसको समाधानस्वरूप खुला शिक्षाको विकास भएको पाइन्छ । सुरुका दिनमा खुला शिक्षालाई चिठीपत्रको आदानप्रदान विधिबाट अगाडि बढाइएको थियो । शिक्षकले चिठीको रूपमा प्रश्न पठाउने गर्थे । खुला तथा दूर शिक्षाको प्रारम्भ १९औँ शताब्दीमा पत्राचार शिक्षाका रूपमा भएको पाइन्छ । विद्यार्थीलाई डाकमार्फत अध्ययन सामग्री पठाइन्थ्यो र उनीहरूले लेखेर उत्तर पठाउने गर्थे (किगान, १९९६)। पछि रेडियोको माध्यमद्वारा खुला शिक्षालाई पश्चिमा देशहरूले अगाडि बढाएका थिए भने टेलिभिजनको आविष्कार भएपछि टेलिभिजन सेटलाई पनि खुला तथा दूर शिक्षामा प्रयोग गरिएको थियो । अन्तर्राष्ट्रिय परिवेशमा खुला तथा दूर शिक्षाको उल्लेखनीय विकास ब्रिटेनको खुला विश्व विद्यालय (१९६९) बाट सुरु भएको हो । यसले सबैका लागि शिक्षा भन्ने अवधारणालाई व्यावहारिक बनायो । पछि भारत, अमेरिका र अस्ट्रेलियामा पनि खुला विश्वविद्यालय स्थापना भई उच्च शिक्षामा पहुँच विस्तार भएको पाइन्छ (पेटर, २००३) । प्रविधिको विकाससँगै रेडियो, टेलिभिजन र पछिल्ला दशकमा इन्टरनेट र अनलाइन लर्निङ प्रणालीले खुला शिक्षालाई नयाँ रूप दिएको छ । हाल विश्वका प्रमुख शैक्षिक संस्थाले कृत्रिम बुद्धिमत्ता, बिग डाटा र भर्चुअल रियलिटी प्रविधि प्रयोग गरी व्यक्तिगत शिक्षणको दिशा लिएका छन् (युनेस्को, २०२३)।

नेपालमा २०५० को दशकपछि त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र सङ्कायअन्तर्गत खुला तथा दूर शिक्षा केन्द्र स्थापनासँगै यसले विश्वविद्यालय तहका विद्यार्थीलाई वैकल्पिक अध्ययनको अवसर प्रदान गर्न थाल्यो । इन्टरनेट पहुँच विस्तार र मोबाइल प्रविधिको प्रयोगले डिजिटल शिक्षणलाई सशक्त बनाएको छ । विशेष गरी कोभिड-१९ महामारीपछि अनलाइन शिक्षण, ई लर्निङ प्लेटफर्म र एआईमा

आधारित उपकरणको प्रयोग तीव्र गतिमा बढेको छ (श्रेष्ठ २०२१)। विगतमा पत्राचार र रेडियोमा सीमित खुला शिक्षा आज प्रविधिआधारित र विश्वव्यापी सञ्जालमा जोडिएको छ। अन्तर्राष्ट्रिय स्तरमा कृत्रिम बुद्धिमत्ता र अनुकूल शिक्षण प्रणाली विकसित भइरहेका बेला नेपालले पनि ती प्रविधिको अपनत्व गर्दै समावेशी, सुलभ र गुणस्तरीय शिक्षाको दिशामा अघि बढ्ने सङ्केत देखाएको छ।

### खुला तथा दूर शिक्षाको वर्तमान अवस्था

नेपालमा खुला तथा दूर शिक्षा शिक्षा प्रणाली अहिले विस्तार र सुदृढीकरणको चरणमा पुगेको छ। विगतमा पत्राचार र रेडियो शिक्षामा सीमित रहेको यो प्रणाली अहिले डिजिटल प्रविधि, इन्टरनेट, मोबाइल शिक्षा र कृत्रिम बुद्धिमत्तामा आधारित शिक्षणमा रूपान्तरित हुँदै गएको छ। यसको मूल उद्देश्य शिक्षा पहुँच नपुगेका समुदाय, दूरदराजका विद्यार्थी र समयाभाव भएका वयस्कलाई अध्ययनको अवसर उपलब्ध गराउनु हो।

नीतिगत रूपमा नेपाल सरकारले शिक्षा नीतिहरूमा खुला तथा दूर शिक्षालाई विशेष प्राथमिकता दिएको छ। शिक्षा ऐन २०२८, राष्ट्रिय शिक्षा नीति २०७६ र त्रिभुवन विश्वविद्यालयको खुला तथा दूर शिक्षा नीतिले यस प्रणालीलाई औपचारिक मान्यता दिएको छ ( शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सन् २०२०) । यी नीतिले प्रविधिमुखी, समावेशी र लचक शिक्षण प्रणालीलाई प्रोत्साहन गर्छन्। हाल नेपालमा दुई प्रमुख निकायले खुला तथा दूर शिक्षा सञ्चालन गरिरहेका छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गतको खुला तथा दूर शिक्षा केन्द्र र नेपाल खुला विश्वविद्यालय। खुला तथा दूर शिक्षा केन्द्रले विश्वविद्यालय स्तरका शिक्षक प्रशिक्षण, शिक्षा र प्रबन्धनसम्बन्धी कोर्स सञ्चालन गर्दै आएको छ, भने नेपाल खुला विश्वविद्यालयले स्नातकदेखि स्नातकोत्तर तहसम्मका कार्यक्रम पूर्ण रूपमा अनलाइन माध्यमबाट प्रदान गर्छ (पोखरेल, २०१९)। यी संस्थाले मुडल, जुम, माइक्रोसफ्ट टिम्स, लर्निङ म्यानेजमेन्ट सिस्टम एलएमएस ) प्रयोग गरी शिक्षणअध्ययन सञ्चालन गर्छन्। अझै पनि इन्टरनेट पहुँच, प्रविधि साक्षरता, र आर्थिक स्रोतको अभावका कारण यो प्रणाली ग्रामीण र दुर्गम क्षेत्रमा पूर्ण रूपमा प्रभावकारी बन्न सकेको छैन। नीतिगत सुधार, डिजिटल पूर्वाधार विस्तार, र एआईआधारित शिक्षण प्रविधिको प्रयोगले नेपालको खुला तथा दूर शिक्षा प्रणालीलाई क्रमशः विश्वस्तरीय स्तरमा उकास्दै लगेको छ (युनेस्को, २०२३)।

### सबल पक्ष

नेपालमा खुला तथा दूर शिक्षा शिक्षाको पहुँच विस्तार, लचकता र समावेशीताको दृष्टिले एक सबल शिक्षण प्रणालीका रूपमा विकसित भइरहेको छ। यसले शिक्षाको पहुँच विस्तार गर्न मद्दत गरेको छ। भौगोलिक रूपमा दुर्गम क्षेत्रमा रहेका विद्यार्थी, रोजगारी वा पारिवारिक कारणले नियमित कक्षामा उपस्थित हुन नसक्ने शिक्षार्थीका लागि खुला तथा दूर शिक्षा प्रभावकारी माध्यम बनेको छ (पोखरेल, २०१९)। विद्यार्थीहरू आफ्नो गति, समय र आवश्यकताअनुसार अध्ययन गर्न सक्छन्। यसले जीवन पर्यन्त सिकाइको अवधारणा कार्यान्वयन गर्न सहयोग पुऱ्याएको छ (किगान, १९९६)। यस प्रणालीले

प्रविधिको उपयोग र डिजिटल रूपान्तरणलाई प्रोत्साहन गरेको छ। नीतिगत र संस्थागत विकास हुनु यसको सबल पक्ष हो। नेपाल सरकारको शिक्षा नीति २०७६ र नेपाल खुला विश्वविद्यालयको स्थापना (२०१६) ले यस प्रणालीलाई औपचारिक मान्यता दिँदै शिक्षाको अवसरलाई समान रूपले वितरण गर्ने प्रयास गरेको छ ( शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२०) । खुला तथा दूर शिक्षा नेपालमा शिक्षाको पहुँच विस्तार, प्रविधिको एकीकरण र आजीवन शिक्षाको अवसर सिर्जनामा सबल माध्यमका रूपमा स्थापित भएको छ य जसले शिक्षा सबैका लागि भन्ने राष्ट्रिय लक्ष्यलाई सार्थक दिशा प्रदान गरेको छ।

## दुर्बल पक्ष

नेपालमा खुला तथा दूर शिक्षा शिक्षा विस्तारको प्रभावकारी माध्यम भए पनि यस प्रणालीमा अझै केही दुर्बल पक्ष विद्यमान छन्। सबैभन्दा पहिलो र प्रमुख कमजोरी भनेको प्रविधिगत पूर्वाधारको अभाव हो। ग्रामीण र दुर्गम क्षेत्रमा इन्टरनेट पहुँच, बिजुली आपूर्ति र डिजिटल उपकरणको कमीका कारण विद्यार्थीले अनलाइन कक्षा र सामग्रीमा नियमित सहभागिता जनाउन कठिनाइ भोगिरहेका छन् (श्रेष्ठ, २०२१)। प्रविधि साक्षरताको कमी पनि खुला शिक्षको ठुलो चुनौती हो। धेरै विद्यार्थी र शिक्षक डिजिटल प्रविधि सञ्चालनमा दक्ष नभएकाले शिक्षणअध्ययन प्रक्रिया प्रभावकारी बन्न सकेको अवस्था छैन (पोखरेल, २०१९) । संस्थागत समन्वय र नीति कार्यान्वयनमा कमजोरी यस्को अर्को दुर्बल पक्ष हो। नीतिगत तहमा खुला तथा दूर शिक्षालाई प्राथमिकता दिइए पनि कार्यान्वयन स्तरमा पर्याप्त तालिम, स्रोत र अनुगमनको कमी देखिन्छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२०)। शैक्षिक सामग्री र मूल्याङ्कन प्रणालीको एकरूपताको अभाव पनि दुर्बल पक्ष हो। धेरैजसो कोर्सहरूमा सामग्री अद्यावधिक छैनन् र मूल्याङ्कन प्रणाली परम्परागत मोडेलमा सीमित रहन्छ। विद्यार्थीको प्रेरणा र आत्मअनुशासनको कमीले अध्ययनको गुणस्तरमा असर पुऱ्याउँछ (युनेस्को, २०२३)। प्रविधिगत, नीतिगत, र व्यवस्थापनसम्बन्धी यी कमजोरीले नेपालको खुला तथा दूर शिक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउन सुधारात्मक कदम आवश्यक रहेको देखिन्छ।

## अवसर

नेपालमा खुला तथा दूर शिक्षा शिक्षा क्षेत्रमा तीव्र गतिमा विकसित हुँदै गएको छ र यसले भविष्यका लागि अनेकौं अवसर सिर्जना गरेको छ। पहिलो शिक्षाको पहुँच विस्तार यसको प्रमुख अवसर हो। भौगोलिक कठिनाइ, आर्थिक असमानता, वा समय अभावका कारण विद्यालय वा विश्वविद्यालयमा उपस्थित हुन नसक्ने विद्यार्थीहरूका लागि यो प्रणाली प्रभावकारी विकल्प बनेको छ (पोखरेल, २०१९)। डिजिटल प्रविधिको विस्तारले खुला तथा दूर शिक्षाको सम्भावना अझ बढाएको छ। इन्टरनेट, मोबाइल प्रविधि र कृत्रिम बुद्धिमत्तामा आधारित शिक्षण उपकरणहरूको प्रयोगले शिक्षणलाई अधिक अन्तरक्रियात्मक र व्यक्तिगत बनाइरहेको छ (युनेस्को, २०२३)।

नीतिगत समर्थन र संस्थागत विस्तार पनि ठूलो अवसर हो। नेपाल खुला विश्वविद्यालय (NOU) र

त्रिभुवन विश्वविद्यालयको खुला तथा दूर शिक्षा केन्द्र को सुदृढीकरणले यस प्रणालीलाई औपचारिक रूपमा सशक्त बनाएको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२०) । यसरी, प्रविधि, नीति, र संस्थागत समन्वयका माध्यमबाट नेपालमा खुला तथा दूर शिक्षा समावेशी, सुलभ र आजीवन शिक्षाको दिगो माध्यम बन्ने ठोस अवसरको रूपमा विकसित हुँदै गएको छ ।

## चुनौती

नेपालमा खुला तथा दूर शिक्षाले शिक्षा क्षेत्रमा अवसर सिर्जना गर्दै आएको भए पनि यससँग केही चुनौती पनि जोडिएका छन् । पहिलो चुनौती प्रविधि र पूर्वाधारको कमी हो । ग्रामीण र दुर्गम क्षेत्रका विद्यार्थीलाई इन्टरनेट, कम्प्युटर, र मोबाइल उपकरणको पहुँच सीमित छ, जसले अनलाइन कक्षा र डिजिटल सामग्रीको उपयोगमा कठिनाइ उत्पन्न गर्छ (श्रेष्ठ, २०२१) । प्रविधि साक्षरता र क्षमता अभाव पनि चुनौतीको रूपमा देखिन्छ । शिक्षक र विद्यार्थी दुवै डिजिटल उपकरण र अनलाइन शिक्षण विधिमा दक्ष नभएकाले शिक्षणअध्ययन प्रक्रिया प्रभावकारी बन्न सक्दैन (पोखरेल, २०१९) । नीतिगत कार्यान्वयन र संस्थागत व्यवस्थापनमा कमजोरी देखिन्छ । नीतिगत स्तरमा सुधार र समर्थन भए तापनि तालिम, स्रोत, अनुगमन र नियमित मूल्याङ्कन पर्याप्त छैन (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२०) । विद्यार्थीको आत्मअनुशासन र प्रेरणाको कमी पनि ठुलो चुनौती हो । नियमित कक्षा उपस्थितिको अभाव, घरको वातावरणमा ध्यान केन्द्रित गर्न कठिनाइ र सामाजिक आर्थिक बाधाले अध्ययन गुणस्तरमा असर पार्छ । प्रविधि, क्षमता, नीतिगत र सामाजिक आर्थिक कारकले नेपालको खुला तथा दूर शिक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउन चुनौती सिर्जना गरिरहेका छन् । यी चुनौती समाधान गर्न लक्षित नीति, पूर्वाधार विस्तार, तालिम र प्रविधि साक्षरता अभिवृद्धि आवश्यक छ ।

## अबको बाटो

नेपालमा खुला तथा दूर शिक्षाले विगतदेखि वर्तमानसम्म शिक्षा पहुँच विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस प्रणालीलाई डिजिटल रूपान्तरण र प्रविधि एकीकरणमार्फत अझ सुदृढ बनाउनु आवश्यक छ । मोबाइल शिक्षा, अनलाइन प्लेटफर्म र कृत्रिम बुद्धिमत्ताको प्रयोगले शिक्षणअध्ययनलाई व्यक्तिगत, अन्तरक्रियात्मक र गुणस्तरीय बनाउन सहयोग पुऱ्याउँछ ( युनेस्को, २०२३)। ग्रामीण र दुर्गम क्षेत्रमा इन्फ्रास्ट्रक्चर विस्तार, शिक्षक र विद्यार्थीको प्रविधि साक्षरता अभिवृद्धि र नीतिगत सुधार आवश्यक  नेपालको खुला विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको दूर शिक्षा केन्द्र जस्ता संस्थाले यी उपायको कार्यान्वयन गर्दै दीर्घकालीन दृष्टिकोणमा शिक्षाको समावेशिता र गुणस्तर सुनिश्चित गर्न सक्ने छन् ( पोखरेल, २०१९)। खुला तथा दूर शिक्षा नेपालमा समावेशी, सुलभ र दिगो शिक्षाको माध्यम बन्ने सम्भावना राख्छ ।

## निष्कर्ष

नेपालमा खुला तथा दूर शिक्षाले विगतदेखि वर्तमानसम्म शिक्षा पहुँच विस्तार र समावेशितामा

कयम महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । प्रारम्भिक चरणमा पत्राचार र रेडियो शिक्षाको माध्यमले विद्यालयसम्म पहुँच नपाएका विद्यार्थीलाई अध्ययन सामग्री उपलब्ध गराइयो य जसले शिक्षा सबैका लागि भन्ने राष्ट्रिय लक्ष्यको कार्यान्वयनमा मद्दत गरिरहेको छ । त्रिभुवन विश्वविद्यालयको खुला तथा दूर शिक्षा केन्द्र र नेपाल खुला विश्वविद्यालयले विश्वविद्यालय तहका कार्यक्रम सञ्चालन गर्दै वैकल्पिक अध्ययनको अवसर प्रदान गरेका छन् । हाल डिजिटल प्रविधि, मोबाइल शिक्षा, अनलाइन प्लेटफर्म र कृत्रिम बुद्धिमत्तामा आधारित शिक्षण उपकरणको प्रयोगले खुला सिकाइमा प्रणालीलाई अझ व्यक्तिगत, संवादात्मक र गुणस्तरीय बनाएको छ । यसले परम्परागत शिक्षक-विद्यार्थी एकै स्थानमा उपस्थित हुने शिक्षण पद्धतिभन्दा बढी लचिलो र पहुँचयोग्य शिक्षण प्रणालीको रूप दिएको छ । नेपालमा खुला र दूर शिक्षा प्रणाली अझ प्रभावकारी बन्नका लागि प्रविधि पूर्वाधारको विस्तार, ग्रामीण क्षेत्रका विद्यार्थीको प्रविधि साक्षरता अभिवृद्धि, नीतिगत सुधार तथा संस्थागत समन्वय आवश्यक छ । इन्टरनेट पहुँच, आर्थिक स्रोत र आत्मअनुशासनजस्ता सामाजिक आर्थिक चुनौतीहरू समाधान गर्न विशेष ध्यान दिनुपर्छ । नेपालमा खुला तथा दूर शिक्षा पत्राचार र रेडियो शिक्षाबाट सुरु भई डिजिटल र एआइमा आधारित शिक्षणमा रूपान्तरण हुँदै आएको छ । नीति, प्रविधि र संस्थागत पक्ष सशक्त बनाउन सके यसले नेपालमा समावेशी, सुलभ, दिगो र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने क्षमता राख्छ ।

## सन्दर्भ सामग्री


काफ्ले, बी., श्रेष्ठ, एम., र शर्मा, आर. (२००४ )

शिक्षाको सामाजिक आधार, काठमाडौं : पैरवी प्रकाशन

खुला खुला तथा दूर शिक्षा केन्द्र (२०२०). दूर शिक्षा / खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी

निर्देशिका, काठमाडौं : शिक्षा तथा खेलकुद मन्त्रालय ।

तथा दूर शिक्षा केन्द्र, (२०२०), नेपालमा खुला शिक्षाको इतिहास, त्रिभुवन विश्वविद्यालय ।

पाक्षिक पत्रिका (२०६६), एजुकेसनल पेजेज, काठमाडौं, एन.पी.टी.सी. लिमिटेड चावाहिल ।

पोखरेल, बी. (२०१९), नेपालमा खुला तथा दूर शिक्षाः चुनौती र सम्भावनाहरू, शिक्षा तथा

अनुसन्धान जर्नल, ९(१), ४५-५९।

शर्मा एन्ड शर्मा (२०६३), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा , भोटाहिटि काठमाडौं :

एम.के.पब्लिसर्स एन्ड डिस्टिब्रयुटर्स ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६६), खुला विद्यालय सञ्चालनसम्बन्धी कार्यन्वयन

पुस्तिका, सानोठिमी भक्तपुर ।

युनेस्को, (२०२३). शिक्षामा कृत्रिम बुद्धिमत्ता एम विश्वव्यापी प्रवृत्ति र प्रभावहरू, युनेस्को डिजिटल पुस्तकालय ।

शर्मा, टी. एन., र शर्मा, बी. के.(२००६).आधुनिक शिक्षा र समाजःआधुनिक शिक्षा र समाज। काठमाडौः एम.के. प्रकाशक तथा वितरक ।

श्रेष्ठ, पी.(२०२१)। कोभिड-१९ महामारीको समयमा नेपालमा अनलाइन शिक्षा अभ्यासहरू, नेपाल शिक्षा समीक्षा, ३(२), ११२-१२८ ।

Anderson, T. (2019). Theories for online learning (2nd ed.). Athabasca University Press.

Freire, P. (1970). Pedagogy of the oppressed. New York: Continuum.

Harbison, F. (1970). Human resources as the wealth of nations. New York: Oxford University Press.

Holmberg, B. (2005). The evolution, principles and practices of distance education. Oldenburg: BIS Verlag.

Keegan, D. (1996). Foundations of distance education (3rd ed.). Routledge.

Peters, O. (2003). Learning and teaching in distance education: Analyses and interpretations from an international perspective. RoutledgeFalmer.

Subedi, R. (2024). AI integration in Nepalese higher education. Journal of Digital Education, 5(1), 33–47.

UNESCO. (2002). Open and distance learning: Trends, policy and strategy considerations. UNESCO Publishing.

# नेपालमा एकीकृत पाठ्यक्रमः अवधारणा, कार्यान्वयन र चुनौती

✍ मीना श्रेष्ठ
मङ्गलादेवी मा. वि.

**लेखसार**

*यस लेखमा नेपालको अधारभूत शिक्षा (कक्षा १ देखि ३) मा एकीकृत पाठ्यक्रमको कार्यान्वयनको अध्ययन प्रस्तुत गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को दिशानिर्देशनमा यस पाठ्यक्रमले विषयगत विभाजनलाई हटाएर बालकेन्द्रित, जीवनपयोगी र सिकाइमा आधारित शिक्षणलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ । गुणात्मक विधिबाट सामग्री विश्लेषण गरी यस अध्ययनले एकीकृत पाठ्यक्रमको आवश्यकता, यसले विकास गर्न खोजेका व्यवहारकुशल सिप, कक्षाकोठामा यसको कार्यन्वयनको उदाहरण, शिक्षकले सामना गर्नुपरेका समस्या र तिनको प्रतिवि म्बनलाई विश्लेषण गरेको छ । अध्ययनको निष्कर्षले कार्यान्वयन प्रक्रियामा सैद्धान्तिक र व्यावहारिक अन्तर, शिक्षक तयारी, स्रोत सामग्रीको अभाव र मूल्याङ्कन पद्धतिमा देखिएका चुनौती प्रमुख रूपमा रहेको देखाएको छ । यसको सफलताका लागि शिक्षक क्षमता विस्तार, स्रोत सामग्रीको उपलब्धता र सहयोगी शिक्षण वातावरण निर्माणलाई आवश्यक मानिएको छ ।*

**मुख्य शब्दावली** : एकीकृत पाठ्यक्रम, व्यवहारकुशल सिप, बालकेन्द्रित शिक्षण, कार्यान्वयन चुनौती

## परिचय

शिक्षा प्रणालीमा विश्वव्यापी रूपमा विषयको अन्तरसम्बन्ध र वास्तविक जीवनसँग जोडिएको सिकाइ प्रवर्धन गर्न एकीकृत पाठ्यक्रमको अवधारणा लोकप्रिय भइरहेको छ। परम्परागत विषयगत शिक्षणले बालबालिकाको सिकाइलाई खण्डित गर्ने र बालबालिकाको सिर्जनशीलता र जिज्ञासालाई प्रभावकारी रूपमा सम्बोधन गर्न नसकेको अनुमान गरिएको छ। यसैलाई मुख्य रूपले सम्बोधन गर्ने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १ देखि ३ सम्मका विद्यार्थीका लागि एकीकृत पाठ्यक्रम लागु गर्ने स्पष्ट निर्देश गरेको छ। यसको मुख्य उद्देश्य भनेको बालबालिकाको सिकाइ प्रक्रियालाई सरल, सिर्जनात्मक र रमाइलो अनुभव बनाउनु हो ।

एकीकृत पाठ्यक्रमले बहुविषयक र अन्तरविषयक अवधारणालाई अङ्गालेको छ। यसमा हाम्रो सेरोफेरो, गणित, नेपाली र अङ्ग्रेजी भाषा गरी चार विषयक्षेत्रमा १९ थिम समावेश छन् (नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, २०७६)। सेरोफेरो विषयअन्तर्गत सामाजिक, विज्ञान तथा वातावरण, स्वास्थ शारीरिक तथा सिर्जनात्मक कला विषयलाई समावेश गरिएको छ । यस लेखको उद्देश्य नेपालको प्रारम्भिक शिक्षा परिवेशमा एकीकृत पाठ्यक्रमको अवधारणा, यसको कार्यान्वयन प्रक्रिया, उदाहरण, शिक्षकलाई आइपर्ने चुनौती र तिनको समाधानका लागि आवश्यक पक्षको विश्लेषणात्मक अध्ययन

प्रस्तुत गर्नु हो । एकीकृत पाठ्यक्रमले विभिन्न विषयलाई जोडेर विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने उद्देश्य बोकेको छ । यसले घोकन्ते सिकाइलाई हटाएर अनुभवमा आधारित सिकाइलाई प्राथमिकता दिन्छ । एकीकृत पाठ्यक्रमको मुख्य उद्देश्य २१औँ शताब्दीका आवश्यकताअनुसार बालबालिकालाई तयार पार्नु हो, जसमा सफ्ट स्किल्सको विकास समावेश छ । पाठ्यक्रममा ५ मुख्य सिपः सोचाइ सिप (S1), वैयक्तिक सिप (S2), अन्तरवैयक्तिक सिप (S3), सूचना प्रविधि सिप (S4) र नागरिक सिप (S5) र २९ सफ्ट स्किल्स एकीकृत छन् ।

## विधि

यस अध्ययनले गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरेको छ । प्राथमिक स्रोतको रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को सम्बन्धित अंश, कक्षा १-३ को एकीकृत पाठ्यक्रम सूची र शिक्षक निर्देशिकाको गहन अध्ययन र विश्लेषण गरिएको छ । शिक्षकसँगको अनौपचारिक अन्तर्वार्ताको अनुभवलाई पनि विश्लेषणमा सहायक सामग्रीको रूपमा समावेश गरिएको छ । प्राप्त सामग्री विषयगत रूपमा वर्गीकरण गरी उद्देश्यअनुसारको विवरण, विश्लेषण र चर्चा प्रस्तुत गरिएको छ ।

## प्राप्ति र विश्लेषण

### एकीकृत पाठ्यक्रमको लक्ष्य (कक्षा १–३)

बालबालिकाले आफ्नो दैनिक जीवन, परिवेश र अनुभवसँग जोडिएर सिकाइ प्रक्रियालाई समग्र रूपमा बुझ्न सक्ने बनाउनु र विषयगत अमूर्त ज्ञानभन्दा जीवनमा प्रयोग हुने समग्र सिप र ज्ञानमा जोड दिई सिकाइलाई सार्थक र जीवनोपयोगी बनाउनु यसको मूल उद्देश्य रहेको छ ।

परम्परागत रूपमा विषय आधारित पाठ्यक्रमले बालबालिकामा हुने मानसिक बोझ र सिकाइको खण्डित स्वरूपलाई हटाएर सिकाइलाई स्वाभाविक, रोचक र आनन्ददायी बनाउनु यसको प्रमुख लक्ष्य हो ।

शिक्षण प्रक्रियामा बालबालिकाको सक्रिय सहभागिता, सिर्जनशीलता, खेल र क्रियाकलापलाई केन्द्रमा राखेर कक्षाकोठा भित्र र बाहिरका विविध गतिवधिलाई बालकेन्द्रित तथा क्रियाकलापमूलक बनाउनु जरुरी छ । एकीकृत दृष्टिकोणबाट सिकाइ गर्दा बालबालिकामा आवश्यक सहकार्य, सिर्जनशीलता, समस्या समाधान, सहानुभूति, संवाद आदिको समग्र विकास हुन्छ भन्ने लक्ष्य राखिएको छ । कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको प्रारम्भिक बालविकास शिक्षामा खेलमा अधारित र क्रियाकलापमुखी शिक्षणसँग एकीकृत पाठ्यक्रमलाई जोडेर सिकाइ प्रक्रियामा निरन्तरता र सहजता कायम गर्नुपर्छ ।

मूल्याङ्कनलाई घोकन्ते विधिबाट विविधतामा ल्याउन जरुरी छ । यसका लागि विषयगत प्रश्नोत्तर र लेखन परीक्षाभन्दा बढी व्यावहारिक कार्य, अवलोकन, प्रस्तुतीकरण, पोर्टफोलियो जस्ता विविध मूल्याङ्कन विधिबाट बालबालिकाको समग्र उपलब्धि आकलन गर्ने अवसर प्रदान गर्नुपर्छ ।

कक्षाकोठामा कार्यान्वयनको उदाहरण

कक्षा २ को सेरोफेरो विषयमा रहेको पानी थिमलाई निम्नअनुसार डिजाइन गर्न सकिन्छ :

केन्द्रीय विषयवस्तु : पानी

एकीकृत क्षेत्र : नेपाली, गणित, विज्ञान, सामाजिक, जीवनोपयोगी सिप, कला

समयावधि : २-३ दिन

**घरमा गरिने पूर्वतयारी कार्य**

शीर्षक : मेरो घरमा पानीको प्रयोग

विद्यार्थीलाई आफ्नो अभिभावक वा घरको सदस्यसँग मिलेर एक दिनमा पानी प्रयोग गरेर गरिने कार्यको निम्निलिखत प्रश्नका अधारमा सूची बनाउन लगाउने :

(क) घरमा पानी कुन कुन काममा प्रयोग गरिन्छ? (जस्तैः हात मुख धुने, नुहाउन, खाना पकाउने, सफाइ गर्न, पानी पिउन, बिरुवामा हाल्न, लुगा धुन अदि)

(ख) दिनमा कति पटक पानीको धारा खोलिन्छ?

(ग) घरको पानी कहाँबाट आउँछ ? (नल, धारो, कुवा, ट्याङ्की)

(घ) पानी बचाउन तपाईंले के के गर्नुहुन्छ ?

भोलिपल्ट विद्यालय अउँदा एउटा खाली प्लास्टिकको बोतल (५०० मिलिको) ल्याउन लगाउने

**कक्षाकोठामा कार्यान्वयन चरण**

**चरण** १ः अनुभव साटासाट (सुरुआत - २० मिनेट)

**क्रियाकलाप** : विद्यार्थीलाई आफूले घरमा बनाएको सूची आफ्नो साथीसँग साटेर पढ्न लगाउने । शिक्षकले सबैलाई एउटा-एउटा काम भन्न लगाउने र कक्षाको बोर्डमा लेखिदिने

**एकीकरण** : नेपाली (सुनाइ, बोलाइ सूचीकरण),सामाजिक (घरपरिवारसँग सोधपुछ, सहयोग र चाल चलन अवलोकन), व्यवहारकुशल सिपः सचार, जानकारी साटासाट गर्ने,

**चरण** २ : गणितीय अन्वेषण (३० मिनेट)

**क्रियाकलाप** : कति पानी बचाउन सकिन्छ? हिसाब गरौँ ।

**विधि** : शिक्षकले एउटा धाराबाटबाट झरेको पानी एक मिनेटमा कति भरिन्छ (बोतलमा नापेर) देखाउने । विद्यार्थीलाई आफूले ल्याएको बोतलमा धाराबाट झरेको पानी भर्ने अभ्यास गराउने । अभ्यासपश्चात् विद्यार्थीलाई तल दिएको प्रश्न सोध्ने :

**प्रश्न** : यदि हामी दिनमा पाँचपटक हात धुन्छौँ र हरेक पटक १ मिनेटको सट्टा ३० सेकेन्डमै धारा बन्द गर्छौँ भने एक दिनमा कति पानी बचाउन सकिन्छ?

**सामग्री** : पानी, मापन गिलास, घडी

**एकीकरणः** गणित (मापन, साधारण गुणा, जोड), विज्ञान (पानीको मात्रा), व्यवहारकुशल सिपः समस्या समाधान, तार्किक चिन्तन, अनुमान लगाउने

**चरण** ३ः विज्ञान र सिर्जनात्मक अभिव्यक्ति (४० मिनेट)

**क्रियाकलापः** पानीको यात्राः चित्रकथा

**क्रियाकलापः** शिक्षकले बादलबाट वर्षा हुने, नदीमा बग्ने धारोमा आउने र घरमा प्रयोग हुने क्रमको चित्र देखाउँदै चर्चा गर्ने । विद्यार्थीलाई कागजमा चारओटा बक्स बनाएर पानीको यात्रा को चित्रकथा क्रमिक रूपमा बनाउन लगाउने

**एकीकरणः** विज्ञान (पानीको चक्र), कला (चित्रकला), नेपाली (कथाको क्रम मिलान, छोटा वाक्य लेख्ने जस्तैः यो पानी हो। यो धेरै चिस्सीएर बादल बन्छ ।), व्यवहारकुशल सिपः सिर्जनशीलता, क्रमबद्धता, दृश्य अभिव्यक्ति

**चरण** ४ः सामाजिक चेतना र प्रस्तुतीकरण (३० मिनेट)

**क्रियाकलापः** पानीको संरक्षण गर्नु हाम्रो कर्तव्य

**विधिः** विद्यार्थीलाई समूहमा बसेर पानी बचाउने २-३ ओटा उपायह छलफल गर्न लगाउने (जस्तैः नुहाउँदा अनावश्यक धारो नखोल्ने, धेरै कपडा जम्मा गरेर धुने, बगैँचामा बिहान/बेलुका पानी हाल्ने)। प्रत्येक समूहलाई पानी कम प्रयोग गर्ने उपाय एउटा सानो पोस्टर बनाएर कक्षामा प्रस्तुत गर्न लगाउने

**एकीकरण** : सामाजिक जीवनोपयोगी सिप (नागरिक दायित्व), कला, नेपाली, व्यवहारकुशल सिपः सहकार्य, सार्वजनिक प्रस्तुति, जिम्मेवारीको भावना

**मूल्याङ्कन** : शिक्षकले प्रक्रियागत मूल्याङ्कन गर्दा विद्यार्थी समूह कार्यमा कसरी सहभागी भए ? उनको सूचीमा कति विवरण थियो ?

**उत्पादन मूल्याङ्कन** : चित्रकथाको क्रम सही बनाउन सके नसकेको ? पानी कम प्रयोग गर्ने उपायको पोस्टर स्पष्ट बनाउन सके नसकेको ? आज मैले पानीको बारेमा के नयाँ कुरा सिकेँ ? विद्यार्थीलाई भन्न लगाएर आत्ममूल्याङ्कन गर्न लगाउने

यसरी, एकीकृत पाठ्यक्रममा एउटा साधारण प्रश्न (हामीले प्रयोग गर्ने पानी कहाँबाट आउँछ? यसलाई कसरी कम प्रयेग गर्ने ?) भन्नेबाट सुरु गरी बालबालिकाको जिज्ञासा, अभिव्यक्ति र जिम्मेवारीपनको विकास गर्ने समग्र अनुभवमा परिणत गर्न सकिन्छ ।

**शिक्षकले सामना गर्नुपरेका समस्या**

एकीकृत पाठ्यक्रमका प्रयोग कर्ता वा कार्यन्वयनकर्ता भनेकै शिक्षक हुन् । पर्याप्त अभिमुखीकरणको अभाव र अस्पष्ट बुझाइका कारणले एकीकृत पाठ्यक्रमको कार्यान्वयन प्रक्रियामा शिक्षकले विभिन्न समस्याको सामना गर्नुपरेको छ ।

परम्परागत विषय आधारित शिक्षण गरिरहेका शिक्षकलाई एक्कासी एकीकृत शिक्षणमा सिद्धान्त र व्यवहार दुवै स्तरमा सार्न गाह्रो हुन्छ । धेरै शिक्षकलाई यस विधिसम्बन्धी प्रशिक्षण प्रभावकारी रूपमा प्राप्त भएको छैन (खड्का, २०७८) । एकीकृत पाठ्यक्रम लागु गर्दा शिक्षक तयारीको अभाव पनि देखिन्छ । एकीकृत पाठ्यक्रम कार्यन्वयनसम्बन्धी अवश्यक अभिमुखीकरण र तालिमको अभावले धेरै शिक्षकले अझै पनि परम्परागत शैलीमा पुस्तक पढेर बोलेर र लेखाएर पढाउने बानीमा छन् । एकीकृत पाठ्यक्रमअनुसार नयाँ पद्धतिमा गित, प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य र खेल विधि प्रयोग गरेर मनोरञ्जनात्मक ढङ्गले सिकाउनुपर्छ तर त्यसका लागि शिक्षकसँग सिप र अभ्यासको कमी रहेको पाइन्छ । एकीकृत पाठ्यक्रमसम्बन्धी प्रशिक्षण नपुगेका कारणले शिक्षकले नयाँ किताब हेरे तापनि पुरानो ढङ्गले नै पढाउने गरेको पाइन्छ । यसले गर्दा एकीकृत पाठ्यक्रमको मूल भावना नै कार्यान्वयन नभएको पाइन्छ ।एकीकृत शिक्षणका लागि विविध प्रकारका चार्ट, मोडेल, स्थानीय सामग्री, कथाको पुस्तक, बाल गित तथा बाल कविताका पुस्तक आदिको आवश्यकता हुन्छ जुन अधिकांश सार्वजनिक विद्यालयमा अपर्याप्त छन् । यस पद्धतिमा विद्यार्थीले आफैँले हेरेर, छोएर र प्रयोग गरेर सिक्न चार्ट, मोडेल, खेलौना र प्रयोगगत सामग्री चाहिन्छ तर प्रायः विद्यालयमा कक्षाकोठा ठाउँ पनि सानो हुन्छ र त्यस्ता सामग्री पनि हुँदैनन् । शिक्षकले किताबको मात्र कुरा गर्न बाध्य हुन्छन् । विद्यार्थीको आफ्नै हातले छोएर, गरेर सिकाउने कार्यमा सफल हुन सक्दैनन् ।

एकीकृत पाठ्यक्रमको योजनाअनुसार क्रियाकलाप गर्दा धेरै समय लाग्छ । शिक्षकले निर्धारित समयभित्र सबै कुरा सिकाउन समय अभाव हुने गुनासो सुन्न पाइन्छ । यसका लागि पाठ योजना बनाउँदा सकाइ उपलब्धि पूरा गर्न विभिन्न किसिमका कथा, गीत, खेल, प्रयोगात्मक क्रियाकलाप समावेश गर्नुपर्ने हुन्छ । यस्ता किसिमका क्रियाकलाप छनोट गर्न र तयार गर्न निकै समय र धेरै मिहिनेत लाग्छ । यसरी गर्दा शिक्षकलाई एकीकृत एकाइ पूरा गर्न पर्याप्त समय नपुग्ने, पाठ्यक्रम पूरा गर्ने दबाब रहने हुँदा समय व्यवस्थापन गर्न पनि कठिन हुन्छ । यस्ता किसिमका पाठ योजना बनाउँदा पाठ सिध्याउन समय नपुग्ने बहानामा शिक्षकले हतारहतार गर्छन् र पाठ पुरानै शैली प्रवचन विधि प्रयोग गरेर छिटो छिटो पढाइदिन्छन् । यसले गर्दा शिक्षण सिकाइ क्रियाकलापको ढाँचा पुरानै मोडमा फर्किन्छ र सिकाइको गुणस्तर घट्छ ।

एकीकृत पाठ्यक्रमले विद्यार्थीको सहभागिता, समूहगत कार्य, समालोचनात्मक चिन्तन, सिर्जनात्मकतालाई जोड दिँदै बालबालिकामा अत्मिवश्वास, सहकार्य सिप, सञ्चार सिप बढाउनुपर्ने कुरामा जोड दिन्छ । यस्ता कार्य गराउन पाठयोजना र कक्षाकोठा व्यवस्थापनमा पनि समस्या भोगेको शिक्षकको अनुभव रहेको पाइएको छ । समूहगत कार्य, भ्रमण जस्ता क्रियाकलाप गर्दा कक्षामा हल्ला हुने, अनुशासन र

सुरक्षाको समस्या हुने, कक्षा व्यवस्थापनमा समस्या हुने गरेको कुरा पनि शिक्षकको भोगाइ रहेको छ ।

एकीकृत पाठ्यक्रमले शत प्रतिशत निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गर्ने निर्णय गरेको छ । यसमा बालबालिकाको दैनिक गतिविधि, सिप र व्यवहार परिवर्तन हेरेर मूल्याङ्कन गरिन्छ तर आमअभिभावक र समाजले अझै पनि कापी भर्ने र प्रश्नोत्तर दिने परीक्षालाई नै असल शिक्षा ठान्छन् । पृथक् विषयको परीक्षा लिन सजिलो हुन्छ तर एकीकृत एकाइबाट कस्तो सिप सिकिएको छ, कसरी मूल्याङ्कन गर्ने, अभिभावकलाई कसरी बुझाउने र मनाउने भन्नेमा शिक्षक तनावमा रहेको पाइन्छ । कतिपय विध्यालयमा अझै पनि विषयगत रूपमा प्रश्न पत्र तयार गरेर पेन पेपर टेस्टमार्फत मूल्याङ्कन गर्ने परिपाटी विद्यमान रहेको पाइन्छ । यसरी शिक्षकमा अन्योल रहेको देखिन्छ । एकीकृत पाठ्यक्रमको मर्मअनुसार नयाँ पद्धतिअनुसार काम गर्नुपर्छ तर अभिभावकले कापीमा अङ्क कति आयो ? भनेर सोध्छन् । यसले शिक्षकमा दोहोरो काम गर्नुपर्ने र ठुलो मानसिक दबाब पर्ने बताउँछन् ।

शिक्षकले अभिभावकको बुझाइ र सहयोगको अभावका कारण आफूले निकै समस्या भोग्नुपरेको पनि बताउँछन् । अभिभावकले बच्चा विद्यालयमा खेलिरहन्छ । कापीमा लेखेर भर्दैन भनेर गलत बुझ्छन् । उनीहरूलाई लाग्छ कि किताब घोकेर पढेमा मात्र पढाइ भएको हो । अन्य क्रियाकलाप गरेको पढाइ होइन । त्यसैले उनीहरूले विद्यालय र शिक्षकमाथि दबाब बनाउँछन् । घरमा पनि बच्चालाई परम्परागत गृहकार्य दिन बाध्य बनायँछन् । यसले गर्दा एकीकृत शिक्षणको प्रभाव नष्ट हुन्छ । एकीकृत पाठ्रयक्रमको मर्मअनुसार शिक्षण गर्दा धेरै शैक्षणिक सामग्रीको अवश्यकता पर्ने र कक्षा कोठा व्यवस्थापनमा पनि अधिक बजेटको अवश्यकता पर्छ । विद्यालय प्रशासनले यसका लागि पर्याप्त बजेट र व्यवस्था गर्दैन। शिक्षकलाई अतिरिक्त समय, सामग्री र सहयोग पुर्याउन सक्दैन । शिक्षक एक्लै सङ्घर्ष गर्नुपर्छ । उत्साहित शिक्षक पनि सामग्री नभएपछि हतास हुन्छन् र योजना फेरि कागजमा मात्र सीमित हुन पुग्छ ।

### छलफल र प्रतिविम्बन

एकीकृत पाठ्यक्रमको अवधारणा नेपाली प्रारम्भिक शिक्षाको आधारभूत आवश्यकताअनुरूप र सराहनीय छ । यसले बालबालिकाको समग्र विकासलाई प्राथमिकता दिएको छ तथापि, कार्यान्वयन स्तरमा सैद्धान्तिक लक्ष्य र व्यावहारिक अनुभवबिच ठुलो खाडल देखिन्छ । सबैभन्दा ठुलो चुनौती यस परिवर्तनलाई नेतृत्व गर्नुपर्ने शिक्षकलाई पर्याप्त सघन तालिम, स्रोत सामग्री र मार्गदर्शन उपलब्ध गराउन नसक्नु हो । शिक्षक निर्देशिका उपलब्ध भए तापनि त्यसलाई कक्षामा जिउँदो बनाउने प्रक्रिया जटिल छ । यसका लागि शिक्षकको पेसागत विकास निरन्तर रूपमा हुनुपर्छ, एक पटकको तालिमले मात्र काम गर्दैन । शिक्षकको मनोबल बढाउन नवीनतम र उत्प्रेरणामूलक कार्यक्रममा सहभागी बनाई उनीहरूको पेसागत दक्षता अभिवृद्धि गर्नु जरुरी छ । अर्को कुरा विद्यालयस्तरमा सहयोगी संस्कृतिको अभाव छ । शिक्षक एक्लै सङ्घर्ष गर्न बाध्य छन् । विद्यालय प्रधानाध्यापक, तालुकवाला अड्डा र अभिभावकबिच एकीकृत पाठ्यक्रमको सफलताका लागि सामूहिक भूमिका आवश्यक छ । अभिभावकले पनि यस नयाँ प्रणालीबाट भएको परिवर्तनलाई बुझ्नुपर्छ र सहयोग गर्नुपर्छ । पेन पेपर टेस्टले मात्र सिकाइलाई मापन गर्न सक्दैन यसका लागि बालबालिकाले गर्ने हरेक क्रियाकलाप र उनीहरूको

व्यवहारमा हुने परिवर्तनलाई पनि मूल्याङ्कन गर्न अवश्यक छ। मूल्याङ्कन पद्धतिलाई पनि एकीकृत र व्यावहारिक बनाउन आवश्यक छ। बालबालिकाको प्रगति देखाउने सिकाइ उपलब्धि प्रोफाइल (लर्निङ अचिभमेन्ट प्रोफाइल) लाई औपचारिक रूपमा मूल्याङ्कन प्रक्रियासँग जोड्नुपर्छ।

एकीकृत पाठ्यक्रम केवल पाठ्यपुस्तक वा निर्देशिका परिवर्तन होइन, शिक्षणदर्शनको परिवर्तन हो। यसको सफलता केवल कागजी कार्यान्वयनमा नभएर कक्षाकोठाको जीवन्त अभ्यासमा निर्भर गर्छ। शिक्षकलाई यसको सिर्जनात्मक निर्माताको रूपमा सशक्त बनाउनुपर्छ, केवल निर्देशिका पढ्ने कार्यान्वयनकर्ता होइन। स्थानीय स्रोतसामग्री, भाषा र सन्दर्भमा आधारित एकीकृत एकाइ विकास गर्ने स्वायत्तता दिनुपर्छ। नेपालको विविध सांस्कृतिक र भौगोलिक अवस्थालाई यस पाठ्यक्रमले वास्तविक रूपमा ऐनामा झल्काउन सक्नुपर्छ।

## निष्कर्ष

एकीकृत पाठ्यक्रम राम्रो कागजी योजना हो तर व्यवहारमा उतार्न धेरै ठाउँमा असफल देखिन्छ। यसको मुख्य कारण सिद्धान्त र व्यवहारबिचको खाडल हो। यसलाई सफल बनाउन शिक्षकलाई लगातार प्रशिक्षण, उपयुक्त सामग्री, अभिभावकको जागरुकता र प्रशासनको पूर्ण सहयोग हुनु अत्यन्त जरुरी छन्। नेपालमा प्रारम्भिक शिक्षाको गुणस्तर सुधार्न एकीकृत पाठ्यक्रम एउटा महत्त्वपूर्ण र आवश्यक कदम हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले यसको ठोस सैद्धान्तिक आधार तयार पारेको छ। यसको वास्तविक सफलता कार्यान्वयनका ठोस चुनौती विशेष गरी शिक्षक क्षमता विस्तार, पर्याप्त स्रोत सामग्रीको उपलब्धता, सहयोगी शिक्षण वातावरण र व्यावहारिक मूल्याङ्कन प्रणाली समाधान गर्नुमा नै निर्भर गर्छ। यसलाई केवल नीतिगत परिवर्तनको रूपमा हेरिनु हुँदैन, एक जीवन्त शैक्षिक सुधार आन्दोलनको रूपमा लिनुपर्छ जसमा शिक्षक, विद्यालय, अभिभावक र स्थानीय समुदाय सबैको सक्रिय सहभागिता अपरिहार्य छ।

## सन्दर्भ सामग्री

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, (२०७६)। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, पाठ्यक्रम विकास केन्द्र।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, अधारभूत तह कक्षा (१-३) को पाठ्यक्रम २०७५, पाठ्यक्रम विकास केन्द्र।

खड्का, के. पी. (२०७८), नेपालको प्राथमिक तहमा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा आइपर्ने चुनौती: एक अध्ययन, शैक्षिक प्रविधि, १५(१), १०१-११५।

नेपालको विद्यालय शिक्षामा पाठ्यक्रम सुधारको सन्दर्भः के गर्ने ? किन गर्ने र कसरी गर्ने ? (2018). Authors: Krishna Prasad Kapri